*निर्णायक राष्ट्रिय शक्ति निर्माण: हाम्रो सङ्कल्प*
*समृद्ध नेपाल, सुखी नेपाली: राष्ट्रिय गन्तव्य*

नेकपा (एमाले)

**दोस्रो विधान महाधिवेशन**

**CPN (UML) 2nd Statute Congress,** 5-7 September 2025

२०–२२ भदौ २०८२, गोदावरी, ललितपुर

# राजनीतिक प्रस्ताव

| | | |
|---|---|---|
| पुस्तकको नाम | : | राजनीतिक प्रस्ताव |
| प्रकाशक | : | नेकपा (एमाले) केन्द्रीय कार्यालय |
| संस्करण | : | पहिलो |
| मुद्रित प्रति | : | ५ हजार |
| मिति | : | मंसिर २०८२ |
| मूल्य | : | रु.१६०/– |
| ले–आउट डिजाइन तथा मुद्रण व्यवस्थापन | : | एम एस माउस पुतलीसडक |

# विषयसूची

१. राष्ट्र ..... ६
२. समाज ..... १६
३. उत्पादन पद्धति ..... २१
४. जनसङ्ख्या ..... २७
५. वर्ग संरचना ..... ३४
६. भूराजनीति र परराष्ट्र नीति ..... ५२
७. क्रान्ति ..... ६५
८. कम्युनिष्ट आन्दोलनका गौरवशाली आठ दशक ..... ८०
९. समाजवाद ..... १०१
१०. कार्यक्रम ..... ११०
११. आम निर्वाचन ..... १२४
१२. प्रतिबद्धता र परिणाम ..... १३३
१३. कार्यदिशा ..... १४०
१४. सिद्धान्त ..... १४४
१५. पार्टी ..... १५७
१६. नेपाली विशेषताको समाजवाद ..... १६९

**दोस्रो विधान महाधिवेशनका सम्पूर्ण प्रतिनिधि कमरेडहरू,**

पार्टीको वैधानिक व्यवस्था अनुरूप आज हामी पार्टीको ऐतिहासिक दोस्रो विधान महाधिवेशनको ऐतिहासिक मञ्चमा उपस्थित भएका छौँ। विचार, नीति र विधि निर्माणमा एकाग्र ढङ्गले केन्द्रित हुन सकियोस् भनेर हामीले २०७८ असोजदेखि पार्टीमा विधान महाधिवेशनको बेग्लै आयोजना गर्दै आएका छौँ। अनुभवले यस्तो अभ्यास एकदमै उपयुक्त रहेको छ भन्ने पुष्टि गरेको छ। त्यसैलाई निरन्तरता दिंदै ललितपुरको यस पर्यटकीय स्थलमा आयोजना गरिएको दोस्रो विधान महाधिवेशनमा सहभागी हुन देश र प्रवासका विभिन्न स्थानबाट आइपुग्नु भएका कमरेडहरूलाई हार्दिक स्वागत अभिवादन गर्दछु। शहीदहरूप्रति भावपूर्ण श्रद्धासुमन, आन्दोलनका अग्रजहरूप्रति उच्च श्रद्धाभाव र न्यायप्रेमी जनताहरूप्रति गहिरो सम्मान प्रकट गर्दछु।

दशौँ राष्ट्रिय महाधिवेशनबाट निर्वाचित केन्द्रीय कमिटीको तर्फबाट यस अवधिमा भएका समग्र कामहरूको विवरणसहितको प्रतिवेदन एघारौँ महाधिवेशनमा प्रस्तुत हुने नै छ। यस दस्ताबेजमा म नेपाल राष्ट्र, नेपाली समाज, क्रान्तिको ऐतिहासिक विकासक्रम, पार्टी निर्माण, सिद्धान्त, कार्यक्रम र कार्यदिशा तथा समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय गन्तव्य एवं परिपूर्ण लोकतन्त्र सम्बन्धी अवधारणाहरूलाई विशेष राजनीतिक प्रस्तावका रूपमा प्रस्तुत गर्न चाहन्छु।

# १.

# राष्ट्र

### गौरवशाली इतिहास, आशालाग्दो वर्तमान, उज्ज्वल भविष्य

नेपाल संसारकै प्राचीनतम मुलुकमध्ये एक हो। प्राचीन ग्रन्थहरू अथर्ववेद, स्कन्द पुराण, वराह पुराण, महाभारत र कौटिल्य अर्थशास्त्र, बौद्ध र जैन ग्रन्थमा समेत उल्लेख गरिएको नेपालको इतिहास हजारौं वर्ष पुरानो छ। प्रयागमा अवस्थित समुद्र गुप्तको स्मृतिमा आधारित शिलालेख (इशा पूर्व ३००) मा 'नेपाल' उल्लेख गरिएको छ।

आजको नेपालले समेटेको भूगोल टेथिस नामक सागर उठेर निर्माण भएको मानिन्छ। भूगर्भविदका अनुसार नेपालको निर्माणक्रम तीन करोड ५० लाख वर्षदेखि १० लाख वर्षसम्म रह्यो। युरेसियाली प्लेट र इण्डियन टेक्टोनिक प्लेटको बिचमा अवस्थित नेपालका विभिन्न भूभागहरूको अवस्थिति र उचाइ यी दुई प्लेटहरूबिचका घर्षणका कारण परिवर्तित भइरहेका छन्। त्यसै कारण नेपाल भूकम्प र अन्य प्राकृतिक विपद्का दृष्टिले उच्च जोखिममा रहेको छ।

नेपाल मानव जातिका पुर्खाहरूको विचरणस्थल थियो भन्ने तथ्य बुटवलको तिनाऊ नदी किनारमा भेटिएको १ करोड १० लाख वर्ष पुरानो रामापिथेकसको बङ्गाराबाट पुष्टि हुन्छ। सुर्खेत, दाङ र नवलपरासीका चुरे क्षेत्र तथा काठमाडौँमा भेटिएका पुरा–पाषाणकालीन र नवपाषाणकालीन हतियार समेतले नेपालमा हजारौं वर्षदेखि मानव जातिको बसोबास रहेको थियो भन्ने यथार्थलाई पुष्टि गर्छन्। मुस्ताङका गुफाहरूमा प्राचीन मानव जातिको अस्तित्वका प्रमाणहरू भेटिएका छन्। लुम्बिनी

*प्राचीन विदेह (आजको जनकपुर) मा रहेको राजर्षी जनकको प्राज्ञसभामा शास्त्रार्थ (तर्क, संवाद र विमर्श) गरिन्थ्यो । 'वादे वादे जायते तत्ववोध' को ज्ञान सिद्धान्त यसै ठाउँबाट उद्भव भएको मानिन्छ । उनलाई कृषि क्रान्तिका प्रथम पुरुषका रुपमा समेत लिइन्छ ।*

र आसपासमा उत्खनन गर्ने क्रममा इशा पूर्व १३०० अर्थात् आजभन्दा ३३ सय वर्ष अगाडिका मानव बस्तीका अवशेष पत्ता लागेका छन् ।

नेपाल प्राचीन कालदेखि नै ज्ञान, अन्वेषण र विमर्शको थलोका रूपमा रहँदै आएको छ । मानव जातिले हासिल गरेका दर्शन, योग, आयुर्वेद र तन्त्र जस्ता ज्ञानका विधाहरूमा नेपालको महत्त्वपूर्ण योगदान छ । प्रकृतिपूजक बोन दर्शन, मातृशक्तिको आराधना गर्ने शाक्त दर्शन, उदार, सहिष्णु र जातीय सद्भावका प्रतीक शैव दर्शन, चराचर जगत प्रकृतिकै उपज हो र यो गतिशील छ भन्ने किरात दर्शन, याज्ञवल्क्यद्वारा प्रतिपादित ब्रह्मवादी दर्शन, बौद्ध दर्शन र साङ्ख्य दर्शन नेपाली भूमिबाटै सिर्जित र विकसित भएको मानिन्छ ।

प्राचीन विदेह (आजको जनकपुर) मा रहेको राजर्षी जनकको प्राज्ञसभामा शास्त्रार्थ (तर्क, संवाद र विमर्श) गरिन्थ्यो । 'वादे वादे जायते तत्ववोध' को ज्ञान सिद्धान्त यसै ठाउँबाट उद्भव भएको मानिन्छ । उनलाई कृषि क्रान्तिका प्रथम पुरुषका रूपमा समेत लिइन्छ । उनको प्राज्ञसभामा अष्टावक्र, याज्ञवल्क्य जस्ता विद्वान र गार्गी, मैत्रेयी जस्ता विदूषीहरूको उपस्थिति रहने गर्थ्यो । अष्टावक्रले सिर्जना गरेको 'अष्टावक्र गीता' प्राचीन समाजमा ज्ञानका विभिन्न धाराहरूको विकासबारे बुझ्न उपयोगी छ । महर्षी याज्ञवल्क्य नेपालकै सिन्धुली/महोत्तरी आसपासका थिए भनिन्छ । उनी 'ब्रम्हवाद' का प्रतिपादक थिए ।

प्राचीन किरात सभ्यता नेपालको महत्वपूर्ण सम्पदा हो। किरात मुन्धुमले सृष्टिको आफ्नै व्याख्या प्रस्तुत गर्नुका साथै प्रकृतिलाई केन्द्रभागमा राखेको छ। यसमा मानव समाजका लागि आफ्नै संहिता, सौन्दर्यबोध र भाष्य समेटिएका छन्। प्राचीन नेपालका विभिन्न भूभागलाई 'किराँत देश', 'हिमाली देश' र 'किम्पुरुष देश' पनि भनिन्थ्यो।

नेपाल गौतम बुद्धको जन्मस्थल मात्रै होइन, बौद्धदर्शनको उद्गमस्थल पनि हो। गौतम बुद्धले जीवनको नश्वरता, निजी सम्पत्तिले निर्माण गरेको लोभ र हिंसा, कतिपय धर्मान्धहरूले गरिरहेका गलत काम र मानव जातिको पीडालाई आफ्नो कपिलवस्तु दरबारमा छँदै गहिरो गरी अनुभूत गरेका थिए। यिनै समस्या समाधानको बाटो पहिल्याउन उनी दरबार परित्याग गरेर ज्ञानको खोजीमा हिंडेका थिए। बुद्धका चार आर्यसत्य– अष्टाङ्ग मार्ग, अहिंसा, करुणा र सङ्घबद्धताका सन्देशहरूले आज पनि विश्वका करोडौँ मानिसहरूलाई प्रभावित गरिरहेका छन्। कपिलवस्तुमै जन्मेका मानिने महर्षि कपिलले यस जगतको भौतिक अस्तित्वको पक्षमा तर्क गर्दै सृष्टिको आधारका रूपमा २५ तत्व रहेको मान्यता अगाडि सारेका थिए।

प्राचीन सिँजा साम्राज्यमा विकसित भएको सभ्यता र त्यहीँ जन्मिएको नेपाली भाषाले नेपाल राष्ट्रको निर्माणमा महत्वपूर्ण योगदान गरेको छ। सिँजा खसहरूद्वारा शासित साम्राज्य थियो र त्यो बेला निकै ठुलो भूभागमा फैलिएको थियो। नेपाली भाषाको उत्पत्ति त्यहीँबाट भएको तथ्यलाई दैलेखको दुल्लुमा रहेको नेपाली भाषाको एक हजार वर्ष पुरानो शिलालेखले पुष्टि गर्छ।

काठमाडौं उपत्यका युगौँदेखि मानव जातिको बसोबास भएको थलोको रूपमा रहेको छ। यसले वास्तुकला, कृषि र मानव ज्ञानमा ठुलो योगदान गरेको छ। प्राचीन समयमा चिनियाँ बौद्धयात्रीहरूले गरेको कैलाशकुट दरबारको वर्णनले त्यस युगमा वास्तुकला र सभ्यताको दृष्टिले नेपाल निकै अगाडि थियो भन्ने स्पष्ट गर्छन्। लिच्छवीकाल हुँदै मल्लकालसम्म पनि काठमाडौँ उपत्यका भारत र चीन बिच मध्यस्थ व्यापार बिन्दुको रूपमा महत्वपूर्ण भूमिका खेलेको थियो।

*नेपाल गौतम बुद्धको जन्मस्थल मात्रै होइन, बौद्धदर्शनको उद्‌गमस्थल पनि हो। गौतम बुद्धले जीवनको नश्वरता, निजी सम्पत्तिले निर्माण गरेको लोभ र हिंसा, कतिपय धर्मान्धहरूले गरिरहेका गलत काम र मानव जातिको पीडालाई आफ्नो कपिलवस्तु दरबारमा छँदै गहिरो गरी अनुभूत गरेका थिए।*

आजको नेपाल राष्ट्र निर्माणमा यी सभ्यता, दर्शन र सांस्कृतिक बहुलता–विविधताको महत्वपूर्ण योगदान छ।

समुद्र सतहबाट ६० मिटरभन्दा कम उचाइमा रहेको सबैभन्दा होचो स्थान केचनाकवलदेखि संसारकै सबैभन्दा अग्लो शिखर (८८४८.८६ मिटरसम्म) रहेको नेपाल भौगोलिक विविधताको अनुपम नमुना हो। संसारका ८ हजार मिटरभन्दा अग्ला १४ शिखरमध्ये ८ वटा (सगरमाथा, कञ्चनजङ्घा, ल्होत्से, मकालु, चोयु, धौलागिरि, मनास्लु र अन्नपूर्ण) नेपालमा अवस्थित छन्। हिमाली, पहाडी र तराई (भित्री मधेस समेत) विविधतायुक्त भौगोलिक संरचनामा बाँडिएको नेपाल जैविक र वानस्पत्य विविधताका दृष्टिले पनि असाध्यै धनी छ।

नेपालको झण्डै १६ प्रतिशत भूभाग ओगट्ने हिमालय क्षेत्र र यसमा सञ्चित हिउँ तथा हिमताल/नदीहरूले नेपालको मात्रै होइन, विश्वकै तापमानलाई अनुकूल बनाउन ठूलो भूमिका खेलेका छन्। हिमालयका अतिरिक्त झण्डै ४४ प्रतिशत क्षेत्रफलमा फैलिएको नेपालको वन जङ्गलको पनि जलवायु सन्तुलनमा ठूलो योगदान छ। तर विश्व तापमान सन्तुलनमा यति ठूलो योगदान गर्ने नेपाल स्वयं चाहिँ जलवायु परिवर्तन र पर्यावरणीय सङ्कटको भयावह चुनौतीका सम्मुख खडा छ।

चलनचल्तीमा नेपाललाई ‘सानो देश’ भन्ने गरिए पनि यो भनाइ सही होइन। छिमेकमा भूगोलका हिसाबले संसारकै दुई ठुला देश (चीन संसारकै तेस्रो र भारत सातौँ) रहेका तथा नेपालका तुलनामा उनीहरू क्रमशः ६५ र २२ गुणा ठुलो भएको हुनाले नेपाल सानो देखिएको हो। यथार्थमा नेपाल मध्यम आकारको मुलुक हो। यो भूगोलका हिसाबले संसारको ९५ औँ र जनसङ्ख्याका हिसाबले ४९ औं ठुलो मुलुकका रूपमा रहेको छ।

कहिल्यै कसैको उपनिवेश नहुनु र सधैंभरि स्वतन्त्र रहनु नेपालको इतिहासको गौरवशाली पक्ष हो। दक्षिण एसियाका भारतसहित आजका पाकिस्तान, बङ्गलादेश, श्रीलङ्का लगायत प्रायः सबै मुलुकहरू अङ्ग्रेज साम्राज्यवादको औपनिवेशिक नियन्त्रणमा पुग्दा र चीनका कतिपय भूभागहरूमा विदेशीहरूको नियन्त्रण हुँदा समेत नेपाल भने सदैव स्वतन्त्र रहनुमा हाम्रा वीर पुर्खाहरूको योगदान अविस्मरणीय छ। यद्यपि यो कहिले खुम्चियो, कहिले विस्तारित भयो। लिच्छवी कालमा यो दक्षिण इलाहावादसम्म फैलिएको थियो। खस साम्राज्यकालमा यो हिमालपारि तिब्बतसम्म विस्तारित भयो। राजा पृथ्वीनारायण शाहले सुरु गरेको एकीकरणको शृङ्खलामा कर्णालीका २२, गण्डकी क्षेत्रका २४, उपत्यकाका ३, मकवानपुर, विजयपुर, चौदण्डी लगायत ६० भन्दा बढी राज्य/रजौटाहरू समेटिएर यो केही वर्षभित्रै पूर्वमा टिष्टा र पश्चिममा सतलजसम्म पुग्यो। यद्यपि, सुगौली सन्धि (१८१६ इ.सं) ले यसलाई खुम्च्याएर आजको मेची–महाकालीको सीमामा ल्याइपुऱ्याएको छ। नेपालको एकीकरणमार्फत् आन्तरिक एकता बलियो बनाउँदै वाह्य हस्तक्षेपको सामना गर्ने र औपनिवेशिक विस्तारका विरुद्ध अन्य मुलुकहरूसँग समेत सहकार्यको पहल गर्ने हाम्रा अग्रजहरूको दूरदृष्टि र देशभक्तिको भावना हाम्रो अतीतको अत्यन्त सकारात्मक पक्ष हो। यसप्रति हामीले गर्व गर्नुपर्छ।

ब्रिटिस साम्राज्यवाद विरुद्ध भएको १८१४–१६ को युद्धमा पराजय, झण्डै एक तिहाई भूभाग गुमाउनु र अपमानजनक सुगौली सन्धिमा हस्ताक्षर गर्नु पर्ने बाध्यतापछि भने नेपालको उक्त गौरवमा धक्का लाग्न पुग्यो। तत्पश्चात् सत्तासीन

*नेपालको पश्चिम सिमाना महाकाली हुने गरी भएको सुगौली सन्धिको स्पष्ट व्यवस्थाका विपरीत महाकालीको मुहान यतापट्टिका लिम्पियाधुरा, लिपुलेक र कालापानी (करिब ३९६ वर्ग कि.मि.) क्षेत्रलाई क्रमशः मिच्ने काम भयो।*

भएका शासकहरूले आमरूपमा अङ्ग्रेज उपनिवेशवादीहरूको हित रक्षा गर्दै नेपालको स्वाभिमानलाई कुण्ठित गर्दै लगे। गोर्खा भर्तीमार्फत् नेपाली युवाहरूलाई शक्ति राष्ट्रहरूको सीमा रक्षाका लागि प्रयोग गराउने कामलाई संस्थागत गरियो। १९५० को 'शान्ति र मैत्री सन्धि' मार्फत् नेपाललाई भारतीय सुरक्षा छाताको मातहत राख्ने काम भए। सात सालको क्रान्तिको केही समयपछि प्रधानमन्त्री बनेका मातृकाप्रसाद कोइरालाले नेपालको उत्तरी सीमामा १७ वटा भारतीय सैन्य चेक पोष्ट राख्ने सहमति गरे। नेपालको जलसम्पदामा नेपालको राष्ट्रिय हितलाई आघात पुऱ्याउने कामहरू गरिए।

नेपालको पश्चिम सिमाना महाकाली हुने गरी भएको सुगौली सन्धिको स्पष्ट व्यवस्थाका विपरीत महाकालीको मुहान यतापट्टिका लिम्पियाधुरा, लिपुलेक र कालापानी (करिब ३९६ वर्ग कि.मि.) क्षेत्रलाई क्रमशः मिच्ने काम भयो। प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारबाट २०७७ जेठमा नेपालको नयाँ प्रशासनिक र राजनीतिक नक्सा प्रकाशन गरेर त्यसमाथि नेपालको वैधानिक हक स्थापित गरिएको छ। नेपालको नयाँ नक्सालाई संविधानको अनुसूचीमा समावेश गर्न संविधानको दोस्रो संशोधन सर्वसम्मत रूपमा पारित भएको छ। यस क्रममा प्रकट भएको अभूतपूर्व राष्ट्रिय सहमति र एकताका बलमा हामीले हाम्रो भूभागमा हाम्रो प्रशासनिक स्वामित्व स्थापित गराउन निरन्तर कुटनीतिक प्रयास गरिरहनु आवश्यक छ।

सोभियत सङ्घको उदय, उपनिवेशवाद विरुद्ध राष्ट्रिय मुक्ति आन्दोलनहरूको विश्वव्यापी सफलता र दोस्रो विश्वयुद्धको अन्त्यसँगै औपनिवेशिक युग आमरूपमा अन्त्य भयो। समाजवादी विश्व व्यवस्थाको स्थापना भएपछि सीमित भूभागमा कायम उपनिवेशहरू जोगाइराख्न साम्राज्यवादी शक्तिहरूलाई सहज भएन। त्यसपछि साम्राज्यवादले परम्परागत औपनिवेशिक शोषणका रूपमा परिवर्तन ल्याउन थाल्यो। अन्य मुलुकका भूभागमाथि कब्जा जमाउने र तिनमा प्रत्यक्ष नियन्त्रण कायम गर्ने परम्परागत तरिकाका ठाउँमा ती शक्तिहरूले आर्थिक शोषण, सांस्कृतिक उत्पीडन र राजनीतिक हस्तक्षेपका माध्यमबाट आफ्नो अप्रत्यक्ष नियन्त्रण कायम राख्ने तरिका अवलम्वन गर्न थाले। शोषणको यस नयाँ स्वरूप अन्तरगत तेस्रो विश्वका कतिपय देशहरू कानुनी हिसाबले त स्वतन्त्र एवं सार्वभौमसत्तासम्पन्न देखिन्थे, तर त्यो स्वतन्त्रता र सम्प्रभुता केवल औपचारिक मात्रै हुन्थ्यो। आफ्नो राजनीतिक भविष्यको फैसला आफै गर्न पाउने, आफ्नो विकासका बाटो तय आफैँ निर्धारण गर्न पाउने र आफ्ना प्राकृतिक साधन स्रोतहरूको उपयोग आफ्ना देशबासीका हितमा गर्न पाउने उनीहरूको आत्मनिर्णयको अधिकार प्रभुत्वशाली देशहरूको हस्तक्षेपले गर्दा कुण्ठित हुन पुग्यो। साम्राज्यवादी शक्तिहरूका पक्षधर शासकहरूका कारण यी देशहरूको पराधीनता बढ्दै गयो। यी लगायत साम्राज्यवादी शोषणका बदलिँदा स्वरूपहरूलाई हामीले मिहिन ढङ्गले अध्ययन गर्नु र तिनको सामना गर्ने उपयुक्त नीति तर्जुमा गर्नु आवश्यक छ।

नेपालको अस्तित्व सँधैभरि सार्वभौम र स्वतन्त्र राष्ट्रको रूपमा रहँदै आएको छ। संयुक्त राष्ट्र सङ्घका प्रारम्भिक सदस्यहरूमध्ये एक नेपालले स्वतन्त्र ढङ्गले अन्तर्राष्ट्रिय मञ्चहरूबाट शान्ति स्थापना लगायत क्षेत्रमा महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ। असङ्लग्न आन्दोलनका संस्थापक राष्ट्रको हैसियतले तेस्रो विश्वका मुलुकहरूको स्वतन्त्रता र स्वाधीनताको निम्ति आवाज उठाउँदै आइरहेको छ। नेपाल दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) को संस्थापक र बिम्स्टेकको सक्रिय सदस्य हो।

*राज्य कमजोर भएको बेला मुलुकको राजनीतिमा वाह्य चासो र हस्तक्षेप हुने गरेको छ। नेपालको सुरक्षा, प्रशासन र जलस्रोतका कतिपय पक्षमा वाह्य शक्ति राष्ट्रहरूले 'सूक्ष्म व्यवस्थापन (माइक्रो म्यानेजमेण्ट)' को हदसम्म प्रयास पनि गरेको देखिन्छ।*

लामो सङ्घर्ष, आन्दोलन र क्रान्तिका शृङ्खलापश्चात् हामी नेपालीहरू आफ्नो संविधान आफैँ निर्माण गर्ने काम सम्पन्न गरेका छौं। कस्तो राजनीतिक प्रणाली, राज्य संरचना र सामाजिक आर्थिक नीतिहरू अवलम्वन गर्ने भन्ने औपचारिक निर्णय हामी आफै गर्दछौं।

तर यसको अर्थ नेपालको स्वाधीनताको सङ्घर्ष समाप्त भयो भन्ने होइन। पार्टीका संस्थापक महासचिव पुष्पलालले जुन तर्क र सन्दर्भमा यस विषयको उठान गर्नुभएको थियो, कतिपय समस्या र सन्दर्भहरू आज पनि कायमै छन्। आज पनि हामी आर्थिक रूपमा आत्मनिर्भर बन्नसकेका छैनौं। यसका पछाडि कतिपय असमान व्यापारिक–आर्थिक सम्बन्धहरूले भूमिका खेलेका छन्। नेपालमा वाह्य संस्कृतिको प्रभाव गहिरो छ। हाम्रा कतिपय भूभाग अतिक्रमित अवस्थामा छन्। कतिपय असमान–अपमानजनक सन्धि यथावत रहँदा नेपालको सार्वभौमसत्तामा आँच पुगिरहेको अवस्था छ। राज्य कमजोर भएको बेला मुलुकको राजनीतिमा वाह्य चासो र हस्तक्षेप हुने गरेको छ। नेपालको सुरक्षा, प्रशासन र जलस्रोतका कतिपय पक्षमा वाह्य शक्ति राष्ट्रहरूले 'सूक्ष्म व्यवस्थापन (माइक्रो म्यानेजमेण्ट)' को हदसम्म प्रयास पनि गरेको देखिन्छ। नेपाललाई स्वतन्त्र, सार्वभौम र आत्मनिर्णयको अधिकारले युक्त राष्ट्रको रूपमा विश्लेषण गरिरहँदा हामीले राष्ट्रिय स्वाधीनताका यी विषयहरूमा स्पष्ट, सजग हुँदै राष्ट्रिय सार्वभौमसत्ता बलियो बनाउने अभियानलाई निरन्तरता दिनुपर्छ।

यसै सन्दर्भमा राष्ट्रवादको बदलिंदो परिस्थिति अनुरूप थप व्याख्या गर्नु आवश्यक छ। विगतका कतिपय शासकहरूले आफ्ना तानाशाही सत्ताको रक्षाका लागि 'राष्ट्रवाद' को दुरूपयोग गरे। प्रजातन्त्रको मूल्यमा राष्ट्रिय हितका प्रश्नलाई ओझेलमा पार्ने र वेवास्ता गर्ने काम कतिपय पार्टीहरूबाट भए। सात सालको क्रान्तिपछि कम्युनिस्ट आन्दोलनमा पनि राष्ट्रियता र जनवादको अन्तरसम्बन्धलाई सही ढङ्गले बुझ्ने विषयमा भ्रम देखा पऱ्यो। यस्तो पृष्ठभूमिमा, एकातिर अन्धराष्ट्रवाद र अर्कोतिर आत्मसमर्पणवाद जस्ता गलत प्रवृत्तिको आलोचना गर्दै जननेता मदन भण्डारीले प्रगतिशील राष्ट्रवादको अवधारणा अगाडि सार्नुभएको थियो। यसको मूल तात्पर्य हो – राष्ट्रवाद मूलतः आफ्ना राष्ट्रिय हितहरूको रक्षा हो। हाम्रो राष्ट्रवाद कुनै अमुक राष्ट्रको विरोधमाथि आधारित छैन। हामी स्वतन्त्र, सार्वभौम र स्वाधीन राष्ट्रको रूपमा सम्मानित ढङ्गले विश्व राजनीतिक रङ्गमञ्चमा उभिन चाहन्छौं। छिमेकीहरूसँग सार्वभौम समानता, अहस्तक्षेप, पारस्परिक लाभ र स्वतन्त्रतामाथि आधारित सौहार्द सम्बन्ध विकास गर्न चाहन्छौं। हामी नेपाली भूमि कसैका विरुद्ध पनि प्रयोग हुन दिंदैनौं र अरुको भूमिबाट हाम्रा विरुद्ध कुनै पनि गतिविधि नहोस् भन्ने चाहन्छौं। छिमेकीहरूसँगको युगौं पुरानो सम्बन्धलाई बदलिंदो समय र परिपे्रक्ष्य अनुरूप पुनर्परिभाषित र नवीकृत गर्न चाहन्छौं। यसलाई आर्थिक समृद्धिका विषयमा केन्द्रित गर्न चाहन्छौं। नेपालको प्राकृतिक स्रोतमाथि नेपाली जनताको अधिकारलाई अक्षुण्ण राख्दै यसको लाभ अन्य छिमेकी मुलुकसँग पनि साझेदारी गर्न चाहन्छौं। हामी सुरक्षा, परराष्ट्र सम्बन्ध, राजनीतिक व्यवस्था र आर्थिक विकास लगायत विषयमा आफ्नो निर्णय आफै गर्न स्वतन्त्र छौं। हाम्रो बहुपक्षीय सम्बन्धलाई कसैले पनि शङ्काको नजरले हेर्न हुँदैन। हामी कसैको पक्ष या विपक्षमा कुनै गठबन्धनमा सामेल हुँदैनौं। श्रमजीवी वर्गको प्रतिनिधिका रूपमा हामी सर्वहारा अन्तर्राष्ट्रवादका सैद्धान्तिक मान्यतालाई समर्थन गर्छौं। साम्राज्यवाद, उपनिवेशवाद र एकाधिकार पुँजीवादका विरुद्ध उभिन्छौं र विश्व शान्ति, न्याय, समानता, स्वतन्त्रता र समाजवादको पक्ष लिन्छौँ। तर हाम्रो परराष्ट्र सम्बन्ध निश्चित राजनीतिक विचारधाराबाट होइन, आधारभूत राष्ट्रिय

*हाम्रो परराष्ट्र सम्बन्ध निश्चित राजनीतिक विचारधाराबाट होइन, आधारभूत राष्ट्रिय हितबाट निर्देशित हुनेछ। निःसन्देह, कुनै पनि राष्ट्रिय हितको कुरा गर्दा न्याय र अन्तर्राष्ट्रिय उत्तरदायित्वलाई भने कुनै पनि राष्ट्रले भुल्नु हुँदैन। 'सबैसँग मित्रता, कसैसँग पनि छैन शत्रुता' नेपालको घोषित नीति हो।*

हितबाट निर्देशित हुनेछ। निःसन्देह, कुनै पनि राष्ट्रिय हितको कुरा गर्दा न्याय र अन्तर्राष्ट्रिय उत्तरदायित्वलाई भने कुनै पनि राष्ट्रले भुल्नु हुँदैन। 'सबैसँग मित्रता, कसैसँग पनि छैन शत्रुता' नेपालको घोषित नीति हो।

राष्ट्रिय स्वाधीनता, स्वाभिमान र स्वतन्त्रताको यस गौरवगाथालाई चिरस्थायी राख्ने दायित्व आज हाम्रो काँधमा निहित छ। पुर्खाहरूले लडेर बचाएको देशलाई हामीले राष्ट्रिय हित, स्वाभिमान र समृद्धिका लागि अडेर अगाडि बढाउनु पर्छ।

## २.

# समाज

हजारौं वर्षदेखि नेपाल बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक समाजका रूपमा रहँदै आएको छ। यहाँ आर्य, मङ्गोल, अष्ट्रोलाइड र द्रबिड लगायत विभिन्न मूलका समुदायहरूको मिश्रित बसोबास छ। विभिन्न उद्गमका १४२ जातजाति, १२४ भाषाभाषी र विभिन्न धर्म एवं संस्कृतिको अवलम्बन गर्ने जनताको बसोबासको यो साझा चौतारी हाम्रो विशेषता तथा बहुमूल्य सम्पदा समेत हो।

विविधता र विभेद एउटै होइनन्। विभेद अन्त्य गर्नु पर्ने सामाजिक समस्या हो भने विविधता संरक्षण र सम्बर्द्धन गर्नु पर्ने राष्ट्रिय सम्पदा हो। यो हाम्रो राष्ट्रिय पहिचान पनि हो। विविधता बिचको एकता हाम्रो सामर्थ्य हो।

नेपालमा राज्यको विकास विशिष्ट ढङ्गले भयो। मानव विकासको स्वाभाविक नियमअनुसार आम रूपमा गोत्रबाट कबिला, कबिलाबाट जनजाति/जाति र जातिबाट राष्ट्र निर्माण हुन्छ। त्यसै राष्ट्रको जगमा निश्चित भूगोल र सार्वभौमसत्ता सहितको राज्य निर्माण हुन्छ। तर नेपालको इतिहास यसै गरी सरल रेखामा हिंडेको पाइँदैन। एकीकरण पूर्व नेपालमा विभिन्न बाइसे चौबिसे राज्यहरू अस्तित्वमा थिए र तिनीहरू जातिबाट माथि उठिसकेका थिएनन्। यीससाना राज्यहरूमध्ये कुनै राज्य अन्य अवरोध सिर्जना नभएको भए स्वतन्त्र राष्ट्रको रूपमा विकसित हुन सक्ने थिए कि ? यो अनुमानको विषय भयो। तर हाम्रो राष्ट्र र राज्य निर्माणको प्रक्रिया बेग्लै ढङ्गले विकसित भयो। भारतमा कब्जा जमाइसकेको अङ्ग्रेज उपनिवेशवादको चुनौती सामना गर्नु पर्ने ऐतिहासिक आवश्यकताले नेपालको

*नेपाल राज्य भित्रै विभिन्न जात–जाति, भाषा–भाषी, संस्कृति र धर्ममा आबद्ध समुदाय मिलेर नेपाल राष्ट्र बन्ने क्रम तीव्र बन्यो। कुनै एक जातिबाट विकसित एकजातीय राष्ट्र होइन– बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्मिक राष्ट्र बन्यो। इतिहासका विभिन्न प्रक्रियाहरूमा अन्तरघुलित हुँदै यी समुदायहरू सहअस्तित्व र सहिष्णुताका साथ बसेका छन्।*

एकीकरणको आधार निर्माण भयो। विस्तारै फैलिँदै गएको व्यापारी वर्गका लागि ससाना राज्यका भौगोलिक सिमाना वाधक बनेको स्थिति र राज्यहरू बिच हुने अन्त्यहीन युद्धबाट आजित भएका आम जनताको शान्तिप्रतिको चाहनाले यस एकीकरणको सामाजिक–आर्थिक आधारलाई अझ बलियो बनायो। यसै पृष्ठभूमिमा राजा पृथ्वीनारायण शाहको नेतृत्वमा सुरु भएको अभियानका क्रममा नेपालको एकीकरण भयो। यो इतिहासको अनिवार्य आवश्यकता थियो।

यसरी नेपाल राज्य बन्यो र यो राज्य–राष्ट्रको रूपमा विकसित भयो। नेपाल राज्य भित्रै विभिन्न जात–जाति, भाषा–भाषी, संस्कृति र धर्ममा आबद्ध समुदाय मिलेर नेपाल राष्ट्र बन्ने क्रम तीव्र बन्यो। कुनै एक जातिबाट विकसित एकजातीय राष्ट्र होइन– बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्मिक राष्ट्र बन्यो। इतिहासका विभिन्न प्रक्रियाहरूमा अन्तरघुलित हुँदै यी समुदायहरू सहअस्तित्व र सहिष्णुताका साथ बसेका छन्। अमेरिका, अस्ट्रेलिया, दक्षिण अफ्रिका या ल्याटिन अमेरिकाका कतिपय मुलुकमा जस्तो कुनै 'विदेशी उपनिवेशवादीहरू' आएर यहाँका आदिवासीलाई उत्पीडनमा पारेका या उनका सम्पदा र संस्कृतिमा आधिपत्य जमाएका होइनन्। त्यसैले त्यही आँखाले नेपाली समाजलाई विश्लेषण गर्ने, 'आदिवासी' र 'आप्रवासी' का रूपमा अस्वस्थ बहस चर्काउने र 'आन्तरिक औपनिवेशीकरण' जस्ता तथ्यहीन बिषय उठाएर तिक्तता बढाउने गरी विगतमा गरिएको प्रयास सही थिएन। त्यस्तो प्रयासलाई संविधान निर्माणकै

क्रममा अस्वीकार गरिएको हो। त्यसरी नै, प्रत्येक सामाजिक इकाइलाई ‘राष्ट्र’ को रूपमा बुझ्दै नेपाललाई ‘बहुराष्ट्रिय राष्ट्र’ को रूपमा हेर्ने दृष्टिकोणलाई पनि संविधानसभाले उतिबेलै खारेज गरेको हो।

विगतमा शासकहरूले समाजको विविधतालाई अस्वीकार गर्दै निश्चित समुदायलाई काखी च्यापेको सत्य हो। छुवाछुत जस्तो अमानवीय प्रथालाई संरक्षण गरेको पनि यथार्थ हो। एक धर्म, एक संस्कृति, निश्चित जात र जनजातिका सीमित संभ्रान्तहरूको वर्चस्व स्थापित गर्ने, पितृसत्तात्मक नियन्त्रणलाई कसिलो पार्ने प्रयत्न गरेको पनि सत्य हो। परिणामस्वरूप, नेपालमा वर्गीय मात्रै होइन, सामाजिक विभेद पनि तीव्र भयो। त्यसका असर आज पनि कुनै न कुनै रूपमा बाँकी छन्। हामीले यस यथार्थलाई स्वीकार गर्नुपर्छ र समाधानका लागि संवेदनशील बन्नुपर्छ।

विभेदको यस समस्यालाई नेपालको संविधानले संबोधन गरेको छ। राज्यलाई धर्म निरपेक्ष घोषणा गरेर समाजको वहुधार्मिक विशेषतालाई स्थापित गरिएको छ। सबै मातृभाषालाई राष्ट्र भाषा घोषणा गरेर भाषिक समानता प्रत्याभूत गरिएको छ। भोलि अन्य कुनै मातृभाषा पनि सरकारी कामकाजको भाषामा रूपान्तरित हुन सक्ने ढोका खोलिएको छ। इद, ल्होसार, उँधौली–उँभौली, माघी, गौरा लगायतलाई राष्ट्रिय चाडको मान्यता प्रदान गरेर सबै सांस्कृतिक आस्थाको सम्मान गरिएको छ। सबै जातजातिका भेषभुषालाई सम्मान दिइएको छ। अर्थात् समाजको वहुलता र विविधता नेपालको संविधानमार्फत् राज्यका सामाजिक–सांस्कृतिक आचरणमा प्रतिबिम्बित भएको छ।

तर व्यवहारमा भने संविधानको यस मर्म अनुरूपको रूपान्तरण भइसकेको छैन। खास गरी संविधान र कानुनले निषेध गरे पनि व्यवहारमा जातीय विभेद र छुवाछुतको समस्या अन्त्य भइसकेको छैन। दलित समुदाय आम रूपमा उत्पादनका साधनबाट बञ्चित छ। गरिबीको सबैभन्दा ठूलो हिस्सा यसै समुदायमा छ। साक्षरता, औसत आयु, मानव विकास सूचकाङ्क सबैमा पछाडि छ। विशेष व्यवस्थाका कारण

*राज्यको चरित्र कस्तो बनाउने ? यसलाई कुन वर्गको पक्षमा उभ्याउने ? यसको अर्थनीति कस्तो हुने ? यसको सामाजिक–सांस्कृतिक नीति कस्तो हुने ? हाम्रो सुरक्षा निकाय, न्यायपालिका, प्रशासन संयन्त्र कस्तो बनाउने ? विदेश नीति कस्तो बन्ने ? यी लगायत अन्तर्वस्तु सहितको प्रणाली निर्माणले मात्रै राज्यको समग्र रूपान्तरणलाई सही दिशा दिन सक्छ ।*

राजनीतिक प्रतिनिधित्व क्रमशः बढ्दै गएको भए पनि सार्वजनिक प्रशासन, न्यायसेवा, सुरक्षा निकाय र वित्तीय संस्थामा प्रतिनिधित्व न्यून छ। सामाजिक रूपमा विभेद र हेलाहोचोको व्यवहार अन्त्य भएको छैन।

हामीकहाँ रहेका सामाजिक र वर्गीय दुबै खालका विभेद तथा उत्पीडन एवं तिनलाई समाधान गर्ने विषयलाई सन्तुलित ढङ्गले हेर्नु पर्छ।

राज्य आफ्ना राजनीतिक, आर्थिक, कानुनी, सुरक्षा र सामाजिक–सांस्कृतिक नीति एवं संरचनाको समष्टि हो। राज्यको लोकतान्त्रिक रूपान्तरणका क्रममा हामीले यी सबै बिषयमा ध्यान दिनुपर्छ। राज्यको चरित्र कस्तो बनाउने ? यसलाई कुन वर्गको पक्षमा उभ्याउने ? यसको अर्थनीति कस्तो हुने ? यसको सामाजिक–सांस्कृतिक नीति कस्तो हुने ? हाम्रो सुरक्षा निकाय, न्यायपालिका, प्रशासन संयन्त्र कस्तो बनाउने ? विदेश नीति कस्तो बन्ने ? यी लगायत अन्तर्वस्तु सहितको प्रणाली निर्माणले मात्रै राज्यको समग्र रूपान्तरणलाई सही दिशा दिन सक्छ।

नेपालमा औपचारिक प्रजातन्त्रलाई सामाजिक र वर्गीय मुद्दासँग जोड्ने कामको श्रेय कम्युनिस्ट पार्टीलाई जान्छ। औपचारिक र परम्परागत प्रजातन्त्रले समन्याय दिन सक्दैन, प्रजातन्त्र जनताको सबै वर्ग, तह र समुदायलाई समेट्ने गरी सारवान हुनुपर्छ भन्ने आवाज उठाउने कम्युनिस्टहरू नै हुन्। महिला, आदिवासी–जनजाति, दलित, मधेसी र मुस्लिम लगायत समुदायमा राजनीतिक चेतनाको विजारोपण गर्ने,

उनीहरूलाई अधिकारका निम्ति सङ्गठित गर्ने र आन्दोलनमा अगुवाइ गर्ने काम कम्युनिस्ट पार्टीले गरेको हो। यस आन्दोलनका अधिकांश अगुवाहरू वामपन्थी पृष्ठभूमिकै छन्। सच्चाइ यस्तो हुँदाहुँदै पनि कम्युनिस्ट पार्टीलाई पहिचान विरोधी भनेर आरोपित गर्ने, पार्टीलाई लक्षित गरेर हिंसात्मक गतिविधि गर्ने र समाजमा सामाजिक विद्वेष बढाउने कुरा गलत छ।

पहिचानको प्रश्नलाई सापेक्षिकतामा हेर्नुपर्छ। यसका आन्तरिक र वाह्य आयाम छन्, र यो गतिशील प्रश्न हो। सही ढङ्गले उठान गर्दा यस प्रश्नले सामाजिक न्याय र लोकतन्त्रलाई सार्थक बनाउन सहयोग गर्छ। गलत ढङ्गले उठान गरियो भने यो सामाजिक विद्वेष, दूरी र निषेधको विषय बन्न सक्छ, लोकतन्त्रकै विरुद्ध पनि प्रयोग हुन सक्छ।

## ३.

# उत्पादन पद्धति

मानव समाज आदिम साम्यवादी युगबाट दास युग, सामन्ती युग हुँदै पुँजीवादमा आइपुगेको छ। केही मुलुकहरू पुँजीवादलाई विस्थापन गरेर समाजवादी युगमा प्रवेश गरेका छन्।

नेपाली समाज पनि यही प्रक्रिया पार गरेर यहाँसम्म आइपुगेको हो।

नेपालमा लामो समयसम्म मातृसत्ता रहेको कुराको विस्तृत चर्चा पुष्पलालले गर्नुभएको छ। यसको अवशेषको रूपमा काठमाडौंका बज्रयोगिनी, तलेजु, अजिमा, कुमारी प्रथामा यहाँको मातृपरम्परा प्रतिविम्बित हुने कुरा उल्लेख गर्नुभएको छ। विभिन्न जनजाति समुदायमा महिलाको अवस्थामा सापेक्ष रूपमा सुदृढ हुनुलाई पनि मातृसत्ताको अवशेषको रूपमा उहाँले अर्थ्याउनु भएको छ।

मानव जातिको विकास हुँदै जाने क्रममा नेपालमा पनि राज्यसत्ताको उत्पत्ति भयो। आवादी, सेना, पुलिस, जेल, अदालत, कर व्यवस्था, मुद्रा प्रणाली जस्ता राज्यसत्ताका विशेषतासँगै नेपाल हजारौं वर्ष अघि दासयुगमा प्रवेश गऱ्यो। यद्यपि, हाम्रो समाजमा दास प्रथाको परिमाण विश्वका अन्य भूभागको भन्दा फरक र तुलनात्मक रूपमा सानो आकारमा रहेको पाइन्छ। लामो समयसम्म प्रचलित दास प्रथा चन्द्रसमशेरको पालामा मात्रै उन्मूलन भयो। मातृसत्ताको अन्त्यसँगै सुरु भएको महिलामाथिको उत्पीडनले सामन्ती युगमा आइपुग्दा चरम रूप लियो।

महिलाहरूलाई पतिको मृत्युसँगै जिउँदै जलाउने क्रूर 'सती प्रथा' सम्म पनि चल्यो। राणाशासनको उत्तरार्द्धमा आइपुग्दा बल्ल यो अमानवीय प्रथाको अन्त्य भयो।

आज भन्दा करिब दुई हजार देखि १५ सय वर्ष अघि लिच्छवी राज्यकालमा नेपाली समाजमा सामन्ती उत्पादन पद्धतिको जन्म भएको मानिन्छ। नेपालको ऐतिहासिक एकीकरणपछि त्यो उत्पादन पद्धति अझ मजबुत बन्यो र राणकालमा सामन्तवाद आफ्नो चरम अवस्थातिर विकसित भयो। बलियो सामन्ती राज्य, वंशगत राजतन्त्र, राजाको तजबिजमा खटिने भारदारहरू र तल गाउँसम्मै जिम्मुवाल, मुखिया लगायत राजाका प्रतिनिधिहरूको हुकुमी शासन, जमिन्दारी र कुतप्रथा, बेठी, बेगारी सहितको आर्थिक प्रणाली, अन्धविश्वास र रुढी जस्ता संस्कृति सामन्ती समाजका लक्षण थिए। एकीकरणपछि नेपाली समाजमा विभिन्न प्रकारका इलम र उद्यमहरू विकसित हुन थाले। व्यापार विनिमय पनि बढ्न थाल्यो। तर तिनले पुँजीवादी उत्पादन पद्धतिको रूप भने लिन सकेनन्। लामो समयदेखि काठमाडौँ उपत्यका लगायत स्थानमा शिल्पकला, घरेलु उद्योग र निर्यात व्यापार फस्टाएको एवं नेपाल कुनै बेला चीनको तिब्बत र भारत बिच व्यापारको मध्यस्थ बिन्दु बनिसकेको थियो। तर कर्णेल यङहज्बेण्डको नेतृत्वमा तिब्बतमाथि बेलायतले गरेको आक्रमण, तिब्बतका ठाउँ–ठाउँमा बेलायती व्यापारिक केन्द्र स्थापना र नाथुला पासबाट कोलकाता– ल्हासा व्यापारको सुरुवातसँगै नेपालको त्यो व्यापारिक महत्व घट्न थाल्यो। त्यस बेलायती आक्रमणलाई सघाउन चन्द्रसमशेरले चालेको घातक कदमले दीर्घकालीन रूपमा नेपाललाई निकै ठूलो क्षति पुऱ्यायो। दोस्रो विश्व युद्धको केही अगाडिदेखि नेपालमा कम्पनी कानुनको निर्माण, नेपाल बैङ्कको स्थापना र जुट तथा सलाई लगायत विभिन्न आधुनिक उद्योग धन्दाहरूको स्थापना हुन सुरु भयो। त्यस बिन्दुमा आइपुगेपछि भने नेपाली समाजमा दुई प्रकारका उत्पादन पद्धतिहरू प्रकट भए। एउटा सयौं वर्षदेखि विद्यमान सामन्ती उत्पादन पद्धति र अर्को, भर्खर आरम्भ भएको पुँजीवादी उत्पादन पद्धति। सामन्तवाद क्रमशः कमजोर हुँदै जान थाल्यो।

*दोस्रो विश्व युद्धको केही अगाडिदेखि नेपालमा कम्पनी कानुनको निर्माण, नेपाल बैङ्कको स्थापना र जुट तथा सलाई लगायत विभिन्न आधुनिक उद्योग धन्दाहरूको स्थापना हुन सुरु भयो। त्यस बिन्दुमा आइपुगेपछि भने नेपाली समाजमा दुई प्रकारका उत्पादन पद्धतिहरू प्रकट भए। एउटा सयौं वर्षदेखि विद्यमान सामन्ती उत्पादन पद्धति र अर्को, भर्खर आरम्भ भएको पुँजीवादी उत्पादन पद्धति।*

गएको ९० वर्षमा देशको वर्गीय संरचनामा ठुलो परिवर्तन आएको छ। २००७ सालको राणाशाही विरोधी क्रान्तिले सामन्तवर्गका प्रमुख प्रतिनिधि–राणाशासनलाई सत्ताच्युत गरिदियो। शासन सत्तामा सामन्तवर्गका साथै ठुलो पुँजीपति वर्गलाई पनि सहभागी बनाइदियो। ग्रामीण क्षेत्रमा सामन्ती जमिन्दार वर्गका विरुद्ध तथा सहरी क्षेत्रमा मौलिक अधिकार र मानव अधिकारका निम्ति जनताका सङ्घर्षहरू विकसित हुन थाले। २००९–१३ को किसान आन्दोलन सामन्तवाद विरोधी आन्दोलनको ज्वलन्त उदाहरण थियो। ती आन्दोलनहरूले शासक वर्गलाई सुधारका कदम चाल्न वाध्य बनाए। बिर्ता प्रथा उन्मूलन भयो। २०२१ सालमा लागू भएको भूमिसुधारले किसानहरूलाई जमिनको मालिक बनाउन नसके पनि ठुलो जमिन्दारी प्रणाली र जमिनमाथिको सामन्ती भूस्वामित्वलाई निकै हदसम्म कमजोर गरायो। रजौटा प्रथा पनि उन्मूलन भयो। आवधिक योजना निर्माण र बजेट प्रणालीको सुरुवातले राष्ट्रिय ढुकुटीलाई बलियो बनाउन र योजनाबद्ध विकासको थालनी गर्न सहयोग पुर्‍यायो। यसरी कमजोर बन्दै गएको सामन्तवाद २०४६ सालको आन्दोलनपछि झनै कमजोर भयो। यसले सामन्तवादका मुख्य प्रतिनिधि राजतन्त्रलाई संवैधानिक दायरामा सीमित गर्दै जनताका निर्वाचित प्रतिनिधिहरूले शासन चलाउने प्रजातान्त्रिक प्रणालीको थालनी गर्‍यो। जमिनको हदबन्दीलाई अझ घट्यो। कमैया, कमलरी र हलिया प्रथा उन्मूलन भए। उद्योगधन्धा र व्यापार व्यवसायको विस्तार एवं अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूसँगको आबद्धता झनै बढ्दै

गयो। अन्ततः २०६२/६३ को परिवर्तनले राजतन्त्रको अन्त्य गरेसँगै सामन्तवादी राजनीतिक प्रणाली र अर्थव्यवस्था मूलतः समाप्त भयो।

यस अघि नेपालमा राजपरिवार नै देशको सबैभन्दा ठुलो जमिनदार परिवारका रूपमा थियो। राजा र राजपरिवारको सम्पत्तिलाई अनतिक्रम्य बनाउँदै कुनै पनि कर, शुल्क नलाग्ने बनाइएको थियो। राजतन्त्र अन्त्य भएसँगै राजपरिवारको हातमा रहेको त्यस सम्पत्तिको मुख्य हिस्सालाई राष्ट्रियकरण गरेर ट्रस्ट मातहत ल्याइएको छ। यद्यपि, लामो समयसम्म रहेको सामन्तवाद, सामन्ती उत्पादन सम्बन्ध, उत्पादन पद्धति र सामाजिक आर्थिक ढाँचाले पारेका प्रभाव र त्यसका अवशेषहरू अझै नेपाली समाजमा विद्यमान छन्। देशमा अझै औद्योगिक पुँजी र राष्ट्रिय उद्योग व्यवसायको अपेक्षित विकास भैसकेको छैन। राष्ट्रिय पुँजीको विकास कमजोर अवस्थामा नै छ। कृषिमा गुजारा श्रमको प्रचलन अझै ठुलो मात्रामा रहनु, गैर ब्याङ्किङ क्षेत्रको ऋण प्रवाहको स्थिति ठुलो मात्रामा रहनु, लाखौंको सङ्ख्यामा भूमिहिन किसानहरू रहनु, दर्ता नभएका तर अव्यवस्थित बसोबासको जमिन ठुला मात्रामा रहनु जस्ता स्थिति विद्यमान छन्।

नेपाली समाजमा नेपाली समाज प्रारम्भिक पुँजीवादी प्रकारको समाजमा रूपान्तरित भएको छ। ग्रामीण जीवनको वर्ग संरचनामा परिवर्तन भएको छ। किसानहरूलाई शोषण गरी रहेको जमिन्दार वर्ग आम रूपमा विघटित भएको छ। देशका कुना काप्चामा अझै त्यस्ता परिवारहरू भेटिन सक्छन् तर तिनीहरू ग्रामीण क्षेत्रमा प्रभुत्व जमाउने अवस्थामा छैनन्। गरिब र भूमिहीन किसानहरू धनी किसानकोमा ज्याला मजदुरीमा काम गर्छन्। ग्रामीण कृषि अर्थतन्त्र पनि क्रमशः पुँजीवादी बन्दै गएको छ। पुँजीवादी र वित्तीय शोषणका नयाँ रूप पनि सुरु भएका छन्। मिटरब्याज त्यसको ज्वलन्त उदाहरण हो। ग्रामीण क्षेत्रमा सामन्त वर्गको ठाउँ अब कृषि पुँजीपति (बुर्जुवा) वर्गले लिइरहेको छ।

*गरिब र भूमिहीन किसानहरू धनी किसानकोमा ज्याला मजदुरीमा काम गर्छन्। ग्रामीण कृषि अर्थतन्त्र पनि क्रमश: पुँजीवादी बन्दै गएको छ। पुँजीवादी र वित्तीय शोषणका नयाँ रूप पनि सुरु भएका छन्। मिटरब्याज त्यसको ज्वलन्त उदाहरण हो। ग्रामीण क्षेत्रमा सामन्त वर्गको ठाउँ अब कृषि पुँजीपति (बुर्जुवा) वर्गले लिइरहेको छ।*

नेपाली जनता न्याय, समानता, विकास र समृद्धि चाहन्छन्। ठूलो परिवर्तन पश्चात् आफ्ना दशकौं पुराना आशा र सपना पूरा हुने उनीहरूको अपेक्षा बिल्कुल जायज र स्वाभाविक छ। तर वर्तमान उत्पादन पद्धति पछयौटे छ, जसले उनीहरूका आकाङ्क्षा पूर्तिमा वाधा पारिरहेको छ। वितरण प्रणाली विभेदपूर्ण छ। दलाल–नोकरशाही पुँजीवादले पछयौटे उत्पादन पद्धति र विभेदपूर्ण वितरण प्रणालीको संरक्षण गरिरहेको छ। त्यो वर्ग राष्ट्रिय पुँजीको विकास गर्न चाहँदैन, गर्न सक्दैन। मुलुकमा रोजगारी सिर्जना गर्न खोज्दैन। जसरी पनि ठेक्कापट्टा हत्याउने तर गुणस्तरीय निर्माण र सेवा उपलब्ध नगराउने, कानुन छल्ने, कर छली गर्ने, कालो धनलाई सेतो बनाउने, राज्यको सम्पत्ति विभिन्न बहानामा दोहन गर्ने, वस्तु र सेवामा स्वस्थ प्रतिष्पर्धालाई निषेध गर्दै एकाधिकार कायम गर्ने र राज्यका निकायहरूमा अनुचित प्रभाव पारी त्यसबाट संरक्षित हुने यो वर्ग हाम्रो अग्रगतिको वाधक वर्ग हो। लगानी बिनाको लाभ, उद्यम बिनाको आय र श्रम बिनाको शानशौकत र वैभवमा रमाइरहेको यस वर्ग र यसलाई संरक्षण गर्ने शक्ति र प्रवृत्तिसँगको अन्तरविरोध नै आजको मुख्य अन्तरविरोध हो।

आज हामी समाजवाद–उन्मुख उत्पादन पद्धतिको विकासको प्रयासमा छौँ। यसका लागि कानुनी र प्रशासनिक हस्तक्षेप तथा संरचनागत सुधार एवं रूपान्तरणका माध्यमबाट दलाल–नोकरशाही पुँजीवादी प्रवृत्तिलाई नियन्त्रित गर्नु छ। राष्ट्रिय पुँजीलाई प्रोत्साहित र विकसित गर्नु छ। राज्य संरचनामा श्रमजीवी वर्गको पहुँच

र वर्चस्व विस्तार गर्नु, तीव्र आर्थिक वृद्धि र न्यायोचित वितरणबीच समुचित सन्तुलन कायम गर्नु, राज्यका सबै अङ्गको लोकतान्त्रिक रूपान्तरण गर्नु, भूमिहिन किसानहरूलाई आवास र कृषिलाई नै व्यवसाय बनाउन चाहनेहरूलाई जमिन उपलब्ध गराउनु, गरिब र मध्यम किसानहरूलाई सहकारी र सामुहिक खेतितिर उन्मुख पार्नु, समग्र कृषिलाई व्यवसायीकरण र यान्त्रिकीकरण गर्ने काम गर्नु छ। उद्यमशीलताको विकास, उद्यमको प्रबर्द्धन, उत्पादनको बजार संरक्षण, नयाँ प्रविधिको प्रयोग र उत्पादक शक्तिको विकास मार्फत् उत्पादन र उत्पादकत्व वृद्धि गर्नु छ। रोजगारीका नयाँ अवसर सिर्जना गर्नु छ। कानुनी र प्रशासनिक विधिहरूमार्फत् स्वदेशी उत्पादन, उद्यमीहरू र पुँजीको संरक्षण गर्नु छ। सुशासन र छरितो सेवाप्रवाहको प्रबर्द्धन गर्नु छ। जनताको बहुदलीय जनवादी कार्यक्रम लागू गर्दै समाजवादको आधार तयार गर्ने काम गर्नु छ। यसो गरेर मात्र समाजमा विद्यमान अन्तरविरोधको सही समाधान र अग्रगतिका बाधकहरूको सामना गर्न सकिन्छ र नयाँ उत्पादन पद्धतिको विकास गर्न सकिन्छ।

## ४.

# जनसङ्ख्या

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको जनसङ्ख्या २ करोड ९१ लाख ६४ हजार रहेको छ। यसमा विदेशमा भएको २१ लाख ९० हजार जनसङ्ख्या जोडिएको छैन। कुल जनसङ्ख्यामा पुरुष १ करोड ४२ लाख ५३ हजार (४८.८७ प्रतिशत), महिला १ करोड ४९ लाख ११ हजार (५१.१३ प्रतिशत) र अन्य लिङ्गी २ हजार ९ सय (०.०१ प्रतिशत) रहेका छन्।

उमेर संरचना अनुसार १४ बर्ष मुनिका बालबालिका २७.८ प्रतिशत, आर्थिक रूपमा सक्रिय १५ देखि ५९ वर्ष समूहका ६२ प्रतिशत, १६ वर्षदेखि ४० वर्ष उमेरका युवा ४२.६ प्रतिशत र ६० वर्षमाथिका जेष्ठ नागरिक १०.२ प्रतिशत रहेका छन्।

कुल जनसङ्ख्याको ५३.६ प्रतिशत तराईमा, ४०.३ प्रतिशत पहाडमा र ६.१ प्रतिशत हिमाली क्षेत्रमा बसोबास गर्दछन्। जनघनत्व तराईमा प्रति वर्ग किमी ४६१, पहाडमा १९२ र हिमालमा ३४ रहेको छ। बसाइँसराइँका कारण हिमाल र पहाडको जनघनत्व घट्दो छ भने तराईको बढ्दो छ। २०६८ देखि २०७८ को बिचमा वर्षमा हिमालको जनसङ्ख्या ०.०५ प्रतिशतले घटेको छ भने पहाडमा ३.२ प्रतिशतले मात्र बढेको छ। तराईको जनसङ्ख्या भने १७.४ प्रतिशतले उच्च वृद्धि भएको छ।

जनसङ्ख्याको सबैभन्दा ठुलो हिस्सा (२१–२१ प्रतिशत) बागमती र कोशी प्रदेशमा छ भने सबैभन्दा कम (६ प्रतिशत) कर्णालीमा रहेको छ। कुल जनसङ्ख्यामध्ये १७–१७ प्रतिशत कोशी र लुम्बिनीमा छ भने सुदूर पश्चिममा ९ प्रतिशत र गण्डकीमा ८.५ प्रतिशत रहेको छ।

**बसाइँसराईँ**

बसाइँसराईँका कारण जानसाङ्यिक र वातावरणीय सन्तुलन खस्कँदै गएको छ।

बाह्य बसाइँसराइँका कारण नेपालका ३४ वटा जिल्लाको जनसङ्ख्या घटेको छ। (ताप्लेजुङ, पाँचथर, इलाम, तेह्रथुम, धनकुटा, सङ्खुवासभा, भोजपुर, खोटाङ, ओखलढुङ्गा, सोलुखुम्बु दोलखा, रामेछाप, सिन्धुपाल्चोक, काभ्रेपलान्चोक, धादिङ्ग, नुवाकोट, गोरखा, लमजुङ, पर्वत, बागलुङ, म्याग्दी, मनाङ, गुल्मी, अर्घाखाँची, पाल्पा, स्याङ्जा, तनहुँ, सल्यान, दैलेख, अछाम, बझाङ, बैतडी, डोटी, डडेलधुरा।)

बसाइँसराईँका कारण जनसङ्ख्या कमी हुँदा जनशक्तिको अभाव, उत्पादनमा कमी, खेतबारी बाँझै रहने, खाद्यान्न उत्पादनमा कमी, गाउँघर उराठ, विकासका पूर्वाधारहरू प्रयोगविहीन हुने अवस्था सिर्जना भएको छ।

गन्तव्य स्थलमा घना जनसङ्ख्या भएर साधन स्रोतको अभाव हुने, खानेपानी, शिक्षा, स्वास्थ्य, सुरक्षा जस्ता साविकका पूर्वाधार अपुग हुने, उत्पादनशील खेतबारीमा आवादी बढेर खाद्यान्न उत्पादन घटेको, पूर्वाधारका संरचनाहरूले मानिसको आवश्यकता पूरा हुन नसक्ने, फोहोर मैला व्यवस्थापनको समस्या, यातायात व्यवस्थापनमा समस्या, बस्ती व्यवस्थापनमा कठिनाइ आदि समस्या सिर्जना भएको छ।

*बसाइँसराइँका कारण जनसङ्ख्या कमी हुँदा जनशक्तिको अभाव, उत्पादनमा कमी, खेतबारी बाँझै रहने, खाद्यान्न उत्पादनमा कमी, गाउँघर उराठ, विकासका पूर्वाधारहरू प्रयोगविहीन हुने अवस्था सिर्जना भएको छ।*

**जातजाति, भाषाभाषी र धर्म**

— १४२ वटा जातजातिको बसोबास। (अघिल्लो जनगणनामा नेपालमा १२५ वटा जातजाति।) जनसङ्ख्याको आधारमा मुख्य १० वटा जाति– क्षेत्री (१६.४५) ब्राह्मण पहाड (११.२९), मगर (६.९०), थारु (६.२०), तामाङ (५.६२), विश्वकर्मा (५.०४), मुसलमान (४.८६), नेवार (४.६०), यादव (४.२१), राई (२.२०)।

— १२४ वटा भाषाभाषी। (अघिल्लो जनगणनामा १२३)। मुख्य १० मातृभाषा– नेपाली (४४.८६), मैथिली (११.०५), भोजपुरी (६.२४), थारु (५.८८), तामाङ (४.८८), बज्जिका (३.८९), अवधी (२.९६), नेपालभाषा (नेवारी) (२.९६), मगर ढुट (२.७८), डोटेली (२.७८)।

— १० वटा धर्म मान्ने जनसङ्ख्या। हिन्दु (८१.२), बौद्ध (८.२१), इस्लाम (५.०९), किरात (३.१७), क्रिश्चियन (१.७६) रहेका छन्। यसैगरी प्राकृत (०.३५), बोन (०.२३), जैन (०.०१), बहाई (०.०१), शिख (०.०१)।

**सहरीकरण, घरसंरचना र परिवार**

— महानगर, उपमहानगर र नगरपालिकाको जनसङ्ख्या १ करोड ९२ लाख ९६ हजार (६६.२ प्रतिशत)। तर यो पूरै सहरी जनसङ्ख्या होइन।

खास सहरी क्षेत्रको जनसङ्ख्या २७ प्रतिशत मात्र। गाउँपालिकाको जनसङ्ख्या ९८ लाख ६७ हजार (३३.८ प्रतिशत)।

— कुल ७५ लाख ५२ हजार ६६ वटा घर संरचना। जस मध्ये ७१.७ प्रतिशत आवासका लागि प्रयोगमा (बाँकी गोठ/मतान, खाली, व्यापारिक प्रयोजन, होटल, लज, शैक्षिक संस्था आदिमा प्रयोग)।

— नेपालमा ६६ लाख ६० हजार ८ सय व्यक्तिगत परिवार। दश वर्षमा १२ लाख ३९ हजार ६ सय ३५ वटा परिवार थप भएका। नेपाली समाज एकल परिवारप्रति बढी आकर्षित हुँदै गएको।

— परिवार विखण्डित हुने प्रवृत्ति बढ्दो। बसाइँसराइँले गर्दा ६.३ प्रतिशत घरहरू रित्तै। ६६ लाख ६१ हजार परिवारमध्ये ८६ प्रतिशतको आफ्नै घर।

— सन् २०११ मा २६ प्रतिशत महिला घरमूली देखिएकोमा सन् २०२१ मा ३२ प्रतिशत पुगेको। २४ प्रतिशत महिलाका नाममा घरजग्गाको स्वामित्व।

— करिब ६२ प्रतिशत परिवारका लागि उत्पादनको इकाइ घर परिवार रहेको छ भने ३३ प्रतिशतका लागि गैर– वित्तीय संस्था, ४ प्रतिशतका लागि सरकारी संस्था र १ प्रतिशतका लागि वित्तीय तथा गैर–सरकारी क्षेत्र उत्पादनको इकाइ।

— एक परिवारमा औसतमा ४.३ जना व्यक्तिहरूको बसोबास (अघिल्लो दशकमा एक परिवारमा ४.८ जना व्यक्ति)। हिमाली क्षेत्रमा प्रति परिवार ४.३,पहाडमा ३.९ र तराईमा ४.७ जना व्यक्तिहरू एक परिवारमा। गण्डकी प्रदेशमा सबैभन्दा सानो परिवार (३.७ जना) र मधेसमा सबैभन्दा ठुलो परिवार (५.२ जना व्यक्ति) को बसोबास।

*नेपालमा ६६ लाख ६० हजार ८ सय व्यक्तिगत परिवार रहेका छन्। दश वर्षमा १२ लाख ३९ हजार ६ सय ३५ वटा परिवार थप भएका छन्। नेपाली समाज एकल परिवारप्रति बढी आकर्षित हुँदै गएको छ।*

— १५ लाख ५५ हजार ९ सय (२३.४ प्रतिशत) परिवारको कोही न कोही सदस्य विदेशमा। विदेशमा बस्नेमध्ये पुरुषहरू ८२.२ प्रतिशत र महिला १७.८ प्रतिशत।

— साक्षरता दर ७६.२ प्रतिशत (पुरुष ८३.६ र महिला साक्षरता ६९.४ प्रतिशत)।सबैभन्दा बढी साक्षरता बागमतीमा (७६ प्रतिशत) र सबैभन्दा कम मधेसमा (५४.७ प्रतिशत मात्र)।

— मातृ शिशु स्वास्थ्यको अवस्थामा उल्लेख्य सुधार (मातृमृत्यु दर १५१ प्रति लाख)।

— ९५.५ प्रतिशत परिवारसँग शौचालय रहेको।

**प्रवृत्ति विश्लेषण**

माथिको जानसाङ्ख्यिक तथ्याङ्कको विश्लेषण गर्दा निम्न तथ्यहरू देखा पर्छन्–

क. आर्थिक रूपले सक्रिय उमेर समूह (१५–५९) को जनसङ्ख्या ६२ प्रतिशत र युवा जनसङ्ख्या (१६–४०) ४२ प्रतिशत। जानसाङ्कि लाभको स्थिति उच्च रहेको छ।

ख. पहाडबाट तराई र गाउँबाट सहरमा बसाइँसराइँ तीव्र बनिरहेको छ। बसाइँसराइँ आम प्रवृत्ति भए पनि गाउँ रित्तिदै जाने र सहरमा

अव्यवस्थित बसोबास हुने गरी भइरहेको बसाइँसराइँलाई सकारात्मक मान्न सकिंदैन। गाउँमा उत्पादन घट्ने, जमिन बाँझो रहने, अबौं खर्च गरेर बनाइएका पूर्वाधारको सदुपयोग नहुने र तराई एवं सहरमा उर्बर जमिन मासेर अव्यवस्थित सहरीकरण हुने, त्यहाँ नागरिकलाई न्यूनतम सुविधा पनि पुऱ्याउन नसकिने जस्ता समस्या थपिँदै गएका छन्।

ग. वाह्य बसाइँसराइँ (प्रवासन) को समस्या विश्वव्यापीकरणको स्वाभाविक परिणाम हो। तर देशबाट राम्रा प्रतिभाहरू र युवा श्रम शक्ति दुबैको प्रवासनले दीर्घकालमा नकारात्मक प्रभाव पार्न सक्छ। तसर्थ, देशभित्रै रोजगारीका अवसरहरू सिर्जना गर्नु, देशभित्र शैक्षिक गुणस्तर सुधार गर्नु र वाध्यात्मक वैदेशिक रोजगारीलाई न्यून गर्दै लैजानु पर्ने चुनौती छ।

घ. बसाइँसराइँले परिवारमा नयाँ चुनौती थपिन थालेका छन्। जेष्ठ नागरिकहरूको स्याहारसुसार र हेरचाह, नानीहरूको हुर्काइ र महिलाहरूको एक्लोपनको समस्या जटिल बन्दै गएको छ।

ङ. पहाडी क्षेत्र र गाउँबाट भइरहेको बसाइँसराइँ रोक्न व्यावसायिक खेती गर्न चाहनेलाई भूमिको व्यवस्था, पूँजी र प्रविधिको प्रबन्ध, बाली बिमा, उत्पादनको समर्थन मूल्य र बजारको व्यवस्था, बिचौलियाहरूको बिगबिगी नियन्त्रण, स्वदेशी उत्पादनलाई प्रोत्साहन, बाँझो जमिनको सदुपयोग, मल, बिउ र सिचाइँ, सहुलियतपूर्ण ऋण तथा अन्य सुविधा सुनिश्चित गर्ने, वन्यजन्तुबाट बाली जोगाउने कदम मार्फत् ती क्षेत्रलाई उत्पादनका केन्द्रका रूपमा विकास गर्नु आवश्यक छ।

च. जलवायु परिवर्तनका प्रतिकूल प्रभावहरू पनि बसाइँसराइँका कारण बन्न पुगेका छन्। पानीका मुहानहरू सुक्दै जानु, पानीको सतह घटेका कारण सिचाइ कुलोहरू सुख्खा हुनु, बाढी पहिरोको जोखिम, हिमालहरू पग्लिँदै जानु, वर्षाको असामान्य प्रवृत्तिका कारण

*बसाइँसराइँले परिवारमा नयाँ चुनौती थपिन थालेका छन् । जेष्ठ नागरिकहरूको स्याहारसुसार र हेरचाह, नानीहरूको हुर्काइ र महिलाहरूको एक्लोपनको समस्या जटिल बन्दै गएको छ ।*

परम्परागत बाली प्रणालीमा परेको प्रतिकूल असर जस्ता कारणले महिला, किसान र भिरालो पाखा या नदी किनारमा बस्न बाध्य विपन्न परिवारहरू बढी मर्कामा परेका छन्। अनुकूलन र प्रतिरोधी क्षमता अभिवृद्धि सम्बन्धी ठोस योजना ल्याएर बसाइँसराइँको दरलाई नियन्त्रण गर्नु आवश्यक छ।

## ५.

# वर्ग संरचना

ऐतिहासिक भौतिकवादी दृष्टिकोणका आधारमा मान्छेका आर्थिक क्रियाकलापहरू (बाँच्नका लागि उसले गर्ने उत्पादनका क्रियाकलाप, उत्पादनका साधन, श्रमका औजार र प्रविधिसँगको उसको साइनो, त्यस प्रक्रियामा निर्माण हुने उसको सामाजिक सम्बन्ध, प्रगतिशील उत्पादक शक्ति र यथास्थितिवादी उत्पादन सम्बन्ध बिचको सतत् अन्तरसङ्घर्ष, आर्थिक आधार र त्यसको जगमाथि उभिएको अधिसंरचनाको अन्तरसम्बन्ध लगायत) नै समाजको गतिको मुख्य कारक हो। यद्यपि, यो एकमात्र कारक भने होइन। त्यसैले कुनै पनि समाजको संरचना बुझ्नका लागि त्यहाँ विद्यमान उत्पादक शक्ति र उत्पादन सम्बन्धलाई बुझ्नु, तिनका मुख्य कारकका रूपमा रहने वर्गहरूको विश्लेषण गर्नु र आर्थिक आधारको जगमा उभिएको समाजको अधिसंरचना र तिनको गतिशीलतालाई बुझ्नु अनिवार्य हुन्छ।

समाजको विकास क्रमसँगै वर्ग संरचनामा परिवर्तन भइरहन्छ। समाजको लोकतान्त्रिकरण, विधिको शासन, विश्वव्यापीकरण, वित्तीय पुँजीवाद, सूचना तथा सञ्चार एवं विज्ञान प्रविधिमा भएको विकासद्वारा सिर्जित नयाँ उत्पादन प्रक्रिया र अर्थतन्त्रका नयाँ क्षेत्रको उदयसँगै समाजको वर्गीय चरित्रमा पनि परिवर्तन हुँदै आएको छ। संयुक्त परिवार प्रणाली अन्तर्गत रहेको एक परिवार एक उत्पादन इकाईको अवस्था अब एकल (न्युक्लियस) परिवार प्रणालीको विकाससँगै भत्किएको छ। अझ एउटै परिवारका व्यक्ति पनि भिन्न–भिन्न किसिमका उत्पादन प्रणालीमा गाँसिदा पारिवारिक रूपमा उत्पादन सम्बन्धको व्याख्या र वर्ग विभाजन

*बिचौलिया वर्ग एउटा उदीयमान वर्ग हो जो नीति निर्माणमा प्रभाव पार्ने, राज्यका साधन स्रोतको दोहन गर्ने, अस्वस्थ्य तथा अपारदर्शी व्यवसायवाट अस्वभाविक मुनाफा आर्जन गर्ने काममा सङ्लग्न छ । बिचौलिया वर्ग नै त्यस्तो वर्ग हो, जसले दलाल नोकरशाही पुँजीवादी अर्थव्यवस्थालाई बढावा दिने गर्छ र श्रमिक वर्गको उत्पादन (श्रम) को शोषण गर्दछ ।*

जटिल बन्दै गएको छ। विश्वमा पुँजीवादको विस्तारसँगै उत्पादन प्रणालीमा नजोडिएको तर यसबाट अधिकतम लाभ लिने मध्यस्थ वा बिचौलिया वर्गको तीव्र रूपमा विकास भइरहेको छ। यो बिचौलिया वर्ग एउटा उदीयमान वर्ग हो जो नीति निर्माणमा प्रभाव पार्ने, राज्यका साधन स्रोतको दोहन गर्ने, अस्वस्थ्य तथा अपारदर्शी व्यवसायवाट अस्वभाविक मुनाफा आर्जन गर्ने काममा सङ्लग्न छ। बिचौलिया वर्ग नै त्यस्तो वर्ग हो, जसले दलाल नोकरशाही पुँजीवादी अर्थव्यवस्थालाई बढावा दिने गर्छ र श्रमिक वर्गको उत्पादन (श्रम) को शोषण गर्दछ।

समाजको विश्लेषणका लागि मार्क्सवाद र यसको ऐतिहासिक भौतिकवादी दर्शनभन्दा वैज्ञानिक अर्को कुनै साधन छैन। यद्यपि हामीले समयक्रममा विकास भएका समाजशास्त्रका अन्य विधाहरूबाट पनि सन्दर्भ सामग्री ग्रहण गर्न सक्दछौँ। खास गरी बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्मिक विविधताले युक्त र बहुलतामाथि आधारित नेपाली समाजमा उत्पादनका साधनमा पहुँच र आर्थिक क्रियाकलापका अलावा सांस्कृतिक–सामाजिक सन्दर्भहरूले पनि मानवीय जीवन एवं समाजको तहगत संरचनालाई गहिरो गरी प्रभावित गर्दै आएका छन्। सानादेखि ठूलासम्म निजी व्यवसाय गर्ने, न्यूनवैतनिक देखि उच्च ज्यालामा श्रमिक वा व्यवस्थापकको रूपमा काम गर्ने, ज्यालामा वा स्वरोजगारीको रूपमा बौद्धिक काम गर्ने वा वैदेशिक रोजगारीमा रहेर काम गर्ने तथा अनौपचारिक कारोबार गर्ने व्यक्तिको वर्ग के आधारमा छुट्याउने भन्ने प्रश्न आफैंमा जटिल छ। उत्पादनका

साधनमा नियन्त्रण, उत्पादन सम्बन्ध, श्रमको प्रकृति, आम्दानी र यसको वितरण, ज्याला, कारोबारको स्वामित्व मध्ये के कुरालाई मुख्य आधार बनाउने भन्ने प्रश्नको उत्तर सहज छैन।

सामान्यतयाः आधारभूत (निम्न) वर्गको पहिचान त्यति कठिन छैन। सामाजिक तथा आर्थिक उत्पीडनमा रहेको, न्यूनतम मानवीय आवश्यकता पनि पूरा गर्न नसकिरहेको, उत्पादनका साधनमा स्वामित्व नरहेको, शिक्षावाट वञ्चित र अन्यायपूर्ण जीवन निर्वाह गरिरहेको वर्ग नै आधारभूत या निम्न वर्ग हो। यसको ठीक विपरित उच्च वर्ग चाहिँ बलियो आर्थिक तथा सामाजिक हैसियत भएको, उत्पादनका साधनमा कब्जा जमाएको र नीति निर्माण तथा राजकीय निर्णय तथा सामाजिक व्यवस्थामा प्रभाव पार्न सक्ने वर्ग हो। यी दुई वर्गका बिचमा रहेको वर्ग मध्यम वर्ग हो, जो समाजको सबैभन्दा कमजोर वर्गभन्दा माथि एवं सबैभन्दा बलियो वर्गभन्दा तलको सिँढीमा अवस्थित छ। यो वर्गको पहिचान गर्दा आर्थिक स्रोत (आम्दानी, भौतिक सम्पत्ति, गरिबीवाट मुक्तिको अवस्था), शिक्षा र ओहदा (शैक्षिक योग्यता, पेशागत श्रेणी वा तह) र प्रवृत्ति (सोच, आचरण, व्यवहार, दृष्टिकोण) लाई आधार बनाउनुपर्ने हुन्छ।

## वर्ग संरचना र आय वितरण

### क. श्रमिक तथा आधारभूत (निम्न) वर्ग

यस वर्गभित्र औद्योगिक, व्यवसायिक, सरकारी या कृषि क्षेत्रमा काम गर्ने श्रमिकहरू, सीमान्त कृषकहरू, वैदेशिक रोजगारीमा न्यून तलबमा काम गरिरहेका कामदारहरू तथा सामाजिक, सांस्कृतिक, आर्थिक तथा भौगोलिक रूपमा पछाडि परे/पारिएका एवं आधारभूत मौलिक हक या सुविधावाट वञ्चित व्यक्ति या समूह पर्छन्।

यस वर्गसँग मानवोचित जीवनयापन गर्न भौतिक, वित्तीय तथा बौद्धिक सम्पत्ति हुँदैन या भए पनि पर्याप्त हुँदैन। यो निरपेक्ष गरिबीको रेखामुनि (वा सिमान्तरूपमा

*वर्गको पहिचान गर्दा आर्थिक स्रोत (आम्दानी, भौतिक सम्पत्ति, गरिबीबाट मुक्तिको अवस्था), शिक्षा र ओहदा (शैक्षिक योग्यता, पेशागत श्रेणी वा तह) र प्रवृत्ति (सोच, आचरण, व्यवहार, दृष्टिकोण) लाई आधार बनाउनुपर्ने हुन्छ।*

गरिबीको रेखामाथि) रहेको छ। आर्थिक, सामाजिक तथा भौतिक जोखिमका कारण यो वर्ग कुनै पनि बेला चरम गरिबीमा धकेलिन सक्ने जोखिममा हुन्छ। हरबखत खाद्य असुरक्षा, आवासको अभाव, आधारभूत शिक्षा तथा स्वास्थ्य सेवाबाट बञ्चित तथा सामाजिक विभेद तथा शोषणको मारमा पिल्सिरहेको हुन्छ। नेपालको सन्दर्भमा गरिबीको रेखाको आय (रु. ७२ हजार) भन्दा दोब्बरमाथि सम्मको वार्षिक आय (२०७८ को जीवनस्तर मापन सर्भेक्षणका आधारमा करिब रु १ लाख ५० हजार) भन्दा कम हुने यो वर्गको विशेषता भनेको जमिनमा स्वामित्व प्रतिपरिवार १ हेक्टर भन्दा कम रहेको, उद्यम व्यवसायमा सारभूत स्वामित्व नरहेको, ब्याङ्क बचत, शेयर जस्ता वित्तीय उपकरणमा लगानी शून्यप्रायः रहेको तथा बौद्धिक पूँजी सिर्जनाबाट बञ्चित रहेको अवस्था हो। पार्टीले ध्यान दिनु पर्ने र वर्गीय हितको पक्षपोषण गर्नु पर्ने मुख्य वर्ग यही हो।

### ख. मध्यमवर्ग

यसभित्र साना र मझौला कृषकहरू, राष्ट्रिय औसत प्रतिव्यक्ति आयभन्दा बढी ज्याला, वेतन तथा सुविधा प्राप्त गर्ने वैतनिक कर्मचारीहरू, औद्योगिक, राजकीय तथा व्यावसायिक क्षेत्रका रोजगार व्यक्तिहरू, सीपयुक्त, मर्यादित तथा सुरक्षित वैदेशिक रोजगारीमा रहेका व्यक्तिहरू, सामाजिक, सांस्कृतिक, आर्थिक तथा राजनीतिक रूपमा राष्ट्रिय औसतभन्दा बढी सबल समूह तथा राजकीय, सामाजिक

तथा आर्थिक भूमिकामा उल्लेख्य स्थान ओगटेको एवं मौलिक हकको रूपमा रहेका आधारभूत सुविधा प्राप्त गर्न सक्षम वर्ग पर्दछ ।

यस वर्गसँग मानवोचित जीवन यापन गर्न केही मात्रामा भौतिक, वित्तीय तथा बौद्धिक सम्पत्ति उपलब्ध रहन्छ। यो निरपेक्ष गरिबीको रेखाभन्दा माथि रहेको हुन्छ र कुनै ठूलै द्वन्द्व, विपद् वा आर्थिक सङ्कट नपरी गरिबीको चपेटोमा पर्दैन। आर्थिक, सामाजिक तथा भौतिक जोखिमका कारण गरिबीमा पर्नबाट बँच्ने भएकाले खाद्य सुरक्षा, आवासको सुरक्षा, आधारभूत शिक्षा तथा स्वास्थ्य सेवाको उपलव्धता सुनिश्चित हुन्छ। निम्न वर्गको व्यक्तिको परिभाषित आयस्तर (रु १ लाख ५० हजार) भन्दा माथि र रु. ५ लाख सम्म वार्षिक आय हुनेलाई यस वर्गमा राख्न सकिन्छ। यो वर्ग भनेको जमीनमा स्वामित्व प्रति परिवार १ हेक्टरदेखि ३ हेक्टरसम्म रहेको, ब्याङ्क बचत, शेयर जस्ता वित्तीय उपकरणमा राम्रै लगानी रहेको तथा बौद्धिक पूँजीको उपयोगवाट मर्यादित एवं आधारभूत सुविधा सम्पन्न जीवन निर्वाह गरिरहेको अवस्थामा रहेको वर्ग हो। यो वर्ग सबै प्रकारका शोषण तथा उत्पीडनको विरोध पनि गर्दछ र आफैं पनि त्यसको हिस्सेदार समेत बन्ने गर्छ। उदीयमान व्यवसायी, उच्च उपभोगकर्ता, तथा आधुनिक ज्ञान, सीप तथा प्रविधिमा पहुँच राख्ने यो गतिशील वर्गभित्र समाज परिवर्तनमा रुचि र सक्रियता राख्ने विशेषता पनि हुन्छ। आफू सुरक्षित क्षेत्रमा रहेर काम गर्न खोज्ने प्रवृत्ति पनि अन्तरनिहित हुनाले बढी अस्थिर पनि हुन्छ।

**ग. उच्च वर्ग**

यस वर्गभित्र ठूला कृषकहरू, औद्योगिक, राजकीय तथा व्यावसायिक क्षेत्रका उच्च वैतनिक व्यक्तिहरू, सूचना प्रविधिमा दक्षता, व्यवस्थापकीय कौशल, उच्च शिक्षा तथा अनुभव हासिल गरेका व्यक्तिहरू, सीपयुक्त जनशक्तिको रूपमा वैदेशिक प्रतिष्ठान तथा संस्थाहरूमा रोजगारीमा रहेकाहरू, सामाजिक, सांस्कृतिक, आर्थिक तथा भौगोलिक रूपमा सबैभन्दा बढी सुविधा प्राप्त र राजकीय, सामाजिक तथा आर्थिक क्षेत्रमा निर्णायक भूमिकामा रहेको वर्ग पर्दछ। यस वर्गको उच्च तहमा

*प्रतिव्यक्ति वार्षिक रु ५ लाख भन्दा माथि आय हुने यो (उच्च) वर्गको विशेषता भनेको जमीनमा स्वामित्व प्रति परिवार ३ हेक्टर भन्दा माथि, ब्याङ्क बचत, शेयर जस्ता वित्तीय उपकरणमा ठुलो लगानी, पैतृक तथा वित्तीय पुँजी या कर्जाको माध्यमबाट उपयोग, उद्यमशीलता र आर्थिक तथा सामाजिक प्रभाव विस्तार गरेको तथा सुविधा सम्पन्न जीवन निर्वाह गरिरहेको अवस्थामा हुन्छ।*

राज्यका स्रोत तथा साधन र अवसरमा प्रभुत्व कायम गर्दै आम नागरिकको श्रम, मेहनत र योगदानको शोषणवाट पुँजी निर्माण र प्रविधिमा पहुँच बढाउने अनि त्यही पुँजी र प्रविधिका माध्यमबाट श्रमको अतिरिक्त शोषण गर्दै आर्थिक लाभ लिने दलाल– नोकरशाही पुँजीपति वर्ग समेत समावेश छ।

यस वर्गसँग उच्चस्तरको जीवन यापन गर्न पर्याप्त भौतिक, वित्तीय तथा बौद्धिक सम्पत्ति उपलव्ध छ। ठूलै द्वन्द्व, विपद् वा आर्थिक, सामाजिक तथा भौतिक जोखिमको अवस्थामा पनि आम रूपमा यो वर्ग गरिबीको चपेटामा पर्दैन। यस वर्गका लागि खाद्य सुरक्षा, आवासको सुविधा, शिक्षा तथा स्वास्थ्य सेवाको उपलव्धता सुनिश्चित हुन्छ। प्रतिव्यक्ति वार्षिक रु ५ लाख भन्दा माथि आय हुने यो वर्गको विशेषता भनेको जमीनमा स्वामित्व प्रति परिवार ३ हेक्टर भन्दा माथि, ब्याङ्क बचत, शेयर जस्ता वित्तीय उपकरणमा ठुलो लगानी, पैतृक तथा वित्तीय पुँजी या कर्जाको माध्यमबाट उपयोग, उद्यमशीलता र आर्थिक तथा सामाजिक प्रभाव विस्तार गरेको तथा सुविधा सम्पन्न जीवन निर्वाह गरिरहेको अवस्थामा हुन्छ। रोजगारी सिर्जना, राजस्व आपूर्ति र राष्ट्रिय पुँजी निर्माणमा यस वर्गको सकारात्मक योगदान हुने भएता पनि यसै वर्गभित्रका कतिपय व्यक्तिहरू शोषण तथा उत्पीडनका मुख्य स्रोत पनि हुने गर्छन्। उनीहरू प्रायः परिवर्तन तथा अग्रगमनका सन्दर्भमा विपक्षी कित्तामा उभिने गर्छन्।

## आय वितरण र उपभोग

पछिल्लो दशकमा आयको असमानता केही घटेको छ भने मध्यम वर्गको विस्तार भइरहेको छ।

— सन् २०२३ को जीवनस्तर मापन सर्वेक्षण अनुसार आय वितरणमा सबैभन्दा तल्लो ४० प्रतिशत परिवारको राष्ट्रिय आयको हिस्सा २१.८ प्रतिशत छ (२०११ मा ११.९ प्रतिशत रहेको हिस्सामा ९.९ प्रतिशत वृद्धि भएको।)

— मध्यम अर्थात् ४० देखि ९० प्रतिशत आय समूह बिचको ५० प्रतिशत समूहको हिस्सा बढेर ५५.६ प्रतिशत पुगेको छ (२०११ मा ४८.७ प्रतिशत रहेकोमा ६.९ प्रतिशतले वृद्धि भएको।)

— माथिल्लो १० प्रतिशत को हिस्सा घटेर २२.७ प्रतिशत मा सीमित भएको छ (२०११ मा ३९.४ प्रतिशत रहेकोमा १६.७ प्रतिशतले ह्रास आएको।)

सबैभन्दा सीमान्त २० प्रतिशत वर्गको मात्रै गणना गर्दा पनि १९९६ मा ७.६ प्रतिशत, २००४ मा ६.२ प्रतिशत, २०११ मा ७.६ प्रतिशत रहेको उनीहरूका आयमा हिस्सा २०२३ मा ८.९ प्रतिशत पुगेको छ। बिचको ६० प्रतिशतको हिस्सा सोही अवधिमा क्रमशः ४७.५ प्रतिशत, ४०.५ प्रतिशत, ४७.३ प्रतिशत र २०२३ मा ५३.३ प्रतिशत पुगेको छ। उच्च २० प्रतिशतको हिस्सा क्रमशः ४४.९, ५३.३, ४५.१ र २०२३ मा ३७.८ प्रतिशत पुगेको छ।

१९९६ मा धनी–गरिब बिचको आय अन्तर २०.५ गुणा रहेकोमा २०२३ मा ५.९ गुणामा झरेको छ।

उपभोग असमानता पनि घट्दै गएको छ– १९९६ मा धनी १० प्रतिशत को उपभोग गरिब १० प्रतिशत भन्दा ९.४ गुणा बढी थियो। २०२३ मा यो अन्तर ६.५ गुणा मात्र रहेको छ।

*समाज आधुनिक बन्दै जाँदा जातीय विषय गौण हुँदै जानु पर्नेमा हरेक जनगणनामा झन् बढी बलियो बन्दै गएको छ। २०७८ को जनगणनामा १४२ जात/समूह सूचीकृत छन् जबकी २०४८ मा त्यो ६१ मात्र थियो।*

यसरी विश्लेषण गर्दा निम्न वर्गको आर्थिक स्तरमा क्रमशः सुधार आएको, मध्यम वर्ग फराकिलो बन्दै गएको र उच्च वर्गको वर्चस्व कमजोर हुँदै गरेको देखिन्छ।

**जातीय र सामाजिक आयाम**

जातीय संरचना र वर्गीय अवस्था घनिष्ट रूपमा जोडिएका देखिन्छन् –

— दलित र मुस्लिम समुदायमा भूमिहीन, सिमान्त किसान र न्यून आय वर्गका बढी छन्।

— सन् २०२२ मा औसत गरिबी दर २०.३ प्रतिशत भए पनि दलितमा त्यो ३० प्रतिशत भन्दा बढी छ। यसमध्ये पनि पहाडमा २७ प्रतिशत र तराईमा ४१ प्रतिशत परिवारमा चरम गरिबी छ।

— मानव विकास सूचकाङ्कमा पनि जातीय विभेद देखिन्छ। २००४ मा मानव विकास सूचकाङ्क बाहुन/क्षेत्रीमा ०.५५२ र नेवारमा ०.६१६ रहँदा दलितमा ०.४२४ र मुस्लिममा ०.४०१ मात्र थियो।

— गरिबी घट्ने दरमा पनि असमानता छ। बाहुन/क्षेत्रीमा ४६ प्रतिशत र दलितमा २१ प्रतिशत, मुस्लिममा ६ प्रतिशत मात्र।

समाज आधुनिक बन्दै जाँदा जातीय विषय गौण हुँदै जानु पर्नेमा हरेक जनगणनामा झन् बढी बलियो बन्दै गएको छ। २०७८ को जनगणनामा १४२ जात/समूह सूचीकृत छन् जबकी २०४८ मा त्यो ५९ मात्र थियो।

**श्रम बजार**

श्रम बजारमा निम्न र मध्यम वर्गको प्रबलता छ, तर अनौपचारिक क्षेत्रको उच्च हिस्सा स्पष्ट वर्गीय असमानताको आधार हो।

— ९.४ प्रतिशत गैर कृषि कार्यमा स्वरोजगार छन् (त्यसको २१.९ प्रतिशत साना तथा घरेलु उद्योगमा, ४९.५ प्रतिशत ब्यापारमा, ५.५ प्रतिशत सेवा क्षेत्रमा र १२ प्रतिशत अन्यमा) छन्।

— रोजगार श्रमशक्तिमध्ये २१.५ प्रतिशत कृषिमा, १५.१ प्रतिशत उद्योगमा, १३.८ प्रतिशत निर्माणमा र १७.५ प्रतिशत व्यापार व्यवसायमा छन्। यातायात र होटल सेवामा ९.७ प्रतिशत, १०.३ प्रतिशत शिक्षा, स्वास्थ्य तथा सामाजिक सेवामा, वित्तीय, सञ्चार तथा घरजग्गा व्यवसायमा २.८ प्रतिशत र पेशागत क्षेत्रमा ३.४ प्रतिशत सङ्लग्न छन्। घरेलु कामदारको रूपमा १ प्रतिशत रोजगार छन्।

— बालश्रम घट्दै गएको भए पनि २०२१ को गणनामा ७० लाख बालबालिकामध्ये ११ लाख (१५ प्रतिशत) बालश्रममा थिए। यसमध्ये दलित परिवारमा १९.४ प्रतिशत, जनजातिमा १८.१ प्रतिशत, बाहुन क्षेत्रीमा १४.५ प्रतिशत र नेवारमा ९.९ प्रतिशत रहेको छ। सबैभन्दा विपन्न २० प्रतिशत परिवारमा १८ प्रतिशत बालश्रम रहँदा माथिल्लो आय वर्गमा ५ प्रतिशत मात्र छ। यसरी बालश्रमको स्थिति हेर्दा पनि जातीय विभेद स्पष्ट देखिन्छ।

— लैङ्गिक दृष्टिकोणले रोजगारमध्ये पुरुष ६३ प्रतिशत र महिला ३७ प्रतिशत छन्। व्यवस्थापकीय क्षेत्रमा रोजगार मध्ये ८७ प्रतिशत पुरुष र

*लैङ्गिक दृष्टिकोणले रोजगारमध्ये पुरुष ६३ प्रतिशत र महिला ३७ प्रतिशत छन्। व्यवस्थापकीय क्षेत्रमा रोजगार मध्ये ८७ प्रतिशत पुरुष र १३ प्रतिशत महिला छन् भने प्रारम्भिक पेशामा पुरुष ५५.५ प्रतिशत र महिला ४५ प्रतिशत छन्।*

१३ प्रतिशत महिला छन् भने प्रारम्भिक पेशामा पुरुष ५५.५ प्रतिशत र महिला ४५ प्रतिशत छन् ।

— ६२.८ प्रतिशत श्रमिक अनौपचारिक क्षेत्रमा (महिलामा ९० प्रतिशत भन्दा बढी) छन् ।

— रु. १५ हजार मुनि कमाउने न्यून वैतनिक श्रमिक ४४ प्रतिशत र २५ हजार माथि कमाउने उच्च वैतनिक १५ प्रतिशत मात्र छन् ।

— औसत काम समय ४४ घण्टा छ, तर होटल/निर्माणमा ५० घण्टा भन्दा बढी छ ।

— बेरोजगारी दर ११.४ प्रतिशत छ ।

— उच्च शिक्षा प्राप्त श्रमिकमा बेरोजगारी १५ प्रतिशत भन्दा बढी छ ।

— सञ्चालित प्रतिष्ठानहरूको सङ्ख्या ९ लाख २३ हजार रहेको छ । ( ४ लाख ६३ हजार प्रतिष्ठानहरू (५०.१ प्रतिशत) दर्ता भएका र ४ लाख ६० हजार प्रतिष्ठानहरू (४९.९ प्रतिशत) दर्ता नभएका तथा दर्ता स्थिति नखुलेका ३२९ (०.०४ प्रतिशत) सञ्चालनमा रहेको ।)

— प्रतिष्ठानहरूमा सक्रिय रूपमा सङ्लग्न जनशक्ति सङ्ख्या ३२ लाख २८ हजार (पुरुष २० लाख १२ हजार र महिला १२ लाख १६ हजार) रहेका छन् ।

— दर्ता भएका व्यवसायमध्ये कृषि, वन तथा माछापालन व्यवसायमा २.६ प्रतिशत, औद्योगिक उत्पादनमा ११.३ प्रतिशत, खानी तथा उत्खनन, विद्युत, ग्याँस, पानी आपूर्ति, ढल, फोहर व्यवस्थापन तथा प्रशोधन, खानी तथा उत्खनन एवं निर्माणमा ०.६ प्रतिशत, थोक तथा खुद्रा व्यापार, मोटर गाडी, मोटरसाइकलको मर्मतमा ५४.० प्रतिशत, यातायात तथा गोदाम, आवास सुविधा तथा खाना व्यवस्थामा १५ प्रतिशत, वित्त बिमा तथा घर जग्गा कारोवारमा २.० प्रतिशत, शिक्षा तथा स्वास्थ्य सेवामा ७ प्रतिशत र पेशागत तथा प्रशासनिक सेवामा १.६ प्रतिशत र ६ प्रतिशत अन्य सेवामा रहेका छन्।

— सन् १९९२ मा ठूला उद्योगको सङ्ख्या ४२७१ रहेकोमा सो सङ्ख्या घटेर सन् २००२ सम्ममा ३२१३ र सन् २०११ मा ४०७६ मा सिमित रहेको। २०२० मा बल्ल ५०१७ पुगेको छ। औद्योगिक श्रमिकको सङ्ख्यामा पनि खासै बृद्धि नभएको। २८ वर्षमा उद्योग तथा औद्योगिक श्रमिकको ज्यामितीय वृद्धि क्रमशः ०.६ प्रतिशत र ०.९ प्रतिशत मात्र रहेको छ। यसै अवधिमा औद्योगिक क्षेत्रको मूल्य अभिवृद्धि र श्रमिकको ज्याला पनि क्रमशः ११.२ प्रतिशत र १२.० प्रतिशतले मात्र बढेको।

— सन् २०२० श्रमको ज्याला रु १०८ अर्ब तथा उत्पादन रु १२०१ अर्ब हुँदा श्रमको हिस्सा ९.० प्रतिशत मात्र रह्यो। सन् १९९२ मा यो १०.१ प्रतिशत थियो भने सन् २००२ मा ६.७ प्रतिशत र सन् २०११ मा ५.१ प्रतिशत।

— देशमा औद्योगीकरण हुन नसकेको उदाहरण उत्पादनमुलक उद्योगमा १० जना भन्दा कमलाई रोजगारी दिने उद्योग ९१ प्रतिशत रहेकोबाट प्रष्ट हुन्छ।

यसरी, श्रम बजारले मध्यम वर्गलाई बढाएको भए पनि सिमान्त श्रमिकहरूको स्थिति अझै असुरक्षित छ।

*एक दशक अघिकै जीवनस्तरको उपभोगलाई आधार मान्दा निरपेक्ष गरिबी ४ प्रतिशत भन्दा कम भएको छ। विश्व ब्याङ्कको परिभाषा अनुसार प्रतिव्यक्ति आय दैनिक २.१५ डलरभन्दा कम हुने जनसङ्ख्या १ प्रतिशत भन्दा तल पुगेको छ।*

**विप्रेषण र गरिबी**

— सन् २०२३ को सर्वेक्षण अनुसार ७६ प्रतिशत परिवारले कुनै न कुनै प्रकारको (आन्तरिक या वाह्य) विप्रेषण आय गर्छन् ।

— औसत वार्षिक विप्रेषण आय रु. १ लाख ४५ हजार छ । यसले निरपेक्ष गरिबी घटाउन उल्लेख्य योगदान गरेको छ ।

— एक दशक अघिकै जीवनस्तरको उपभोगलाई आधार मान्दा निरपेक्ष गरिबी ४ प्रतिशत भन्दा कम भएको छ । विश्व ब्याङ्कको परिभाषा अनुसार प्रतिव्यक्ति आय दैनिक २.१५ डलरभन्दा कम हुने जनसङ्ख्या १ प्रतिशत भन्दा तल पुगेको छ ।

— विप्रेषण पनि गरिबको तुलनामा धनी परिवारले ३.३ गुणा बढी पाउने गरेको देखिन्छ, जसले वर्गीय भिन्नता कायम राख्छ ।

— निरपेक्ष गरिबीमा रहेका व्यक्तिहरू सूचनाको अभाव, खर्च व्यवस्थापनमा कठिनाइ र सिपका अभावमा वाह्य रोजगारीमा जान नसक्ने या गए पनि जोखिमपूर्ण काम गर्न वाध्य हुने अवस्था देखिएको छ ।

**सम्पत्ति स्वामित्व**

नेपालमा अझै पनि जग्गा–जमिन वर्ग विभाजनको मुख्य आधार हो, तर वित्तीय सम्पत्ति र उद्योग–व्यवसायमा स्वामित्वले नयाँ प्रकारको विभाजन उत्पन्न गरेको छ।

— कूल कृषियोग्य ४१ लाख ३१ हजार कित्ता जग्गामध्ये ३४ लाख ४९ हजार कित्ता (८३ प्रतिशत) १ हेक्टरभन्दा कम छन्, ०.२ प्रतिशत (७८५४ कित्ता) मात्र ५ हेक्टरभन्दा माथिका छन्।

— भूमिहीन परिवार १ लाख १५ हजार (कृषिगणना २०११) बाट सन् २०२२ मा १ लाख ३१ हजार पुगे।

— घर–जग्गा स्वामित्वमा महिलाको हिस्सा ८ प्रतिशतबाट बढेर २३. ८ प्रतिशत पुगेको छ।

— भौतिक सुविधामा पहुँच धैरै बढेको छ। २००१ मा टेलिभिजन हुने परिवार २२ प्रतिशत रहेकोमा २०२१ मा ५० प्रतिशत, एक दशक अघि ३ प्रतिशत परिवारमा सीमित रहेको इन्टरनेट सुविधा हाल ३८ प्रतिशत र मोटर तथा मोटरसाइकल हुने परिवारको सङ्ख्या एक दशकमा ११ प्रतिशतबाट ३० प्रतिशत माथि पुगेको छ। रेडियो, टिभी, फ्रिज, सवारी साधन, इन्टरनेट केही पनि नहुने परिवार ३ प्रतिशत मात्र रहेका छन्।

— जस्तापाताको छाना हुने परिवार ४२ प्रतिशत र सिमेन्टको पक्की छाना हुने ३८ प्रतिशत छन्। फुस र माटोको छाना हुने ५ प्रतिशत मात्र छन्। शौचालय नहुने ५ प्रतिशत मात्र घर छन्। एलपिजी ग्यासले खाना पकाउनेको सङ्ख्या ४४ प्रतिशत माथि पुगेको छ।

— विद्युत र सौर्य उर्जाको पहुँच ९९ प्रतिशत परिवारमा पुगेको छ।

— ब्याङ्कका निक्षेपकर्ता ४ करोड भन्दा माथि रहँदा ब्याङ्क कर्जाको उपयोग भने २० लाख व्यवसायीले मात्र गरेका छन्।

— ब्याङ्क, बीमा र पुँजीबजारमा सिमित घरानाको नियन्त्रण कायमै छ।

*भौतिक सुविधामा पहुँच धेरै बढेको छ। २००१ मा टेलिभिजन हुने परिवार २२ प्रतिशत रहेकोमा २०२१ मा ५० प्रतिशत, एक दशक अघि ३ प्रतिशत परिवारमा सीमित रहेको इन्टरनेट सुविधा हाल ३८ प्रतिशत र मोटर तथा मोटरसाइकल हुने परिवारको सङ्ख्या एक दशकमा ११ प्रतिशतबाट ३० प्रतिशत माथि पुगेको छ।*

**भौगोलिक र क्षेत्रगत असमानता**

गरिबी घटे पनि ग्रामीण क्षेत्रमा अझै उच्च छ।

— सन् २०२३ को तथ्याङ्कमा सहरी क्षेत्रको गरिबी १८.३ प्रतिशत छ भने ग्रामीण क्षेत्रको गरिबी २४.७ प्रतिशत।

— काठमाडौंको गरिबी ७.४ प्रतिशत छ भने सुदूरपश्चिमको ग्रामीण क्षेत्रको गरिबी ४०.२ प्रतिशत।

— यसले भौगोलिक विकटता वर्गीय विभाजनको आधार बनेको देखाउँछ।

**शिक्षा, स्वास्थ्य र सामाजिक सूचक**

— साक्षरता दर १९९६ को ३५.६ प्रतिशत बाट २०२३ मा ७२.५ प्रतिशत पुगेको छ।

— महिला साक्षरता १९.४ प्रतिशत बाट ६४.१ प्रतिशतमा पुगेको छ। उल्लेख्य सुधार भए पनि अझै खाडल देखिन्छ।

— विद्यालय शिक्षामा लैङ्गिक अनुपात हासिल भएको, उच्च शिक्षामा हुने क्रममा रहेको छ। तर माध्यमिक भर्नामा धनी परिवारका ६२ प्रतिशत छात्रछात्रा छन् भने गरिब परिवारका २९ प्रतिशत।

— उच्च शिक्षामा धनीको पहुँच ३७.४ प्रतिशत हुँदा गरिब परिवारका २.३ प्रतिशत मात्र छन् ।

— स्वास्थ्य सेवामा जातीय र वर्गीय विभेद अझै कायम छ । दलित/मुस्लिम महिलामा बालबिबाह र गर्भावस्था दर उच्च छ ।

**कृषि र वर्गीय रूपान्तरण**

कृषि अझै प्रमुख रोजगारी र आय स्रोत भए पनि भूमिको खण्डीकरण र सिमान्तीकरणले निम्न वर्गलाई विस्तार गरेको छ ।

— कृषक परिवार २०५८ मा ७९ प्रतिशत थिए, २०७८ मा ६२ प्रतिशत छन् ।

— १ हेक्टरभन्दा बढी जमिन हुने परिवार घट्दैछ, र भूमिहीन किसान बढ्दै छन् ।

— जमिनमा महिलाको स्वामित्व बढे पनि त्यस्तो स्वामित्व मुख्यतया सानो जमिनमा सीमित छ ।

— कृषि सहकारी विस्तार भए पनि निर्वाहमुखी कृषि अझै प्रबल छ ।

— जग्गाको वित्तीयकरणले सहरी–ग्रामीण अन्तर बढाएको छ । सहरमा थोरै आना जमिन हुने परिवार सम्पन्न मानिन्छ भने गाउँमा सय रोपनी जमिन भएका पनि विपन्न मानिन्छन् ।

— जमिन अब कृषि उपजको साधनभन्दा पनि बढी वित्तीय उपकरण बन्न थालेको छ ।

**निष्कर्ष**

— नेपाली समाजको वर्ग संरचना बहुआयामी बनेको छ । निम्न वर्ग अझै भूमिहीन किसान र अनौपचारिक श्रमिकमा सीमित छ । मध्यम

*नेपाली समाजको वर्ग संरचना बहुआयामी बनेको छ। निम्न वर्ग अझै भूमिहीन किसान र अनौपचारिक श्रमिकमा सीमित छ। मध्यम वर्ग विप्रेषण, शिक्षा र सहरीकरणसँगै विस्तार भएको छ। उच्च वर्गले वित्तीय–राजनीतिक शक्ति कायम राखेको छ।*

वर्ग विप्रेषण, शिक्षा र सहरीकरणसँगै विस्तार भएको छ। उच्च वर्गले वित्तीय–राजनीतिक शक्ति कायम राखेको छ।

— आय र उपभोग असमानता घट्दै गएको छ, तर जातीय, लैङ्गिक र भौगोलिक अन्तर अझै गहिरो छ।

— पछिल्ला वर्षहरूमा नेपालको सामाजिक–आर्थिक संरचना तीव्र रूपान्तरणको चरणमा छ। गणतान्त्रिक व्यवस्थाको आगमनपछि सामन्तवादी शोषण र वर्गीय असमानता कमजोर हुँदै गएको देखिन्छ। यद्यपि परम्परागत निर्वाहमुखी अर्थतन्त्र र रुढीवादी सामाजिक संरचनाका कारण जातीय, वर्णीय तथा पेशागत विभेद अझै आंशिक रूपमा कायम छन्।

— उत्पादन सम्बन्ध, प्रविधि, ज्ञान–सीप, कानूनी संरचना र अन्तर्राष्ट्रिय आवद्धतामा आएको परिवर्तनले समाजको वर्गीय स्वरूपलाई जटिल बनाइरहेको छ। सेवा क्षेत्रको विस्तार, स्वरोजगारी र साना–मझौला व्यवसायको वृद्धि, साथै अनौपचारिक क्षेत्रको प्रभावशाली उपस्थितिले समाजको वर्गीय विभाजनलाई स्पष्टतापूर्वक चित्रण गर्न कठिन बनाइरहेका छन्।

— वैदेशिक रोजगारीले आर्थिक उत्थानसँगै सांस्कृतिक विचलन पनि ल्याएको छ । आन्तरिक–बाह्य आप्रवासन, बजार अर्थतन्त्रको विस्तार, प्रविधिको सहज पहुँच र बढ्दो चेतनाले समाजलाई गतिशील बनाएको छ । यसले वर्गीय सम्बन्धमा नयाँ आयाम थपेको भए पनि उत्पादन, स्वामित्व र आय वितरणसम्बन्धी आधारभूत प्रश्नहरू अझै खुला छन् ।

— उदीयमान मध्यमवर्गको आकार बढ्दो छ, तर यसको वर्गीय स्थिति अझै अस्थिर छ । यो निम्न वर्गबाट धेरै माथि उठ्न सकेको छैन ।

— राजनीतिक दलहरूको सिद्धान्त, नीति र कार्यदिशाबाट कुन दल कुन वर्गको प्रतिनिधित्व गर्छ भन्ने प्रश्नमा स्पष्टता आएन भने निम्न वर्गप्रतिको प्रतिनिधित्व कमजोर भई, दलहरू जनताको दृष्टिमा 'उस्तै' देखिने जोखिम बढ्नेछ ।

— वर्गीय गतिशीलता (क्लास मोबिलिटी) बढ्दो भए पनि संरचनागत असमानता कायम छ। नीति दृष्टिकोणले भूमिहीन र सिमान्त किसानको संरक्षण, अनौपचारिक श्रमिकको औपचारिकीकरण, शिक्षा–स्वास्थ्यमा समान पहुँच र वित्तीय/उद्योगमा स्वामित्वको लोकतान्त्रीकरणलाई प्राथमिकतामा राख्नु अपरिहार्य छ ।

— सेवा क्षेत्रले आर्थिक क्रियाकलापको झण्डै दुईतिहाई अंश ओगटेको र यो क्षेत्रमा साना, मझौला देखि ठूला व्यवसाय, निम्न वैतनिक देखि उच्च वेतन लिने व्यवस्थापकसम्म अटाएको एवं स्वरोजगारीको हिस्सा प्रमुख रहेकाले यसभित्रको प्रत्येक उपक्षेत्रको सूक्ष्म विश्लेषणवाट मात्र सटिक रूपमा वर्ग पहिचान गर्न सकिनेछ ।

— अदृष्य रूपमा हुने सेवाको उत्पादन र व्यापार तथा तेस्रो पक्षसँगको करार वा ठेक्कामा वस्तुको उत्पादन गर्ने परिपाटीसँगै व्यवसायिक क्षेत्रमा को मालिक, को कामदार, उत्पादनको लाभ कसले कति पाउने

*वर्गीय गतिशीलता (क्लास मोबिलिटी) बढ्दो भए पनि संरचनागत असमानता कायम छ। नीति दृष्टिकोणले भूमिहीन र सिमान्त किसानको संरक्षण, अनौपचारिक श्रमिकको औपचारिकीकरण, शिक्षा–स्वास्थ्यमा समान पहुँच र वित्तीय/उद्योगमा स्वामित्वको लोकतान्त्रीकरणलाई प्राथमिकतामा राख्नु अपरिहार्य छ।*

वा आयको वितरणको आधार के हुने जस्ता प्रश्न क्रमशः जटिल बन्दै जाँदैछन्।

— नेपाल सङ्क्रमणकालीन अवस्थामा छ, जहाँ सामन्तवाद अन्त्यतिर उन्मुख छ, तर औद्योगिक अर्थतन्त्रको अपेक्षित विकास भएको छैन। वर्गीय विश्लेषण अझै आवश्यक छ। तर यसको लागि मात्र तथ्याङ्कीय होइन, गुणात्मक दृष्टिकोण र सूक्ष्म सामाजिक अध्ययन पनि अपरिहार्य देखिन्छ।

— सारमा, श्रमजीवी वर्गीय पक्षधरता र निम्न वर्गलाई माथि उठाउन सम्पूर्ण प्रयासकेन्द्रित गर्ने, मध्यम वर्गलाई सुदृढ गर्ने र त्यससँगको मित्रता बलियो बनाउने, उच्च वर्गभित्रका राष्ट्रिय पुँजीपतिहरू, रोजगारदाताहरू, करदाताहरू र मुलुकमा केही गरौँ भन्ने हुटहुटी भएका, जोखिम मोलिरहेका र समृद्धिका संवाहकहरूलाई प्रोत्साहन गर्ने तथा त्यस वर्गभित्रका बिचौलिया, कालो धन थुपार्नेहरू, राजस्व छली गर्नेहरू र दलाल प्रवृत्तिहरूलाई कानुन र विधिबाट नियन्त्रित गर्दै राष्ट्रिय पुँजी निर्माणलाई तीव्रता दिने नीति नै हाम्रो वर्गीय नीति हुनुपर्छ।

## ६.

# भूराजनीति र परराष्ट्र नीति

भूराजनीति अभूतपूर्व परिवर्तनको चरणबाट गुज्रिरहेको छ। विश्व राजनीति पूर्वानुमान गर्नै नसकिने गरी तरल बनेको छ। दोस्रो विश्व युद्धपछि विकसित भएको बहुपक्षीयता र अन्तर्राष्ट्रिय व्यवस्था कमजोर हुँदै गइरहेका छन्। नियममा आधारित (रुल बेस्ड) प्रणाली निष्प्रभावी हुँदै गएर लेनदेन आधारित (डिल बेस्ड) स्थिति सिर्जना भएको छ। उग्रराष्ट्रवाद, संरक्षणवाद र एकपक्षीयताको उदयले संयुक्त राष्ट्र सङ्घको भूमिका तथा त्यसको अगुवाइमा सञ्चालित सहयोग र पारस्परिक सम्मानका सिद्धान्तहरूलाई कमजोर बनाएका छन्। शक्ति राष्ट्र प्रतिष्पर्धा अस्वस्थ ढङ्गले बढिरहेको छ। कुनै सार्वभौम राष्ट्रको भूभागबारे उसको अनुपस्थितिमै निर्णय हुने, कुनै सार्वभौम राष्ट्रका राष्ट्राध्यक्ष या नेताहरूलाई लक्षित गरेर अर्को देशले सिधै हत्याको धम्की दिने, एकातिर आतङ्कवादको डरलाग्दो आक्रमण र अर्कोतिर त्यसलाई नियन्त्रण गर्ने नाममा हजारौँ निर्दोष व्यक्ति, बालबालिका र महिलाहरूको नरसंहार हुने जस्ता अकल्पनीय परिघटना देखा परेका छन्। कृत्रिक बौद्धिकता र सूचना प्रविधिको बढ्दो सामरिक प्रयोगले विश्वमा नै नयाँ प्रकारको असुरक्षा र तनाव उत्पन्न भइरहेको छ। जलवायु सङ्कट जस्ता नयाँ चुनौतीले मानव जातिको अस्तित्वमै खतरा पैदा गर्न थालेका छन्। मानिस र पृथ्वीको संरक्षण गर्ने गंभीर चुनौती थपिएको छ। नयाँ परीक्षणका नाममा भइरहेका गलत प्रयोगहरूले नयाँ महामारी थपिने स्थिति बनेको छ।

*विज्ञान र प्रविधिमा अभूतपूर्व प्रगति, विशेष गरी एआई, थ्रीडी प्रिन्टिङ, मसिन लर्निङ, जेनेटिक इन्जिनियरिङ र रोबोटिक्सको अकल्पनीय विकासले सकारात्मक र नकारात्मक दुवै अर्थमा जीवनको ढाँचामा ठूलो परिवर्तन ल्याएका छन्।*

यस्तो जटिल भूराजनीति र विश्व शक्ति प्रतिष्पर्धा एवं अनिश्चितताको बिचमा नेपाल जस्ता मुलुकका लागि राष्ट्रिय हितको रक्षा गर्ने नयाँ चुनौती थपिएको छ। अन्तर्राष्ट्रिय रूपमा स्वीकृत र स्थापित नियमहरू पटक– पटक उल्लङ्घन भइरहेको अवस्थामा आफ्ना एजेन्डा कार्यान्वयन गर्ने विषय असहज बनेको छ। विश्वव्यापी सहकार्य र सहयोग घट्दै गएको अवस्थामा आफ्ना विकास लक्ष्यहरूलाई चाहिने स्रोतको जोहो कसरी गर्ने भन्ने समस्या बढ्दै गएको छ।

## बदलिँदो शक्ति सन्तुलन

विश्वव्यापी शक्ति सन्तुलनमा तीव्र परिवर्तन आइरहेको छ। लामो समयसम्म प्रमुख विश्व शक्ति रहेको संयुक्त राज्य अमेरिका आफ्नो परम्परागत भूमिकाबाट पछि धकेलिँदै गएको छ। विश्व मामिलामा दुई शताब्दीसम्म हावी रहेको पश्चिमी प्रभुत्व द्रूत गतिमा घट्दै गइरहेको देखिन्छ। अफगानिस्तान, इराक र लिबियाको घटनाक्रमपछि पश्चिमी देशहरूको अजेय ठानिने सैन्य शक्ति अब त्यस्तो देखिँदैन। उनीहरूको विशिष्टताका रूपमा रहेको अन्वेषण र प्रविधि–श्रेष्ठतालाई पनि चीन, जापान, दक्षिण कोरिया र सिङ्गापुर जस्ता नयाँ शक्तिहरूले चुनौती दिइरहेका छन्। परम्परागत शक्तिहरूको आर्थिक प्रभुत्वलाई चीन, भारत र ब्राजिल जस्ता उदीयमान अर्थतन्त्रहरूले टक्कर दिएका छन्। कुल ग्राहस्थ उत्पादनका हिसाबले गतः वर्ष ब्रिक्स (BRICS) ले जी–सेभेन (G-7)लाई उछिनेको छ। ब्रिक्स मुद्रा

सञ्चालन गर्ने, अन्तर्राष्ट्रिय कारोबारमा गैर–डलरीकरणलाई प्रबर्द्धन गर्ने र स्थानीय मुद्राहरूमा द्विपक्षीय व्यापार गर्ने विषयमा जारी छलफलले द्रूत गतिमा परिवर्तन भइरहेको वित्तीय व्यवस्थालाई अभिव्यक्त गर्दछ। लोकतन्त्र, मानव अधिकार, विकास, सभ्यता र मूल्यहरूको परम्परागत सङ्कथन र परिभाषा नयाँ सन्देश र अर्थका साथ विकसित हुँदैछन्।

तर अमेरिका लगायत पश्चिमा शक्तिहरू यो नयाँ वास्तविकता स्वीकार गर्न र परिवर्तित शक्ति सन्तुलनलाई प्रतिबिम्बित गर्ने गरी विश्वव्यापी व्यवस्थालाई पुनः संरचना गर्न तयार देखिँदैनन्। बरु, तिनीहरू नयाँ यथार्थलाई अस्वीकार गरिरहेका छन्, र नयाँ अर्थतन्त्रको उदयलाई कमजोर पार्न हानिकारक प्रयास गरिरहेका छन्। पछिल्लो समय अमेरिकाले सुरु गरेको 'भन्सार युद्ध' यसैको अभिव्यक्ति हो। 'हामी' र 'अरु' बिचको मनोमानी सीमाङ्कनले अवाञ्छित कटुता सिर्जना गरिरहेको छ। यस्ता गतिविधिहरू पृथ्वीमा शान्ति, सद्भाव, सहअस्तित्व र बहुलता चाहने बहुसङ्ख्यक मानिसहरूको इच्छामा आघात पुऱ्याइरहेका छन्।

विश्वव्यापी अर्थतन्त्र, नवप्रवर्तन र जनसङ्ख्याको केन्द्रबिन्दुको रूपमा एसियाको उदयले हामीलाई अवसर र चुनौती दुबै प्रदान गर्दछ। चीनको शान्तिपूर्ण उदय एउटा नयाँ घटनाको रूपमा रहेको छ। चीनले छोटो समयमै ८० करोड मानिसहरूलाई गरिबीबाट माथि उठाएर विश्व मानवतामा महत्वपूर्ण योगदान पुऱ्याएको छ। विकासशील देशहरूलाई संयुक्त राष्ट्र सङ्घ र अन्य बहुपक्षीय मञ्चहरूमा आफ्नो एजेन्डालाई आकार दिन मद्दत गरिरहेको छ। विश्वव्यापीकरण र उदारीकरणका समर्थकहरू संरक्षणवादी बन्ने प्रवृत्ति बढ्दै जाँदा, चीनले बेल्ट एण्ड रोड इनिसिएटिभ्स (BRI) को व्यापक ढाँचा अन्तर्गत समावेशीकरण र साझा लाभमा आधारित विश्वव्यापीकरणको नयाँ दृष्टिकोण प्रस्तुत गरिरहेको छ।

भारत पनि शक्ति राष्ट्र बन्न चाहेको देखिन्छ। यद्यपि, छिमेकीहरूसँग भारतका धेरै मुद्दाहरू अझै समाधान हुन सकेका छैनन् र दक्षिण एसियाली देशहरू बढ्दो अमेरिका–भारत सुरक्षा सहकार्यको परिणामहरूका बारेमा चिन्तित छन्।

*विश्वव्यापी अर्थतन्त्र, नवप्रवर्तन र जनसङ्ख्याको केन्द्रबिन्दुको रूपमा एसियाको उदयले हामीलाई अवसर र चुनौती दुबै प्रदान गर्दछ। चीनको शान्तिपूर्ण उदय एउटा नयाँ घटनाको रूपमा रहेको छ। चीनले छोटो समयमै ८० करोड मानिसहरूलाई गरिबीबाट माथि उठाएर विश्व मानवतामा महत्वपूर्ण योगदान पुऱ्याएको छ।*

शक्ति सन्तुलनको यस परिवर्तनको कम्पन दक्षिण एसियाको आँगनसम्मै आइपुगेको छ। नेपालले यस गतिशीलतालाई सूक्ष्म रूपमा अवलोकन गर्नुपर्छ। वाह्य सम्बन्धमा तटस्थता कायम राख्न, प्रमुख खेलाडीहरू बिच उचित सन्तुलन कायम गर्न र परिपक्व नीतिगत दृष्टिकोण अपनाउनु पर्छ। सबै बाधाहरू विरुद्ध राष्ट्रिय हितहरूको संरक्षण गर्न आफ्नो क्षमता बढाउनुपर्छ।

### त्रुटिपूर्ण आर्थिक संरचना, विज्ञान प्रविधिमा फड्को र डिजिटल विषमता

विश्व सम्पत्तिमा असाधारण वृद्धि भएको छ। तर, सबै देशहरूले त्यस विकास र समृद्धिबाट समान लाभ उठाउन सकेका छैनन्। धनी र गरिब बिचको खाडल बढेको छ, जसले विभिन्न देशहरूमा सामाजिक अशान्ति र राजनीतिक अस्थिरता निम्त्याएको छ। व्यापार, लगानी र प्रविधि हस्तान्तरणका लागि असमान अवसरहरूको यो स्थितिले विश्वव्यापी आर्थिक व्यवस्था त्रुटिपूर्ण छ भन्ने कुरालाई पुष्टि गर्छ। विश्व जनसङ्ख्याको लगभग एक अर्ब अझै पनि पूर्ण गरिबीमा छ। देशहरू बिच र देशहरूभित्र राष्ट्रिय आयको असमान वितरण र शोषणकारी श्रमबजार सम्बन्ध यस अवस्थाको लागि जिम्मेवार छन्। विश्वव्यापी सम्पत्ति वितरणको विरोधाभासले भोकमरी, गरिबी र अभावका समस्याहरूलाई अझ जटिल बनाएको छ।

भूपरिवेष्ठित, स्रोतहरू सीमित भएका र विकासशील अवस्थामा स्तरोन्नत हुँदै गरेको नेपालले यसै विश्व आर्थिक व्यवस्थाका बिचबाट आफ्नो विकास आकाङ्क्षा हासिल गर्नु पर्नेछ।

विज्ञान र प्रविधिमा अभूतपूर्व प्रगति, विशेष गरी एआई, थ्रीडी प्रिन्टिङ, मसिन लर्निङ, जेनेटिक इञ्जिनियरिङ र रोबोटिक्सको अकल्पनीय विकासले सकारात्मक र नकारात्मक दुवै अर्थमा जीवनको ढाँचामा ठूलो परिवर्तन ल्याएका छन्। तीव्र रूपमा फड्को मारिरहेको प्रविधिले उपभोक्ता, उद्योग वा व्यवसायहरूले सञ्चालन गर्ने तरिकामा उल्लेखनीय परिवर्तन ल्याएको छ। डिजिटल विषमता अर्थात् सूचना र सञ्चार प्रविधिहरूमा पहुँच भएका र नभएकाहरू बिचको खाडल बढ्दो चिन्ताको विषय हो। यस्तो विभाजनले विद्यमान असमानता अझ बढाउन सक्छ र विकासका अवसरहरू अझ सीमित गर्न सक्छ। एकातिर, तीव्र रूपमा फड्को मारिरहेका यी प्रविधिहरूले मानिसहरूको जीवनलाई सजिलो बनाउन, भौगोलिक अवरोधहरू पार गर्न र नयाँ रोजगारीहरू अन्वेषण गर्न अवसरहरूको नयाँ क्षितिज खोलेका छन्। अर्कातिर यिनले धेरै जोखिम र चुनौतीहरू पनि थुपारेका छन्– जस्तै, श्रम बजारहरू सङ्कुचित हुँदै जानु, विषमतालाई फराकिलो बनाउँदै जानु र गलत सूचनाको बाढी ल्याउनु।

सम्पत्तिको अत्यधिक केन्द्रीकरण एवं विज्ञान र प्रविधिका फलहरूको असमान वितरणका कारण विश्वको संरचना असमान भएको छ। श्रमको रूप, श्रम सम्बन्ध, शोषणका रूप, पुँजीवादको चरित्र, राष्ट्रहरू बिचको सम्बन्ध, विज्ञान र प्रविधि, उत्पादनको तरिका, वाणिज्य, उपयोग साथै विश्व राजनीतिमा ठूलो परिवर्तन आएको छ। विज्ञान, प्रविधि र नवप्रवर्तनका उपलब्धिहरू एकाधिकार पुँजीवादको विकास गर्ने माध्यम नबनून् भन्ने विषयमा विश्वव्यापी विमर्श र वैकल्पिक ढाँचाको खोजी अपरिहार्य बनेको छ।

*अतिवाद, कट्टरपन्थवाद, विभिन्न रूपहरूका प्रियतावाद (पपुलिज्म), संरक्षणवाद र दक्षिणपन्थी राजनीतिको उदय आज संसारले सामना गरिरहेका प्रमुख चुनौती हुन्। यिनले प्रायः विभाजनकारी र बहिष्करणकारी भाष्यहरूलाई बढावा दिन्छन्, जसबाट सामाजिक अशान्ति र राजनीतिक अस्थिरता ह्वात्तै बढ्न सक्छ।*

## लोकतन्त्रमा चुनौती

अतिवाद, कट्टरपन्थवाद, विभिन्न रूपहरूका प्रियतावाद (पपुलिज्म), संरक्षणवाद र दक्षिणपन्थी राजनीतिको उदय आज संसारले सामना गरिरहेका प्रमुख चुनौती हुन्। यिनले प्रायः विभाजनकारी र बहिष्करणकारी भाष्यहरूलाई बढावा दिन्छन्, जसबाट सामाजिक अशान्ति र राजनीतिक अस्थिरता ह्वात्तै बढ्न सक्छ। साम्प्रदायिक हिंसा, धार्मिक अतिवाद र आतङ्कवादका रूपमा विभाजनका नयाँ शक्तिहरूले व्यक्तिगत स्वतन्त्रता, लोकतान्त्रिक संस्थाहरू र कानुनको शासनका लागि ठूलो खतरा खडा गर्दैछन्।

## जलवायु सङ्कट

जलवायु परिवर्तन हाम्रो समयको एउटा यस्तो विशाल समस्या हो जसले हाम्रा सामु गंभीर चुनौती प्रस्तुत गरिरहेको छ। हरितगृह ग्यास उत्सर्जनमा नेपालको योगदान नगण्य भए पनि जलवायु सङ्कटको असमान मार नेपालले बेहोरिरहेको छ। एकपछि अर्का प्रतिवेदनहरूले आसन्न विपत्तिको पूर्वसूचना दिएका छन् र तत्काल प्रभावकारी कदम चाल्न आह्वान गरेका छन्। यसै वर्ष सोलुखुम्बुको थामेमा भएको हिमताल विस्फोट र त्यसले पुर्‍याएको नोक्सान, हुम्लामा एउटा गाउँ नै बसाइँ सर्न वाध्य पार्ने हिमपहिरो र भर्खरै रसुवागढीमा मितेरी पुल बगाउने गरी आएको बाढी खतराका घण्टीहरू हुन्। हामी जस्ता जोखिममा रहेका र स्रोतसाधन सीमित भएका

देशहरूले पेरिस सम्झौताको नियति के हुने हो भनेर चिन्तित हुनु पर्ने परिस्थिति बिडम्बनापूर्ण छ। नेपालले पर्वतीय देशको एजेन्डाका नेतृत्व गर्नुपर्छ, जोखिममा रहेका देशहरूको सहकार्य प्रबर्द्धन गर्नुपर्छ र जलवायु न्यायको लागि लड्नुपर्छ। यस सन्दर्भमा, केही समय अगाडि नेपालले आयोजना गरेको 'सगरमाथा संवाद' र त्यसमा भएको 'जलवायु परिवर्तन, पर्वतहरू र मानव जातिको भविष्य' विषयक छलफल एकदमै सान्दर्भिक छ।

हामीले परिवर्तित शक्ति सन्तुलन र जटिल भूराजनीतिको अवस्थालाई प्रतिबिम्बित गर्दै परराष्ट्र नीति र दृष्टिकोणलाई पुनः परिभाषित, पुनः संरचित र अग्रगामी बनाउँदै अगाडि बढ्नुपर्छ। बाह्य सम्बन्धहरूलाई बुद्धिमानीपूर्वक सञ्चालन गर्नुपर्छ। सबै अवरोधको सामना गर्दै राष्ट्रिय हितहरूको संरक्षण गर्नुपर्छ।

यस्तो अवस्थामा हामीले अवलम्बन गर्नु पर्ने (र गरिरहेको) परराष्ट्र नीतिका आधारभूत सिद्धान्तहरूलाई निम्नानुसार सूत्रीकृत गर्न सकिन्छ–

**स्वतन्त्र परराष्ट्र नीतिः सन्तुलित वाह्य सम्बन्ध**

नेकपा (एमाले) ले स्वतन्त्र परराष्ट्र नीति र सन्तुलित वाह्य सम्बन्ध हाम्रो बाह्य सङ्लग्नताको आधार हुनुपर्छ भन्ने विश्वास गर्छ। सरकारमा होस् वा विपक्षमा, हाम्रो ध्यान सधैंभरि पञ्चशील, असङ्लग्नता, संयुक्त राष्ट्र सङ्घको बडापत्र, अन्तर्राष्ट्रिय कानुन र विश्व शान्तिका मान्यताहरूको पालना गर्दै सार्वभौमसत्ता, क्षेत्रीय अखण्डता, स्वतन्त्रता र अहस्तक्षेपलाई प्रवर्द्धन गर्ने कुरामा केन्द्रित रहेको छ। कहिल्यै कुनै बाह्य शक्तिको नियन्त्रणमा नभएको देशका जनताको रूपमा, हामी अरु कुनै पनि कुरा भन्दा बढी सार्वभौमसत्ता, स्वतन्त्रता र अहस्तक्षेपका सिद्धान्तहरूलाई हृदयको नजिक राख्छौं।

*हाम्रो आदर्श वाक्य 'सबैसँग मित्रता, कसैसँग छैन शत्रुता छ' रहेको छ र रहनेछ। छिमेकीहरू र मित्र राष्ट्रहरू बिच कुनै मुद्दा, भिन्नता र विवाद हुन पनि सक्छन्। तर यी कुनै पनि रूपमा, विचारधारात्मक वा रणनीतिक आधारमा राष्ट्रहरू बिचको ध्रुवीकरण र विभाजनका बहाना बन्नुहुँदैन।*

## सबैसँग मित्रता, कसैसँग छैन शत्रुता

हाम्रो आदर्श वाक्य 'सबैसँग मित्रता, कसैसँग छैन शत्रुता छ' रहेको छ र रहनेछ। छिमेकीहरू र मित्र राष्ट्रहरू बिच कुनै मुद्दा, भिन्नता र विवाद हुन पनि सक्छन्। तर यी कुनै पनि रूपमा, विचारधारात्मक वा रणनीतिक आधारमा राष्ट्रहरू बिचको ध्रुवीकरण र विभाजनका बहाना बन्नुहुँदैन। हामी के ठान्छौं भने विश्व राजनीतिमा बहुलवाद सुनिश्चित गरिनुपर्छ। कुनै पनि देशले आफ्नो विचारधारा, विकास ढाँचा वा रणनीति अरुमाथि लाद्ने प्रयास गर्नु हुँदैन। र, सबैभन्दा महत्वपूर्ण कुरा, हाम्रो संस्कृति, सभ्यता र पहिचान साथै अविकसित र विकासशील देशहरूसँग ऐक्यबद्धताको भावना केन्द्रमा रहनुपर्छ।

## असल छिमेक सम्बन्ध

हामी हाम्रा दुबै निकट छिमेकीहरू भारत र चीनसँग सौहार्दपूर्ण र मैत्रीपूर्ण सम्बन्धमा जोड दिन्छौं। हामी यी सम्बन्धहरूलाई अझ सुदृढ गर्ने र पारस्परिक विश्वासको आधारमा अगाडि बढाउन चाहन्छौँ। हाम्रा सम्बन्धहरू राजनीतिक, आर्थिक, सांस्कृतिक र जनता– जनताको स्तरमा गरी बहुआयामिक छन्। नेपाल छिमेकमा भइरहेको आर्थिक समृद्धि, रूपान्तरणको द्रुत गति र आयतनको लाभ लिन चाहन्छ। भारतसँगको सम्बन्धमा सीमा, असमान सन्धि र व्यापार घाटा जस्ता केही सुल्झिन बाँकी मुद्दाहरू छन् जसलाई नेकपा (एमाले) ले कूटनीतिक माध्यमबाट

समाधान गर्नुपर्छ भन्ने ठान्दछ। नेपालको भूभाग लिपुलेक विषयमा हालै चीनले भारतसँग गरेको सहमतिले हामीलाई गंभीर बनाएको छ। यसको पनि कुटनीतिक समाधान खोज्नु पर्छ भन्नेमा हामी स्पष्ट छौँ। तर यस्ता कुनै पनि विषयहरूलाई छिमेक सम्बन्ध र विकास साझेदारीमा बाधा सिर्जना गर्न दिनु हुँदैन। नेपालले विश्वभरका विकास साझेदारहरू र मित्र राष्ट्रहरूसँग आफ्नो सम्बन्ध बढाउन चाहन्छ। हाम्रा मित्र र साझेदारहरूले नेपाललाई प्रदान गरेको सहयोग महत्वपूर्ण छ। पारस्परिक सम्मान र विश्वासमा आधारित यस्तो सहयोग प्रबर्द्धन गर्नु हाम्रो प्राथमिकता हो।

**सार्थक क्षेत्रीय सहयोगः परिणाममुखी बहुपक्षीयता**

दक्षिण एसिया प्राचीन सभ्यताको भूमि र समृद्ध प्राकृतिक तथा सांस्कृतिक सम्पदाले सम्पन्न भएको क्षेत्र हो। यसकै अङ्ग भएकाले नेपालले दक्षिण एसियाली क्षेत्रीय सहयोगलाई उच्च महत्व दिन्छ। यस क्षेत्रले विश्व जनसङ्ख्याको २१ प्रतिशतभन्दा बढी र विश्व भूभागको ३.४ प्रतिशतको प्रतिनिधित्व गर्दछ। यो युवा जनसङ्ख्याको क्षेत्र हो, जहाँ जनसाङ्ख्यिक लाभको ठूलो संभावना छ। २०२४ मा, विश्वको कुल ग्राहस्थ उत्पादनमा दक्षिण एसियाको योगदान ४.९ प्रतिशत रहेको छ। पछिल्ला वर्षहरूमा दक्षिण एसियाको आर्थिक वृद्धि औसतमा ६ प्रतिशतभन्दा माथि छ। उदीयमान चीन र दक्षिण पूर्वी एसिया एवं तेलले भरिपूर्ण खाडी क्षेत्र र विशाल हिन्द महासागर बिचको यसको रणनीतिक स्थान महत्वपूर्ण छ।

यति सम्भावनाहरूको बावजुद, यस क्षेत्रमा क्षेत्रीय सहयोगको तस्बिर भने निराशाजनक छ। यस क्षेत्रले विश्वको वाणिज्य व्यापारको लगभग १.३ प्रतिशत मात्र ओगटेको छ, जसमा अन्तर– क्षेत्रीय व्यापार केवल ५ प्रतिशत मात्र छ। यस अर्थमा, दक्षिण एसिया विश्वको सबैभन्दा कम एकीकृत क्षेत्रहरूमध्ये एक हो जुन युरोपियन युनियन ९६५ प्रतिशत), दक्षिण–पूर्वी एसिया (२५ प्रतिशत) र सब–सहारा अफ्रिका (२२ प्रतिशत) जस्ता अन्य क्षेत्रीय ब्लकहरूको तुलनामा विश्वको सबैभन्दा कम एकीकृत छ।

*नेकपा (एमाले) बहुपक्षीयतालाई महत्व दिन्छ र साझा हितको लागि तिनीहरूलाई विकास गर्न चाहन्छ। हामी के विश्वास गर्छौं भने आज हामीले विश्वव्यापी स्तरमा सामना गर्ने समस्याहरू विश्वव्यापी सहकार्य र साझेदारीद्वारा मात्र समाधान गर्न सकिन्छ।*

दक्षिण एसियालाई विश्वको सबैभन्दा तीव्र वृद्धि भइरहेका क्षेत्रहरूमध्ये एक मानिन्छ। तर यस क्षेत्रका सबै देशहरूले आर्थिक विकासबाट समान रूपमा लाभ उठाइरहेका छैनन्। देशहरू बिच पर्याप्त समपूरकताको कमी र क्षेत्रीय एवं विश्वव्यापी मूल्य शृङ्खलाहरूको अभाव यसको मुख्य कारण बनेको छ। यस क्षेत्रका साना देशहरूले गरिबी, कुपोषण, अशिक्षा, जलवायु परिवर्तन, प्राकृतिक प्रकोप, सुरक्षा र अन्य धेरै चुनौतीहरूको सामना गरिरहेका छन्। सीमित यातायात सञ्जाल, भन्सार र गैर भन्सार अवरोधहरू यस क्षेत्रमा व्यापार सम्बन्धको विकासका लागि प्रमुख बाधाहरू हुन्। हामी के विश्वास गर्छौं भने बढ्दो विश्वव्यापीकरण र अन्तरनिर्भरताको यस युगमा क्षेत्रीय सहयोग विकल्प नभएर अनिवार्य आवश्यकता हो।

हामी विरोधाभास र अनिश्चितताहरूले भरिएको संसारमा बाँचिरहेका छौं। स्थिरता र अवरोध दुबैका शक्तिहरू सक्रिय छन्। द्रुत गतिमा परिवर्तन भइरहेको यस संसारसँग सामञ्जस्य कायम राख्नु सबैका लागि र अझ बढी हाम्रो जस्तो देशको लागि एउटा प्रमुख चुनौती हो। विश्वव्यापी शान्ति, विकास र लोकतन्त्रको लागि विश्वव्यापी स्थिरता आवश्यक छ। प्रमुख शक्तिहरूका नीति र व्यवहारले अन्तर्राष्ट्रिय संस्थाहरूमा नकारात्मक प्रभाव पार्दै लगेका छन्।

नेकपा (एमाले) बहुपक्षीयतालाई महत्व दिन्छ र साझा हितको लागि तिनीहरूलाई विकास गर्न चाहन्छ। हामी के विश्वास गर्छौं भने आज हामीले विश्वव्यापी स्तरमा सामना गर्ने समस्याहरू विश्वव्यापी सहकार्य र साझेदारीद्वारा मात्र समाधान गर्न सकिन्छ। हामीले अझै पनि अन्तर्राष्ट्रिय प्रणालीलाई साँच्चै समावेशी बनाउन सकेका छैनौं, जसले ठूला वा साना सबै राज्यहरूको लागि निष्पक्षता, समानता र न्यायलाई प्रवर्द्धन गर्न सकोस्। हामी विश्वव्यापी शान्ति, सुरक्षा र विकासको उद्देश्यमा प्रतिबद्ध छौं। वस्तु, सेवा र जनताको स्वतन्त्र प्रवाहलाई प्रवर्द्धन गरिनु पर्छ। साना राष्ट्रहरू र जनताको पक्षमा विश्वव्यापी व्यवस्थालाई पुनः परिभाषित गर्नु आवश्यक छ।

### स्वतन्त्रता र अहस्तक्षेपको सुनिश्चितता

स्वतन्त्रता र छनौटको लोकतान्त्रिक अधिकारलाई महत्व दिइनुपर्छ। कुनै पनि देशको घरेलु मामिलामा सबै प्रकारका बाह्य हस्तक्षेप रोकिनु पर्छ। आवाजविहीन जनता र राज्यहरूले आवाज उठाउन पाउनु पर्छ र उनीहरूको आवाजको सुनुवाइ हुनुपर्छ। अन्तर्राष्ट्रिय विवादहरूको शान्तिपूर्ण समाधानमा ध्यान केन्द्रित हुनुपर्छ। अन्तर्राष्ट्रिय समुदाय, संस्था र संस्थाहरूले गैरराजनीतिक (तटस्थ र व्यवसायिक) भूमिका खेल्नुपर्छ। खास देश र क्षेत्रलाई लक्षित गर्ने गरी हुने पायक पर्ने (सेलेक्टिभ) दृष्टिकोणहरू बन्द गरिनु पर्छ। आक्रमण, अन्य देशको आन्तरिक मामिलामा हस्तक्षेप र कसैको राष्ट्रिय हितलाई आँच पुऱ्याउने हिंसा र अतिवादलाई उक्साउने कार्य रोकिनुपर्छ। यस सन्दर्भमा, संयुक्त राष्ट्र सङ्घ र अन्य अन्तर्राष्ट्रिय संस्थाहरूको ठूलो भूमिका हुनुपर्छ।

### न्यायपूर्ण र समतामूलक विश्वव्यापी व्यवस्था

हाम्रा प्रयासहरू न्यायपूर्ण र समतामूलक अन्तर्राष्ट्रिय व्यवस्थालाई प्रवर्द्धन गर्न केन्द्रित छन्, जहाँ सबै देशहरूले आफ्ना अन्तर्राष्ट्रिय दायित्वहरू पूरा गरुन्। सबै देशहरूले विकास र समृद्धिको लक्ष्यहरू पछयाउन समान अवसरहरू उपभोग गर्न पाऊन्। आधुनिकीकरणले विश्वमा अभूतपूर्व वैभव ल्याएको भए पनि,

*दिगो विकास लक्ष्यहरूतर्फको उपलब्धि सन्तोषजनक छैन। हामीले केही लक्ष्यहरूमा राम्रो गरेका छौँ भने अन्य क्षेत्रहरूमा प्रगति घामछाया जस्तो रहेको छ। सामूहिक कार्यहरू बिना दिगो विकास लक्ष्य हासिल हुनेछैन। यी अन्तर्राष्ट्रिय रूपमा निर्धारित यी लक्ष्यहरू प्राप्त गर्न विकासका लागि अन्तर्राष्ट्रिय साझेदारी महत्वपूर्ण पक्ष हो।*

यसको वितरण न्यायपूर्ण छैन। सत्य र अर्धसत्य बिचको रेखा धमिलो भएको छ। विचारहरू ट्वीट र फेसबुक पोस्टहरूको लहडमा सीमित हुँदै गइरहेका छन्। 'पहिचानको राजनीति' ले विचारधाराहरूको आधारभूत लक्ष्यहरूलाई कमजोर बनाइरहेको छ। जातीय, सांस्कृतिक र जातीय मुद्दाहरूले वर्ग दृष्टिकोणको समग्र अवधारणालाई कमजोर पार्न खोजिरहेका छन्। यस सन्दर्भमा, मार्क्सवादी विचारधारा र सिद्धान्तहरूलाई विश्वभरका उत्पीडित र शोषित समुदायहरूको उन्नतिको लागि उत्तम माध्यमका प्रयोग गर्नुपर्छ। यसले हामीलाई यो फराकिलो खाडललाई कम गर्न र शान्ति, सुरक्षा, विकास र समृद्धिको लागि अपरिहार्य समानता र न्यायका लागि सामाजिक आधार स्थापित गर्न मद्दत गर्नेछ।

दिगो विकास लक्ष्यहरूतर्फको उपलब्धि सन्तोषजनक छैन। हामीले केही लक्ष्यहरूमा राम्रो गरेका छौँ भने अन्य क्षेत्रहरूमा प्रगति घामछाया जस्तो रहेको छ। सामूहिक कार्यहरू बिना दिगो विकास लक्ष्य हासिल हुनेछैन। यी अन्तर्राष्ट्रिय रूपमा निर्धारित यी लक्ष्यहरू प्राप्त गर्न विकासका लागि अन्तर्राष्ट्रिय साझेदारी महत्वपूर्ण पक्ष हो। घट्दै गइरहेको विकास सहायता चिन्ताको विषय हो।

### मानवताको हितमा आधुनिक प्रविधिको प्रयोग

सूचना र सञ्चार प्रविधिमा भएको प्रगतिले हामीलाई थप आबद्ध (कनेक्टेड) र थप सुसूचित (इन्फर्म्ड) बनाएको छ। यसले हाम्रो जीवनलाई सहज बनाएको

छ। तर यो प्रगतिसँगै चुनौती पनि उत्तिकै छन्। सूचना र सञ्चारको विकासको सहउत्पादनको रूपमा मिथ्यासमाचार र प्रचारको जोखिम गंभीर बनेको छ। सही सूचनाले मानिसहरूलाई सशक्त बनाउँछ, गलत सूचनाले धोका दिन्छ। हामी हाम्रा मानिसहरूलाई सही सूचना र गलत सूचना बिच सही रूपमा फरक छुट्याउन कसरी सक्षम बनाउने छौं ? रोबोटहरूले विगतमा मानिसहरूले गरेका धेरै कामहरू गर्न थालेका छन्। हामी हाम्रा मानिसहरूका लागि वैकल्पिक रोजगारी कसरी सिर्जना गर्ने छौं ? कृत्रिम बुद्धिमत्ता (ब्क्ष्) ले उत्पन्न गर्ने सिर्जनात्मक खाडल र आय असमानताको खाडललाई कसरी सम्बोधन गर्ने ? सम्भावित मानवरहित सैन्य शक्तिलाई कसरी व्यवस्थापन गर्ने ? समुद्रमाथि विश्व व्यापारको ठूलो हिस्सा निर्भर छ। महासागरहरूलाई कसरी सुरक्षित र द्वन्द्वमुक्त बनाउने ? भूपरिवेष्ठित देशहरूले व्यापार र पारवहनको लागि समुद्रमा राम्रो पहुँच पाउने कुरा कसरी सुनिश्चित गर्ने ?

यी प्रश्नहरूले हामीलाई नवीन सोचको विकास गर्न घच्घच्याइरहेका छन्।

हामी मार्क्सवादको रचनात्मक प्रयोगमाथि आधारित जनताको बहुदलीय जनवाद (जबज) को मार्गदर्शनमा अघि बढिरहेका छौं। जबजले राजनीतिक प्रणालीमा मात्र ध्यान केन्द्रित गर्दैन, बरु उच्च नैतिक र सांस्कृतिक स्तर भएको समाज स्थापना गर्न जोड दिन्छ। यसले सार्वभौम समानता, क्षेत्रीय अखण्डता, अहस्तक्षेप र पारस्परिक लाभको सिद्धान्तमा आधारित छिमेक सम्बन्ध र अन्तर्राष्ट्रिय सम्बन्धको पक्षपोषण गर्दछ। राष्ट्रहरू क्षेत्रफल, जनसङ्ख्या वा अर्थतन्त्रको आकारमा फरक हुन सक्छन्, तर सबैको सार्वभौमिकता र राष्ट्रिय सम्मान समान छन्। हामी विवादहरूको शान्तिपूर्ण समाधानको दृष्टिकोणमा छौं, र श्रमिक वर्गको विशाल बहुमतको पक्षमा विश्व व्यवस्थालाई पुनः आकार दिन चाहन्छौं।

हामी भूराजनीतिक संवेदनशीलता र परिवर्तित विश्व सन्दर्भप्रति अत्यन्त सचेत छौ।

हाम्रो परराष्ट्र नीतिको सार यही हो, यही हुनुपर्छ।

## ७.
# क्रान्ति

प्रकृतिसँग सङ्घर्ष, वर्ग सङ्घर्ष र वैचारिक सङ्घर्षको लामो यात्रा तय गरेर मानव जाति यहाँसम्म आइपुगेको हो। नेपाली जनताको यात्रा पनि यिनै सङ्घर्षका क्रममा अगाडि बढ्दै आएको छ।

कठिन भौगोलिक चुनौतीलाई चिर्दै कृषि, पशुपालन र जडिबुटीको विकास गर्नु, पाखुराका बलमा बाटोघाटो, कुलोपैनी र पाटीपौवाहरू निर्माण गर्दै दुर्गम बस्तीलाई सुगम बनाउनु, औलो र महामारीसँग जुझेर तराईका फाँटहरूलाई उर्बर बनाउनु एवं भूपरिवेष्ठितताका कारण सिर्जित अवरोधलाई छिचोल्दै मुलुकको विकास र समृद्धिका लागि निरन्तर प्रयत्नशील रहनु जनताले प्रकृतिसँग गरेका सङ्घर्षका दृष्टान्त हुन्। नेपाली जनताले दास युगमा दास मालिकहरू विरुद्ध एवं सामन्ती युगमा स्थानीय सामन्तहरूका विरुद्ध अनवरत सङ्घर्ष गरे। एकीकरणका माध्यमबाट बलियो राज्य निर्माण गरे। नयाँ चिन्तन, मन्थन र अन्वेषणमार्फत् नयाँ नयाँ मूल्य मान्यताहरूको विकास गरे। रुढी, अन्धविश्वास र गलत मान्यताहरूका विरुद्ध सङ्घर्ष गर्दै सहिष्णुता, सहअस्तित्व, शान्ति र लोकतन्त्रका मूल्यहरू विकास गर्दै आए। यद्यपि, स्पष्ट वैचारिक मार्गदर्शन र कुनै व्यवस्थित सङ्गठनको अगुवाइ बिनै गरिएका ती सङ्घर्षहरू स्वतःस्फूर्त थिए। तिनका आफ्नै सीमा थिए।

## आन्दोलनका तीन धारा

नेपालको एकीकरणपछि सङ्घर्षको यस परम्परामा तीनवटा धारा प्रतिनिधिमूलक रूपमा देखा परे– देशभक्तिपूर्ण धारा, समाज सुधारको धारा र प्रजातान्त्रिक/प्रगतिशील आन्दोलनको धारा। अङ्ग्रेज उपनिवेशवादका विरुद्ध नेपाली जनताले देशभक्तिपूर्ण सङ्घर्षको गौरवशाली परम्परालाई अगाडि बढाए। आर्थिक सामर्थ्य, साधनस्रोत र सैन्य उपकरणका दृष्टिले निकै बलिया अङ्ग्रेज उपनिवेशवादीहरूका हमलालाई हाम्रा पूर्खाहरूले पटक–पटक परास्त गरे। त्यही प्रतिरोध र बलिदानका बलमा हाम्रो देशले आफ्नो स्वतन्त्रतालाई सधैंभरि कायम राख्न सक्यो। राष्ट्रिय स्वाधीनताको यस परम्परालाई अगाडि बढाउने अभिभारा आज हाम्रो जिम्मामा छ।

पार्टीहरू गठन भइनसकेको र आधुनिक राजनीतिक विचारधाराको समेत प्रवेश भइनसकेको पृष्ठभूमिमा नेपालमा समाज सुधारका विषयमा, शिक्षाको अधिकारको पक्षमा, धार्मिक सुधारका लागि र मानवतावादको पक्षमा विभिन्न सङ्घर्ष सञ्चालन भए। सन्त शशिधर स्वामीको जोसमनी सन्त परम्परा र आर्य समाजीहरूले अगाडि बढाएका धार्मिक सुधार अभियान, लखन थापा र बाँकावीरको विद्रोह, योगमायाको नेतृत्वमा चालिएको सामाजिक जागरण र उनीहरूको सामूहिक जलसमाधी, सुब्बा कृष्णलाल अधिकारीको मकैको खेती प्रकाशन, उनको गिरफ्तारी एवं जेलभित्रै शङ्कास्पद मृत्यु, जयपृथ्वीबहादुर सिँहको मानवतावादी अभियान आदि यस क्रममा महत्वपूर्ण छन्। ती कदमहरूले नेपाली जनतालाई जागृत गर्न र तत्कालीन निरङ्कुश सत्तालाई कमजोर गर्न महत्वपूर्ण भूमिका खेलेका छन्। समाज सुधार, मानवतावाद र जागरणको त्यस बिरासतलाई अगाडि बढाउने दायित्व हाम्रो काँधमा छ।

१९९३ साल जेठ २० गते स्थापित नेपाल प्रजा परिषद्को गठन नेपालको राजनीतिक इतिहासको एउटा महत्वपूर्ण परिघटना हो। त्यसो त, १९८८ मै 'प्रचण्ड गोर्खा' को जन्म भइसकेको थियो। तर राणाशासन अन्त्य गर्न त्यसले अवलम्बन

*पुष्पलाल, प्रेमबहादुर, सूर्यबहादुर भारद्वाज र शम्भुरामले १९९८ सालमा 'नेपाल प्रजातन्त्र सङ्घ' गठन गर्नुभयो, जसको परेड गीत थियो– 'पहाड पर्वत खोला नाला जग्गा जमिन सबको, मालिक हामी दास बनौँ किन हिस्सा सबमा सबको'। २००२ सालमा गोपालप्रसाद रिमालहरूले 'नेपाल प्रगतिशील सङ्घ' गठन गर्नुभयो भने २००३ सालमा गङ्गालाल श्रेष्ठ हलुवाई समेतको अगुवाइमा 'लाल कम्युनिष्ट पार्टी' स्थापना भयो।*

गरेको षडयन्त्रको बाटो सफल भएन, हुनु संभव पनि थिएन। त्यसपछि 'नेपाली नागरिक अधिकार समिति' गठन भयो, त्यसले पनि आन्दोलन अगाडि बढाउन सकेन। यस्तो पृष्ठभूमिमा गठित नेपाल प्रजा परिषद् भने प्रजातन्त्रको स्पष्ट उद्देश्य लिएको, जनतामाथि आधारित भएर आन्दोलन अगाडि बढाउने मान्यता बोकेको र स्वदेशी माटोमै जन्मिएको तुलनात्मक रूपमा व्यवस्थित राजनीतिक सङ्गठन थियो। सङ्गठन विस्तार गर्दै गएर प्रजापरिषद्ले १९९७ असार ९ गते पर्चा छरेको घटना नेपालको प्रजातान्त्रिक आन्दोलनको एउटा उल्लेखनीय घटना हो। 'नेपाल प्रजापरिषद् भन्ने संस्था नेपाली प्रजालाई तिमी (राणा) हरूको त्रूmर पञ्जाबाट आजाद या स्वतन्त्र गराई ......आफ्नो देशको गौरव हजारौँ वर्षसम्म दिशा–दिशामा गुञ्जन गराउने उद्देश्यले गठन भएको' सन्देश समेटिएको त्यस पर्चाले सामन्तवादको अन्धकारभित्र कैद नेपाली समाजलाई तरङ्गित गरिदियो। विभिन्न समयमा गरेर चार पटकसम्म छरिएका भिन्न¬भिन्न पर्चाहरूले राणाहरूलाई त्रसित र क्रुद्ध बनाए। सङ्गठनभित्र घुशपैठ गरेका एक व्यक्तिका कारण प्रजापरिषद्माथि चरम दमन भयो। ३ सयभन्दा बढी गिरफ्तार भए। शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, दशरथ चन्द र गङ्गालाल श्रेष्ठलाई मृत्युदण्ड दिइयो। (शुक्रराज शास्त्री प्रजापरिषद्सँग आबद्ध हुनुहुन्थेन भने शहादतका बेला गङ्गालालको उमेर २२ वर्ष मात्र थियो।) सभापति टङ्कप्रसाद आचार्य सहित कतिलाई चारपाटा मुडेर सर्वस्वसहित जन्मकैद र अरु

कतिपयलाई जन्मकैदको सजाय दिइयो। यसरी एउटा प्रजातान्त्रिक आन्दोलनलाई अल्पायुमै समाप्त पार्ने कुचेष्टा भयो।

तर प्रजापरिषद्ले सल्काएको आगो भने निभेन। त्यसपछि विभिन्न नाममा राणा विरोधी आन्दोलनलाई अगाडि बढाउने प्रयास भयो। पुष्पलाल, प्रेमबहादुर, सूर्यबहादुर भारद्वाज र शम्भुरामले १९९८ सालमा 'नेपाल प्रजातन्त्र सङ्घ' गठन गर्नुभयो, जसको परेड गीत थियो– 'पहाड पर्वत खोला नाला जग्गा जमिन सबको, मालिक हामी दास बनौँ किन हिस्सा सबमा सबको'। २००२ सालमा गोपालप्रसाद रिमालहरूले 'नेपाल प्रगतिशील सङ्घ' गठन गर्नुभयो भने २००३ सालमा गङ्गालाल श्रेष्ठ हलुवाई समेतको अगुवाइमा 'लाल कम्युनिष्ट पार्टी' स्थापना भयो। यसै सिलसिलामा २००३ सालमा 'अखिल भारतीय नेपाली राष्ट्रिय काङ्ग्रेस' को गठन भयो। लगत्तै भएको प्रथम सम्मेलनमा जेलविद्रोह गरेर बाहिर निस्कनुभएका गणेशमान सिँहसमेतको अग्रसरतामा यसको नामबाट 'अखिल भारतीय' हटाएर 'नेपाली राष्ट्रिय काङ्ग्रेस' राखियो। सुरुमा यो पार्टी एउटा संयुक्त मोर्चा जस्तै थियो, जसमा वामपन्थी झुकाव राख्नेहरू, प्रजापरिषद्सँग सम्बद्ध रहेकाहरू र सामान्य सुधारवादीहरू सबै अटाएका थिए। कमरेड पुष्पलाल पनि यसमै सङ्गठित र केन्द्रीय सचिवको भूमिकामा हुनुहुन्थ्यो। तर क्रमशः पार्टीभित्र वैचारिक मतभिन्नता देखा पर्न थाले। पार्टीका कतिपय नेताहरूमा रहेको कम्युनिष्ट विरोधी चरम पूर्वाग्रह, स्वतन्त्र राष्ट्रको रूपमा नेपालको अस्तित्व नै नस्वीकार्ने गलत प्रवृत्ति र सामन्तवादतर्फ झुकावले वैचारिक मतभिन्नता बढ्दै गए। अन्ततोगत्वा, सामन्तवादलाई समूल अन्त्य गर्न, राष्ट्रिय स्वाधीनताको रक्षा गर्न र समाजवादी क्रान्ति अगाडि बढाउन एउटा वैकल्पिक क्रान्तिकारी शक्तिको आवश्यकता बोध गरेर कमरेड पुष्पलाल नेपाली राष्ट्रिय काङ्ग्रेसबाट अलग हुनुभयो। कम्युनिष्ट घोषणापत्रको नेपाली अनुवादको भूमिकामा पुष्पलालले लोकतान्त्रिक र समाजवादी क्रान्तिको नेतृत्व गर्न कम्युनिष्ट पार्टीको आवश्यकतामा जोड दिनुभएको थियो। कतिपय भारतीय कम्युनिष्ट नेताहरूले नेपाली काङ्ग्रेसभित्रै वामपन्थी दलका रूपमा रहेर काम गर्न र कतिपय प्रजातन्त्रवादी नेताहरूले 'मजदुर

*उत्पादनको यो परिवर्तित मोडसँगै समाजमा दुई नयाँ वर्ग– श्रमिक र पुँजीपति वर्गको विधिवत् उदय भएको थियो। श्रमिक वर्गले १९४७ मार्चमा विराटनगरमा पहिलो मजदुर आन्दोलन अगाडि बढाएको थियो । यसले नेपालमा कम्युनिष्ट पार्टी निर्माणको वर्गीय आधार तयार गर्दै लगेको थियो।*

किसान पार्टी' या 'श्रमिक पार्टी' गठन गर्न दिएको सुझावलाई अस्वीकार गर्दै उहाँले कम्युनिष्ट पार्टी गठनको तयारीलाई अगाडि बढाउनु भयो।

विश्वयुद्धमा लडेका सिपाहीहरू विश्व राजनीतिको बारेमा नयाँ जागरुकताका साथ स्वदेश फर्किए। विदेशमा अध्ययनरत विद्यार्थीहरू नयाँ लोकतान्त्रिक दृष्टिकोण लिएर घर आए। वि.सं. २००४ सालमा आधुनिक शिक्षाको माग सहित जयतु संस्कृतम् आन्दोलन अगाडि बढ्यो। यसरी, नयाँ राजनीतिक दलहरू स्थापना गर्ने वस्तुगत आधार परिपक्व भयो।

सन् १९३० को दशकसम्म आइपुग्दा नेपालमा कम्पनी कानुन निर्माण भएर केही वित्तीय संस्था र उद्योगहरू समेत स्थापना हुन थालेका थिए। उत्पादनको यो परिवर्तित मोडसँगै समाजमा दुई नयाँ वर्ग– श्रमिक र पुँजीपति वर्गको विधिवत् उदय भएको थियो। श्रमिक वर्गले १९४७ मार्चमा विराटनगरमा पहिलो मजदुर आन्दोलन अगाडि बढाएको थियो। यसले नेपालमा कम्युनिष्ट पार्टी निर्माणको वर्गीय आधार तयार गर्दै लगेको थियो।

### सात सालको क्रान्ति

कमरेड पुष्पलालले आफ्ना सहयोद्धाहरू नरबहादुर कर्माचार्य, निरञ्जनगोविन्द वैद्य, नारायणविलास जोशी र मोतीदेवी श्रेष्ठ (स्थापना बैठकमा कोलकाता पुग्न

नसक्नुभएको) सँग मिलेर २२ अप्रिल १९४९ मा नेपाल कम्युनिष्ट पार्टीको स्थापना गर्नुभयो ।

नेपाली राष्ट्रिय काङ्ग्रेस र नेपाल प्रजातन्त्र काङ्ग्रेसको एकीकरण भएर २००६ सालमा नेपाली काङ्ग्रेसको स्थापना भयो ।

यसरी समाजवादी–क्रान्तिकारी धारा र सुधारवादी धारा गरेर दुई शक्ति, दुई प्रवृत्ति र दुई गन्तव्य (समाजवाद र पुँजीवाद) का साथ नेपाली राजनीति अगाडि बढ्यो ।

नेपाली काङ्ग्रेसको आह्वानमा २००७ कार्तिकदेखि राणाविरोधी क्रान्ति सुरु भयो । नेपाल कम्युनिष्ट पार्टीले त्यसलाई सही दिशामा लैजान सक्दो प्रयास गऱ्यो । तर 'जमिन कसको जोत्नेको' जस्ता नाराका साथ किसानहरू सामन्तवादका विरुद्ध उत्रिन थालेपछि, ठाउँठाउँमा स्वशासनको घोषणा हुन र आन्दोलनले निर्णायक रूप लिन थालेपछि सामन्तवादका प्रतिनिधिहरू अत्तालिन थाले । चीनमा जस्तै नेपालमा 'कम्युनिष्ट क्रान्ति हुन सक्ने' मनोवैज्ञानिक भय फैलाउँदै आन्दोलनलाई रोक्न हारगुहार सुरु भए । अनि यस क्रान्तिलाई भारत, राणा शासक र राजतन्त्र बिचको त्रिपक्षीय दिल्ली सम्झौतामा लगेर अधुरै टुङ्ग्याइयो । जहानियाँ राणाशासनको उन्मूलन निस्सन्देह एक उपलब्धि थियो । तर नेपाली जनताको आकाङ्क्षा अझै पूरा भएको थिएन । शक्तिहीन राजाका ठाउँमा शक्तिशाली राजा, राणा प्रधानमन्त्रीका ठाउँ राणा प्रधानमन्त्री नै र सरकारमा आन्दोलनकारीहरूको तुलनात्मक कमजोर प्रतिनिधित्वका कारण शक्ति केबल एक सामन्तका हातबाट अर्काको हातमा सरे जस्तै भयो ।

लोकतान्त्रिक शक्तिमा विभाजन ल्याउँदै गएपछि र बिस्तारै सेना, कर्मचारी प्रशासन एवं न्यायपालिकामाथि आफ्नो नियन्त्रण सुदृढ गरेपछि, राजाले लोकतान्त्रिक संविधानको निर्माण गर्न संविधानसभाको चुनाव गर्ने आफ्नै प्रतिबद्धतालाई लत्याए । राजनीतिक शक्तिहरू माझ खेल्दै अन्त्यमा आफैले बनाएको संविधान अन्तर्गत संसदीय चुनावको घोषणा गरे । नेपाली काङ्ग्रेस संविधानसभाको मागमा

*काङ्ग्रेसले २०१८ मा आह्वान गरेको सशस्त्र सङ्घर्ष पनि ठूलो क्षतिमा पुगेर टुङ्गियो । छिटफुट सङ्घर्ष हुँदै गए पनि तिनले निरङ्कुश सत्तामाथि चुनौती खडा गर्न सकेनन् । २०२८ सालमा भएको झापा विद्रोहले जनवादी गणतन्त्रको स्पष्ट उद्घोष गऱ्यो र सिङ्गो समाज र विशेष गरेर युवा पङ्क्तिलाई तरङ्गित गऱ्यो । त्यस विद्रोहमाथि चरम दमन भयो*

अडिन सकेन। कम्युनिष्ट पार्टीको दबाबले मात्रै राजाको घोषणा सच्च्याउन संभव थिएन। अन्ततः २०१५ मा संसदीय चुनाव भयो र नेपाली काङ्ग्रेसले दुई तिहाई बहुमत हासिल गऱ्यो। नेकपाले १०९ मध्ये ४ संसदीय सिट मात्र जित्न सक्यो। बीपी कोइराला पहिलो निर्वाचित प्रधानमन्त्री बन्नुभयो।

चरम महत्वाकाङ्क्षी र निरङ्कुश राजा महेन्द्रले लोकतान्त्रिक सरकारलाई ढाल्न र राज्यसत्ता कब्जा गर्न बहाना खोजिरहेका थिए। सत्तारुढ दलको एकाधिकारवादी सोच र राष्ट्रिय हितलाई हानी पुऱ्याउने कतिपय निर्णयका कारण सिर्जित असन्तुष्टिलाई समेत दुरूपयोग गर्दै प्रतिगामी शक्तिहरूको समर्थनमा राजाले क्रमशः शक्ति सञ्चय गर्दै लगे। सम्भावित 'कु'को बारेमा राम्ररी सचेत कमरेड पुष्पलालले लोकतान्त्रिक शक्तिहरू बिच एकताको लागि अपील गर्नुभयो। तर काङ्ग्रेसले राजाको संभाव्य कदमलाई कम आँकलन गऱ्यो। अन्ततः, २०१७ साल पुस १ गते, राजाले निर्वाचित प्रधानमन्त्री र अन्य वरिष्ठ नेताहरूलाई गिरफ्तार गरे, संसद विघटन गरे, पार्टीहरूमाथि प्रतिबन्ध लगाए र दलविहीन पञ्चायती व्यवस्था नामक निरङ्कुश शासन सुरु गरे, जुन ३० वर्षसम्म चल्यो। यसरी, नेपाल फेरि निरङ्कुशताको चक्रव्यूहमा फस्यो।

पञ्चायती तानाशाही विरुद्ध प्रतिरोधका प्रयास भए, तर प्रभावकारी हुन सकेनन्। दक्षिणपन्थी नेतृत्वका कारण कम्युनिष्ट पार्टीको जुझारु क्षमता कमजोर भएको थियो,

तेस्रो महाधिवेशनपछि त पार्टी छिन्नभिन्न जस्तै हुनपुग्यो। काङ्ग्रेसले २०१८ मा आह्वान गरेको सशस्त्र सङ्घर्ष पनि ठूलो क्षतिमा पुगेर टुङ्गियो। छिटफुट सङ्घर्ष हुँदै गए पनि तिनले निरङ्कुश सत्तामाथि चुनौती खडा गर्न सकेनन्। २०२८ सालमा भएको झापा विद्रोहले जनवादी गणतन्त्रको स्पष्ट उद्घोष गऱ्यो र सिङ्गो समाज र विशेष गरेर युवा पङ्क्तिलाई तरङ्गित गऱ्यो। त्यस विद्रोहमाथि चरम दमन भयो। नेपाली काङ्ग्रेसले २०२९–३० मा गरेका सशस्त्र विद्रोहका प्रयाशहरू पनि दमनमै गएर टुङ्गिए। निरङ्कुश राजतन्त्र र पञ्चायती तानाशाही निरन्तर कायम मात्रै होइन, थप दमनकारी हुँदै गए।

यसको एउटा मुख्य कारण चाहिँ तानाशाही विरुद्ध सबै शक्तिहरू एकताबद्ध हुन र संयुक्त आन्दोलन उठाउन नसक्नु, उल्टै उनीहरू बिच मतभिन्नता र अन्तरविरोध गहिरिँदै जानु पनि थियो। कमरेड पुष्पलालले अगाडि सार्नुभएको संयुक्त जनआन्दोलनको प्रस्तावलाई नेपाली काङ्ग्रेसले सधैभरि उपेक्षा गर्दै रह्यो। कम्युनिष्ट आन्दोलनलाई चौथो महाधिवेशनका नाममा औपचारिक विभाजन गरेर गठन भएको समूहले पञ्चायती तानाशाहीका विरुद्ध आन्दोलनमा केन्द्रित हुनु पर्ने बेला 'गद्दार पुष्पलाल' भन्दै विभाजनलाई थप तिक्त बनाउने, आन्तरिक र वाह्य सबै शक्तिहरूसँगको अन्तरविरोध प्रधान भन्दै भ्रम सिर्जना गर्ने र 'देशभक्त जनतान्त्रिक शक्तिहरूको सरकार' को नाममा आन्दोलनलाई अन्यौलग्रस्त बनाउने काम गऱ्यो।

निरङ्कुश सत्तालाई जबर्जस्त धक्का दिने काम २०३५/३६ को ऐतिहासिक विद्यार्थी आन्दोलनले गऱ्यो। यसले निरङ्कुश राजतन्त्रलाई बहुदलीय व्यवस्था वा सुधारिएको पञ्चायती व्यवस्था छनौट गर्न जनमत सङ्ग्रहको घोषणा गर्न बाध्य पाऱ्यो भने र समाजलाई एक हदसम्म खुला बनाउन सघायो। निरङ्कुश शासकहरूले शक्तिको दुरूपयोग र धाँधलीका बलमा बहुदल पक्षलाई बहुमत प्राप्त गर्नबाट रोक्न सके पनि त्यसपछिको राजनीतिलाई उत्तिकै निरङ्कुश बनाइरहन सकेनन्। अपेक्षाकृत खुकुलो अवस्थाको उपयोग गर्दै विभिन्न राजनीतिक पार्टी र जनसङ्गठनहरूले गतिविधि बढाए। ट्रेड युनियन र विद्यार्थी सङ्गठनले सङ्गठन

*कम्युनिष्ट आन्दोलनलाई चौथो महाधिवेशनका नाममा औपचारिक विभाजन गरेर गठन भएको समूहले पञ्चायती तानाशाहीका विरुद्ध आन्दोलनमा केन्द्रित हुनु पर्ने बेला 'गद्दार पुष्पलाल' भन्दै विभाजनलाई थप तिक्त बनाउने, आन्तरिक र वाह्य सबै शक्तिहरूसँगको अन्तरविरोध प्रधान भन्दै भ्रम सिर्जना गर्ने र 'देशभक्त जनतान्त्रिक शक्तिहरूको सरकार' को नाममा आन्दोलनलाई अन्योलग्रस्त बनाउने काम गर्‍यो।*

विस्तार गरे। त्यसपछिको दशक विद्यार्थी, मजदुर, शिक्षक लगायत पेशागत र जनवर्गीय सङ्गठनहरूक विभिन्न मुद्दामा सञ्चालित आन्दोलनले चलायमान भइरह्यो। छिन्ताङ, पिस्कर र नमिता–सुनिता हत्याकाण्डका विरुद्ध जनताले सशक्त प्रतिवाद गरे। नेपाली काङ्ग्रेसले सत्याग्रह आन्दोलन गर्‍यो। मानव अधिकार आन्दोलन अगाडि बढ्यो। पञ्चायती मञ्चहरूबाटै जनपक्षीय प्रतिनिधिहरूले बहुदलको माग गर्दै बुलन्द आवाज गरे। झापा आन्दोलन सम्बद्ध राजबन्दीहरूको रिहाइले जनआन्दोलनको विकासमा थप अनुकूलता सिर्जना गर्‍यो।

## आन्दोलनको नयाँ उचाइ र तानाशाही व्यवस्थाको अन्त्य

२०४६ भदौमा सम्पन्न चौथो महाधिवेशनबाट हाम्रो पार्टीले निरङ्कुश राजतन्त्र र पञ्चायती तानाशाही विरुद्ध संयुक्त जनआन्दोलनको प्रस्ताव अगाडि सार्‍यो। पार्टीको अग्रसरता र सहभागितामा संयुक्त वाम मोर्चा गठन गरियो। नेपाली काङ्ग्रेस र संयुक्त वाम मोर्चाको संयुक्त नेतृत्वमा २०४६ सालको जनआन्दोलन सुरु भयो। ४९ दिन लामो शान्तिपूर्ण जनआन्दोलनपछि राजा निरङ्कुश पञ्चायती व्यवस्थाको अन्त्य गर्न, बहुदलीय प्रजातन्त्र पुनर्स्थापित गर्न र लोकतान्त्रिक शक्तिहरूलाई सत्ता हस्तान्तरण गर्न बाध्य भए। वाम मोर्चा र नेपाली काङ्ग्रेसका प्रतिनिधिहरू सम्मिलित आयोगले राजतन्त्रलाई संवैधानिक सीमाहरूमा सीमित गर्दै र जनतामा राजनीतिक अधिकार सुनिश्चित गर्दै नयाँ संविधानको मस्यौदा तयार पार्‍यो।

यसरी नेपाली जनआन्दोलन तानाशाही व्यवस्था परिवर्तनको उचाइमा पुग्न सफल भयो।

तर नवस्थापित बहुदलीय प्रजातान्त्रिक प्रणालीलाई सुदृढ गर्न आन्दोलनकारी शक्तिहरू बिच न्यूनतम समझदारी बनाउनु पर्ने हाम्रो पार्टीको मागलाई लत्याइयो। २०४८ सालको आम निर्वाचनमा बहुमत प्राप्त गर्न सफल नेपाली काङ्ग्रेसले नवउदारवादी आर्थिक बाटो र दमनकारी शासनशैली अवलम्बन गर्दै जाँदा व्यवस्थामाथि चुनौती थपिँदै गए। मध्यावधि निर्वाचनपछि लोकप्रिय सरकार सञ्चालन गरिरहेको नेकपा (एमाले)लाई अदालतलाई दुरूपयोग गरेर विस्थापित गरियो। लोकतान्त्रिक र शान्तिपूर्ण ढङ्गले पनि क्रान्तिकारी शक्ति सञ्चय गर्न र समाजको रूपान्तरण गर्न संभव छ भन्ने वामपन्थी धारलाई कमजोर पार्ने कोशिस गरियो। यसै पृष्ठभूमिमा, २०५२ फागुन १ गते नेकपा (माओवादी) को नेतृत्वमा 'जनयुद्ध' का नाममा हिंसात्मक गतिविधिहरू सुरु भए। नेकपा (एमाले) ले सुरुदेखि नै माओवादीहरूको अति–वामपन्थी नीति र अराजकतावादी क्रियाकलापको आलोचना गऱ्यो। यसलाई राजनीतिक समस्याको रूपमा लिँदै वार्ताबाट समाधान गरिनु पर्ने प्रयासमा लागिरह्यो। २०५९ जेठमा गरिएको संसद विघटनसँगै बढ्दो अशान्ति, हिंसा र राजनीतिक अस्थिरताको पृष्ठभूमिमा, तत्कालीन राजाले बलजफ्ती सम्पूर्ण सत्ता हातमा लिए। लोकतान्त्रिक शक्तिहरूलाई किनारा लगाए। राजाको यस निरङ्कुश कदमले अब राजतन्त्र र लोकतन्त्र बिच सहअस्तित्वका साथ अगाडि बढ्न सकिन्छ भन्ने प्रयासलाई पूर्ण रूपमा असान्दर्भिक र निरर्थक बनाइदियो। नेकपा (एमाले) ले ७ लोकतान्त्रिक दलहरूको गठबन्धन निर्माण र माओवादीहरूसँग १२ बुँदे सम्झौता गर्न पहल गऱ्यो। २०६२/६३ को ऐतिहासिक जनआन्दोलन सुरु भयो।

## युगान्तकारी परिवर्तन

अन्ततः १९ दिन लामो शान्तिपूर्ण जनविद्रोहसँगै निरङ्कुश राजतन्त्रले जनता अगाडि घुँडा टेक्यो। २०६३ जेठमा पुनर्स्थापित प्रतिनिधिसभाले राजाको सम्पूर्ण

*२०५२ फागुन १ गते नेकपा (माओवादी) को नेतृत्वमा 'जनयुद्ध' का नाममा हिंसात्मक गतिविधिहरू सुरु भए। नेकपा (एमाले) ले सुरुदेखि नै माओवादीहरूको अति–वामपन्थी नीति र अराजकतावादी क्रियाकलापको आलोचना गर्‍यो। यसलाई राजनीतिक समस्याको रूपमा लिँदै वार्ताबाट समाधान गरिनु पर्ने प्रयासमा लागिरह्यो।*

अधिकार कटौती गर्दै जनतामा ल्याउने ऐतिहासिक घोषणा गर्‍यो भने २०६५ जेठ १५ गते संविधानसभाको पहिलो बैठकबाट राजतन्त्रको अन्त्य र लोकतान्त्रिक गणतन्त्र स्थापना गरियो। उपलब्धिलाई अवमूल्यन गर्दै अन्त्यहीन विद्रोहको पैरवी गर्ने उग्रवामपन्थी सोच र अर्कातिर संसद पुनर्स्थापनामै सीमित गर्ने यथास्थितिवादी सोचसँग जुझ्नु पर्‍यो। लामो उतार–चढाव, मतान्तर र अग्रगमन–पश्चगमनका द्वन्द्वहरूलाई छिचोल्दै २०७२ साल असोज ३ गते संविधानसभाबाट नेपालको संविधान जारी गरियो। नेपालको संविधान नेपाली जनआन्दोलन र क्रान्तिको अमूल्य उपलब्धि हो। यसले लोकतान्त्रिक गणतन्त्र, सङ्घीय र समावेशी शासन प्रणाली, मौलिक अधिकार, सामाजिक न्याय र धर्मनिरपेक्षतालाई संस्थागत गरेको छ। महिला, दलित, अल्पसङ्ख्यक समुदाय र श्रमिक वर्गका लागि विशेष व्यवस्था गरेको छ। यसले समाजवाद–उन्मुख दृष्टिकोणलाई प्रस्तुत गरेको छ र तदनुसार आर्थिक र सामाजिक प्रबन्ध गरेको छ। यससँगै नेपाली क्रान्तिले तेस्रो, निर्णायक र ऐतिहासिक उचाइ हासिल गरेको छ।

२०६२/६३ को शान्तिपूर्ण जनक्रान्ति नेपालको इतिहासमा अद्वितीय घटना हो। यसको आफ्नै मौलिकता छ। यद्यपि वामपन्थी र उदारवादी बुर्जुवा दुबै शक्ति नेतृत्व पङ्क्तिमा थिए, तर आन्दोलनलाई निष्कर्षमा पुर्‍याउन वामपन्थी शक्तिको भूमिका रचनात्मक, प्रभावकारी र निर्णायक रहेको छ। यो क्रान्ति पुँजीवादी व्यवस्था स्थापनामा गएर टुङ्गिएको युरोपेली पुँजीवादी क्रान्ति र श्रमजीवी वर्गको एकल

नेतृत्वमा सम्पन्न भई जनवादी गणतन्त्र स्थापनामा टुङ्गिएको जनताको जनवादी क्रान्ति दुबैभन्दा पृथक रहेको छ। क्रान्तिमा वैचारिक नेतृत्व र मुख्य संवाहकको भूमिकामा वामपन्थी शक्तिहरू भए पनि उदार पुँजीवादी वर्ग समेतको संयुक्त नेतृत्वमा अगाडि बढेको हुनाले यसका आफ्नै सीमाहरू छन् र क्रान्तिपश्चात्को संरचनामा दुबै वर्गको उपस्थिति, पहुँच र प्रभाव रहेको छ। राणाशासन समाप्त पारेर नेपाली समाजलाई खुल्लापनमा प्रवेश गराउने २००७ सालको क्रान्ति र निर्दलीय तानाशाही व्यवस्था समाप्त पारेर बहुदलीय प्रजातन्त्र स्थापना गर्ने २०४६ सालको आन्दोलनको तुलनामा यसको प्रभाव धेरै फराकिलो र गहिरो रहेको छ। राजतन्त्र अन्त्य हुनु, समावेशी र सङ्घीय प्रणाली स्थापना हुनु, सामाजिक न्याय र अधिकार स्थापित हुनु, समाजवाद–उन्मुख राज्यका रूपमा राज्य परिभाषित हुनुले यो गुणात्मक महत्वको छ। तर क्रान्तिका सीमाहरू पनि स्पष्ट छन्। सामन्तवादका अवशेष कायम रहनु, राज्यसंरचनाको समयानुकूल लोकतान्त्रिक रूपान्तरण हुन नसक्नु, परिवर्तनकारी कदममा कहिले अदालत, कहिले कर्मचारीतन्त्र त कहिले राज्यका अन्य अङ्ग असहयोगी बन्नु, जुन अनुपातमा मुलुकको शासन प्रणालीमा परिवर्तन भएको छ, त्यसको तुलनामा सामाजिक आर्थिक संरचना नबदलिनु, राष्ट्रिय पुँजीमाथि सीमित वर्गको वर्चस्व बढ्दै जानु, पुरानो उत्पादन सम्बन्धलाई भत्काएर नयाँ उत्पादन सम्बन्ध निर्माण गर्ने नीतिगत कामहरू भए पनि कार्यान्वयन प्रभावकारी हुन नसक्नु जस्ता विषयहरू क्रान्तिका सीमाको रूपमा रहेका छन्।

महत्वपूर्ण कुरा, यो क्रान्ति श्रमजीवी र पुँजीपति वर्गका प्रतिनिधिहरूको सह–नेतृत्वमा सम्पन्न भएको हुनाले अब कुन दिशामा अगाडि बढ्छ भन्ने कुरा प्रतिष्पर्धामा कुन वर्गले श्रेष्ठता हासिल गर्छ भन्ने कुराले तय गर्ने अवस्था छ। हाम्रो क्रान्ति बलात् आन्दोलनबाट अन्य वर्ग र शक्तिमाथि निर्णायक विजय हासिल गरेको, उनीहरूमाथि 'अधिनायकत्व' लागू गर्ने र एकल शासन गर्ने चरित्रको क्रान्ति होइन। यो त एक किसिमले क्रमिक क्रान्ति (इभोल्युसनरी रिभोल्युसन) को विशेषता बोकेको क्रान्ति हो। यो संवैधानिक प्रबन्ध अनुसार, जनताको

*हामीले नेपाली क्रान्तिको चरित्र निर्धारण गरिरहँदा यसको ऐतिहासिक विकासक्रम, यसका विशेषता र मौलिकपन, यसका उपलब्धि र सीमालाई वस्तुनिष्ठ, वैज्ञानिक र सही हिसाबले विश्लेषण गर्न सक्नुपर्छ ।*

अभिमत लिएर, संविधानको सर्वोच्चता, विधिको शासन र शक्ति पृथकीकरण जस्ता लोकतान्त्रिक मान्यताको दायराभित्रबाट अगाडि बढ्दै जाने क्रान्ति भएको हुनाले प्रतिष्पर्धामा श्रमजीवी वर्ग पछाडि पर्नासाथ क्रान्तिका कैयौं उपलब्धिहरू सङ्कुचनमा पर्ने, निस्तेज हुने र उल्टिने जोखिम रहने कुरातर्फ सजग रहनैपर्छ ।

हाम्रो क्रान्तिको अर्को जटिलता र सीमा के हो भने हामीले वुर्जुवा वर्गसँग सहकार्य गरेर राजनीतिक प्रणाली परिवर्तन गरेका छौँ, तर राज्यका परम्परागत अङ्गहरूको अपेक्षित मात्रामा लोकतान्त्रिक रूपान्तरण हुन सकेको छैन । राज्य संयन्त्र सामाजिक आर्थिक रूपान्तरणको परिवर्तित अभिभारासँग राम्ररी अभ्यस्त नभएको मात्रै होइन, कतिपय सन्दर्भमा बाधक समेत बन्ने गरेको छ । अग्रगतिको वाधक यस समस्याको समाधानका लागि योजनाबद्ध प्रयास अगाडि बढाउनु पर्छ ।

हामीले नेपाली क्रान्तिको चरित्र निर्धारण गरिरहँदा यसको ऐतिहासिक विकासक्रम, यसका विशेषता र मौलिकपन, यसका उपलब्धि र सीमालाई वस्तुनिष्ठ, वैज्ञानिक र सही हिसाबले विश्लेषण गर्न सक्नुपर्छ ।

यस विश्लेषण मार्फत् स्थापित हुने महत्वपूर्ण तथ्य हो– आन्दोलनमा कम्युनिष्ट पार्टीको भूमिका, प्रभाव र नेतृत्व जुन तहसम्म विस्तार हुँदै गएको छ, त्यही अनुपातमा आन्दोलनका उपलब्धिको दायरा पनि बढ्दै गएको छ । सात सालको

क्रान्तिमा कम्युनिष्ट पार्टी नयाँ र तुलनात्मक रूपमा कमजोर थियो। यो नेतृत्वदायी भूमिकामा थिएन। त्यसैले सात सालको क्रान्ति अधुरै रह्यो, सम्झौतामा टुङ्गियो र त्यसबाट प्राप्त सीमित उपलब्धि पनि दश वर्षमै खोसियो।

तर २०४६ सालको आन्दोलनसम्म आइपुग्दा कम्युनिष्ट पार्टी आन्दोलनको संयुक्त नेतृत्व गर्ने बिन्दुमा पुगिसकेको थियो। पार्टीको सामर्थ्य पनि तदनुरूप नै विस्तार भएको थियो। तसर्थ त्यस आन्दोलनका उपलब्धि पनि फराकिला भए। आन्दोलनमा शासकहरूको दमनलाई साहसका साथ प्रतिवाद गरियो। पार्टीमाथिको प्रतिबन्ध हटाउने तर 'बहुदलीय पञ्चायती व्यवस्था' भने कायमै राख्ने राजाको प्रयास विफल बनाइयो। अन्त्यमा पञ्चायती व्यवस्थाको अन्त्य, बहुदलीय व्यवस्थाको स्थापना र नयाँ संविधानको निर्माणमा आन्दोलन टुङ्गियो। उक्त संविधानमा पार्टीले राखेका २७ वटा असहमतिका बुँदाहरू स्वीकार गरिएको भए बहुदलीय प्रजातन्त्र थप सुदृढ हुने थियो। जसको औचित्य र दूरदृष्टि २०६३ जेठमा पुनर्पुष्टि भयो। आन्दोलनलाई टुङ्गोमा पुऱ्याउन कम्युनिष्ट पार्टीले निर्णायक भूमिका खेलेको थियो।

२०६२/६३ को आन्दोलन काङ्ग्रेस– वामपन्थी संयुक्त नेतृत्वमा सञ्चालित भएको भए पनि यसका एजेण्डा निर्धारण गर्न र सडकबाट यसलाई निर्णायक बिन्दुमा पुऱ्याउन कम्युनिष्ट पार्टीको नेतृत्वदायी भूमिका थियो। यसले गर्दा विघटित संसद पुनर्स्थापनामा टुङ्ग्याउन खोजिएको आन्दोलनलाई राजतन्त्रको समाप्ति, लोकतान्त्रिक गणतन्त्रको स्थापना र सामाजिक न्याय, समावेशिता, मौलिक अधिकार र समाजवाद उन्मुख संविधान निर्माणको उपलब्धिमा पुऱ्याउन संभव भयो। सबैलाई थाहा छ, त्यतिबेला नेपाली काङ्ग्रेस विघटित संसदको पुनर्स्थापना चाहन्थ्यो। अर्कोतर्फ, सुरुमा जनआन्दोलनको सफलतालाई 'धोखा' भनेर विश्लेषण गर्ने पुष्पकमल दहाल 'प्रचण्ड' शान्ति प्रक्रियालाई राज्यकब्जाको रणनीतिका रूपमा प्रयोग गर्न चाहन्थे। माओवादीका अति–वामपन्थी नीतिहरूका कारण, शान्ति प्रक्रिया र सङ्क्रमणकाल लम्बियो। पहिलो संविधानसभालाई

*२०६२/६३ को आन्दोलन काङ्ग्रेस– वामपन्थी संयुक्त नेतृत्वमा सञ्चालित भएको भए पनि यसका एजेण्डा निर्धारण गर्न र सडकबाट यसलाई निर्णायक बिन्दुमा पुऱ्याउन कम्युनिष्ट पार्टीको नेतृत्वदायी भूमिका थियो।*

असफल बनाइयो। पहिचान र सङ्घीयताका नाममा विभिन्न अतिवादी प्रवृत्तिहरू देखा परे र सङ्क्रमणकालीन चरणमा कतिपय बाह्य कारकहरूले पनि नकारात्मक भूमिका खेले। हाम्रो पार्टीले सबै चुनौतीहरूको सामना गर्दै संविधान निर्माणमा समझदारी निर्माण गर्न र जनआन्दोलनका उपलब्धिलाई सुदृढ पार्न अगुवाइ गऱ्यो। अन्ततः संविधान जारी भयो। संविधानको प्रगतिशील चरित्र सुनिश्चित गर्न नेकपा (एमाले) को निर्णायक र महत्वपूर्ण भूमिका छ।

नेपाली जनताको आन्दोलनलाई यसरी कम्युनिष्ट पार्टीले निरन्तर नयाँ उचाइ, विस्तार र सफलतामा पुऱ्याउन नेतृत्व गरिरहेको छ।

आगामी दिनमा सामाजिक–आर्थिक रूपान्तरणलाई तीव्रता दिँदै समाजवादका आधार निर्माण गर्न र समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षालाई गन्तव्यमा पुऱ्याउन पनि कम्युनिष्ट पार्टीको नेतृत्वदायी, निर्णायक र रचनात्मक भूमिका अपरिहार्य छ।

## ८.

# कम्युनिष्ट आन्दोलनका गौरवशाली आठ दशक

नेपाल कम्युनिष्ट पार्टीको स्थापना नेपालको राजनीतिक इतिहासमा नयाँ अध्यायको सुरुवात थियो। कम्युनिष्ट पार्टीले देशभक्तिपूर्ण सङ्घर्षको धारा, सामाजिक आन्दोलनको धारा र र लोकतान्त्रिक आन्दोलनको धाराको विरासतलाई पनि ग्रहण गऱ्यो। पार्टी स्थापनासँगै त्यतिबेलासम्म सुधारवादी दायरामा सीमित लोकतान्त्रिक आन्दोलनले सामन्तवाद र साम्राज्यवाद विरोधी क्रान्तिकारी चरित्र सहित नयाँ उचाइ लियो। सामाजिक मुक्ति र राष्ट्रिय स्वतन्त्रताका लागि नेपाली जनताको आन्दोलनमा कम्युनिष्ट पार्टी अग्रदस्ताका भूमिकामा उभियो। नेपाली श्रमिक वर्गले मुक्तिको नयाँ दृष्टिकोण र आफ्नो राजनीतिक प्रतिनिधित्व गर्ने राजनीतिक पार्टी पाए।

### आन्दोलन, सङ्गठन र विचलनको पहिलो दशक

नेपाली कम्युनिष्ट आन्दोलन नेपालको लोकतान्त्रिक आन्दोलनको अभिन्न अङ्गका रूपमा उदाएको हो। समय क्रममा यो लोकतान्त्रिक आन्दोलनको निर्णायक शक्तिको रूपमा विकसित हुँदै गएको छ। २२ अप्रिल, १९४९ मा प्रकाशित नेकपाको पहिलो पर्चाको शीर्षक नै 'नागरिक स्वतन्त्रता सम्पूर्ण वर्गलाई आवश्यकता, अतः क्रान्तिकारी नागरिक स्वतन्त्रता समिति बनाऊ' भन्ने थियो। कम्युनिष्ट पार्टीले सबै नेपालीलाई राणाशाही विरुद्धमा एकताबद्ध हुन आह्वान गऱ्यो र पूर्ण नागरिक स्वतन्त्रता, पढ्न र लेख्न पाउने, बोल्न र सङ्गठित हुन पाउने अधिकार, कामदारहरूको ज्याला वृद्धि, कृषि उत्पादनको उचित मूल्य

*२२ अप्रिल, १९४९ मा प्रकाशित नेकपाको पहिलो पर्चाको शीर्षक नै 'नागरिक स्वतन्त्रता सम्पूर्ण वर्गलाई आवश्यकता, अतः क्रान्तिकारी नागरिक स्वतन्त्रता समिति बनाऊ' भन्ने थियो । कम्युनिष्ट पार्टीले सबै नेपालीलाई राणाशाही विरुद्धमा एकताबद्ध हुन आह्वान गऱ्यो...*

निर्धारण जस्ता मागहरू अगाडि साऱ्यो। यसले विश्वभरका साम्राज्यवाद विरोधी, समाजवादी र श्रमजीवी वर्गीय आन्दोलनसँग ऐक्यबद्धता घोषणा गऱ्यो।

नेकपाको पहिलो घोषणापत्र १५ सेप्टेम्बर १९४९ मा प्रकाशित भएको थियो। घोषणापत्रमा सामन्ती निरङ्कुशता र विदेशी प्रभुत्वको उन्मूलनको आह्वान गरिएको थियो। पूर्ण स्वतन्त्रता, श्रमिक वर्ग र किसानहरूको सहभागितामा लोकतान्त्रिक सरकार, वयस्क मताधिकार मार्फत पूर्ण लोकतान्त्रिक संविधान, सबै प्रकारका भेदभावहरूको अन्त्य, क्रान्तिकारी भूमि सुधार र जोताहाहरूलाई भूमि वितरण, विदेशी एकाधिकार पूँजीको राष्ट्रियकरण, न्यूनतम ज्याला र सम्मानजनक कामको ग्यारेन्टी, दमनकारी कानूनको खारेज, निर्वाचित जनसमितिहरूद्वारा शासन सञ्चालन, सर्वव्यापी र निःशुल्क शिक्षा एवं महिलाहरूलाई समान अधिकार आदि मागलाई जोड दिइएको थियो।

नेपाल कम्युनिष्ट पार्टीले २००७ सालको राणाशासन विरोधी क्रान्तिलाई सही दिशामा लैजान सक्दो प्रयास गऱ्यो। दिल्ली सम्झौताको विरोध गऱ्यो। तत्कालीन सरकारले डा. के.आई. सिँह, भीमदत्त पन्त र रामप्रसाद राई जस्ता देशभक्तहरूको विद्रोह दबाउन भारतीय फौज भित्र्यायो। विदेशी हस्तक्षेपको विरोध गरेको बहानामा कम्युनिष्ट पार्टीमाथि प्रतिबन्ध लगाइयो। प्रतिबन्धपपछि पार्टीले टङ्कप्रसाद आचार्य नेतृत्वको वैधानिक मोर्चा र जनसङ्गठनहरूका माध्यमबाट आफ्नो

सङ्घर्ष जारी राख्यो। भूमि सुधार, आत्मसम्मान र सामन्ती शोषणको विरुद्धमा २००९–१३ मा बारा, पर्सा, रौतहटमा भएको किसान विद्रोह, झापामा भएको ठूलो किसान आन्दोलन (जसको नेतृत्व गर्ने बुधारु मेचे लगायतले १० वर्षसम्मको जेल जीवन ब्यहोर्नु परेको थियो) ऐतिहासिक र महत्वपूर्ण थिए। पार्टीले राष्ट्रियता, लोकतन्त्र र जनजीविकाका मुद्दाहरूमा पनि अग्रणी भूमिका खेल्यो।

पार्टीले २०१० मा पाटनमा आफ्नो पहिलो राष्ट्रिय महाधिवेशन आयोजना गऱ्यो। सरकारले लगाएको प्रतिबन्धका कारण, महाधिवेशन भूमिगत रूपमा आयोजना गरिएको थियो। कमरेड मनमोहन अधिकारी महासचिवमा निर्वाचित हुनुभयो। पछि, उहाँ आफ्नो उपचारको लागि चीन गएपछि नेतृत्व केशरजङ्ग रायमाझीका हातमा गयो। यो नेपाली कम्युनिस्ट आन्दोलनकै नकारात्मक मोड थियो। रायमाझीमा दक्षिणपन्थी झुकाव थियो र उनी पुष्पलालहरूले अगाडि बढाएको क्रान्तिकारी मार्गका विरुद्धमा थिए। उनले राष्ट्रिय हितका लागि राजतन्त्रसँग गठबन्धनको वकालत गर्थे। २०१४ मा दोस्रो राष्ट्रिय महाधिवेशनले भारी बहुमतले गणतन्त्रको कार्यक्रमलाई अनुमोदन गरे पनि रायमाझी पार्टी नेतृत्व कब्जा गर्न सफल भए। रायमाझीको दक्षिणपन्थी विचलनका कारण, विस्तारै जुझारूपन गुमाउँदै गयो।

## विभाजन र विखण्डनको दोस्रो दशक

नेपाल कम्युनिष्ट पार्टीले २०१७ सालको प्रतिगामी कदमको सक्दो प्रतिरोध गऱ्यो। केशरजङ्ग रायमाझीले शाही कदमलाई उचित ठहऱ्याउने प्रयास गरे र तथाकथित राष्ट्रवादी शक्तिहरूको एकताको पैरवी गरे। पार्टीलाई क्रान्तिको अग्रदस्ताको रूपमा विकास गर्न, क्रान्तिकारी नेतृत्व स्थापना गर्नका लागि दरभङ्गा प्लेनम आयोजना गरियो। रायमाझीलाई नेतृत्वबाट हटाइयो, अधिकारसम्पन्न संसदको स्थापनाको नारा पारित गरियो र तेस्रो राष्ट्रिय महाधिवेशनको तयारीका लागि अन्तर–जोनल समन्वय समिति गठन गरियो।

*पार्टीले २०१० मा पाटनमा आफ्नो पहिलो राष्ट्रिय महाधिवेशन आयोजना गर्‍यो। सरकारले लगाएको प्रतिबन्धका कारण, महाधिवेशन भूमिगत रूपमा आयोजना गरिएको थियो। कमरेड मनमोहन अधिकारी महासचिवमा निर्वाचित हुनुभयो। पछि, उहाँ आफ्नो उपचारको लागि चीन गएपछि नेतृत्व केशरजङ्ग रायमाझीका हातमा गयो। यो नेपाली कम्युनिस्ट आन्दोलनकै नकारात्मक मोड थियो।*

२०१९ मा भारतको गोरखपुरमा पार्टीको तेस्रो महाधिवेशन सम्पन्न भयो। महाधिवेशनले रायमाझीलाई पार्टीबाट निष्काशित गर्‍यो र किसान आन्दोलनका नेता कमरेड तुल्सीलाल अमात्यलाई महासचिवमा निर्वाचित गर्‍यो। महाधिवशेनले राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम पारित गर्‍यो, जसले नेपाली समाजको यथार्थलाई प्रतिनिधित्व गर्न सक्दैनथ्यो। संस्थापक महासचिव पुष्पलाल र नयाँ महासचिव तुल्सीलाल बिचको फाटो फराकिलो हुँदै गयो। अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा उत्पन्न बहस र विभाजनले पनि त्यस फाटोलाई तीव्र बनायो।

तत्कालीन महासचिवका नीति र कार्यशैलीसँग असहमत हुँदै कमरेड पुष्पलालले २०२५ मा नयाँ जनवादको ब्यानरमा पार्टीलाई पुनर्गठन गर्नुभयो। तर यसले पनि सबै पक्षलाई समेट्न सकेन। बरु, पार्टीमा तटस्थ हुने वा केन्द्रबाट अलग हुने प्रवृत्ति फैलिँदै गयो। केन्द्रीय नेतृत्व पार्टीलाई एकताबद्ध गर्न असमर्थ भएको आरोप लगाउँदै विभिन्न प्रान्तीय र जिल्ला कमिटीहरूले आफूलाई स्वतन्त्र घोषणा गर्न थाले। विभाजन र विखण्डनको शृङ्खला तीव्र भयो। जेलमा रहेका मनमोहन अधिकारी, मोहनविक्रम सिँह जस्ता वरिष्ठ नेताहरूले पार्टीलाई पुनर्एकीकरण गर्ने प्रयास गर्नुभयो। बाहिर निस्केपछि उहाँहरूले केन्द्रीय न्युक्लियस गठन गर्नुभयो। तर यो पहल पनि असफल भयो। मोहनविक्रमले २०३१ मा 'चौथो महाधिवेशन' आयोजना गरेर औपचारिक रूपमै पार्टी विभाजन गर्नुभयो। पछि मनमोहन

अधिकारीले छुट्टै नेकपा (मार्क्सवादी) गठन गर्नुभयो। यसरी नेपाली कम्युनिष्ट आन्दोलन एउटा कठिन र असहज समयबाट गुज्रिन पुग्यो।

## विद्रोह, पुनर्गठन र एकीकरणको तेस्रो दशक

राजाले आफ्ना निरङ्कुश कदमहरू झनै कठोर बनाउँदै लगेका थिए र सिङ्गो राष्ट्र राजतन्त्रको नियन्त्रणमा निसास्सिरहेको थियो। असफल सशस्त्र विद्रोहपछि नेपाली काङ्ग्रेसको आन्दोलन पनि शिथिल भएको थियो। किसानहरू जोत्नका लागि जग्गाको माग गरिरहेका थिए, तर सरकार उनीहरूमाथि दमन गर्दै थियो। विद्यार्थीहरू आफ्नो अधिकारको लागि सङ्घर्ष गर्न उत्सुक थिए, तर उपयुक्त दिशानिर्देशको अभाव थियो।

यसै पृष्ठभूमिमा, पूर्व कोशी प्रान्तीय कमिटी अन्तर्गत काम गरिरहेका युवा कम्युनिष्टहरूको समूहले झापामा नयाँ विद्रोह सङ्गठित गऱ्यो। यद्यपि झापा विद्रोहमा चिनियाँ सांस्कृतिक क्रान्ति र भारतीय नक्सलवादी आन्दोलनको अति–वामपन्थी प्रभावका कारण गम्भीर गल्ती पनि भए। तर झापा विद्रोहको प्रभाव दूरगामी खालको रह्यो। त्यसले राजतन्त्र विरुद्ध उठ्न जनतालाई प्रोत्साहित गऱ्यो। क्रान्तिकारी कार्यदिशाका आधारमा कम्युनिष्ट पार्टीको पुननिर्माण, पुनर्गठन र एकीकरणको नयाँ शृङ्खला सुरु गऱ्यो। झापाली विद्रोहीहरूले बलिदान र समर्पणको अनुपम दृष्टान्त स्थापित गरे। फागुन २१, २०२९ मा पाँचजना योद्धाहरू– रामनाथ दाहाल, नेत्र घिमिरे, वीरेन राजवंशी, कृष्ण कुइँकेल र नारायण श्रेष्ठलाई सरकारले सुखानी जङ्गलमा गरेको नृशंश हत्यासँगै उहाँहरूको शौर्य र बलिदानले लोकतन्त्रको सङ्घर्षमा होमिन लाखौं युवाहरूलाई प्रेरित गऱ्यो।

झापा विद्रोहले गम्भीर धक्का भोगे पनि, यसले सल्काएको आगो कहिल्यै निभेन। झापा र मोरङका युवा कम्युनिष्टहरूको आह्वानमा २०३२ सालमा अखिल नेपाल कम्युनिष्ट क्रान्तिकारी को–अर्डिनेशन कमिटी (को.के.) गठन गरियो। २०३४ मा को.के. र मुक्ति मोर्चा समूहको एकीकरणसँगै पार्टीको राष्ट्रव्यापी विस्तार भयो।

*झापा विद्रोहको प्रभाव दूरगामी खालको रह्यो। त्यसले राजतन्त्र विरुद्ध उठ्न जनतालाई प्रोत्साहित गऱ्यो। क्रान्तिकारी कार्यदिशाका आधारमा कम्युनिष्ट पार्टीको पुनर्निर्माण, पुनर्गठन र एकीकरणको नयाँ शृङ्खला सुरु गऱ्यो। झापाली विद्रोहीहरूले बलिदान र समर्पणको अनुपम दृष्टान्त स्थापित गरे।*

उक्त समूहमा दाङको 'सन्देश समूह' र 'पूर्वको रातो झण्डा' जस्ता विभिन्न समूहहरू समाहित हुँदै गएर २०३५ पुसमा नेपाल कम्युनिष्ट पार्टी (माले)को स्थापना भयो। क्रान्तिकारी राजनीतिक कार्यदिशाको आधारमा कम्युनिष्ट आन्दोलनलाई पुनर्गठन गर्ने यो आधारभूत तहबाटै गरिएको नयाँ र सार्थक पहल थियो। नेकपा (माले) छोटो समयमै सबैभन्दा प्रभावशाली, जनआधारित र जुझारु क्रान्तिकारी शक्तिका रूपमा देखा पऱ्यो।

## लोकतान्त्रिक आन्दोलन र वैचारिक विकासको चौथो दशक

२०३५/३६ को ऐतिहासिक विद्यार्थी आन्दोलन र जनमत सङ्ग्रहपछि अपेक्षाकृत खुकुलो अवस्थाको उपयोग गर्दै राजनीतिक पार्टी र जनसङ्गठनहरूले गतिविधि विस्तार गरे। नेकपा (माले) त्यतिञ्जेलसम्म जनसङ्गठन र शान्तिपूर्ण कानुनी सङ्घर्षहरूका बारेमा द्विविधामै थियो। अति–वामपन्थी मानसिकता पूर्णरूपमा परित्याग गरिसकिएको थिएन। परिवर्तित सन्दर्भले पार्टीलाई आफ्ना नीतिहरूको समीक्षा गर्न अनिवार्य बनाइदिएको थियो। लामो, तातो र तीव्र राजनीतिक बहसपछि, नेकपा (माले) ले हिंसात्मक सङ्घर्षको बाटोलाई पञ्छाउँदै वृहत् जनसहभागिता सहितका जनआन्दोलनलाई अवलम्बन गर्ने ('मिलिटरी एक्सन'को ठाउँमा 'मिलिट्यान्ट मास मुभमेन्ट') नीति लियो। फौजी प्रकृतिको सङ्गठनात्मक ढाँचालाई प्रतिस्थापित गर्दै जनआधारित पार्टी र जनसङ्गठनहरू निर्माण गर्ने

मान्यता अगाडि बढायो। मूल्यवृद्धि, सीमा अतिक्रमण र जनविरोधी कानुनका विरुद्ध विभिन्न प्रकारका जनसङ्घर्षहरूको नेतृत्व गऱ्यो। व्यापक जनसहभागिता सहितका आम हडताल र 'नेपाल बन्द' आयोजना गरिए। श्रमिक वर्ग, किसान एवं ग्रामीण र सहरी गरिबहरू माझ पार्टीका जरा बलियो बन्दै गए। पञ्चायती मञ्चभित्रै पसेर प्रजातन्त्रका लागि लड्ने संसदीय सङ्घर्ष, मानव अधिकार आन्दोलन र पेशागत सङ्घर्षको अगुवाइ गरेर पार्टीले जनाधार विस्तार गऱ्यो। ती दिनहरूमा, पार्टीले अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनका विभिन्न अनुभवहरूको गहिरो अध्ययन गऱ्यो, आफ्नै सफलता र असफलताबारे निष्कर्ष निकाल्यो तथा क्रान्ति र समाजवाद निर्माणको मौलिक एवं विशिष्ट नेपाली मोडेल विकास गर्न प्रयास गऱ्यो। चिनियाँ सांस्कृतिक क्रान्तिका परिणाम, सोभियत मोडेल समाजवादले भोगिरहेका सङ्कट र विभिन्न मुलुकका सशस्त्र विद्रोहको असफलता जस्ता परिघटनाहरूबाट पाठ सिक्दै पार्टी के निष्कर्षमा पुग्यो भने नेपालले क्रान्तिको आफ्नै बाटो पहिल्याउनु पर्छ, समाजवाद निर्माणको आफ्नै मोडेल विकास गर्नुपर्छ। यस अवधिमा विभिन्न क्रान्तिकारी समूहहरूलाई समाहित गर्दै एकीकृत पार्टी निर्माणको बलियो आधार पनि निर्माण गर्दै लगियो।

वैचारिक वहसका त्यस कालखण्डमा कमरेड मदन भण्डारी प्रमुख र नवीन विचारकको रूपमा स्थापित हुनुभयो।

२०४६ भदौमा सिराहामा आयोजित नेपाल कम्युनिष्ट पार्टीको चौथो महाधिवेशन नेपाली कम्युनिष्ट आन्दोलनको एउटा विशिष्ट र ऐतिहासिक परिघटना थियो। महाधिवेशनबाट कमरेड मदन भण्डारीको प्रस्तावमा नेपाली क्रान्तिको विशिष्ट कार्यक्रम पारित गरियो, जसमा पहिलो पल्ट 'बहुदलीय जनवादी शासन प्रणाली स्थापना गर्ने' सङ्कल्प गरिएको थियो। अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा उत्पन्न ठूला विवादहरूको पृष्ठभूमि, कम्युनिष्ट पार्टी हुनका लागि त्यसले हिंसात्मक बाटो र जनवादी (या सर्वहारा) अधिनायकत्वको अवधारणा बोकेकै हुनु पर्ने

*२०४६ भदौमा सिराहामा आयोजित नेपाल कम्युनिष्ट पार्टीको चौथो महाधिवेशन नेपाली कम्युनिष्ट आन्दोलनको एउटा विशिष्ट र ऐतिहासिक परिघटना थियो। महाधिवेशनबाट कमरेड मदन भण्डारीको प्रस्तावमा नेपाली क्रान्तिको विशिष्ट कार्यक्रम पारित गरियो, जसमा पहिलो पल्ट 'बहुदलीय जनवादी शासन प्रणाली स्थापना गर्ने' सङ्कल्प गरिएको थियो।*

जस्तो गरेर स्थापना गरिएका सङ्कथन र समग्र कम्युनिष्ट आन्दोलन जडसूत्रवाद तथा विसर्जनवादको चुनौती बिचबाट गुज्रिरहेको बेला निकालिएको यो निष्कर्ष आफैमा ऐतिहासिक महत्वको थियो। यो २०३७ सालदेखि पार्टीमा सञ्चालित विचारधारात्मक बहसको वस्तुनिष्ठ संश्लेषण तथा सही निष्कर्ष थियो। यसले नेपाली क्रान्तिको आफ्नै मौलिक, सिर्जनात्मक तथा विशिष्ट बाटोको गोरेटो कोऱ्यो।

महाधिवेशनले झण्डै ३० वर्ष अगाडि टुटेको कम्युनिष्ट आन्दोलनको कडीलाई जोड्ने काम गऱ्यो। नेपाल कम्युनिष्ट पार्टीको पहिलो र दोस्रो राष्ट्रिय महाधिवेशन तथा २०१९ मा केशरजङ्ग रायमाझी गुटका विरुद्ध सङ्घर्ष गर्दै सम्पन्न भएको तेस्रो राष्ट्रिय महाधिवेशनको वैधानिकतालाई मान्यता प्रदान गऱ्यो र नेकपा (माले) लाई नेपाल कम्युनिष्ट पार्टीभित्रको क्रान्तिकारी मार्क्सवादी–लेनिनवादी धाराको पुनर्स्थापना र विकासको अनिवार्य परिणामका रूपमा मूल्याङ्कन गऱ्यो।

पार्टी विभाजनसँगै इतिहासलाई निषेध गर्ने, त्यसको अवमूल्यन गर्ने र पार्टीका संस्थापक सहित अन्य नेताहरूलाई कतिपय विषयमा असहमति भएकै आधारमा अपमान, निन्दा र विरोध गर्ने जस्ता अपसंस्कृति देखा परेका थिए। यस्तै अपसंस्कृति र गुटगत सङ्कीर्णताको शिकार कमरेड पुष्पलाललाई पनि बनाइएको थियो। महाधिवेशनले यस्ता प्रवृत्तिहरूलाई अस्वीकार गऱ्यो र संस्थापक

महासचिव कमरेड पुष्पलालले आफ्नो जीवनकालमा पार्टी र क्रान्तिलाई अघि बढाउन दिनुभएको सकारात्मक योगदानको पुनर्स्थापना एवं उच्च मूल्याङ्कन गर्दै सम्मान प्रकट ग¥यो ।

महाधिवेशनले कमरेड माओ त्सेतुङले दिनुभएका योगदानहरू र चिनियाँ क्रान्तिका अनुभवहरूबाट सिक्ने तर मार्गदर्शक सिद्धान्तका रूपमा भने माओ त्सेतुङ विचारधारालाई कायम नराख्ने निर्णय ग¥यो । यो निर्णय नेपाली क्रान्तिलाई आफ्नै यथार्थ धरातलमा उभ्याउने, आन्दोलनलाई कुनै पनि विदेशी अनुभवहरूको यान्त्रिक अन्धानुकरण र नक्कलबाट मुक्त गर्ने एवं क्रान्ति र समाजवाद निर्माणको आफ्नै मौलिक बाटो अन्वेषण गर्ने सन्दर्भमा अत्यन्त महत्वको थियो ।

महाधिवेशनले निरङ्कुश राजतन्त्र र पञ्चायती तानाशाहीका विरुद्ध संयुक्त जनआन्दोलनको प्रस्ताव अगाडि सा¥यो । 'जनवाद, जनजीविका र राष्ट्रियताका न्यूनतम साझा सबालहरूमा एकजुट हुन र राष्ट्रव्यापी रूपमा संयुक्त जनआन्दोलनको उभार सिर्जना गर्न' देशमा विद्यमान सबै वामपन्थी तथा गैरवामपन्थी शक्तिहरूलाई आह्वान ग¥यो ।

चौथो महाधिवेशनबाट कमरेड मदन भण्डारी सर्वसम्मत रूपमा महासचिव निर्वाचित हुनुभयो । त्यसो त २०३६/३७ देखि नै पार्टीमा वैचारिक नेताको रूपमा कमरेड मदन भण्डारीका प्रभावहरू देखिन थालेका थिए । नेपाली समाजको प्रधान अन्तरविरोध के हो ? नेपाली क्रान्तिको मौलिक कार्यक्रम कस्तो हुनुपर्छ ? यसका आम तथा विशिष्ट पक्षहरू बिचको अन्तरसम्बन्ध के हो ? राजनीतिक स्वतन्त्रता र पार्टी स्वतन्त्रताका अर्थ, महत्व र सीमाहरू के हुन् ? जनमत सङ्ग्रहको घोषणालाई कसरी हेर्ने र यस सम्बन्धी कस्तो नीति अवलम्बन गर्ने ? सङ्घर्षका मुख्य स्वरूप र सङ्गठनका मुख्य चरित्र कस्तो हुनुपर्छ ? कम्युनिष्ट पार्टीले प्रजातन्त्र र मानव अधिकारसम्बन्धी कस्तो दृष्टिकोण लिनुपर्छ र यसको अगुवाइ कसरी गर्नुपर्छ ? आन्दोलनको मञ्चका रूपमा पञ्चायती निर्वाचन र निकायहरूको उपयोग गर्न सकिन्छ, सकिन्न ? यस्ता गम्भीर वैचारिक–राजनीतिक प्रश्नमा उहाँले पार्टीलाई

*विभाजित कम्युनिष्ट आन्दोलनलाई एकताबद्ध गर्ने प्रयासलाई उचाइमा उठाउँदै २०४७ पुसमा दुई ठुला कम्युनिष्ट पार्टीहरू नेकपा (माले) र नेकपा (मार्क्सवादी) बिच एकीकरण भएर नेकपा (एमाले) बन्यो। मनमोहन अधिकारी अध्यक्ष र मदन महासचिवमा निर्वाचित हुनुभयो। अन्य साना समूहहरू र विभिन्न अनुभवी वामपन्थी नेताहरू पार्टीका एकताबद्ध हुने सिलसिला निरन्तर अगाडि बढ्यो।*

सही मार्गदर्शन गरिरहनु भएको थियो। त्यसैले महाधिवेशनबाट महासचिवका रूपमा उहाँको चयन स्वाभाविक, सही र दूरदर्शी निर्णय थियो।

**असाधारण उपलव्धि, गंभीर धक्काको पाँचौँ दशक**

चौथो महाधिवेशनकै निष्कर्षका आधारमा संयुक्त वाममोर्चाको गठन, नेपाली काङ्ग्रेससँग सहकार्य र ऐतिहासिक जनआन्दोलनको सफलता पाँचौँ दशकका विशिष्ट परिघटना हुन्।

विभाजित कम्युनिष्ट आन्दोलनलाई एकताबद्ध गर्ने प्रयासलाई उचाइमा उठाउँदै २०४७ पुसमा दुई ठुला कम्युनिष्ट पार्टीहरू नेकपा (माले) र नेकपा (मार्क्सवादी) बिच एकीकरण भएर नेकपा (एमाले) बन्यो। मनमोहन अधिकारी अध्यक्ष र मदन महासचिवमा निर्वाचित हुनुभयो। अन्य साना समूहहरू र विभिन्न अनुभवी वामपन्थी नेताहरू पार्टीका एकताबद्ध हुने सिलसिला निरन्तर अगाडि बढ्यो। २०४८ सालको आम निर्वाचनमा नेकपा (एमाले) ले संसदमा एक तिहाइ सिटमा विजय हासिल गऱ्यो। सोभियत सङ्घको पतनपछि अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनले गम्भीर धक्काको सामना गरिरहेको एवं मार्क्सवाद र समाजवादको भविष्य विरुद्ध शीतलहर फैलिरहेको बेला नेपाली कम्युनिष्टहरूले हिमालयको फेदमा रातो झण्डा फहराउन सफल हुनु असाधारण उपलव्धि थियो। कमरेड मदन भण्डारी तत्कालीन अन्तरिम प्रधानमन्त्री तथा प्रख्यात काङ्ग्रेस नेता कृष्णप्रसाद

भट्टराईलाई पराजित गर्दै काठमाडौँका दुई स्थानबाट निर्वाचित हुनुभयो। अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरूले यस घटनालाई विशेष चर्चा गर्दै नेपालमा कार्ल मार्क्स जीवितै रहेको आशयका विशेष सामग्रीहरू प्रस्तुत गरे। पार्टीले संसदभित्र र समाजमा प्रभावकारी भूमिका खेलेको थियो। पार्टीको सही नीति, चुस्त कार्यशैली, जुझारु छवि र नेताहरूको लोकप्रियताले पार्टीलाई नेपालको सबैभन्दा प्रभावशाली राजनीतिक शक्तिको रूपमा स्थापित गर्न मद्दत गऱ्यो।

अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा आएको धक्काको पृष्ठभूमिमा २०४९ माघमा नेकपा (एमाले) को पाँचौं राष्ट्रिय महाधिवेशन आयोजना गरिएको थियो। महाधिवेशनले नेपाली क्रान्तिको विशिष्ट र मौलिक कार्यक्रमको रूपमा जनताको बहुदलीय जनवाद (जबज) पारित गऱ्यो।

पाँचौं राष्ट्रिय महाधिवेशनपछि, कमरेड मदन भण्डारीले पार्टीलाई वैचारिक र सङगठनात्मक रूपमा बलियो बनाउन राष्ट्रव्यापी अभियान सुरु गर्नुभयो। उहाँ लोकप्रियताको उचाइमा हुनुहुन्थ्यो। नेपाल महाकाली नदीमा आफ्नो अधिकारको लागि लडिरहेको थियो। यस्तै पृष्ठभूमिमा, ३ जेठ २०५० अपराह्न महासचिव मदन भण्डारी र सङ्गठन विभाग प्रमुख जीवराज आश्रित सवार जीप त्रिशुली नदीमा खस्यो। कमरेडहरूले आफ्नो ज्यान गुमाउनु भयो। यो दुखद र रहस्यपूर्ण दुर्घटनाले नेपाली कम्युनिष्ट आन्दोलनलाई असाधारण धक्का पुऱ्यायो। यस त्रासदीको रहस्य अझै पनि खुल्न सकेको छैन। दुर्घटनास्थल, चालकको विवादास्पद बयान, पछि उनको रहस्यमय ढङ्गले गरिएको हत्या र त्यसपछिका राजनीतिक–सामाजिक सन्दर्भले यो सामान्य जीप दुर्घटना थिएन, यो कम्युनिष्ट र देशभक्तिपूर्ण आन्दोलनका विरुद्धको षडयन्त्र थियो भन्ने आशङ्कालाई पुष्टि गर्छन्।

पार्टीले शोकलाई शक्तिमा परिणत गऱ्यो। २०५१ को मध्यावधि निर्वाचनमा पार्टी सबैभन्दा ठूलो राजनीतिक शक्तिको रूपमा उदायो। कमरेड मनमोहन अधिकारी देशको पहिलो जननिर्वाचित कम्युनिस्ट प्रधानमन्त्री बन्नुभयो। यद्यपि पार्टीले ९

*अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा आएको धक्काको पृष्ठभूमिमा २०४९ माघमा नेकपा (एमाले) को पाँचौं राष्ट्रिय महाधिवेशन आयोजना गरिएको थियो। महाधिवेशनले नेपाली क्रान्तिको विशिष्ट र मौलिक कार्यक्रमको रूपमा जनताको बहुदलीय जनवाद (जबज) पारित गर्‍यो।*

महिना मात्र सरकार चलाउने मौका पायो, तर त्योसबैभन्दा जनमुखी सरकार थियो। सरकारका जनमुखी नीतिहरू, स्वच्छ प्रशासन र राष्ट्रवादी अडानले सरकारलाई धेरै लोकप्रिय बनायो। विपक्षीहरूले अदालतको प्रयोग गरेर नौ महिनामै सरकारलाई विस्थापन गरेसँगै नेपाली राजनीतिमा अस्वस्थ, अनुचित र विकृत राजनीतिक अभ्यास सुरु भयो।

२०५१ मा पुष्पकमल दाहाल 'प्रचण्ड' र डा. बाबुराम भट्टराईको नेतृत्वमा नेपाल कम्युनिस्ट पार्टी (माओवादी) गठन भयो। 'जनयुद्ध' का नाममा हिंसात्मक गतिविधिहरू सुरु भए। 'रिम'को सदस्यता, पेरुको 'साइनिङ पाथ' को 'आदर्श' र 'गोन्जालो विचारधारा' को नक्कल गर्दै 'प्रचण्डपथ' को घोषणा गर्नु यसको उग्रवामपन्थी विचलनका दृष्टान्तहरू थिए। आफ्नो पार्टीलाई समर्थन नगर्ने वा चन्दा नदिने राजनीतिक कार्यकर्ताहरूको हत्या, सर्वसाधारणलाई विस्थापन र भय त्रासको विस्तार माओवादीको कार्यशैली बन्यो। सरकारले पनि दमनका क्रूर विधिहरू अवलम्बन गर्‍यो। हिंसाको दोहोरो मारमा धेरै सर्वसाधारणहरू परे। हाम्रो पार्टीका सयौँ कार्यकर्ता हिँसाको दोहोरो मारमा परे।

सबै प्रतिकूलताहरूलाई चिर्दै पार्टी अगाडि बढिरहेको, स्थानीय निकाय निर्वाचनमा राष्ट्रव्यापी सफलता हासिल गरेको र निकट भविष्यमा हुने निर्वाचनमा सहज बहुमतको संभावनामा रहेको पार्टीलाई विभाजन नगरी कमजोर पार्न नसकिने

यथार्थ प्रतिक्रियावादी शक्तिहरूले आँकलन गरे। त्यसै पृष्ठभूमिमा २०५४ सालमा अकारण पार्टी विभाजन गरियो। विभाजनको धक्कालाई चिर्दै पार्टीले २०५६ को निर्वाचनमा पूर्ववत् स्थिति कायम गर्न सके पनि मुलुकको शक्ति सन्तुलन प्रतिकूलतामा बदलियो। माओवादी सशस्त्र द्वन्द्व र त्यसकै जगमा राजतन्त्रले गरिरहेको शक्ति सञ्चयले मुलुकमा राजनीतिक सङ्कट गहिर्‍याउँदै लगे।

## जनक्रान्ति र गणतन्त्र स्थापनाको छैटौँ दशक

सम्पूर्ण सत्ता हातमा लिने र लोकतान्त्रिक शक्तिहरूलाई किनारा लगाउने राजाका निरङ्कुश कदमले गणतन्त्र स्थापनाको कार्यसूचीलाई अनिवार्य बनाइदियो। नेकपा (एमाले) ले नेपाली काङ्ग्रेस सहित सात दलको मोर्चा निर्माण गर्न र माओवादीहरूसँग १२ बुँदे सम्झौता गर्न पहल गर्‍यो। त्यसपछि २०६२/६३ को ऐतिहासिक जनआन्दोलन सुरु भयो, जहाँ एमाले अग्रपङ्क्तिमा थियो।

त्यस क्रान्तिको अन्तरवस्तु र सीमाबारे माथि नै चर्चा भइसकेको छ। संविधानसभाको पहिलो निर्वाचनमा पार्टी तेस्रो स्थानमा सीमित भएको थियो। परन्तु आन्दोलनलाई निर्णायक बनाउन र यसलाई लोकतान्त्रिक गणतन्त्रसम्म अगुवाइ गर्न पार्टीले प्रभावकारी राजनीतिक भूमिका खेल्यो।

## संविधान निर्माण र समृद्धिको शिलान्यासको सातौँ दशक

संविधानसभा निर्वाचनमा पहिलो बनेको माओवादीका अतिवादी सोच, दम्भ र मुलुकको देखा परेका जातीय–क्षेत्रीय–साम्प्रदायिक सङ्कीर्णताका बिचमा पहिलो संविधानसभा संविधान बनाउन नसकी विघटित भयो। उत्पन्न संवैधानिक रिक्तताका बिचमा मुलुकलाई सही निकास दिन, संविधानसभाको दोस्रो निर्वाचन सम्पन्न गर्न र संविधानसभाबाट लोकतान्त्रिक संविधान जारी गर्न पार्टीले निर्णायक भूमिका खेल्यो। नेतृत्वमा देखा परेका कतिपय ढुलमुले, द्विविधायुक्त र अवसरवादी विचलनबाट जुन अनुपातमा पार्टी मुक्त र मुखर हुँदै गयो, त्यसै अनुपातमा पार्टीको लोकप्रियता, शाख र भूमिका पनि प्रभावकारी बन्दै गयो। संविधानसभाको दोस्रो

*संविधानसभा निर्वाचनमा पहिलो बनेको माओवादीका अतिवादी सोच, दम्भ र मुलुकको देखा परेका जातीय–क्षेत्रीय–साम्प्रदायिक सङ्कीर्णताका बिचमा पहिलो संविधानसभा संविधान बनाउन नसकी विघटित भयो। उत्पन्न संवैधानिक रिक्तताका बिचमा मुलुकलाई सही निकास दिन, संविधानसभाको दोस्रो निर्वाचन सम्पन्न गर्न र संविधानसभाबाट लोकतान्त्रिक संविधान जारी गर्न पार्टीले निर्णायक भूमिका खेल्यो।*

निर्वाचनमा नेकपा (एमाले) प्रभावकारी दोस्रो शक्तिका रूपमा स्थापित भएपछि र संविधानसभा निर्वाचनले माओवादी र मधेसवादी दलहरूका अतिवादलाई निकै हदसम्म किनारा लगाइदिएपछि संविधानसभाको शक्ति सन्तुलन सापेक्ष रूपमा अनुकूल बन्यो। एकातिर परम्परागत कम्युनिष्ट ढाँचाका पक्षधर र अर्कातिर परम्परागत संसदीय व्यवस्थाका पक्षधर शक्तिहरूको प्रभावशाली उपस्थिति रहेको र सङ्घीय संरचना, शासकीय स्वरूप र अर्थ–राजनीतिक कार्यदिशाका बारेमा विभिन्न अन्तरविरोधी विचारहरू विद्यमान रहेको संविधानसभाबाट संविधान निर्माण गर्नु सहज थिएन। पार्टीले संविधानलाई लोकतान्त्रिक, अग्रगामी, सामाजिक न्याययुक्त र समाजवाद–उन्मुख बनाउन रचनात्मक भूमिका खेल्यो। संविधानसभाबाट संविधान पारित भइसकेपछि पनि यसलाई जारी हुन नदिन भएका आन्तरिक र वाह्य दबाबहरू आए। यी दबाबहरूको सामना गर्दै संविधान निर्माण र जारी गराउन हाम्रो पार्टीले जुन प्रभावकारी भूमिका खेल्यो, त्यो आन्दोलनको इतिहासकै एउटा महत्वपूर्ण परिघटना हो।

संविधान जारी भएसँगै नेपालमाथि आर्थिक नाकाबन्दी सुरु भयो। ६ महिना अगाडिमात्रै विनाशकारी भूकम्पले थिलोथिलो परेको, ९ हजार व्यक्तिको ज्यान गएको र ४० लाखभन्दा बढी नागरिक घरबारविहीन भएको मुलुकमाथि यस्तो नाकाबन्दी अनपेक्षित थियो। यो अन्यायपूर्ण मात्रै थिएन, अमानवीय पनि थियो। एउटा स्वतन्त्र राष्ट्रको रूपमा आफ्नो राजनीतिक फैसला आफैले गर्न पाउने कि

नपाउने भन्ने अग्निपरीक्षाका सामु उभिएको बेला हाम्रो पार्टीले मुलुकको स्वतन्त्रता, स्वाधीनता र स्वाभिमानको अभियानको अगुवाइ गर्‍यो। मुलुकको स्वनिर्णयको अधिकारलाई स्थापित गर्‍यो। नाकाबन्दीको नियमित आकस्मिकतालाई सदाका लागि अन्त्य गर्न चीनसँग पारवहन–यातायात सम्झौता गर्‍यो। लोकतन्त्र प्राप्ति र क्रान्तिका राजनीतिक अभिभारा एक हदसम्म पूरा भइसकेको सन्दर्भमा अब समृद्धि र सामाजिक–आर्थिक रूपान्तरण मुख्य कार्यभार बनेको निष्कर्ष निकाल्यो। समृद्ध नेपाल, सुखी नेपालीलाई मुलुकको राष्ट्रिय आकाङ्क्षा निर्धारित गर्‍यो। ओइलाएका सपनाहरूलाई व्युँताउन, मुलुकलाई समृद्ध, सबल र समुन्नत बनाउन सकिन्छ भन्ने विश्वास जागृत गर्न यो दशक ऐतिहासिक महत्वको रहेको छ। त्यसै कालखण्डमा नेकपा (एमाले) ले गणतन्त्र नेपालको पहिलो महिला राष्ट्रपति समेत निर्वाचित गर्न सफल भयो। हामीलाई सरकारबाट ९ महिनामै विस्थापन गरिए पनि र हामीले बसालेको राष्ट्रिय स्वाभिमान, समृद्धि र आत्मविश्वासको जग भत्काउने कोशिस गरिए पनि हामीले ती सबै प्रतिकूलतालाई चिर्दै आयौँ। संविधान संशोधनको नाममा विद्वेष र विभाजनलाई प्रश्रय दिने प्रयासलाई विफल तुल्यायौँ। मेची–महाकाली अभियान मार्फत् राष्ट्रिय जागरण र एकताको नयाँ यात्रा अगाडि बढायौँ। यसै क्रममा भएको २०७४ को आम निर्वाचनमा पार्टीले इतिहासमै सर्वाधिक (२७५ सदस्यीय प्रतिनिधिसभामा १२१ र कुल जनमतमा ३४ प्रतिशत) सफलता प्राप्त गर्‍यो। कम्युनिष्ट आन्दोलनका दुई धार– नेकपा (एमाले) र (माओवादी केन्द्र) बिचको एकताले झण्डै दुई तिहाई बहुमत सहित राजनीतिक स्थायित्व, समृद्धि र श्रमजीवी जनताको पक्षमा अनुकूल राजनीतिक शक्ति सन्तुलन निर्माण भयो। समृद्धितर्फको यात्राले नयाँ उचाइँ लिदै गयो।

## विभाजन, पुनरोदय र निर्णायक शक्ति निर्माणको वर्तमान दशक

कम्युनिष्ट आन्दोलनको वर्तमान (आठौँ) दशकको समग्र दृश्यचित्र हाम्रा सामु छर्लङ्गै छ। त्यस दशकको आरम्भमा समृद्धि, सुशासन, राष्ट्रिय स्वाभिमानको प्रबर्द्धन, वाह्य सम्बन्ध विस्तार, संविधान तथा सङ्घीयताको कार्यान्वयन र सामाजिक न्यायका क्षेत्रमा महत्वपूर्ण काम भए। पार्टीभित्र र बाहिरबाट भएका

*संविधान जारी भएसँगै नेपालमाथि आर्थिक नाकाबन्दी सुरु भयो। ६ महिना अगाडिमात्रै विनाशकारी भूकम्पले थिलोथिलो परेको, ९ हजार व्यक्तिको ज्यान गएको र ४० लाखभन्दा बढी नागरिक घरबारविहीन भएको मुलुकमाथि यस्तो नाकाबन्दी अनपेक्षित थियो। यो अन्यायपूर्ण मात्रै थिएन, अमानवीय पनि थियो।*

असहयोग, घेराबन्दी र विरोधका बाबजुद त्यस अवधिमा असाधारण उपलब्धि हासिल गरिए। पृथकतावाद र हिंसाका प्रयासहरूलाई अस्वीकार गर्दै त्यस्ता प्रवृत्ति र पात्रहरूलाई वार्ता मार्फत् शान्ति र संविधानको मूलधारमा ल्याइएको थियो। संविधानको स्वीकार्यता स्थापित गरिएको थियो। पूर्वाधार निर्माणमा अभूतपूर्व फड्को हासिल भएको थियो। आर्थिक वृद्धि तीव्र बनेको थियो र नेपाल अल्पविकसित अवस्थाबाट विकासशील मुलुकमा स्तरोन्नत हुन संयुक्त राष्ट्र सङ्घबाट सिफारिस भएको थियो। सामाजिक न्याय र सुरक्षाका क्षेत्रमा महत्वपूर्ण निर्णय भएका थिए। सारमा, जनतामा भरोसा बढ्दै थियो। वाह्य जगतमा नेपालको छवि प्रभावकारी बन्दै गएको थियो।

तर नेपाललाई पुनः अस्थिरताको चक्रव्यूहमा फँसाउने सुनियोजित प्रयत्नको शृङ्खला स्वरूप नेकपाभित्र विग्रह सिर्जना गरियो। त्यसपछि विभाजनतिर धकेलियो। पार्टी बाहिरका शक्तिहरूसँग मिलेर अदालत समेतको सहयोगमा पार्टीलाई सरकारबाट विस्थापित गरियो र षडयन्त्रपूर्ण ढङ्गले नेकपा (एमाले) लाई चोइट्याउने काम भयो। सत्तापक्षबाट घेराबन्दी, गठबन्धन र सत्ताको चरम दुरूपयोग गर्दै प्रतिपक्षमा रहेका हामीलाई नामेट पार्ने दुस्साहस गरियो। हामीले बसालेको समृद्धिको जगलाई भत्काउने कुचेष्टा गरियो।

त्यो प्रयास नेकपा (एमाले) लाई सरकारबाट विस्थापित गर्ने कदम मात्रै थिएन, पार्टीको नेतृत्वमा स्थापित कोर्सलाई नै उल्ट्याएर अस्थिरता, सामाजिक विद्वेष र विकृतितिर धकेल्ने कुत्सित मनशाय पनि थियो।

आज हामी सम्पूर्ण पार्टी पङ्क्तिको अविचलित निष्ठा र न्यायप्रेमी जनताको साथ–समर्थनको बलमा ती सबै घेराबन्दीलाई चिर्दै पुनः राष्ट्रिय राजनीतिको केन्द्रभागमा स्थापित भएका छौँ। सही राजनीतिक कोर्स उल्ट्याउने प्रयास विफल भएको छ। यावत् षडयन्त्र र कुप्रचारका बिचमा पनि पार्टी जनताको रोजाइको पहिलो शक्ति बन्न सफल भएको छ।

नेपाली कम्युनिष्ट आन्दोलनका विगत आठ दशकतिर फर्केर हेर्दा हामीले गर्व गर्ने पर्याप्त ठाउँ छन्। हो, आन्दोलनमा त्रुटि र कमी पनि रहन गएका छन्। कहिले दक्षिणपन्थी विचलन र कहिले उग्रवामपन्थी भड्काउ पनि देखा परेका छन्। कहिले सिद्धान्तका नाममा जडता, कहिले यान्त्रिक अन्धानुकरण र कहिले व्यवहारिकताका नाममा सिद्धान्तबाट विचलनका प्रवृत्ति पनि देखा परेका छन्। तर हामीले गर्वका साथ भन्न सक्छौँ– शान्तिपूर्ण प्रतिष्पर्धा, लोकतान्त्रिक बाटो र जनताको अभिमतबाट, यत्तिको प्रतिकूलताका बिचमा पनि यो ठाउँमा आइपुग्नु र यस बिन्दुमा टिकिरहनु नेपाली कम्युनिष्ट आन्दोलनको गौरवशाली पक्ष हो। यस अवधिमा पार्टीले स्थापित गरेका मुख्य राजनीतिक योगदान (लिगेसी) लाई यसरी सूत्रबद्ध गर्न सकिन्छ–

— लोकतन्त्रप्रतिको अविचलित निष्ठा र बलिदानी सङ्घर्ष (जहानियाँ राणाशासन, निरङ्कुश पञ्चायती व्यवस्था र राजतन्त्र लगायत सबै खाले निरङ्कुशतन्त्र विरुद्ध आन्दोलनको अगुवाइ),
— सार्थक लोकतन्त्रको पक्षपोषण (लोकतन्त्रलाई औपचारिक राजनीतिक प्रणाली मात्र होइन, जनताको जीवन परिवर्तनको समग्र

*नेपाली कम्युनिष्ट आन्दोलनका विगत आठ दशकतिर फर्केर हेर्दा हामीले गर्व गर्ने पर्याप्त ठाउँ छन् । हो, आन्दोलनमा त्रुटि र कमी पनि रहन गएका छन् । कहिले दक्षिणपन्थी विचलन र कहिले उग्रवामपन्थी भड्काउ पनि देखा परेका छन् ।*

प्रणालीका रूपमा स्तरोन्नत गर्ने अभियानको नेतृत्व, जुन आज परिपूर्ण लोकतन्त्रका रूपमा परिभाषित भएको छ),

— राष्ट्रियता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय हितको पक्षमा अनवरत नेतृत्व,

— नेपाली भूमि कालापानी, लिपुलेक र लिम्पियाधुरा सहितको नयाँ नक्सा प्रकाशन र संविधान संसोधन मार्फत त्यसलाई संस्थागत गर्ने अभूतपूर्व राष्ट्रिय सहमति निर्माण,

— हिंसा, भयदोहन र सत्ता कब्जाका प्रयाशको प्रतिवाद, शान्ति प्रक्रियाको रक्षा,

— राष्ट्रिय एकता र सामाजिक सद्भावको अगुवाइ, सबै खाले जातीय–क्षेत्रीय सङ्कीर्णता, साम्प्रदायिक विद्वेष र विभाजनको विरोध,

— संविधान निर्माणको नेतृत्व, कार्यान्वयनमा अगुवाइ,

— नाकाबन्दी लगायत राष्ट्रिय अपमान र हेपाइको सामना, स्वाभिमानको पक्षपोषण,

— पारवहन सुविधाको विस्तार मार्फत् भूपरिवेष्ठित अवस्थाका कठिनाइलाई चिर्दै भूजडित बनाउने अभियानको नेतृत्व,

— मुलुकहरू भौगोलिक हिसाबले ठूला या साना भए पनि सार्वभौमसत्ता र स्वाभिमानमा बराबरी हुन्छन् भन्ने मान्यताको विकास, पारस्परिक लाभ र विश्वासका आधारमा वाह्य सम्बन्ध सञ्चालनको परराष्ट्र नीति र सानो राष्ट्र हीनताबोधको अन्त्य,

— सामाजिक न्याय र सामाजिक सुरक्षाको 'पायनियर',

— ग्रामीणमुखी, जनसहभागितामूलक र पारदर्शी विकास अभियानको 'ट्रेण्ड सेटर',

— लैङ्गिक समावेशिताको नेतृत्व,

— भौतिक पूर्वाधार र रणनीतिक महत्वका विकास अभियानको नेतृत्वकत्र्ता, आदि ।

यिनै योगदानहरू हुन्, जसले गर्दा यो पार्टी आम जनताका बिचमा लोकप्रिय र जस्तासुकै धक्काको पनि सामना गर्न सक्ने दृढ (रेजिलिएन्ट) अवस्थामा छ। कुनै बेला नेकपा (एमाले) को कित्ता कुन हो भनेर खुलेआम चुनौती दिइन्थ्यो। त्यस स्थितिबाट आज पार्टी राष्ट्रिय राजनीतिको केन्द्रमा स्थापित भएको छ। मूल राष्ट्रिय प्रश्नहरूमा अगुवाइ गरिरहेको छ र विभिन्न प्रश्नमा अरुलाई सँगै हिडाइरहेको पनि छ।

नेकपा (एमाले) नेपाल राष्ट्र र नेपाली जनताले हासिल गर्दै गएका यी उपलब्धि मन नपराउने, प्रतिरोध गर्ने र उल्ट्याउन चाहने पश्चगामी, अस्थिरताका संवाहक, सामाजिक विद्वेषका पक्षपोषक, अराजक र 'पपुलिस्टहरू'को निशानामा पनि छ। राष्ट्रियताको मुख्य संवाहक र राष्ट्रिय एकताको मुख्य आधार, संविधान निर्माणको निर्णायक शक्ति र यसको मुख्य संवाहक, लोकतन्त्रको अग्रणी र सामाजिक–आर्थिक रूपान्तरणको अगुवा शक्ति हुनुको नाताले एमालेलाई कमजोर नगरुञ्जेल आफ्ना अवाञ्छित उद्देश्य पूरा हुनु संभव छैन भन्ने तिनीहरूलाई थाहा छ। त्यसैले विगतमा नेकपा (एमाले) लाई सत्ताबाट बाहिऱ्याउने र विभाजन गर्ने षडयन्त्र

*नेकपा (एमाले) नेपाल राष्ट्र र नेपाली जनताले हासिल गर्दै गएका यी उपलब्धि मन नपराउने, प्रतिरोध गर्ने र उल्ट्याउन चाहने पश्चगामी, अस्थिरताका संवाहक, सामाजिक विद्वेषका पक्षपोषक, अराजक र 'पपुलिस्टहरू'को निशानामा पनि छ।*

गरिएको थियो। आज पनि चुनौती विद्यमान छन्, जसलाई चिर्दै अगाडि बढ्नु पर्नेछ।

नेपाली कम्युनिष्ट आन्दोलनको मुख्य शक्ति हुनुको नाताले आन्दोलनलाई एकताबद्ध बनाउने दायित्व हाम्रो काँधमा छ। तर कस्तो एकता र कुन बाटोबाट एकता ? मूल प्रश्न यो हो। मुख्य नेताहरूको स्वार्थ केन्द्रित 'एकता' गर्ने, त्यसपछि पार्टीको सम्पूर्ण उर्जा र समय नेताहरूको 'व्यवस्थापन' र गुनासो संबोधनमा खर्चिनु पर्ने र स्वार्थ पूरा नहुँदाको दिन क्षणभरमै भत्किने खालको एकता हामीलाई चाहिएको छैन। जनता र राष्ट्रको सर्वोपरि हितमा आधारित एकता मात्रै जनता र कार्यकर्ताले खोजेको एकता हो। त्यस्तो एकता मात्रै दिगो र उपलब्धिपूर्ण हुन्छ।

पार्टी एकताका दुईवटा ऐतिहासिक परिघटनालाई हामी तुलना गर्न सक्छौँ। २०४७ पुसमा तत्कालीन नेकपा (माले) र नेकपा (मार्क्सवादी) बिच एकता भई हामीले नेकपा (एमाले) बनायौँ। त्यस एकतालाई मन नपराउने, आफ्नो स्वार्थलाई केन्द्रमा राख्ने र स्वार्थ सिद्ध भएन भने पार्टीलाई घात गर्ने केही व्यक्ति त्यतिबेला पनि थिए। तर मूल नेतृत्व एकताको भावनामा दृढ र राष्ट्रको हितमा निष्ठावान भएका कारण केही असन्तुष्ट नेता पलायन भए पनि पार्टी एकता अक्षुण्ण रह्यो। पार्टी एकताको असल दृष्टान्तका रूपमा आज पनि त्यो सन्दर्भ स्मरणीय छ।

२०७५ जेठमा हामीले नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) बिच एकीकरण गऱ्यौँ। एकताको मूल भावना र उद्देश्य सही थियो। तर केही नेताहरूले कथित व्यवस्थापनको किचलोमा पार्टीलाई फँसाउदै लगे। पार्टीभित्रको अन्तरविरोधमा खेल्दै गए, पार्टी कब्जा गर्ने हरसंभव कोशिस गरे। त्यस्ता यावत् प्रयास असफल भएपछि र आफ्नो स्वार्थ पूरा नभएपछि अन्ततोगत्वा पार्टीलाई विभाजित गरे। पार्टी पङ्क्तिको ठूलो हिस्सा एकतालाई जोगाइरहन चाहन्थ्यो, तर त्यो प्रयास सफल हुन सकेन। विभाजनलाई अस्वीकार गर्ने नेकपा (माओवादी केन्द्र)का महत्वपूर्ण कमरेडहरूले नेकपाको निरन्तरताका रूपमा नेकपा (एमाले) को विकास र सुदृढीकरणमा आज जुन भूमिका खेलिरहनु भएको छ, यो प्रशंसनीय छ।

त्यसैले आज हामी स्वार्थ–केन्द्रित अर्थात् 'टाउका जोडेर' गरिने एकतामा होइन, असल कार्यकर्ताहरूलाई जगैदेखि समेट्दै आन्दोलनलाई वैचारिक, सङ्गठनात्मक र भावनात्मक रूपमा एकताबद्ध बनाउने बाटोमा छौँ। आजको सन्दर्भमा यही नै उपयुक्त बाटो हो।

आज हामी पुनः सामाजिक–आर्थिक रूपान्तरण, सुशासन र राष्ट्रिय स्वाभिमानको यात्रामा समृद्ध नेपाल, सुखी नेपालीको गन्तव्यका साथ अगाडि बढिरहेका छौँ।

कम्युनिष्ट आन्दोलनले सय वर्ष पूरा गरिरहँदा नेपाललाई समृद्ध, समुन्नत, सामाजिक न्यायले सुसज्जित र समाजवादको प्रारम्भिक अवस्थामा प्रवेश गराउने हाम्रो सङ्कल्प छ।

हामी इतिहासका यी भूमिकाप्रति गर्व गर्छौं।

# ९.
# समाजवाद

## सिद्धान्त र अभ्यास

समाजवाद मानव जातिको युगौँ पुरानो सपना हो। 'समाजवाद' शब्दको प्रयोग उन्नाइसौं शताब्दीबाट थालिएको भए पनि यसमा अन्तरनिहित भाव अर्थात् समानता, अविभेद, सबैका लागि सुख, सबैका लागि समृद्धि जस्ता अवधारणाहरू भने मानव जातिले हजारौँ वर्षदेखि अगाडि बढाउँदै आएको छ। हाम्रै भूभागमा पनि, 'बसुधैव कुटुम्बकम्', 'सर्वे भवन्तु सुखिन सर्वे सन्तु निरामया', 'सङ्गच्छध्वं सं वदध्वं, सं वो मनांसि जानताम्' तथा 'समानो मन्त्रः समितिः समानी समानं मनः सह चित्तमेषाम्' जस्ता सूक्तहरूमा यी भाव प्रकट हुँदै आएका छन्। गौतम बुद्धको सङ्घ सम्बन्धी अवधारणा, अपरिग्रह र अष्टाङ्ग मार्गमा पनि यसका प्रारम्भिक बिजहरू खोज्न सकिन्छ। यद्यपि, यी अवधारणा र कल्पनामा मात्रै विभेदरहित, समानतायुक्त र सुखी समाजका परिदृश्यहरू थिए। ती उद्देश्यलाई हासिल गर्ने वैज्ञानिक चिन्तन र त्यसका लागि उचित मार्गको खोजी त्यतिबेलाको सन्दर्भमा संभव पनि थिएन।

पन्ध्रौँ शताब्दीमा आइपुग्दा थोमस मुर जस्ता चिन्तकहरूले यस्तो समाजको सविस्तार चरित्र–चित्रण गरे। उन्नाइसौँ शताब्दीमा रोबर्ट ओवेनले सहकारीका माध्यमबाट यसको प्रयोग गरे, सफल हुन भने सकेनन्। फ्रान्सका सेन्ट सिमोन, प्रुधोँ र चाल्र्स फुरिये तथा बेलायतका जोन स्टुआर्ट मिल लगायतले पनि समाजवादको अवधारणालाई मूर्त रूप दिने कोशिस गरे। तर उनीहरू कसैले पनि समाजको

ऐतिहासिक विकासक्रम, उत्पादन पद्धति र वर्ग सङ्घर्षको अनिवार्य विकासको परिणामका रूपमा समाजवादको व्याख्या गर्न सकेनन्। उनीहरू काल्पनिक समाजवादी थिए।

समाजवादलाई कुनै कल्पना लोकको विषय या अमूर्त सपना होइन, मानव जातिको अनिवार्य गन्तव्यका रूपमा परिभाषित गर्ने र त्यसलाई प्राप्त गर्न वैज्ञानिक बाटो देखाउने कामको श्रेय कार्ल मार्क्स र उनका सहयोद्धा फ्रेडरिक एङ्गेल्सलाई जान्छ। श्रमजीवी वर्गको मुक्तिका लागि मार्क्सले प्रतिपादन गरेको वैज्ञानिक समाजवादको सिद्धान्तले उन्नाइसौं र बिसौं शताव्दीमा विश्व राजनीतिलाई व्यापक रूपमा प्रभावित र रूपान्तरित गरेको छ। आर्थिक बिषमता अझ फराकिलो र विश्व पुँजीवादी सङ्कट अझ गहिरिंदै गरेको एक्काइसौं शताव्दीमा मार्क्सका सिद्धान्त अझ बढी सान्दर्भिक बनिरहेका छन्।

अक्टोबर समाजवादी क्रान्तिले मानव जातिले युगौंदेखि सँगालेको समाजवादी सपनालाई मूर्त रूप दिने कामको थालनी गऱ्यो। त्यस क्रान्तिपछि विश्वको राजनीतिक शक्ति सन्तुलनमा परिवर्तन आयो र श्रमजीवी वर्गले पहिलोपल्ट राज्यसत्ताको नेतृत्व गर्ने अवसर पायो। शिक्षा, स्वास्थ्य, खेलकुद, मनोरञ्जन, मानव गरिमा र अधिकारका क्षेत्रमा समाजवादले जुन उपलव्धि दियो, ती अविस्मरणीय छन्। समाजवादले स्थापना गरेका यिनै मानवमूल्यहरू हुन्, जसले नाफा बाहेक केही नसोच्ने पुँजीवादलाई पनि सुधारका देखावटी कदम चाल्न र मानवीय चेहरा भिर्न वाध्य पाऱ्यो। अक्टोबर क्रान्तिले अजेय जस्तो देखिने विश्व पुँजीवादमाथि विजय संभव छ, श्रमजीवी वर्गको पक्षमा नयाँ संसार निर्माण संभव छ भन्ने तथ्य स्थापित गभन्ने तथ्य स्थापित गऱ्यो। विभिन्न कारणले संसारको पहिलो समाजवादी सत्ता ढल्न पुगे पनि अक्टोबर क्रान्तिले रेखाङ्कन गरेको नयाँ समाजवादी भविष्य र त्यसले छाडेका दूरगामी छापहरू जीवन्त छन्।

त्यस यता चीन, भियतनाम, क्युबा जस्ता देशहरूले आ–आफ्नो विशिष्टतामा समाजवादको विकास गरिरहेका छन्। सुरुवाती दिनहरूमा संसारभर क्रान्ति एकै

*श्रमजीवी वर्गको मुक्तिका लागि मार्क्सले प्रतिपादन गरेको वैज्ञानिक समाजवादको सिद्धान्तले उन्नाइसौं र बिसौं शताब्दीमा विश्व राजनीतिलाई व्यापक रूपमा प्रभावित र रूपान्तरित गरेको छ। आर्थिक बिषमता अझ फराकिलो र विश्व पुँजीवादी सङ्कट अझ गहिरिँदै गरेको एक्काइसौं शताब्दीमा मार्क्सका सिद्धान्त अझ बढी सान्दर्भिक बनिरहेका छन्।*

किसिमले र समाजवादको निर्माण पनि एकै ढाँचामा हुने अनुमान गरिए पनि बिसौँ शताब्दीको उत्तरार्धमा आइपुग्दा समाजवाद निर्माणको बाटो र यसको ढाँचा सम्बन्धित मुलुकको विशिष्टता अनुरूप फरक प्रकृतिको, राष्ट्रिय विशेषता सहितको र मौलिक हुने निष्कर्षमा पुगिएको छ ।

समाजवाद निर्माणका केही सफल र केही असफल दृष्टान्तहरूले हामीलाई एकातिर समाजवादप्रतिको विश्वासलाई थप सुदृढ गर्न मद्दत गर्छन् भने अर्कोतिर यिनलाई आफ्नै मौलिकतामा विकास गर्न घच्घच्याउँछन् ।

सोभियत सङ्घः तत्कालीन रुस (पछि सोभियत सङ्घ) मा अक्टोबर क्रान्ति लगत्तै समाजवाद निर्माणका प्रारम्भिक प्रयास सुरु गरिएका थिए। लेनिनले नयाँ आर्थिक नीति मार्फत् मिश्रित र खुकुलो आर्थिक प्रणाली लागू गर्ने प्रयास गरे। तर गृह युद्ध र नवोदित सोभियत सङ्घमाथि साम्राज्यवादी शक्तिहरूको आक्रमणका कारण त्यो नीति लामो समयसम्म कायम रहन सकेन। त्यसपछि सोभियत सङ्घमा योजनाबद्ध रूपमा समाजवादी अर्थतन्त्र निर्माणका कदमहरू सुरु गरिए, जसका मुख्य विशेषता र उपलब्धिहरू थिए–केन्द्रीकृत योजना, तीव्र औद्योगीकरण र विद्युतीकरण (जसले तीन दशकको छोटो अवधिभित्रै मुलुकलाई पछयौटे कृषि अर्थतन्त्रबाट बलियो औद्योगिक अर्थतन्त्रमा रूपान्तरित गऱ्यो), सर्वव्यापी साक्षरता (जसले अनिवार्य शिक्षा मार्फत् छोटो अवधिमै पूर्ण साक्षरताको लक्ष्य हासिल गर्न सघायो), निशुल्क

स्वास्थ्य सेवा (जसले नागरिकहरूको जीवनमा गुणात्मक प्रभाव पाऱ्यो), कृषिको सामूहिकीकरण (जसले प्रारम्भिक दशकमा भोकभरिको अन्त्य र खाद्य सुरक्षाको प्रत्याभूति गऱ्यो), विज्ञान प्रविधिको विकास (राज्यको योजनाबद्ध लगानी र अगुवाइका कारण सोभियत सङ्घ अन्तरिक्षमा मानव पठाउने पहिलो मुलुक बन्न र विज्ञानका धेरै विधामा अग्रणी बन्न सफल भयो), महिला अधिकार र सशक्तीकरण (जसका माध्यमबाट महिला मताधिकार, महिला शिक्षा र योजनाबद्ध रूपमा महिलाको नेतृत्वको विकास गरियो), आवासको हक आदि। दोस्रो विश्वयुद्ध ताका आफ्ना पौने ३ करोड नागरिकको बलिदान गरेर भए पनि फासिवादलाई पराजित गर्न सोभियत सङ्घले खेलेको भूमिका इतिहासको अविष्मरणीय तथ्यका रूपमा रहेको छ। अक्टोबर क्रान्ति र सोभियत सङ्घको भूमिकाले विश्वमा औपनिवेशिक प्रणालीको अन्त्य गर्न र तेस्रो विश्वका धेरै देशहरूलाई स्वतन्त्र र स्वाधीन बनाउन ऐतिहासिक भूमिका खेले।

तर समयक्रममा सोभियत ढाँचाको समाजवादी प्रणाली जडता, यथास्थिति र नोकरशाही प्रणालीका कारण सङ्कटग्रस्त बन्दै गयो। खास ऐतिहासिक समयसीमाले निर्माण गरेको एकदलीय प्रणालीका कारण आन्तरिक लोकतन्त्र साँघुरिँदै गयो। पार्टीभित्र फरक मतमाथि अनावश्यक शङ्का, निषेध र दमन बढ्दै गयो। आजीवन तथा गतिहीन नेतृत्व जस्ता समस्याले सङ्कटलाई सघन बनाउँदै लगे। एक अवस्थामा तीव्र औद्योगीकरण तथा कृषिको आधुनिकीकरणका लागि प्रयोग गरिएका राष्ट्रियकरण, सामूहिकीकरण र कम्युनहरू श्रम प्रोत्साहनको अभावमा उत्पादकत्वका बाधक बन्न पुगे। त्यसमाथि, आफूले धान्नै नसक्ने गरी रक्षा खर्च बढाउनु, बाह्य मुलुकहरूमा हस्तक्षेप गर्नु र अमेरिकासँगको तीव्र सैन्य प्रतिष्पर्धा आदिले सोभियत राजनीति, राजनीतिक प्रणाली र अर्थतन्त्रलाई धक्का दिए। अन्तिम अवस्थामा गरिएका सुधार र पुनर्संरचनाका प्रयास सफल हुनुको साटो सोभियत सङ्घको विघटन र सोभियत शासन सत्ताक असफलताका कारक बन्न पुगे। यसरी ७३ वर्षपछि संसारको पहिलो समाजवादी मुलुक धराशायी भयो। विश्व राजनीतिको नक्सा नै नकारात्मक ढङ्गले बदलियो।

*दोस्रो विश्वयुद्ध ताका आफ्ना पौने ३ करोड नागरिकको बलिदान गरेर भए पनि फासिवादलाई पराजित गर्न सोभियत सङ्घले खेलेको भूमिका इतिहासको अविष्मरणीय तथ्यका रूपमा रहेको छ। अक्टोबर क्रान्ति र सोभियत सङ्घको भूमिकाले विश्वमा औपनिवेशिक प्रणालीको अन्त्य गर्न र तेस्रो विश्वका धेरै देशहरूलाई स्वतन्त्र र स्वाधीन बनाउन ऐतिहासिक भूमिका खेले।*

सोभियत ढाँचाको असफलताबाट सिक्नु पर्ने नकारात्मक शिक्षाहरू पनि पर्याप्त छन्। तर सोभियत समाजवादले विश्व मानवतालाई दिएका उपलब्धिहरू प्रेरक र अविस्मरणीय छन्। नेपालमा समाजवादको निर्माणको छलफल गरिरहेको वर्तमान सन्दर्भमा हाम्रा लागि सोभियत समाजवादका सकारात्मक र नकारात्मक दुबै शिक्षाहरू सान्दर्भिक हुनेछन्।

चीनः १९४९ मा सम्पन्न जनवादी क्रान्ति पश्चात् चीनले १९५६ मा समाजवादमा प्रवेश गरेको घोषणा गर्‍यो। समाजवादमा प्रवेशको तुलनात्मक हतारो र यस सम्बन्धमा लिइएका केही अतिवादी गल्तीहरूले केही क्षति पुर्‍याए पनि त्यस अवधिमा पूर्वाधार निर्माण, कृषिको रूपान्तरण, भोकमरीबाट मुक्ति, शिक्षा र स्वास्थ्य जस्ता आधारभूत सेवाहरूको विस्तारमा चीनले सफलता प्राप्त गर्‍यो। तङ श्याओफिङको नेतृत्वमा अवलम्बन गरिएका सुधार र खुलापनका नीतिहरूले चीनलाई आधुनिकीकरणको बाटोमा अगाडि बढाउन निर्णायक भूमिका खेले। त्यसपछिका नेताहरूले पनि चिनियाँ विशेषता सहितको समाजवाद निर्माणको बाटोमा तीव्र रूपले अगाडि बढाए। आज सि चिनफिङको नेतृत्वमा चीन ‘दुई शताब्दी लक्ष्य’ हासिल गर्न चामत्कारिक प्रगति गर्दै अगाडि बढिरहेको छ। चीनलाई मध्यम रूपमा विकसित समाजवादी मुलुक बनाउने पहिलो लक्ष्य हासिल भइसकेको छ भने चीनको पुनरोदयको अर्को लक्ष्य हासिल गर्ने दिशामा चिनियाँहरू अगाडि बढिरहेका छन्।

चिनियाँ समाजवादले गएको ७० वर्षमा हासिल गरेका उपलव्धिहरूलाई यसरी उल्लेख गर्न सकिन्छ– ८५ करोडभन्दा बढी मानिसहरूलाई छोटो समयावधिभित्रै गरिबीबाट मुक्त गर्दै विश्वमै गरिबी अन्त्य गर्ने लक्ष्यमा असाधारण योगदान गर्नु, १९४९ मा ३८ वर्ष रहेको औसत आयुलाई ७८ वर्ष पुऱ्याउँदै नागरिकको जीवनमा गुणात्मक सुधार ल्याउनु, क्रान्ति पूर्व २० प्रतिशतभन्दा तल रहेको साक्षरतालाई ९९.८ प्रतिशत पुऱ्याउनु, एउटा पछयौटे कृषि अर्थतन्त्र भएको मुलुकलाई आधुनिक औद्योगिक मुलुक र विश्वको उत्पादन पावर हाउसमा रूपान्तरित गर्नु, भोकमरी र कुपोषण जस्ता इतिहासका कटु पीडालाई अन्त्य गर्दै गुणात्मक खाद्य सुरक्षा र पोषण सुरक्षित गर्नु, स्वास्थ्य सेवालाई सर्वव्यापी, सुलभ र प्रभावकारी बनाउनु, अधिकारका रूपमा सर्वव्यापी शिक्षा कार्यान्वयन गर्नु र गुणस्तरीय शिक्षाको विकास गर्नु, चामत्कारिक पूर्वाधारको विकास गर्नु, महिलाको स्तर माथि उठाउनु, समाजमा स्थायित्व कायम गर्नु, पहिले सोभियत सङ्घसँगको द्वन्द्व र अहिले अमेरिकासँगको प्रतिष्पर्धामा मुलुकलाई आत्मनिर्भर बनाउनु र विश्व शान्ति, साना राष्ट्रहरूको न्याय तथा विकास सम्बन्धी अधिकारलाई टेवा पुऱ्याउनु आदि ।

'चिनियाँ विशेषता सहितको समाजवाद' को बाटोमा अगाडि बढ्दै चीनले हासिल गरेका यी उपलव्धि हाम्रा लागि पनि प्रेरणादायी छन्। चीनले आफ्नो प्रभाव र सामर्थ्य जतिसुकै बढे पनि आफूहरूले कहिल्यै अन्य मुलुकका आन्तरिक मामलामा हस्तक्षेप नगर्ने, भौगोलिक महत्वाकाङ्क्षा नराख्ने र आफूहरूबाट कसैलाई असुरक्षित महसुस हुन नदिने प्रतिबद्धता दोहोऱ्याइरहेको छ। सबै खाले जडताबाट मुक्त हुँदै आफ्नो राष्ट्रिय विशेषता अनुरूपको प्रणाली विकास गर्ने र आधुनिकीकरणको अभियानमा इतिहासका गौरवहरूलाई संरक्षित गर्ने चीनका अनुभवहरूबाट सिक्न सकिने धेरै कुराहरू छन्। खास गरी यसले गरिबी निवारणमा प्राप्त गरेका उपलब्धि, अवलम्बन गरेका व्यवहारिक नीतिहरू, समाजवादी प्रणाली र बजार अर्थतन्त्रका नियमहरू बिचको समुचित सन्तुलन, केन्द्रीय योजना मातहत क्रमशः खुकुलोपनको नीति, अन्वेषण र नवप्रवर्तनमा दिइएको जोड, विश्वको शक्ति

*बौद्ध दर्शन र संस्कृतिलाई समाजवादका मूल्यमान्यताहरूसँग आबद्ध गर्दै भियतनाम आफ्नै विशेषतासहितको समाजवाद निर्माणमा लागिरहेको देखिन्छ। सामाजिक समता, महिला सशक्तीकरण र राजनीतिक स्थायित्वका क्षेत्रमा भियतनामले हासिल गरिरहेका उपलब्धिहरू महत्वपूर्ण छन्।*

सन्तुलन अनुसार अवलम्बन गरिएका नीतिहरू, राष्ट्रिय गौरवको पुनर्जागरण आदि उदाहरणीय छन् ।

भियतनामः उत्तर भियतनामले १९४५ मा स्वतन्त्रता प्राप्त गरे पनि दक्षिण भियतनाम भने अमेरिकी नियन्त्रण र आक्रमणबाट १९७५ मा मात्रै मुक्त हुन सक्यो । १९७६ मा उत्तर र दक्षिण भियतनामको एकीकरण भएर 'समाजवादी गणतन्त्र भियतनाम' घोषणा भएपछि गएको ५० वर्षदेखि यस मुलुकले समाजवाद निर्माणको आफ्नै विशिष्ट बाटो अवलम्बन गरिरहेको छ । 'दोई मोई' भनिने सुधार अभियान अन्तरगत झण्डै साढे चार करोड भियतनामीहरूलाई गरिबीबाट मुक्त गरिएको छ । आन्तरिक साधनस्रोतहरूको प्रयोग र वाह्य लगानीमा आकर्षक वृद्धि गर्दै भियतनामले तीव्र आर्थिक वृद्धि हासिल गरेको छ । कृषिको आधुनिकीकरण गर्न सफल भएको छ भने विश्वव्यापी मूल्य शृङ्खलामा आबद्ध हुँदै आधुनिक प्रविधिको उत्पादन र विकास गरिरहेको छ । शिक्षा र स्वास्थ्यमा पनि गुणात्मक सुधार गरेको देखिन्छ । बौद्ध दर्शन र संस्कृतिलाई समाजवादका मूल्यमान्यताहरूसँग आबद्ध गर्दै भियतनाम आफ्नै विशेषतासहितको समाजवाद निर्माणमा लागिरहेको देखिन्छ । सामाजिक समता, महिला सशक्तीकरण र राजनीतिक स्थायित्वका क्षेत्रमा भियतनामले हासिल गरिरहेका उपलब्धिहरू महत्वपूर्ण छन् ।

तीन दशकभन्दा लामो समयसम्म युद्धले जर्जर मुलुकलाई एकीकृत गर्दै छोटो समयमा आफ्नै मौलिकता सहितको समाजवादी प्रणाली विकास गर्नु, खुल्लापन र वाह्य लगानीको वातावरण निर्माण गर्नु र आफ्ना मौलिक सांस्कृतिक विशेषता र पहिचानलाई कायम गर्दै आधुनिकीकरणको बाटोमा अगाडि बढ्न सक्नु जस्ता भियतनामी समाजवादको सफलताको कथा हाम्रा लागि पनि प्रेरक छन्।

क्युबाः लामो समयदेखिको आर्थिक नाकाबन्दी, घेराऊ र असहयोगका बिचमा पनि क्युबाले समाजवाद निर्माणको आफ्नो मौलिक बाटोलाई अगाडि बढाइरहेको छ। असाध्यै प्रतिकूल अवस्थामा पनि निःशुल्क र गुणस्तरीय स्वास्थ्य सेवाको प्रत्याभूति, नर्सरीदेखि विश्वविद्यालयसम्मै निःशुल्क शिक्षा, आर्थिक विषमताको न्यूनीकरण, नागरिकहरूलाई आवासको प्रत्याभूति, भूमिसुधार, महामारी र अन्य सङ्कटमा अन्तर्राष्ट्रिय समुदायलाई स्वास्थ्य क्षेत्रमा सहयोग, मौलिक कृषि विकास तथा खेलकुदका क्षेत्रमा क्युबाले हासिल गरेका उपलब्धि उल्लेख्य छन्। यद्यपि, अमेरिका लगायत विभिन्न मुलुकहरूको नाकाबन्दीका कारण क्युबाको अपेक्षित आर्थिक वृद्धि हुन सकेको देखिँदैन।

प्रतिकूल विश्व परिस्थितिमा समाजवाद सामु असहयोग र वाह्य हस्तक्षेपका चुनौतीहरू टड्कारो देखिन्छन्। लोकतन्त्रको एउटै सर्वमान्य ढाँचा हुन सक्दैन र सबैभन्दा महत्वपूर्ण विषय भनेको जनताको जीवनस्तरमा सुधार र जनताको सन्तुष्टिको दायरा विस्तार गर्नु हो। अनेकौँ चुनौतीका बिचमा पनि समाजवादी मुलुकहरूले यस दिशामा उल्लेख्य सफलता हासिल गरेका छन्।

समाजवादी व्यवस्था अवलम्बन गरेका यी मुलुकहरूका अलावा सामाजिक जनवादी प्रणाली अवलम्बन गरेका स्क्यान्डेनेभियन मुलुकहरू र एक हदसम्म जर्मनीका कतिपय उपलब्धि पनि हाम्रा लागि सान्दर्भिक हुन सक्छन्। बहुदलीय प्रतिष्पर्धात्मक लोकतान्त्रिक प्रणाली र बजारको केन्द्रीय भूमिकाका बिचमा यी मुलुकहरूले तीव्र औद्योगीकरण गरेका छन्। गरिबी निवारणमा उल्लेख्य सफलता हासिल गरेका छन्। र, नागरिकहरूलाई सुलभ शिक्षा, स्वास्थ्य, आवास तथा

*प्रतिकूल विश्व परिस्थितिमा समाजवाद सामु असहयोग र वाह्य हस्तक्षेपका चुनौतीहरू टड्कारो देखिन्छन्। लोकतन्त्रको एउटै सर्वमान्य ढाँचा हुन सक्दैन र सबैभन्दा महत्वपूर्ण विषय भनेको जनताको जीवनस्तरमा सुधार र जनताको सन्तुष्टिको दायरा विस्तार गर्नु हो।*

सन्तुलित पर्यावरण प्रदान गरेका छन्। लैङ्गिक सशक्तीकरण एवं सामाजिक न्याय र मानव अधिकारका क्षेत्रमा यी मुलुकहरूले हासिल गरेका उपलब्धि पनि महत्वपूर्ण छन्। हामीले समाजवाद निर्माणको मौलिक बाटो तर्जुमा गरिरहँदा सान्दर्भिक र काम लाग्न सक्ने अनुभवहरू अन्य मुलुकहरूबाट पनि ग्रहण गर्नुपर्छ।

# १०.
# कार्यक्रम

नेपाली कम्युनिष्ट आन्दोलनमा नेपालमा सम्पन्न गरिने जनवादी क्रान्ति, त्यसको कार्यक्रम र समाजवादको लक्ष्यका बारेमा निरन्तर विमर्श, विश्लेषण र संश्लेषण हुँदै आएको छ । छलफलका क्रममा यस सम्बन्धी विचारहरू निरन्तर परिष्कृत र उन्नत बन्दै आएका छन् । आजका हाम्रा समुन्नत निष्कर्षमा तिनै विमर्शहरूको लामो शृङ्खलाको योगदान छ ।

**'नवप्रजातन्त्र'**

कम्युनिष्ट घोषणापत्रको नेपाली अनुवादको भूमिकामा पुष्पलालले घोषणापत्रलाई नेपालमा कार्यान्वयन गर्नु पर्ने र मजदुर वर्गले कम्युनिज्मको बाटो अपनाउनु पर्ने कुरामा जोड दिनुभएको थियो । उहाँले १८४८ को युरोपेली मजदुर वर्गको अवस्था, घोषणापत्रको ऐतिहासिकता, पुँजीवादपछि समाजवाद र साम्यवाद आउनै पर्ने ऐतिहासिक खाँचो, रुसी बोल्सेभिक पार्टीको नेतृत्वमा सम्पन्न क्रान्ति र त्यसको महत्व एवं पूर्वी युरोप र दक्षिण पूर्वी एसियाका देशहरू नवप्रजातन्त्र स्थापना गरी समाजवादतिर लम्किँदै गरेको अवस्थाको चित्रण गर्नुभएको थियो । समाजवादले अर्द्ध उपनिवेश र उपनिवेशका देशहरूलाई सही बाटो देखाएको चर्चा गर्दै तत्कालीन अवस्थामा संसार अमेरिकाको नेतृत्वमा पुँजीपतिहरूको खेमा र रुसको नेतृत्वमा मजदुर किसानहरूको खेमामा विभाजित भएको विश्लेषण गर्नुभएको थियो । 'आज सानै सङ्ख्यामा भए पनि भविष्य चाहिँ उदीयमान मजदुर वर्गकै रहेको' विश्लेषण गर्नुभएको थियो ।

*१५ सेप्टेम्बर १९४९ मा प्रकाशित नेपाल कम्युनिष्ट पार्टीको घोषणापत्रले द्वितीय विश्वयुद्धपछि संसार प्रतिक्रियावादी, साम्राज्यवादी र युद्धवादी र अर्को साम्राज्यवाद विरोधी, जनवादी र शान्तिवादी गरी 'दुई गुटमा बाँडिएको' निष्कर्ष निकालेको थियो।*

नेपाल कम्युनिष्ट पार्टीको पहिलो पर्चाले 'नागरिक स्वतन्त्रता सम्पूर्ण वर्गलाई

नेपाल कम्युनिष्ट पार्टीको पहिलो पर्चाले 'नागरिक स्वतन्त्रता सम्पूर्ण वर्गलाई आवश्यकताः अतः क्रान्तिकारी नागरिक स्वतन्त्रता समिति बनाऊ।' भन्ने शीर्षकमा 'सामन्तवादी शासन व्यवस्थालाई चकनाचुर गर। विदेशी साम्राज्यवाद र भारतीय पुँजीवादको घेरा र प्रभावदेखि अलग होऊ। मजदुर किसानको शासन खडा गर। यस शासनमा धनी, साम्राज्यवादी र प्रतिक्रियावादी दलालहरू बाहेक सबै शोषित जनतालाई हिस्सा देऊ। सोभियत रुस, दक्षिण पूर्व युरोपका नव प्रजातन्त्रहरू र आजाद चीनसँग राजनीतिक सम्बन्ध खडा गर। समाजवादको लक्ष्य राखी शासन चलाऊ। यसैलाई नव प्रजातन्त्र (न्यू डेमोक्रेसी) भन्दछन्।' भन्ने आह्वान गरेको थियो।

१५ सेप्टेम्बर १९४९ मा प्रकाशित नेपाल कम्युनिष्ट पार्टीको घोषणापत्रले द्वितीय विश्वयुद्धपछि संसार प्रतिक्रियावादी, साम्राज्यवादी र युद्धवादी र अर्को साम्राज्यवाद विरोधी, जनवादी र शान्तिवादी गरी 'दुई गुटमा बाँडिएको' निष्कर्ष निकालेको थियो। मजदुर, पसिना चुहाउने किसान र शोषित तथा दलित निम्न मध्यम वर्गलाई प्रतिनिधित्व गर्ने एउटा प्रजातान्त्रिक सरकारको जग बसाउने र जनताको प्रजातान्त्रिक क्रान्तिलाई विजयी बनाउने लक्ष्य उल्लेख गरेको थियो। घोषणापत्रमा समाजवाद बारे खासै चर्चा गरिएको छैन।

**'नयाँ जनवाद'**

प्रथम सम्मेलन (२००८ कोलकाता) ले 'नयाँ जनवादको निम्ति नेपाली जनताको बाटो' नामक दस्ताबेज पारित गऱ्यो, जसमा सात सालको क्रान्तिको विश्लेषण गरिएको छ । यसले सर्वोच्च अधिकार जनतामा रहनु पर्ने, मजदुर किसान र जातीय (राष्ट्रिय) पुँजीपति वर्गको शासन व्यवस्था अर्थात् नयाँ जनवादी व्यवस्था हुनु पर्ने र त्यसले जनताको जनवादी अधिनायकत्व लागू गर्नु पर्ने माग गरिएको छ। प्रत्याह्वानको अधिकारसहितको जननिर्वाचित सभा, १६ वर्षमाथिका सबैलाई बालिग मताधिकार, समानुपातिक प्रतिनिधित्व, स्थानीय र क्षेत्रीय सरकारको स्वशासन, पूर्ण प्रजातान्त्रिक अधिकार, सबैलाई समानता, जातिहरूलाई आत्मनिर्णयको अधिकार, मातृभाषामा शिक्षाको अधिकार, जननिर्वाचित न्यायाधीशहरूको न्याय प्रणाली, पुलिसको सट्टा मिलिसियाको व्यवस्था, किसानलाई जमिनको अधिकार सहित भूमिसुधार र राष्ट्रिय उद्योगहरूको विकासको कार्यक्रम अगाडि सारिएको छ । यसले अन्तर्राष्ट्रिय ऐक्यबद्धता, स्वतन्त्रता, बराबरी र आपसी फाइदाका आधारमा सबै देशहरूसँग सम्बन्ध विकास, भारतसँग मित्रता र सम्बन्ध विस्तार तर हस्तक्षेपको विरोध गर्ने परराष्ट्र नीतिको पक्षपोषण गरेको छ । मार्क्सवादका आधारमा अगाडि बढेर विश्वको आधा हिस्सा मुक्त भइसकेको पृष्ठभूमिमा नेपालले पनि त्यही बाटोमा हिंड्ने अठोट प्रतिवेदनमा गरिएको छ। पार्टीको दोस्रो सम्मेलन (कार्तिक २०१२) ले पनि समाजवादी जनवादी राष्ट्रहरूले साम्राज्यवादी आर्थिक श्रेष्ठतालाई चुनौती दिँदै गरेको विश्लेषणका साथ नेपाली जनताको पनि विजय सुनिश्चित रहेको विश्वास व्यक्त गरेको छ ।

पाटनमा सम्पन्न प्रथम पार्टी महाधिवेशन (२०१०) ले सामन्तवादी एकसत्तात्मक व्यवस्थालाई खतम गर्नु, वालिग मताधिकारका आधारमा विधान सभा डाक्नु, एउटा जनतन्त्रवादी विधान बनाउनु, भूमिसुधार, मजदुर, दस्तकार, मध्यम वर्ग र राष्ट्रिय पुँजीपति वर्गको माग पूरा गर्न जनवादी मोर्चामा आबद्ध गर्नुलाई क्रान्तिको समस्या (अभिभारा ?) का रूपमा विश्लेषण गरेको छ। 'कम्युनिष्ट पार्टी नेपालमा समाजवादको निर्माणको कुरा गर्दैन, किनभने यो अनुभव गर्दछ कि देशको अहिलेको

*दोस्रो महाधिवेशनले मुलुकमा तीन खाले शक्ति– पुनरुत्थानवादी (गोर्खा दल), प्रजातन्त्रवादी (नेकाँ, नेराकाँ र प्रजापरिषद्) र कम्युनिष्ट पार्टी रहेको विश्लेषण गर्दै प्रजातान्त्रिक शक्तिहरूको एकताका लागि प्रयत्न गरिरहेको एकमात्र शक्ति कम्युनिष्ट पार्टी हो भन्ने मान्यता अगाडि सारेको थियो।*

परिस्थिति यस्तो कार्यक्रमको निम्ति उपयुक्त छैन। यसकारण ..नेपालमा जनवादी सरकार कायम होस्।....आजको राजनीतिक व्यवस्थामा परिवर्तन होस्..... एकतन्त्रात्मक सरकारका ठाउँमा जनतन्त्रवादी र वैधानिक सरकार कायम होस्।.. जनताको हातमा सार्वभौमसत्ता अर्थात् सर्वाधिकार पार्लियामेन्टमा हुनु पर्ने मान्यता पनि त्यसमा अगाडि सारिएको छ। यसरी प्रथम महाधिवेशनले जनवादी क्रान्ति र समाजवादी क्रान्तिका बिचमा तुलनात्मक रूपमा सही दृष्टिकोण अवलम्बन गरेको देखिन्छ।

तर 'राज्यका प्रधानलाई कुनै विशेष अधिकार नदिइयोस्।' भन्ने प्रावधान राखेर महाधिवेशन संवैधानिक राजतन्त्रको पक्षमा उभिन पुग्यो, जुन कालान्तरमा दक्षिणपन्थी अवसरवादका निम्ति प्रस्थानबिन्दु बन्न पुग्यो।

### पार्टी कार्यक्रममा 'संशोधन' प्रयाश

दोस्रो महाधिवेशनले मुलुकमा तीन खाले शक्ति– पुनरुत्थानवादी (गोर्खा दल), प्रजातन्त्रवादी (नेकाँ, नेराकाँ र प्रजापरिषद्) र कम्युनिष्ट पार्टी रहेको विश्लेषण गर्दै प्रजातान्त्रिक शक्तिहरूको एकताका लागि प्रयत्न गरिरहेको एकमात्र शक्ति कम्युनिष्ट पार्टी हो भन्ने मान्यता अगाडि सारेको थियो।

'देशको पछ्यौटेपनले गर्दा तत्काल नै हाम्रो देशमा समाजवादी क्रान्तिको संभावना रहेको छैन।' भन्ने महाधिवेशनको निष्कर्ष सही नै रहेको भए पनि केशरजङ्ग रायमाझीले पार्टीले त्यतिबेलासम्म अवलम्बन गर्दै आएको कार्यक्रममा संशोधनको प्रस्ताव अगाडि सारे। उनले उक्त कार्यक्रमले तत्काल जनवादी क्रान्ति संभावनाको आशय बोकेको, २००७ सालको क्रान्तिबाट उत्तेजित हुने दिशातर्फ झुक्न गएको, अन्तर्राष्ट्रिय नक्कलबाजीमा डुबेको, मजदुर वर्गको अभावमा सात सालको क्रान्ति असफल भएको गलत निष्कर्ष निकालेको र यही विश्लेषणले गर्दा 'धिराज र मन्त्रीमण्डलको तानातानीबाट उत्पन्न सङ्कटप्रति सजग नभएको' भन्ने टिप्पणी गर्दै प्रथम महाधिवेशनमा स्वीकृत कार्यक्रम, कार्यनीति र विधानमा अव्यवहारिकता र उग्रवादी गल्ती भएको आक्षेप लगाए।

रायमाझीले तत्काल जनवादी क्रान्ति संभव नभएकाले समाजवाद र जनवादको कुरा नगर्ने नीति अगाडि सारे। उनले 'किसान आन्दोलनका अप्रिय तौरतरिकाले हाम्रा मित्रहरूलाई टाढा पुऱ्याएको' टिप्पणी गर्दै जमिन कब्जा या जसको जोत उसको पोतको नाराको ठाउँमा जमिनको स्वामित्वमा हदबन्दीको विषय उठाउनु पर्ने तर्क गरे। महाधिवेशनमा प्रस्तुत 'पार्टी कार्यक्रममा परिवर्तन किन ?' नामक दस्ताबेजमा उनले सात सालको क्रान्तिका उपलब्धिहरूको रक्षाका लागि प्रजातन्त्रवादीहरूसँगको एकजुट गराउनुको साटो त्यस क्रान्तिको गलत व्याख्या गर्दै निकट भविष्यमै जनवादी क्रान्तिको संभावना देख्यो भनेर टिप्पणी गरे। त्यस दस्ताबेजमा उनले 'राजनीतिक सम्मेलनबाट अन्तरिम सरकार बनाई चुनाव गराउने माग ठिकै भए पनि चुनाव गराउने कुरा ओझेलमा र सम्मेलन एवं सरकारको विषय मुख्य बनाएको' टिप्पणी सहित 'जननिर्वाचित न्यायालय, मिलिसिया, जातीय आत्मनिर्णयको अधिकार र भूमिपतिको जमिन जफतको माग पनि गलत भएको' निक्यौल गऱ्यो। दस्ताबेजको निष्कर्ष थियो– आजको स्वेच्छाचारी सत्तालाई पुँजीवादी संसदीय व्यवस्थामा ढाल्नु जनवादी क्रान्तितर्फको एक पाइला हो।' यसले 'राष्ट्रिय उत्थान' का लागि संवैधानिक राजतन्त्रका पक्षधरसँग समेत व्यापक

*२०१९ वैशाखमा सम्पन्न तेस्रो महाधिवेशनले राजाको पञ्चायती प्रजातन्त्रको कार्यक्रमको विरोध गर्दै 'विकासको गैरपुँजीवादी बाटो' र 'राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम' अगाडि सार्‍यो। सर्वशक्ति सम्पन्न सार्वभौम संसदको स्थापना गर्न जनमत तयार गर्ने कार्यनीति पारित गर्‍यो।*

संयुक्त मोर्चा बनाउनु पर्ने आह्वान गर्‍यो। यसरी दोस्रो महाधिवेशनमा आइपुग्दा कम्युनिष्ट पार्टी गंभीर सैद्धान्तिक राजनीतिक विचलनमा फँस्न पुग्यो।

नेकपाले २०१८ साल माघ १२ गते जारी गरेको अपिलमा 'पुस १ गतेको पर्व राजदरबारका षडयन्त्रहरूको पराकाष्टा रहेको बताउँदै राजा सामन्ती स्वार्थका प्रतीक रहेको र संयुक्त जनआन्दोलन नै प्रजातान्त्रिक सङ्घर्षको विजयको ग्यारेन्टी रहेको मान्यता अगाडि सार्‍यो।

अन्तरजोनल सामञ्जस्य समितिले २०१८ फागुन २५ गते पार्टीभित्रका 'राजावादीहरू' ले राजासँग साँठगाँठ, देश र जनताप्रतिको गद्दारी तथा आफ्नो आत्मसमर्पणवादी नीतिमाथि पर्दा हाल्न भ्रम फैलाएको भन्दै पार्टी बचाउन र प्रजातन्त्र स्थापना गर्न आह्वान गर्‍यो।

## 'कुन बाटो' र 'मूल बाटो'

२०१९ वैशाखमा सम्पन्न तेस्रो महाधिवेशनले राजाको पञ्चायती प्रजातन्त्रको कार्यक्रमको विरोध गर्दै 'विकासको गैरपुँजीवादी बाटो' र 'राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम' अगाडि सार्‍यो। सर्वशक्ति सम्पन्न सार्वभौम संसदको स्थापना गर्न जनमत तयार गर्ने कार्यनीति पारित गर्‍यो। राष्ट्रिय प्रजातान्त्रिक कार्यक्रममा 'नेपालमा समाजवादी क्रान्तिका निम्ति भूमि तयार छैन। कारण नेपालमा

औद्योगिक मजदुरको विकास भएको छैन। (त्यसको अभावमा)....समाजवाद कल्पनावाद नै रहनेछ। नेपालमा पुँजीवादी प्रजातन्त्रको जरुरत छैन। समाजवादी प्रजातन्त्र संभव छैन। हाम्रो निम्ति एउटै बाटो हो, राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति। यसले औद्योगिक विकास गरी समाजवादका निम्ति चाहिने भूमि तयार गर्नेछ र हाम्रो देशमा दोस्रो खुड्किलोमा छिटो समाजवादी व्यवस्था स्थापना भइजानेछ।' भन्ने उल्लेख गरिएको थियो। त्यतिबेला चर्किन सुरु भइसकेको चीन–सोभियत सङ्घ विवादका बिच मास्को सम्मेलनको घोषणापत्रलाई आधार बनाएर तयार गरिएको यस कार्यक्रममा नेपाली मौलिकता र विशेषता देख्न सकिँदैन।

तेस्रो महाधिवेशनपछि पार्टीभित्र अन्तरविरोध चर्किँदै गएर २०२२ पछि औपचारिक विभाजन नै भयो। कमरेड पुष्पलालले जेठ २०२५ मा तेस्रो सम्मेलन आयोजना गर्नुभयो। सम्मेलनले 'नयाँ जनवादी कार्यक्रम (नेपाली क्रान्तिको एकमात्र मूलबाटो)' नामक दस्ताबेज पारित गऱ्यो। दस्ताबेजमा नेपाली समाज र तत्कालीन युगको विश्लेषण गरिएको छ। नेपाली क्रान्तिका दुई कार्यभार– सामन्ती शोषण र त्यसको रक्षक निरङ्कुश राजतन्त्र र पञ्चायतको अन्त्य गर्नु अनि विदेशी एकाधिकार पुँजीवादको अन्त्य गर्नु निर्दिष्ट गरिएको छ। यो सर्वहारा क्रान्ति नभई सबै वर्गको सहयोगमा सञ्चालन हुने पुँजीवादी जनवादी क्रान्ति रहेको निष्कर्ष सहित नेतृत्व सर्वहारा वर्गले गर्ने र मजदुर किसान एकतामा आधारित हुने विश्लेषण गरिएको छ। यसले समाजवादमा सङ्क्रमणको पृष्ठभूमि निर्माण गर्ने विश्लेषण सहित यसले अवलम्बन गर्ने जनवादी गणतन्त्र न युरोपको जस्तो, न समाजवादको जस्तो हुने निष्कर्ष निकालिएको छ। दस्ताबेजमा रणनीति, कार्यनीति, संयुक्त मोर्चा आदिबारे तुलनात्मक व्यवस्थित प्रस्तुति गरिएको छ। वर्तमान क्रान्तिकारी लक्ष्य नयाँ जनवाद र अन्तिम लक्ष्य समाजवाद र साम्यवाद निर्धारण गरिएको छ।

**'बहुदलीय जनवादी शासन प्रणाली'**

तेस्रो महाधिवेशनपछि विभाजन, विखण्डन र विघटनको सँघारमा पुगेको कम्युनिष्ट आन्दोलनलाई नयाँ सिराबाट पुनर्गठन गर्ने क्रममा झापा विद्रोह, कोके गठन, मुक्ति

*नेकपा (माले) ले २०४६ भदौमा नेकपाको चौथो महाधिवेशन आयोजना गर्‍यो। यस महाधिवेशनबाट कमरेड मदन भण्डारीको प्रस्तावमा नेपाली क्रान्तिको विशिष्ट कार्यक्रम पारित गर्दै इतिहासमा पहिलो पल्ट 'बहुदलीय जनवादी शासन प्रणाली स्थापना गर्ने' सङ्कल्प गरिएको थियो। यो निष्कर्ष आफैमा ऐतिहासिक महत्वको थियो।*

मोर्चा लगायत विभिन्न क्रान्तिकारी समूहसँग एकीकरण र २०३५ मा नेकपा (माले) गठन हुनु एउटा नयाँ परिघटना थियो । सुरुमा वाह्य प्रभावका कारण उग्रवामपन्थी गल्तीको प्रक्रियाबाट गुज्रेको यस धारले क्रमशः आफ्ना त्रुटिहरू सच्याउँदै नेपाली क्रान्तिको सिद्धान्त, नीति र मौलिक कार्यक्रमको अन्वेषण गर्न कष्टसाध्य प्रयास अगाडि बढायो । नेकपा (माले) नेपाली कम्युनिष्ट आन्दोलनको मूल धार र नेपाली राजनीतिकै एउटा जबर्जस्त शक्तिका रूपमा उदायो ।

नेकपा (माले) ले २०४६ भदौमा नेकपाको चौथो महाधिवेशन आयोजना गर्‍यो ।

यस महाधिवेशनबाट कमरेड मदन भण्डारीको प्रस्तावमा नेपाली क्रान्तिको विशिष्ट कार्यक्रम पारित गर्दै इतिहासमा पहिलो पल्ट 'बहुदलीय जनवादी शासन प्रणाली स्थापना गर्ने' सङ्कल्प गरिएको थियो । यो निष्कर्ष आफैमा ऐतिहासिक महत्वको थियो। यो पार्टीमा २०३७ सालदेखि सञ्चालित विचारधारात्मक बहसको वस्तुनिष्ठ संश्लेषण तथा सही निष्कर्ष थियो। यसले नेपाली क्रान्तिको आफ्नै मौलिक, सिर्जनात्मक तथा विशिष्ट बाटोको दिशानिर्देश गरेको थियो ।

**जनताको बहुदलीय जनवाद**

चौथो महाधिवेशनको यसै निष्कर्षलाई अझ मूर्त, व्यापक र सैद्धान्तिकीकृत गर्दै २०४९ सालमा सम्पन्न पाँचौं राष्ट्रिय महाधिवेशनबाट मदन भण्डारीको नेतृत्वमा

नेपाली क्रान्तिको मौलिक कार्यक्रमका रूपमा 'जनताको बहुदलीय जनवाद' पारित भयो, जुन आज नेपाली विशिष्टतामा मार्क्सवादको सिर्जनात्मक प्रयोग तथा नेपाली क्रान्तिको मौलिक सिद्धान्तका रूपमा स्थापित छ। त्यस अगाडि सम्पन्न नेकपा (एमाले) र नेकपा (मार्क्सवादी) बिचको पार्टी एकता घोषणापत्रमा पनि जनवादी व्यवस्था अन्तरगत बहुदलीय प्रतिष्पर्धाको बाटोको उल्लेख गरिएको थियो। सोभियत मोडेल समाजवादको असफलताको अर्थ मार्क्सवादको असफलता होइन, बरु यो खास ढाँचाको असफलता हो भन्ने निष्कर्षका साथ महाधिवेशनले मार्क्सवादको सान्दर्भिकताको पुनर्पुष्टि गर्‍यो। पुँजीवादसँग वर्तमान सङ्कटको कुनै समाधान नरहेको निष्कर्षका साथ समाजवादको अवश्यंभावी विजयप्रति आफ्नो विश्वास दोहोर्‍यायो। कम्युनिष्ट पार्टीले प्रतिष्पर्धाका माध्यमबाट आफ्नो श्रेष्ठता प्रमाणित गर्नु पर्ने, अन्य शक्तिहरूलाई संवैधानिक ढाँचाभित्र सञ्चालन गर्न दिनु पर्ने, जनवादी व्यवस्थामा लोकतान्त्रिक मूल्यहरू समावेश गरिनुपर्ने र समाजवादी लोकतन्त्र पुँजीवादीभन्दा उत्कृष्ट हुने गरी विकास गर्नु पर्ने विषयमा जबजले जोड दिएको छ। सङ्घर्षको हिंसात्मक बाटो सिद्धान्त वा विश्वव्यापी सत्य होइन भन्ने निष्कर्ष निकालेको छ र जनताको जनवादी राज्यको नयाँ मान्यता अगाडि सारेको छ। यसरी, नेकपा (एमाले) ले मार्क्सवादमा आधारित आफ्नो मौलिक वैचारिकी विकास गर्‍यो। जबजले नेपाली कम्युनिष्ट आन्दोलनमा व्याप्त प्रश्नहरूको सही जवाफ दिएको छ र अन्य कम्युनिष्ट र वामपन्थी दलहरूको पनि ध्यान आकर्षित गरेको छ।

गएका ३० वर्षका व्यवहारिक परीक्षणका क्रममा यस सिद्धान्तको सच्चाइ बारम्बार पुष्टि भएको छ र यसले नेपाली कम्युनिष्ट आन्दोलनलाई मात्रै होइन, सिङ्गो नेपाली समाजलाई सही दिशाबोध र मार्गदर्शन गरेको छ।

पाँचौँ महाधिवेशनको निष्कर्ष छ– नेकपा (एमाले) नेपालका सर्वहारा श्रमजीवी वर्गको राजनीतिक पार्टी हो। यसले नेपालमा गरिबी, अभाव र सबै प्रकारका शोषण र असमानताहरूलाई अन्त्य गरी प्रगतिशील, विकसित, सम्पन्न र समृद्ध

*२०५४ मा सम्पन्न छैटौँ महाधिवेशनले जबजलाई पुनर्पुष्टि गर्दै '..जबज नेपाली क्रान्तिको सिद्धान्तका रूपमा स्थापित भएको छ र कार्यक्रम एवं कार्यनीति निर्धारण गर्ने मूल आधार बनेको छ।.. यसले हाम्रो दैनन्दिन चिन्तन प्रणाली, विचार र व्यवहारलाई समेत मार्गदर्शन गरिरहेको छ।' भन्ने निष्कर्ष निकाल्यो।*

समाजको निर्माण गर्न चाहन्छ। त्यसका निम्ति वैज्ञानिक समाजवाद र साम्यवाद नै त्यो उच्चतम लक्ष्य हो भन्ने दृढ विश्वास राख्दछ। समाजवाद र साम्यवादलाई आफ्नो अधिकतम र अन्तिम लक्ष्यका रूपमा स्वीकार गरेर त्यसको प्राप्तिका निम्ति निरन्तर लागिरहने अठोट व्यक्त गर्दछ।.....तर देशको औद्योगीकरण र समाजको पर्याप्त भौतिक विकास बिना योग्यता अनुसारको काम र काम अनुसारको दाम' दिने समाजवादी समाजको निर्माण गर्न सकिन्न।.....त्यसकारण हाम्रो वर्तमान क्रान्तिको सामाजिक आर्थिक चरित्र पुँजीवादी जनवाद हो, हाम्रो लक्ष्य जनताको जनवादी व्यवस्था स्थापना गर्नु हो। यो पहिलो काम पूरा गरेर मात्र हामी समाजवादका निम्ति अघि बढ्न सक्छौँ।

यसका आधारमा राज्य व्यवस्था, शासन प्रणाली, आर्थिक व्यवस्था, संस्कृति र शिक्षा, जाति, भाषा र धर्म, स्वास्थ्य, महिला, सामाजिक सुधार, न्याय, प्रशासन, प्रवासी, विदेश सम्बन्ध, सेना, भूपू सैनिक, खेलकुद सहितका कार्यक्रम अगाडि सारिएको थियो। जनताको बहुदलीय जनवादका १४ विशेषतालाई सूत्रबद्ध गरिएको थियो।

२०५४ मा सम्पन्न छैटौँ महाधिवेशनले जबजलाई पुनर्पुष्टि गर्दै '...जबज नेपाली क्रान्तिको सिद्धान्तका रूपमा स्थापित भएको छ र कार्यक्रम एवं कार्यनीति निर्धारण

गर्ने मूल आधार बनेको छ।.. यसले हाम्रो दैनन्दिन चिन्तन प्रणाली, विचार र व्यवहारलाई समेत मार्गदर्शन गरिरहेको छ।' भन्ने निष्कर्ष निकाल्यो।

२०५९ मा सम्पन्न सातौँ महाधिवेशनले पनि पाँचौँ महाधिवेशनका कार्यक्रमिक निष्कर्षहरूको पुनर्पुष्टि र निरन्तरता दिँदै 'जबज मार्क्सवादलाई नेपाली समाजमा सिर्जनात्मक ढङ्गले प्रयोग गर्ने क्रममा विकसित भएको मौलिक सिद्धान्त हो' भन्ने मान्यतालाई दोहोऱ्यायो।

तर राजतन्त्रले निरङ्कुश यात्रा सुरु गरिसकेको पृष्ठभूमिमा 'राजतन्त्रको पारदर्शिता र प्रजातान्त्रिकरण आजको ज्वलन्त विषय बन्न पुगेको' भन्ने सातौँ महाधिवेशनको निष्कर्ष भने फितलो र दिशाविहीन रहन पुग्यो।

२०६५ मा सम्पन्न पार्टीको आठौँ राष्ट्रिय महाधिवेशनले २०६२/६३ को परिवर्तनलाई नेपालमा मौलिक पुँजीवादी जनवादी क्रान्ति भनेर विश्लेषण गऱ्यो र विधिवत् रूपमा जबजलाई मार्गदर्शक सिद्धान्तका रूपमा घोषणा गऱ्यो। महाधिवेशनको राजनीतिक प्रतिवेदनमा जबज किन मार्गदर्शक सिद्धान्त हो भन्ने पुष्टि गर्ने गरी २३ सैद्धान्तिक आधार प्रस्तुत गरिएका छन्। यसै महाधिवेशनबाट जबजको अवधारणामाथि आधारित पार्टी जीवनको लोकतान्त्रिकरण सम्बन्धी प्रस्ताव पारित र कार्यान्वयन गरियो।

२०७१ असार–साउनमा सम्पन्न पार्टीको नवौँ राष्ट्रिय महाधिवेशनले २०६२/६३ को क्रान्तिलाई मौलिक ढङ्गले सम्पन्न पुँजीवादी– जनवादी क्रान्तिका रूपमा विश्लेषण गर्दै नेपाली समाज प्रारम्भिक पुँजीवादी चरणमा प्रवेश गरेको निष्कर्ष निकाल्यो। दुई दशकको व्यवहारले जनताको बहुदलीय जनवादको सान्दर्भिकता र सहीपनालाई अकाट्य ढङ्गले पुष्टि गरेको संश्लेषण गऱ्यो। क्रान्तिको राजनीतिक अभिभारा एक हदसम्म पूरा भएको भए पनि सामाजिक–आर्थिक रूपान्तरणको काम भने बाँकी नै रहेको निष्कर्षका साथ सामाजिक–आर्थिक रूपान्तरणलाई केन्द्रबिन्दुमा राखी जनताको बहुदलीय जनवादको ठोस कार्यक्रम अगाडि साऱ्यो।

*२०७१ असार–साउनमा सम्पन्न पार्टीको नवौँ राष्ट्रिय महाधिवेशनले २०६२/६३ को क्रान्तिलाई मौलिक ढङ्गले सम्पन्न पुँजीवादी–जनवादी क्रान्तिका रूपमा विश्लेषण गर्दै नेपाली समाज प्रारम्भिक पुँजीवादी चरणमा प्रवेश गरेको निष्कर्ष निकाल्यो। दुई दशकको व्यवहारले जनताको बहुदलीय जनवादको सान्दर्भिकता र सहीपनालाई अकाट्य ढङ्गले पुष्टि गरेको संश्लेषण गर्‍यो।*

यसमा मूलतः सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत र सुदृढ गर्दै राजनीतिक क्रान्तिलाई पूर्णता दिने, संविधानसभाबाट प्रगतिशील अन्तरवस्तुसहितको संविधान निर्माण गर्ने, जनवादी व्यवस्थाको सुदृढीकरण गर्दै राज्यमा श्रमजीवी वर्गको पहुँच विस्तार गर्दै लग्ने कुरा उल्लेख गरिएको छ। संविधान निर्माणका अन्तरवस्तु स्पष्ट रूपमा रेखाङ्कन गर्दै महाधिवेशनले राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रमा गरिने कामहरूलाई सूत्रबद्ध गरेको छ। त्यसै गरी सङ्घीयता र स्थानीय स्वशासन एवं सामाजिक–सांस्कृतिक रूपान्तरणका क्षेत्रमा गर्ने कामहरूको पनि व्यवस्थित प्रस्ताव अगाडि सारेको छ।

### ‘समाजवाद उन्मुख जनताको जनवाद’

नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) बिच एकीकरण भएर २०७५ जेठ ३ गते नेकपा बनेपछि पारित राजनीतिक प्रतिवेदनले ‘समाजवाद उन्मुख जनताको जनवाद’ लाई कार्यक्रमका रूपमा पारित गर्‍यो। यसले ‘२०६२/६३ को जनक्रान्ति र त्यसका उपलव्धिहरूलाई संस्थागत गर्ने संविधान निर्माणसँगै नेपालको जनवादी क्रान्ति राजनीतिक रूपमा मूलतः सम्पन्न भएको’ निष्कर्ष निकाल्यो। यस तथ्यलाई पुष्टि गर्ने आधारमा रूपमा प्रतिवेदनमा सामन्तवादको प्रतिनिधि संस्थाका रूपमा शदियौंदेखि कायम रहेको राजतन्त्रको अन्त्य र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना, जनतामा निहित सार्वभौमसत्ताको संवैधानिक प्रत्याभूति, सामाजिक

न्यायसहितको समावेशी लोकतान्त्रिक प्रणाली, राज्य र अर्थतन्त्रको चरित्र समाजवाद–उन्मुख हुने संवैधानिक प्रबन्ध जस्ता विषयहरूलाई उल्लेख गरिएको छ। प्रतिवेदनले नेपाली जनवादी क्रान्ति प्रक्रिया र सारतत्व दुवै हिसाबले मौलिक रहेको पनि विश्लेषण गरेको छ।

जनताको बहुदलीय जनवादका अन्तरवस्तुहरू आत्मसात गरिए पनि एकता महाधिवेशन सम्मका लागि भनेर जनताको बहुदलीय जनवादको सिद्धान्त र कार्यक्रम स्थगन गरिनु चाहिं उपयुक्त थिएन। यसले पार्टीमा वैचारिक अन्यौलको स्थिति सिर्जना भयो।

**जबज र समाजवादको आधार निर्माण**

२०७८ असोजमा सम्पन्न पार्टीको प्रथम विधान महाधिवेशन र मङ्सिरमा सम्पन्न दशौँ राष्ट्रिय महाधिवेशनले कार्यक्रमिक प्रश्नमा थप स्पष्टता र दिशाबोध गरेको छ। दशौँ राष्ट्रिय महाधिवेशनका यी निष्कर्षहरूलाई पुनस्मरण र मनन गर्नु यहाँनिर सान्दर्भिक हुनेछ। महाधिवेशनले २०६२/६३ को नेपाली क्रान्तिको चरित्र स्पष्ट रूपमा निरूपण गर्दै यसका उपलब्धि, सीमा र चुनौतीलाई रेखाङ्कन गरेको छ।

‘वर्तमान युग समाजवादी क्रान्तिको युग हो र जनवादी क्रान्ति पनि वृहत्तर अर्थमा समाजवादी क्रान्तिकै अङ्गका रूपमा रहेको यथार्थ हो। हाम्रो संविधानले राज्यको चरित्रलाई समाजवाद–उन्मुख उल्लेख गरेको छ। तर समाजवाद–उन्मुख भन्नु र समाजवादी भन्नु गुणात्मक रूपले नै फरक कुरा हो। आज हामीले अगाडि सार्ने कार्यक्रम समाजवादी कार्यक्रम होइन, समाजवादको आधार तयार गर्ने कार्यक्रम हो। हामीले २०४९ मा अगाडि सारेको जनताको बहुदलीय जनवादी कार्यक्रम भित्रका सामन्तवाद र राजतन्त्रको अन्त्य एवं लोकतान्त्रिक गणतन्त्र स्थापना जस्ता अभिभारा पूरा भएका छन्। तर सामन्तवादका अवशेषहरू उन्मूलन गर्ने क्रम जारी नै छ, दलाल पुँजीवादको चङ्गुलबाट मुक्त गर्दै राष्ट्रिय पुँजीको विकास गर्ने काम जारी नै छ, टुङ्गिएको छैन। परनिर्भरतालाई अन्त्य गर्दै मुलुकलाई आत्मनिर्भर

*२०७८ असोजमा सम्पन्न पार्टीको प्रथम विधान महाधिवेशन र मङ्सिरमा सम्पन्न दशौँ राष्ट्रिय महाधिवेशनले कार्यक्रमिक प्रश्नमा थप स्पष्टता र दिशाबोध गरेको छ। दशौँ राष्ट्रिय महाधिवेशनका यी निष्कर्षहरूलाई पुनस्मरण र मनन गर्नु यहाँनिर सान्दर्भिक हुनेछ। महाधिवेशनले २०६२/६३ को नेपाली क्रान्तिको चरित्र स्पष्ट रूपमा निरूपण गर्दै यसका उपलब्धि, सीमा र चुनौतीलाई रेखाङ्कन गरेको छ।*

बनाउने प्रक्रिया जारी नै छ। राष्ट्रिय स्वाधीनतालाई चुनौती दिने वाह्य हस्तक्षेपको पूर्ण अन्त्य, असमान सन्धीहरूको पुनरावलोकन तथा गुमेको भूभाग फिर्ता गर्ने लगायतका विषय टुङ्ग्याउन बाँकी छ। हामी राष्ट्रियता र सार्वभौमसत्तालाई थप सुदृढ गरिरहेका छौँ। उत्पादक शक्तिको विकासका लागि उपयुक्त नयाँ उत्पादन सम्बन्धको विकास गर्ने प्रयास गरिरहेका छौँ। उत्पादन प्रक्रियामा मात्र होइन, वितरणमा र राज्यमा श्रमजीवी वर्गको पहुँच र वर्चस्वलाई विस्तार गर्ने काम गरिरहेका छौँ। यसो भएमा मात्रै श्रमजीवी वर्ग ज्याला आर्जक वर्गमा मात्रै सीमित नरही सार्वभौम नागरिकमा रूपान्तरण हुनसक्छ। हाम्रो तात्कालिक कार्यक्रमको मुख्य तत्वहरू यिनै हुन्। सारमा, यो जनताको बहुदलीय जनवादकै कार्यक्रम हो, जसले समाजवादको आधार तयार गर्छ।' यी निष्कर्षहरू आज पनि उत्तिकै सान्दर्भिक छन्। हामीले यिनै निष्कर्षको जगमा उभिएर समाजवादको आधार निर्माणको व्यवस्थित कार्यक्रम अगाडि सार्नुपर्छ र नेपाली मौलिकता सहितको समाजवादको अवधारणालाई विकास गर्नुपर्छ।

## ११.
## आम निर्वाचन

नेपाल कम्युनिष्ट पार्टी सात सालको क्रान्तिपछि सम्पन्न सबै तहका प्रजातान्त्रिक निर्वाचनमा सहभागी हुँदै आएको छ। २००८ सालमा सम्पन्न काठमाडौँ नगरपालिकाको निर्वाचनमा मेयर सहित विभिन्न पदहरूमा विजयी हुन सफल कम्युनिष्ट पार्टी २०१५ सालमा सम्पन्न पहिलो संसदीय आम निर्वाचनमा पनि सहभागी भएको थियो। यद्यपि, संविधानसभालाई लत्याएर आफैले बनाएको संविधान अन्तरगत संसदीय निर्वाचन गराउने राजाको कदमप्रति कम्युनिष्ट पार्टी आलोचक र विरोधी थियो।

२०१५ सालको निर्वाचनमा जारी घोषणापत्रमा पार्टीले गोर्खा भर्तीको खारेजी र असमान व्यापार सन्धीमा सुधार, स्वतन्त्र न्यायपालिका र एकसदनात्मक संसद जस्ता माग अगाडि सारेको थियो। देशको पुनर्निर्माण मुख्य विषय रहेको निष्कर्षका साथ यसका लागि औद्योगीकरण, भूमिसुधार, बेरोजगारी अन्त्य, महिलाहरूलाई समान ज्याला, छुवाछुत अन्त्य र जातीय समानता, निशुल्क प्राथमिक शिक्षा जस्ता विषयहरू प्रस्तुत गरिएको थियो। तर तात्कालीन शक्ति सन्तुलन, संसदमा कम्युनिष्ट पार्टीको कमजोर उपस्थिति जस्ता कारणले पार्टीले घोषणापत्रमा उल्लेखित विषयहरूको कार्यान्वयनमा खासै भूमिका खेल्न सकेन। प्रजातन्त्रका पक्षमा पार्टीको निरन्तर खबर्दारी भने उल्लेख्य पक्ष रह्यो।

पञ्चायती मञ्चभित्रै पसेर त्यसको भण्डाफोर गर्ने र जनतामा जागरण ल्याउने उद्देश्यका साथ पार्टीले २०४३ को राष्ट्रिय पञ्चायत निर्वाचन र २०४४ को

*पञ्चायती मञ्चभित्रै पसेर त्यसको भण्डाफोर गर्ने र जनतामा जागरण ल्याउने उद्देश्यका साथ पार्टीले २०४३ को राष्ट्रिय पञ्चायत निर्वाचन र २०४४ को स्थानीय निर्वाचनमा जनपक्षीय उम्मेदवारहरू प्रस्तुत गऱ्यो। निर्वाचन अभियानमा दौरान जनतामा प्रजातान्त्रिक चेतना विस्तार गर्न र विजयी जनप्रतिनिधिहरूका माध्यमबाट निरङ्कुश शासन व्यवस्थाको भण्डाफोर गर्न जनपक्षीय हस्तक्षेपको यो नीति प्रभावकारी रह्यो।*

स्थानीय निर्वाचनमा जनपक्षीय उम्मेदवारहरू प्रस्तुत गऱ्यो। निर्वाचन अभियानमा दौरान जनतामा प्रजातान्त्रिक चेतना विस्तार गर्न र विजयी जनप्रतिनिधिहरूका माध्यमबाट निरङ्कुश शासन व्यवस्थाको भण्डाफोर गर्न जनपक्षीय हस्तक्षेपको यो नीति प्रभावकारी रह्यो।

२०४६ सालको आन्दोलनपछि मुलुकमा नयाँ संविधान अन्तरगत बहुदलीय व्यवस्था स्थापना भयो र २०४८ सालमा पहिलो आम निर्वाचन भयो। त्यस निर्वाचनमा पार्टीले प्रतिनिधिसभामा एक तिहाई (२०५ मा ६९) सिटमा विजयी भयो। तत्कालीन प्रतिकूल परिस्थितिमा यो असाधारण सफलता थियो। निर्वाचनका लागि जारी घोषणापत्रमा प्रजातन्त्रको दृढतापूर्वक रक्षा र आमूल परिवर्तनको सङ्घर्ष अगाडि बढाउने, पुनरुत्थानवादी र सुधारवादी शक्तिको अपवित्र गठबन्धनको विरोध गर्ने, सामन्ती भूस्वामित्वको अन्त्य र कृषि अर्थतन्त्रको जनवादी पुनर्गठन गर्ने, सबै भाषा, धर्म, संस्कृतिलाई बराबरीका हकदार मान्दै स्वायत्तताको अधिकार दिने, सबैका लागि शिक्षा, कल्याणकारी कानुनी राज, बहुदलीय खुल्ला समाज, छोरीलाई पैतृक सम्पत्तिमा अधिकार र लैङ्गिक विभेदको विरोध, प्रजातन्त्र, मानव अधिकार र राष्ट्रिय स्वतन्त्रता, श्रमिकहरूका लागि सामूहिक सौदाबाजी सहितको ट्रेड युनियन अधिकार, योजनाबद्ध र विकेन्द्रित विकास, रोजगारी सिर्जना, ग्रामीण विद्युतीकरण, भूमिहीन र सुकुम्बासी समस्या समाधान र भूमिको न्यायोचित वितरण, उत्पादनको विकासका लागि सहकारी

र साझाहरूको प्रबर्द्धन, जलस्रोतमा नेपाली जनता र नेपाल राष्ट्रको स्वामित्वको प्रत्याभूति, न्यूनतम ज्याला निर्धारण, माध्यमिक तहसम्म निशुल्क शिक्षा, स्थानीय तहहरूलाई स्वायत्तता, असङ्लग्न, सन्तुलित र पारस्परिक लाभमा आधारित वाह्य सम्बन्ध र परराष्ट्र नीतिको अवलम्बन, असमान सन्धीको पुनरावलोकन, संविधान र कानुनहरूमा समयानकूल संशोधन जस्ता विषयहरू अगाडि सारिएको थियो ।

पार्टीले त्यतिबेला प्रतिपक्षमा रहेर खेलेको सशक्त भूमिका अहिले पनि प्रेरणादायी रहेको छ ।

२०५१ सालको मध्यावधि निर्वाचनमा पार्टी 'आगामी सरकार एमालेकोः देशभक्त र प्रजातन्त्रवादीको' भन्ने नाराका साथ सहभागी भयो । त्यतिबेला जारी घोषणापत्रका मुख्य प्रतिबद्धताहरू थिए– बहुदलीय प्रणाली र प्रजातान्त्रिक परिपाटीको रक्षा तथा सुदृढीकरण (बहुमतको सत्ता र अल्पमतको विपक्ष, मौलिक अधिकारको रक्षा, बहुलवादी खुल्ला समाज, व्यक्तिगत सम्पत्तिको रक्षा, एकाधिकारको विरोध, संविधान र कानुन संशोधन, स्थानीय स्वायत्त शासनको, मतदाता परिचयपत्र, वाह्य दबाब र हस्तक्षेपको विरोध), राष्ट्रिय हितका लागि सबै मुलुकसँग मैत्रीपूर्ण सम्बन्ध, सामन्ती भूस्वामित्वको अन्य, कृषिको आधुनिकीकरण र खाद्यान्नमा आत्मनिर्भरता, मोहियानी हक र द्वैध स्वामित्वको अन्त्य, जमिन्दारी प्रथाको उन्मूलन, भूस्वामित्व परिचयपत्र, सामाजिक न्यायमा आधारित भूमिसुधार, लुकाइएका जमिनको खोजी, सुकुम्बासी समस्या समाधान र वैकल्पिक पेशामा स्थानान्तरण, चक्लाबन्दी, कृषि विश्वविद्यालयको स्थापना, सिचाइँमा व्यापक विस्तार र कृषि उत्पादकत्व वृद्धि, वनको संरक्षण र सम्बर्द्धन, सामाजिक आर्थिक समानता र क्षेत्रीय सन्तुलनका लागि योजनाबद्ध विकास, भ्रष्टाचारको विरोध, राष्ट्रिय आवश्यकता अनुरूप विदेशी सहायताको दक्ष प्रयोग, प्रविधि विकासका लागि वाह्य लगानी, स्वाधीन राष्ट्रिय अर्थतन्त्रका लागि औद्योगीकरण, रोजगारी तथा गरिबी निवारण, व्यवस्थित बसोबास, सुकुम्बासीलाई आवास, शिक्षा नागरिकको जन्मसिद्ध अधिकार, यातायातको विस्तार,जलस्रोतमा नेपाली

*त्यस अवधिमा अल्पमतको सरकार निर्माण गरेर पार्टीले राष्ट्रिय राजनीतिमा छाडेको छाप आज पर्यन्त अनुभूत भइरहेकै छ । २०५६ सालमा सम्पन्न तेस्रो आम निर्वाचनमा पार्टी 'राजनीतिक स्थिरता, सुशासन, विकास र राष्ट्रिय स्वाभिमान' को नाराका साथ सहभागी भयो ।*

जनताको अक्षुण्ण अधिकार, निशुल्क प्राथमिक स्वास्थ्य सेवा, कानुनको शासन, जनमुखी प्रशासन, मानव अधिकारको प्रत्याभूति, लैङ्गिक समानता, सामाजिक भेदभाव र विकृतिको अन्त्य र दिगो विकास लगायत ।

त्यस अवधिमा अल्पमतको सरकार निर्माण गरेर पार्टीले राष्ट्रिय राजनीतिमा छाडेको छाप आज पर्यन्त अनुभूत भइरहेकै छ ।

२०५६ सालमा सम्पन्न तेस्रो आम निर्वाचनमा पार्टी 'राजनीतिक स्थिरता, सुशासन, विकास र राष्ट्रिय स्वाभिमान' को नाराका साथ सहभागी भयो ।

निर्वाचन घोषणापत्रमा मुख्यतया – बहुदलीय प्रणालीको सुदृढीकरण र प्रजातान्त्रिक परिपाटीको सम्बर्द्धन, मानव अधिकार, शान्ति सुरक्षा, कानुनी राज्य र न्यायपूर्ण समाज, भ्रष्टाचार उन्मूलन, गरीबी अन्त्य र राष्ट्रको समृद्धि, छनोटपूर्ण निजीकरण, कृषि प्रणालीमा क्रान्तिकारी सुधार, सुकुम्बासीलाई आवास, जलस्रोतको वहुपक्षीय उपयोग, औद्योगीकरण, दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल, माध्यमिक शिक्षा र आधारभूत स्वास्थ्य सेवालाई मौलिक हकको रूपमा मान्यता, महिला अधिकार लगायत विषय अगाडि सारिएका थिए ।

विभाजनको कष्टपूर्ण कालखण्ड र बढ्दै गएको माओवादी द्वन्द्वलाई चिर्दै पार्टीले ७० सिटमा विजय हासिल गर्नु सामान्य सफलता थिएन। तर सरकार बनाउने सङ्ख्या भने पुग्न सकेन। पार्टीले सशक्त प्रतिपक्षका रूपमा भूमिका खेल्यो।

२०६४ सालमा सम्पन्न संविधानसभा निर्वाचनमा पार्टीको मुख्य घोषणा थियो– 'सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना गरौँ, सबल र समृद्ध नेपालको निर्माण गरौँ।' संविधान निर्माणलाई मुख्य केन्द्रबिन्दु बनाएर तयार गरिएको घोषणापत्रमा राजतन्त्रको अन्त्य र गणतन्त्रको स्थापना, आर्थिक सामाजिक अधिकारसहित बहुलतामा आधारित समावेशी लोकतन्त्र, सङ्घात्मक लोकतान्त्रिक गणराज्य, सबै खाले विभेद एवं आर्थिक शोषणको अन्त्य, समतामूलक राज्यप्रणाली, राज्यको अग्रगामी पुनर्संरचना, समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्र, शिक्षा, स्वास्थ्य, आवास, खाद्य सुरक्षा जस्ता आधारभूत आवश्यकताको परिपूर्ति, समग्र लोकतान्त्रीकरण, गरिबी र बेरोजगारी अन्त्य, केन्द्र, प्रदेश र स्थानीय तह बिच स्रोतको बाँडफाँट, पुँजी र श्रम बिच सहअस्तित्व, दिगो शान्ति, बहुलता र विविधताको सम्मान, राष्ट्रिय एकता र अखण्डताको प्रत्याभूति, शक्तिको स्रोत नेपाली जनता, मानव अधिकार, मौलिक अधिकार र राजनीतिक स्वतन्त्रता, सामाजिक सुरक्षा र लोककल्याण, धर्मनिरपेक्षता र धार्मिक स्वतन्त्रता, छुवाछुत मुक्त नेपाल, सबै मातृभाषालाई राष्ट्रिय भाषाको मान्यता, नेपाली भाषा सम्पर्क भाषा सहित बहुभाषिक नीति, राष्ट्रपति र प्रधानमन्त्री दुबै व्यवस्था सहितको मौलिक शासन प्रणाली, समावेशी लोकतन्त्र, सामन्तवादको अन्त्य, समाजवाद उन्मुख अर्थराजनीतिक दिशा लगायत विषय समावेश गरिएका थिए। 'नेकपा (एमाले) को परिकल्पनाः सबल र समृद्ध नेपालको स्थापना' नारा अन्तरगत समृद्धिका विभिन्न पक्षहरूको घोषणा गरिएको थियो।

नेकपा (एमाले) ले प्रगतिशील संविधान निर्माणका लागि आफ्नो तर्फबाट हरसंभव प्रयत्न गर्‍यो।

*२०६४ सालमा सम्पन्न संविधानसभा निर्वाचनमा पार्टीको मुख्य घोषणा थियो– 'सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना गरौँ, सबल र समृद्ध नेपालको निर्माण गरौँ।' संविधान निर्माणलाई मुख्य केन्द्रबिन्दु बनाएर तयार गरिएको घोषणापत्रमा राजतन्त्रको अन्त्य र गणतन्त्रको स्थापना,...*

२०७० सालमा सम्पन्न संविधानसभाको दोस्रो निर्वाचनमा पार्टी 'सही नीति एमालेको: सबल र समृद्ध नेपालका लागि एमालेकै नेतृत्व' भन्ने आह्वानका साथ होमियो। विगत संविधानसभाले गरेका काम र सहमतिहरूको स्वामित्व ग्रहण गनेर् र नयाँ संविधानमा निरन्तरता दिने, एक वर्षभित्रमा संविधानको मस्यौदा तयार गरी सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संविधान जारी गर्ने, राजनीतिक सहमतिमा निरन्तर जोड दिने लगायतका विषयहरू उल्लेख गरिएको थियो। संविधानका अन्तरवस्तुका रूपमा २० बुँदे विषयहरू प्रस्तुत गरिनुका साथै 'नेकपा (एमाले) को परिकल्पना: सुखी नेपाली र समतामूलक समृद्ध नेपाल स्थापना' भन्ने नाराका साथ समृद्धिका विभिन्न कार्यक्रमहरू प्रस्तुत गरिएको थियो।

निर्वाचन घोषणापत्रमा उल्लेख भए अनुरूप नै पार्टीले संविधान निर्माणका निम्ति निर्णायक र नेतृत्वदायी भूमिका खेल्यो।

२०७४ सालको आम निर्वाचनमा नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) बिच निर्वाचन तालमेल भई साझा घोषणा जारी गरियो। 'सुशासन र समृद्धिका लागि वामपन्थी सरकार' को आह्वानका साथ जारी गरिएको घोषणामा मूलत: राजनीतिक स्थायित्व र समृद्धिको अपिल गरिएको थियो। घोषणापत्रमा सामाजिक–आर्थिक रूपान्तरणका १० मुख्य नीतिहरू र समृद्धिका २४ कार्यक्रमहरू प्रस्तुत गरिएका थिए।

वामपन्थी तालमेल र स्थायित्व एवं समृद्धिको अपिलले आम जनताको मन जित्यो। नेकपा (एमाले) ले संविधान निर्माण, नाकाबन्दीको सामना र राष्ट्रिय एकता तथा सामाजिक सद्भावको पक्षमा खेलेको महत्वपूर्ण भूमिकाको गहिरो प्रभाव नेपाली समाजमा विद्यमान नै थियो। यसै बलमा वामपन्थी उम्मेदवारहरूले झण्डै दुई तिहाई स्थानमा विजय हासिल गरे। केपी शर्मा ओलीको नेतृत्वमा बलियो वामपन्थी सरकार निर्माण भयो। पछि दुई पार्टी बिच एकीकरण समेत भएर नेकपा बन्यो।

तर नेकपाभित्र दुराशयपूर्वक सुरु गरिएको विवाद र विग्रह तथा वाह्य शक्ति केन्द्रहरूको समेत स्वार्थका कारण अन्ततोगत्वा नेकपा विभाजनको दुःखद बिन्दुमा पुग्यो। एकता कायम राख्ने सारा प्रयास विफल भए। नेकपाको सरकारले सुरु गरेको समृद्धि, सामाजिक न्याय र राष्ट्रिय स्वाभिमानको यात्रामा गंभीर धक्का लाग्यो। सरकारबाट बाहिरिए पछि पार्टीले नेपाललाई शक्ति केन्द्रहरूको रणनीतिक स्वार्थमा जोड्ने दुष्प्रयाशका विरुद्ध, राष्ट्रिय हित र स्वाभिमानको रक्षाका लागि, राजनीतिक विकृति र सिद्धान्तविहीन एवं अनैतिक राजनीतिक क्रियाकलाप विरुद्ध सडक र सदनबाट सङ्घर्ष जारी राख्यो।

निर्वाचन घोषणापत्रका उल्लेखित प्रतिबद्धता कार्यान्वयनका दृष्टिले त्यो सरकार निकै प्रभावकारी रह्यो।

पार्टीका विरुद्ध असंवैधानिक आक्रमण, विभाजन र घेराबन्दीका विरुद्ध पार्टी २०७९ सालको निर्वाचनमा होमियो। सरकारमा रहेका ६ दलको गठबन्धन एकातिर र प्रतिपक्षमा रहेको नेकपा (एमाले) एकातिर भएर लडिएको उक्त निर्वाचन आफैमा एउटा विशिष्ट परिघटना थियो। सत्तापक्षले गरेको राज्यस्रोत र संयन्त्रको चरम दुरूपयोगलाई चिर्दै पार्टी जनताको रोजाइमा पहिलो पार्टी बन्न सफल भयो, यद्यपि संसदीय सिटका हिसाबले हामी दोस्रो बन्न पुग्यौँ।

निर्वाचनमा पार्टीले 'एमालेले उठायो देश र जनताको स्वाभिमानः एमालेकै नेतृत्वमा समृद्धिको अभियान' को शीर्षकमा घोषणपत्र जारी गरेको थियो। यसमा

*पार्टीका विरुद्ध असंवैधानिक आक्रमण, विभाजन र घेराबन्दीका विरुद्ध पार्टी २०७९ सालको निर्वाचनमा होमियो। सरकारमा रहेका ६ दलको गठबन्धन एकातिर र प्रतिपक्षमा रहेको नेकपा (एमाले) एकातिर भएर लडिएको उक्त निर्वाचन आफैंमा एउटा विशिष्ट परिघटना थियो।*

समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा प्राप्तिका लागि आगामी ५ वर्षमा गरिने कामहरूबारे ३० शीर्षकमा नीति र प्राथमिकताका अतिरिक्त '२० ग्यारेन्टी' को घोषणा गरिएको छ। जसभित्र समृद्धिका लागि नीतिगत र संरचनागत सुधार, राष्ट्र हित र नागरिक हितलाई सर्वोपरि राखी राज्य सञ्चालन, कोही भोकै पर्दैनः कोही भोकले मर्दैन नीति कार्यान्वयन, 'मेक इन नेपाल' अभियान सञ्चालन, आवासविहीनलाई सुरक्षित आवास र मर्यादित जीवन, सबैका लागि काम र नियमित कमाइ, पूर्ण साक्षर देश र उद्यमशील शिक्षित युवा, निरोगी नेपालः सबल नागरिक, स्वच्छ पानीः सफा वातावरण, सबैलाई बिजुलीः बिजुलीबाटै देशको उन्नति, खेतबारीमा पानी, दोब्बर हुन्छ उब्जनी, सडक पूर्वाधार र सुलभ सार्वजनिक यातायात, व्यवस्थित सहरः स्वच्छ बस्ती, सरल सहज सार्वजनिक सेवा, सामाजिक सुरक्षाको दायरा र सुविधा विस्तार, सबै नागरिकमा वित्तीय पहुँच, स्वस्थ महिनावारी, सुरक्षित मातृत्व, सस्तो, सहज र भरपर्दो सञ्चार सेवा, सभ्य समाजः मर्यादित नागरिक तथा प्रतिव्यक्ति आयमा दोब्बर वृद्धि जस्ता विषय समेटिएका छन्।

निर्वाचनको जनादेश र प्रतिकूल राजनीतिक शक्ति सन्तुलनका कारण पार्टीले मुलुकलाई आफ्नो योजना अनकूल नेतृत्व गर्ने परिस्थिति निर्माण हुन सकेन। तर पनि पार्टीले रणनीतिक कौशल, सामर्थ्य र सही कदमहरू मार्फत् आफू विरुद्धको

घेरा तोड्न तथा शक्ति सन्तुलनलाई तुलनात्मक रूपमा अनुकूल बनाउँदै आज सरकारको नेतृत्व गर्ने बिन्दुमा ल्याइपुऱ्याएको छ। एमाले विरुद्धका घेराबन्दी, आक्रमण, षडयन्त्र र धम्कीका पृष्ठभूमिमा पार्टी पुनः राष्ट्रिय राजनीतिको केन्द्रबिन्दुमा र सरकारको नेतृत्व गर्ने स्थानमा आइपुग्नु सामान्य सफलता होइन। अहिले सरकार निर्वाचन घोषणापत्र र प्रतिबद्धताको कार्यान्वयनमा लागिपरेको छ, यद्यपि संयुक्त सरकारका सीमाहरू छँदै छन्।

# १२.
# प्रतिबद्धता र परिणाम

नेकपा (एमाले) का सबै निर्वाचन घोषणापत्रहरू र पार्टीको पाँचौँ महाधिवेशनदेखि १० औँ महाधिवेशनसम्मका नीतिहरूले देशको सामाजिक– आर्थिक रूपान्तरणमा पारेका प्रभावहरूलाई चार चरण र आयाममा विश्लेषण गर्न सकिन्छ– प्रतिपक्षमा रहेर राष्ट्रियता, लोकतन्त्र र जनजीविकाका निम्ति दबाबमूलक भूमिकाको चरण (२०४८–५१), जनअभिमतबाट लोकप्रिय सरकार सञ्चालन गर्दै क्रान्तिकारी शक्ति सञ्चय र प्रगतिशील सुधारका निम्ति क्रियाशील चरण (२०५१–६४), संविधान निर्माण र शान्ति प्रक्रियाको चरण (२०६३–७२) र समाजवादका आधार निर्माण र समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय गन्तव्यतर्फ अग्रसर रहेको चरण।

२०४८ सालको निर्वाचन घोषणापत्रमा पार्टीको पक्षमा बहुमतको आह्वान गरिए पनि सरकारबारे ठोस उल्लेख गरिएको थिएन। असाध्यै प्रतिकूल अवस्थामा पार्टीले हासिल गरेको उल्लेखनीय सफलतालाई सशक्त प्रतिपक्षका रूपमा पार्टीले सदुपयोग गर्‍यो। २०४७ सालको संविधानको सीमा र प्रजातन्त्रको अपूर्णताप्रति निरन्तर खबर्दारी गर्‍यो। प्राप्त उपलब्धिको रक्षाका लागि लोकतान्त्रिक शक्तिहरूको सहकार्यमा जोड दियो र सत्तारुढ पार्टीको सर्वसत्तावादी शैलीको प्रतिवाद गर्‍यो। जनआन्दोलनको भावना अनुरूप नीति कार्यक्रम तथा बजेट बनाउन माग गर्‍यो। प्रभावकारी विकेन्द्रीकरण र स्थानीय स्वायत्त शासनको पक्षमा आवाज उठायो। ट्रेड युनियन, सहकारी लगायत विभिन्न विषयमा कानुन बनाउन रचनात्मक भूमिका खेल्यो। टनकपुर सम्झौतामा राष्ट्रहितमा पुर्‍याइएको आघात विरुद्ध प्रभावकारी

सङ्घर्ष गऱ्यो। महङ्गी, शान्तिपूर्ण आन्दोलनमाथि गरिएको दमन, पूर्वाग्रहका आधारमा गरिएको कर्मचारी बर्खासी लगायत विरुद्ध सशक्त आवाज उठायो। त्यस अवधिमा राष्ट्र र जनताको हितमा खेलिएको संसदीय भूमिकाले पार्टीको प्रतिष्ठा माथि उठाउन उल्लेखनीय योगदान गऱ्यो।

२०५१ सालको मध्यावधि निर्वाचनमा सबैभन्दा ठूलो दल बनेर पार्टीले निर्माण गरेको अल्पमतको सरकार इतिहासकै महत्वपूर्ण परिघटना थियो। यसले राज्यसञ्चालनमा निश्चित मानकहरू निर्माण गर्दै नयाँ 'ट्रेण्ड सेटिङ' गऱ्यो। बृद्धभत्ताका माध्यमबाट सामाजिक सुरक्षा र लोककल्याणकारी राज्यको आरम्भ गरियो। 'आफ्नो गाउँ आफै बनाऊँ नारा अन्तरगत गाउँमुखी विकास र जनसहभागितामूलक बजेट विनियोजनको सुरुवात भयो। उच्चस्तरीय भूमिसुधार आयोग गठन गरेर नेपालको भूमि समस्या र रूपान्तरणको दूरगामी अध्ययन र निष्कर्ष निकालियो। सुकुम्बासी समस्याको समाधान थालियो। स्वच्छ, जनमुखी र उच्च लोकतान्त्रिक छवि सहितको शासन सञ्चालन गऱ्यो। भारतसँग १९५० को सन्धीको पुनरावलोकनको औपचारिक वार्ता अगाडि बढायो। यी कार्यक्रमहरूले पार्टीको लोकप्रियता र प्रभावलाई त विस्तार गरे नै, त्यसपछिका सरकारहरूलाई पनि यस्तै मार्गमा अग्रसर हुन दबाब सिर्जना गरे। त्यस यताका कुनै पनि सरकारहरूले चाहेर पनि यी कार्यक्रमहरूलाई उल्ट्याउन सकेनन्।

त्यसपछिका दशकमा पार्टी विभिन्न रूपमा संयुक्त सरकारमा सहभागी भयो। २०५४ सालमा सम्पन्न स्थानीय निकाय निर्वाचनमा राष्ट्रव्यापी सफलता हासिल गर्न, आधारभूत तहबाटै महिला र दलित प्रतिनिधित्वको कानुनी प्रत्याभूति गराउन, स्थानीय स्वायत्त शासन ऐन निर्माण गर्न र स्थानीय निकायहरूबाट जनसेवा र विकास निर्माणका कामलाई अगाडि बढाउन पार्टीले नेतृत्वदायी भूमिका खेल्यो। माओवादी द्वन्द्व बढ्दै जाँदा सरकारमा सहभागी भएर पनि २०५६ को आम निर्वाचन सम्पन्न गराउन पहल गऱ्यो। त्यस अवधिमा प्रतिपक्षका रूपमा रहेर कमैया प्रथा उन्मूलन, छुवाछुतको अन्त्य, मुलुकी ऐनमा समयानकूल संशोधन गर्दै

*२०५१ सालको मध्यावधि निर्वाचनमा सबैभन्दा ठूलो दल बनेर पार्टीले निर्माण गरेको अल्पमतको सरकार इतिहासकै महत्वपूर्ण परिघटना थियो । यसले राज्यसञ्चालनमा निश्चित मानकहरू निर्माण गर्दै नयाँ 'ट्रेण्ड सेटिङ' गऱ्यो। वृद्धभत्ताका माध्यमबाट सामाजिक सुरक्षा र लोककल्याणकारी राज्यको आरम्भ गरियो।*

अंश र वंशमा महिलाहरूको अधिकार स्थापना, विभिन्न भ्रष्टाचार काण्डहरूको छानबिनका लागि दबाब सिर्जना, माओवादी द्वन्द्वको शान्तिपूर्ण समाधान तथा दरबारिया चलखेलको विरोध जस्ता विषयमा सशक्त आवाज उठायो। गर्भवती आमाहरूलाई स्वास्थ्यकेन्द्रमा प्रसुती गराउन गरिएको प्रोत्साहन र महिलाका नाममा घरजग्गा रजिस्ट्रेशन गर्दा शुल्क छुट जस्ता हेर्दा सानो देखिने तर दूरगामी महत्वका कतिपय निर्णयहरूको गहिरो र सकारात्मक असर रह्यो। यद्यपि, जुनसुकै शक्तिसँगको सहभागिता र जुनसुकै अवस्थामा पनि सरकारमा जाने नीतिहरू र कतिपय सांसदहरूले गरेको राज्य सुविधाको दुरूपयोग आदिका कारण कारण पार्टीको प्रभावमा असर पऱ्यो। प्रतिनिधिसभा विघटन र राजा ज्ञानेन्द्रको तानाशाही कदमपछि पार्टीले नयाँ आन्दोलनको तयारी गऱ्यो। पुनर्स्थापित प्रतिनिधिसभाबाट संविधान र लोकतन्त्र सम्बन्धी ऐतिहासिक घोषणा पारित गर्न र राज्यका हरेक अङ्गमा न्यूनतम एक तिहाई सहभागिता सुनिश्चित गर्न पार्टीले अगुवाइ गऱ्यो। त्यस प्रतिनिधिसभाले गरेका अन्य निर्णयहरू पनि दूरगामी महत्वका थिए।

पहिलो संविधानसभामा हाम्रो उपस्थिति सापेक्षित रूपमा कमजोर थियो। तर रचनात्मक पहलकदमी र सही दृष्टिकोणका आधारमा पार्टीले संविधान निर्माणका लागि प्रभावकारी भूमिका खेल्यो। संविधानसभाभित्रको जटिल संरचना र प्रतिकूल शक्ति सन्तुलन, पहिलो पार्टीको रूपमा रहेको नेकपा (माओवादी) का गलत दृष्टिकोण, मधेस केन्द्रित दलहरूको अनुचित दबाब र संविधानसभा बाहिर

चलेका अनेकौँ चलखेलका कारण संविधान निर्माण हुन नसके पनि पार्टीका पहल र मान्यता महत्वपूर्ण रहे। शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन पार्टीको भूमिका उल्लेख्य रह्यो। नयाँ सैनिक ऐन, जातीय विभेद र छुवाछुत विरुद्धको ऐन लगायत महत्वपूर्ण कानुन निर्माणमा पनि पार्टीले अगुवाइ गऱ्यो।

दोस्रो संविधानसभाको शक्ति सन्तुलन र संरचना भने तुलनात्मक रूपमा अनुकूल थियो। केपी शर्मा ओली संसदीय दलको नेतामा निर्वाचित भइसकेपछि र नवौँ महाधिवेशनबाट अध्यक्षको जिम्मेवारीमा आइसकेपछि पार्टीले थप नीतिगत स्पष्टता, नेतृत्वदायी पहलकदमी र निर्णायक भूमिका खेल्न सफल भयो। प्रगतिशील अन्तरवस्तु सहितको संविधान निर्माण गर्न र जारी गर्न पार्टीको भूमिका निर्णायक र नेतृत्वदायी रह्यो। संविधान जारी भइसकेपछि पार्टी अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री निर्वाचित हुनुभयो। भारतीय नाकाबन्दी, मधेसमा जारी अशान्ति, विनाशकारी भूकम्पले थिलोथिलो परेको जनजीवन र पूर्वसहमति विपरीत नेपाली काङ्ग्रेसको विरोधका बिच त्यस सरकारले नाकाबन्दीको सफलताका साथ सामना गऱ्यो। पारवहनमा एकपक्षीय निर्भरता अन्त्य गर्न चीनसँग ऐतिहासिक पारवहन–यातायात सम्झौता गऱ्यो। जनतामा आशा र भरोसा जगाउने काम गऱ्यो। भूकम्पपछिको पुनर्निर्माणको व्यवस्थित कार्ययोजना निर्माण गऱ्यो र समृद्धिको यात्रामा केही ऐतिहासिक थालनीहरू गऱ्यो। प्रचण्ड र पार्टीभित्रकै कतिपय नेताहरूको असहयोग र विरोधका कारण नौ महिनामै सरकारबाट बाहिरिनु परे पनि त्यस सरकारले गरेका कामहरूको दूरगामी प्रभाव आज पर्यन्त अनुभूत भइरहेको छ।

संसदीय भूमिकाको चौथो आयामको ठोस आरम्भ भने २०७४ सालमा सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनबाट आरम्भ भयो। उक्त निर्वाचन र त्यसपछि बनेको सरकार नेपालको संविधान जारी भइसकेपछिका निर्वाचन र सरकारहरू थिए। तिनीहरू नितान्त नयाँ संरचना र प्रणाली अन्तरगतका संरचना थिए।

*दोस्रो संविधानसभाको शक्ति सन्तुलन र संरचना भने तुलनात्मक रूपमा अनुकूल थियो। केपी शर्मा ओली संसदीय दलको नेतामा निर्वाचित भइसकेपछि र नवौँ महाधिवेशनबाट अध्यक्षको जिम्मेवारीमा आइसकेपछि पार्टीले थप नीतिगत स्पष्टता, नेतृत्वदायी पहलकदमी र निर्णायक भूमिका खेल्न सफल भयो।*

सरकारले तदनुरूप नै नयाँ प्रणालीको संस्थागत सुदृढीकरणका लागि ऐतिहासिक भूमिका खेल्यो।

त्यस सरकारले गरेका ऐतिहासिक कामहरू सबैको स्मृतिमा ताजै छन्। संविधानको कार्यान्वयनको लागि आवश्यक कानुनहरू तीव्र गतिमा निर्माण, सङ्घीयताको कार्यान्वयनमा प्रभावकारी नेतृत्व, पृथकतावादी गतिविधि गरिरहेको सिके राउत समूह र 'निरन्तर क्रान्ति' का नाममा हिंसाको पुनरावृत्तिमा सङ्लग्न नेत्रविक्रम चन्द 'विप्लव' समूहहरूलाई शान्ति प्रक्रियामा ल्याउने काम सम्पन्न भए। संविधानसँग असहमत समूहहरूलाई सहमत गराउँदै संविधानको स्वीकार्यता व्यापक बनाउने जस्ता महत्वपूर्ण उपलब्धि हासिल भए। सार्वभौम समानता, आपसी हित, अहस्तक्षेप, सन्तुलन र सबैसँग मित्रता, कसैसँग छैन शत्रुताको भावनाका साथ वाह्य सम्बन्ध प्रभावकारी रूपमा विस्तार भयो र नेपालको छवि अन्तर्राष्ट्रिय जगतमा उच्च पार्ने काम भयो। तीव्र आर्थिक वृद्धिदर हासिल गर्दै 'दक्षिण एसियाको उदाउँदो तारा' का रूपमा नेपाल प्रशंसित भयो। अल्पविकसित अवस्थाबाट विकासशील देशमा स्तरोन्नतिका लागि संयुक्त राष्ट्र सङ्घबाट सिफारिस भयो। पूर्वाधार निर्माणमा अभूतपूर्व प्रगति हासिल भए। भूकम्पपछिको पुनर्निर्माणमा उदाहरणीय सफलता हासिल भयो। सामाजिक न्याय, सुरक्षा, स्वास्थ्यसेवा विस्तार लगायतका क्षेत्रमा ठूला उपलब्धि प्राप्त भए। पुनर्निर्माणका क्षेत्रमा प्रशंसनीय सफलता प्राप्त भए। कोभिड महामारीको सफलतापूर्वक सामना गरियो।

२०७९ सालमा सम्पन्न निर्वाचनको परिणाम जनताको अपेक्षा र राष्ट्रको अपेक्षा अनुरूप रहेन। तर पनि यसलाई अनुकूल बनाउने कोशिस गर्दै पार्टी अगाडि बढिरहेको छ।

तीन वर्षसम्म धेरै हिसाबले लथालिङ्ग बनाइएको अर्थतन्त्रलाई लयमा फर्काइएको छ। लगानी र व्यवसाय मैत्री वातावरण निर्माणका लागि धेरै कानुनी र संरचनागत सुधारहरू गरिएका छन्। सुस्त या उपेक्षामा पारिएका विकासका कामले गति लिएका छन्। ४.६ प्रतिशतले आर्थिक वृद्धि हासिल भएको छ। सहकारी ठगी लगायत भ्रष्टाचारका विरुद्ध प्रभावकारी कानुनी कार्बाही अगाडि बढेका छन्। समस्यामा परेका सहकारीका ५६ हजारभन्दा बढी वचतकर्ताको पूर्ण र आंशिक गरी ३ अर्ब ४३ करोड वचत फिर्ता गरिएको छ। सङ्क्रमणकालीन न्यायले एउटा गति लिएको छ। मुलुकलाई दीर्घकालीन हिसाबले उर्जा र खनिजमा आत्मनिर्भर बनाउने एवं राष्ट्रिय पुँजी निर्माणमा ठूलो योगदान गर्न सक्ने दैलेखको मिथेन ग्यास भण्डार र धौवादीको फलाम खानी उत्खननमा प्रगति हासिल भएको छ। पहिलो चोटी गरिएको सोभेरन क्रेडिट रेटिङमा नेपालले राम्रो अङ्क प्राप्त गरेको छ। वाह्य सम्बन्धलाई अनुकूल बनाउँदै राष्ट्रिय हितको रक्षा र अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपालको भूमिकालाई अझ प्रभावकारी बनाउने प्रयास तीव्र बनेको छ। गणतन्त्र उल्ट्याउने राजावादीहरूको प्रयाशलाई विफल तुल्याइएको छ।

निर्वाचन र संसदीय भूमिकाका यी चार आयामहरू– प्रतिपक्ष, पुरानो संरचनाभित्र प्रगतिशील हस्तक्षेप, नयाँ संविधान र नयाँ राज्य प्रणाली निर्माण एवं राज्यको नेतृत्व गर्दै समृद्धिको आधारशीला निर्माण गर्ने चरणहरूमा पार्टीले महत्वपूर्ण उपलब्धि हासिल गरेको छ। यद्यपि, हाम्रा कमी र सीमाहरू पनि उजागर भएकै छन्। शान्तिपूर्ण बाटो, लोकतान्त्रिक प्रतिष्पर्धा र संवैधानिक माध्यमबाट समाजवादका आधार निर्माण गर्ने कार्यदिशाका साथ अगाडि बढेको हाम्रो पार्टीका लागि निर्वाचन, त्यस क्रममा सार्वजनिक गरिने घोषणापत्र र तिनको कार्यान्वयन उक्त कार्यदिशा कार्यान्वयनका महत्वपूर्ण पूर्वशर्तहरू हुन्। त्यसैले हामीले निर्वाचनमा

*हामीले निर्वाचनमा श्रेष्ठता हासिल गर्न, सरकार सञ्चालनको जनादेश प्राप्त गर्न, त्यस अनुरूप प्रभावकारी सरकार सञ्चालन गर्न र केही गरी प्रतिपक्षमा रहने स्थिति उत्पन्न भयो भने पनि त्यसलाई आगामी निर्वाचनका लागि बलियो जनाधार निर्माण गर्ने हिसाबले प्रभावकारी बनाउन ध्यान दिनु पर्छ।*

श्रेष्ठता हासिल गर्न, सरकार सञ्चालनको जनादेश प्राप्त गर्न, त्यस अनुरूप प्रभावकारी सरकार सञ्चालन गर्न र केही गरी प्रतिपक्षमा रहने स्थिति उत्पन्न भयो भने पनि त्यसलाई आगामी निर्वाचनका लागि बलियो जनाधार निर्माण गर्ने हिसाबले प्रभावकारी बनाउन ध्यान दिनु पर्छ।

# १३.
# कार्यदिशा

हामीले अहिलेको अवस्थालाई पुँजीवादी–जनवादी क्रान्तिका मुख्य राजनीतिक अभिभारा पूरा भएको तर सामाजिक–आर्थिक रूपान्तरणको कार्यभार भने बाँकी रहेको अर्थमा विश्लेषण गर्दै आएका छौं। आजको कार्यभारलाई हामीले समाजवादका आधार तयार गर्ने कार्यभारका रूपमा परिभाषित गरेका छौं। राजतन्त्रको अन्त्य र सामन्ती अर्थ–राजनीतिक प्रणालीको समाप्ति जस्ता कतिपय अभिभारा पूरा भए पनि राष्ट्रिय पुँजी निर्माण, उत्पादक शक्तिको विकास, आत्मनिर्भर अर्थतन्त्रको निर्माण, असमान सन्धीहरूको खारेजी र सामाजिक–सांस्कृतिक क्षेत्रमा रहेका सामन्तवादका अवशेष अन्त्य गर्ने जस्ता जनताको बहुदलीय जनवादी कार्यक्रमका विषय पूरा भएका छैनन्। हामी जबजको कार्यक्रम कार्यान्वयनकै चरणमा छौं।

२०६२/६३ को आन्दोलन दुई भिन्न वर्गस्वार्थ भएका राजनीतिक शक्तिहरूको संयुक्त नेतृत्वमा भएको हुनाले दुई शक्ति बिच भावी बाटोको बारेमा मतभिन्नता र प्रतिष्पर्धा छ। आन्दोलनमा सहकार्य, संविधान र शान्ति प्रक्रियामा सहकार्य हुँदै अगाडि बढेको सम्बन्ध यतिबेला भने सहकार्य सहितको प्रतिष्पर्धामा रूपान्तरित भएको छ। सामाजिक न्याय, जनताका आर्थिक–सामाजिक–सांस्कृतिक अधिकार तथा समाजवाद–उन्मुख राज्यव्यवस्था जस्ता प्रगतिशील प्रावधान संविधानमा समावेश गर्न वाध्यात्मक रूपमा तयार भए पनि यी विषय पुँजीपतिको वर्ग स्वार्थ विपरीतका विषय हुन्। तसर्थ सके यी विषय हटाउने, नभए पनि यिनको

*२०६२/६३ को आन्दोलन दुई भिन्न वर्गस्वार्थ भएका राजनीतिक शक्तिहरूको संयुक्त नेतृत्वमा भएको हुनाले दुई शक्ति बिच भावी बाटोको बारेमा मतभिन्नता र प्रतिष्पर्धा छ। आन्दोलनमा सहकार्य, संविधान र शान्ति प्रक्रियामा सहकार्य हुँदै अगाडि बढेको सम्बन्ध यतिबेला भने सहकार्य सहितको प्रतिष्पर्धामा रूपान्तरित भएको छ।*

कार्यान्वयनमा विलम्ब, अवरोध र अन्यौल सिर्जना गर्नु वर्ग–राजनीति भित्रैको विषय हो। तसर्थ, सामाजिक–आर्थिक रूपान्तरण, समाजवादका आधार निर्माण र समाजवादी लक्ष्य प्राप्तिको सुनिश्चितताका लागि श्रमजीवी वर्गले प्रतिष्पर्धामा निरन्तर श्रेष्ठता हासिल गर्नु अनिवार्य पूर्वशर्त हो।

आजको मुख्य कार्यभार लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण र सामाजिक–आर्थिक रूपान्तरण हो। तर यसको बाटोमा विभिन्न वाधक पक्षहरू छन्। राजनीतिक प्रणालीमा युगान्तकारी परिवर्तन भए पनि विस्थापित शक्तिहरू पूर्ण रूपमा शक्तिविहीन भइसकेका छैनन्, पुनरुत्थानको दुष्प्रयाशमा लागिरहेकै छन्। अधिसंरचनाका विभिन्न तहमा परिवर्तन बाँकी छ। सबभन्दा ठूलो समस्या छ हाम्रो पुँजीको, जसको एउटा हिस्सा दलाल प्रकृतिको छ। कर छल्ने, कालो धन चोख्याउने, कमिसनमा रमाउने, वस्तु, सेवा र सार्वजनिक निर्माणमा राज्य तथा उपभोक्ता दुबैलाई ठग्ने, राजनीतिक व्यक्ति र कर्मचारी संयन्त्रलाई प्रभावित पारेर सधैभरि संरक्षित हुने, अनि विलासी, भ्रष्ट र अनैतिक जीवन जिउने/जिउन प्रेरित गर्ने– यस्तो चारित्रिक विशेषता भएको दलाल– नोकरशाही पुँजीवाद सामाजिक–आर्थिक रूपान्तरणको वाधक छ। यसले उद्योग खोल्दैन, कमिशन आउने व्यापारमा रमाउँछ। प्राकृतिक स्रोतमा कब्जा जमाउँछ, दोहन गर्छ र वातावरण पनि ध्वस्त पार्छ। यसो भए पछि रोजगारी बढ्दैन, पुँजीको पुनरुत्पादन हुँदैन, राष्ट्रिय पुँजी निर्माण हुँदैन र मुलुक आत्मनिर्भर बन्दैन। यसले नागरिकलाई उद्यमशील

होइन, उपभोक्ता, अल्छी र रातारात धनी हुने अन्त्यहीन दौडको धावक बनाउँछ। भ्रष्टाचार, अनियमितता, ठेक्कापट्टामा हुने मिलेमतो र ढिलासुस्ती, सेवामा हुने ठगी चुनौतीका रूपमा खडा छन्। यसको मारमा राष्ट्रिय पुँजी निर्माण गर्न चाहनेहरू पर्छन्, किनभने नीति निर्माणमा त्यही समूहको दबाब र प्रभाव हुन्छ। जनता पिल्सिइन्छन्, किनभने प्रशासन र न्यायलाई उनीहरूले प्रभावित गर्छन्।

दशौं महाधिवेशनले समाजवादका आधार निर्माणको बाटोमा रहेका मुख्य चुनौतीलाई यसरी पहिचान गरेको थियो– राष्ट्रिय पुँजी निर्माणको अवस्था कमजोर, खुल्ला व्यापार, निजी लगानी र जमिनमाथि निजी स्वामित्वले सिर्जना गरेको जटिलता, परनिर्भरता, सामन्तवादका अवशेष, नवउदारवादी नीतिका कमजोर भएको सार्वजनिक क्षेत्र, शिक्षा र स्वास्थ्य क्षेत्रको व्यापारीकरण, खानी, जलस्रोत र जमीन लगायतको लाभ बिचौलियाहरूका हातमा हुनु, भ्रष्टाचार, परम्परागत कृषि अर्थतन्त्रबाट ठूलो युवा शक्ति जगेडा श्रम शक्तिका रूपमा बजारमा आउनु तर औद्योगीकरण कमजोर भएका कारण रोजगारीका अवसर नपाउनु, श्रम शक्तिको विदेश प्रवासन, नयाँ प्रविधिको तीव्र विस्तारले वैदेशिक रोजगारीका अवसर पनि सीमित हुँदै जानु, समाज उत्पादनशील होइन, क्रमशः उपभोक्तावादी बन्दै जानु, आर्थिक विषमता, लाखौँ नागरिक भूमिहीन या सुकुम्बासी अवस्थामा हुनु, २० प्रतिशत नागरिक गरिबीमा रहनु र वित्तीय संस्थाको सम्पत्तिमाथि सीमित परिवारहरूको वर्चस्व बढ्दै जानु आदि। यी चुनौती आज पनि विद्यमान नै छन्।

आज हाम्रो मुख्य अभिभारा हो– कानुनी, संरचनागत र प्रशासनिक सुधारका माध्यमबाट दलाल पुँजीलाई नियन्त्रण गर्ने, राजनीतिसँग यसको अपवित्र गठबन्धनलाई परास्त गर्ने, राज्यमा यसको प्रभाव न्यून गर्ने, कृषिको व्यवसायीकरण, औद्योगीकरण र स्वरोजगारीका अवसरलाई तीव्र पार्ने, प्राकृतिक स्रोतमा सार्वजनिक स्वामित्व सुनिश्चित गर्दै सदुपयोग गर्ने, लगानी वृद्धि गर्ने र आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने। यी कामहरूले मुलुकमा तीव्र आर्थिक वृद्धि ल्याउने छन्। तर आर्थिक वृद्धि मात्रैले समाजमा समृद्धि ल्याउँदैन। कूल ग्राहस्थ उत्पादन (जीडीपी)

*समाजवाद हाम्रो रणनीतिक लक्ष्य हो। समाजवादको आधार निर्माण गर्नु भनेको जनताको बहुदलीय जनवादकै कार्यक्रमको निरन्तरता हो, जननेता कमरेड मदन भण्डारीले व्याख्या गर्नु भएका क्रान्तिपछिका तीनवटा उपचरणकै शृङ्खला हो। यसमा कुनै द्विविधा राख्नु हुँदैन र जबजको सान्दर्भिकता तथा महत्वलाई कहिँ कतै पनि अवमूल्यन गर्नु हुँदैन।*

र प्रतिव्यक्ति आयमा उच्च वृद्धि देखिए पनि सबैले त्यसको लाभांश पाउँदैनन्। हामीले खोजेको समृद्धि सामूहिक समृद्धि हो, समृद्धिका लाभ सबैसँग पुगेको समृद्धि हो। सामाजिक न्यायसँग जोडिएको आर्थिक वृद्धि या समृद्धि सहितको लोकतन्त्र हामीले खोजेका हौं।

समाजवाद हाम्रो रणनीतिक लक्ष्य हो। समाजवादको आधार निर्माण गर्नु भनेको जनताको बहुदलीय जनवादकै कार्यक्रमको निरन्तरता हो, जननेता कमरेड मदन भण्डारीले व्याख्या गर्नु भएका क्रान्तिपछिका तीनवटा उपचरणकै शृङ्खला हो। यसमा कुनै द्विविधा राख्नु हुँदैन र जबजको सान्दर्भिकता तथा महत्वलाई कहिँ कतै पनि अवमूल्यन गर्नु हुँदैन।

शान्तिपूर्ण बाटो, लोकतान्त्रिक प्रतिष्पर्धा र संवैधानिक माध्यमबाट प्रतिष्पर्धामा श्रेष्ठता हासिल गर्दै जनताको बहुदलीय जनवादको कार्यक्रम लागू गर्नु र राष्ट्रिय पुँजीको निर्माण गर्दै समाजवादको आधार निर्माण गर्नु हामीले निक्यौंल गरेको कार्यदिशाको सार हो। यसका लागि हामीले आवधिक निर्वाचन, तीनै तहका जनप्रतिनिधि निकाय र सरकारलाई कामको मुख्य क्षेत्रका रूपमा निर्धारण गरेका छौं। आवश्यकता अनुसार शान्तिपूर्ण जनदबाब र जनसङ्घर्षको बाटोलाई पनि खुल्लै राखेका छौं।

# १४.
# सिद्धान्त

श्रमजीवी वर्गको मुक्तिका लागि मार्क्स र उनका घनिष्ट सहयोद्धा एङ्गेल्सले प्रतिपादन गरेको वैज्ञानिक समाजवादको सिद्धान्तले उन्नाइसौं र बीसौं शताव्दीमा विश्व राजनीतिलाई व्यापक रूपमा प्रभावित र रूपान्तरित गरेको छ। आर्थिक विषमता अझ फराकिलो र विश्व पुँजीवादी सङ्कट अझ गहिरिंदै गरेको एक्काइसौं शताव्दीमा मार्क्सका सिद्धान्त र समाजवादको अपरिहार्यता सम्बन्धी निष्कर्ष अझ बढी सान्दर्भिक बनिरहेका छन्। मार्क्सवाद एउटा प्रभावशाली बौद्धिक प्रवृत्तिमात्र होइन, विश्वका विभिन्न भूभागका जनताको न्याय, समानता र स्वतन्त्रता निम्तिका आन्दोलनलाई दिशा निर्देशित गर्ने वैचारिक हतियारका रूपमा स्थापित भएको छ।

सोभियत सङ्घको विघटनसँगै केही समय पुँजीवादी विश्व निकै हौसियो र पश्चिमा थिङ्कट्याङ्कहरूले 'विचारधाराको मृत्यु' र 'इतिहासको अन्त्य' जस्ता कथित न्यारेटिभहरू निर्माण गर्दै मार्क्सवाद र समाजवादको असान्दर्भिक भएको घोषणा गरे। तर यो तामझाम धेरै टिकेन। सन् २००८ बाट सुरु भएको विश्व वित्तीय पुँजीवादी सङ्कटले अनियन्त्रित बजार अर्थतन्त्र र नवउदारवादको जग नै हल्लाइदियो। पुँजीको अत्यधिक केन्द्रीकरण, चरम विषमता, करोडौं श्रमजीवीहरू जोखिमपूर्ण वर्गमा धकेलिने वाध्यता तथा विचारधाराको द्वन्द्व समाप्त भएर सभ्यताको द्वन्द्व सुरु भयो भन्ने पुँजीवादी भाष्यकै पृष्ठभूमिमा सिर्जित विश्वव्यापी अतिवाद, आतङ्कवाद र सामाजिक विभाजनले 'नयाँ विश्व व्यवस्था' सम्बन्धी पुँजीवादी भाष्यलाई चुनौती

*मार्क्सवादी सिद्धान्त मार्क्स र एङ्गेल्सका मेधावी मस्तिष्कको मनोगत उपज थिएन। पुँजीवादी उत्पादन सम्बन्धले सिर्जना गरेका जटिल अन्तरविरोधहरूको समाधान र श्रमजीवी वर्गको मुक्तिको ऐतिहासिक आवश्यकताको पृष्ठभूमिमा यसको जन्म भएको थियो।*

दिइरहेका छन्। अनियन्त्रित बजार अर्थतन्त्र र नवउदारवादको अन्तिम विजय भयो भनेर गरिएको पुँजीवादी घोषणा गलत रहेछ भन्ने पुष्टि गरेको छ।

मार्क्सवादी सिद्धान्त मार्क्स र एङ्गेल्सका मेधावी मस्तिष्कको मनोगत उपज थिएन। पुँजीवादी उत्पादन सम्बन्धले सिर्जना गरेका जटिल अन्तरविरोधहरूको समाधान र श्रमजीवी वर्गको मुक्तिको ऐतिहासिक आवश्यकताको पृष्ठभूमिमा यसको जन्म भएको थियो। त्यतिबेलासम्म मानव जातिले आर्जन गरेका उपलव्धिहरूलाई उत्तराधिकारका रूपमा ग्रहण गर्दै मार्क्सले द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवाद, अतिरिक्त मूल्यको सिद्धान्त र वैज्ञानिक समाजवादलाई समष्टिगत रूपमा समेट्दै श्रमजीवी वर्गका लागि वैचारिक अस्त्र अगाडि सारे।

मार्क्सले द्वन्द्वात्मक भौतिकवादलाई नयाँ उचाइमा विकसित गर्दै यसलाई इतिहासको अध्ययनमा कुशल ढङ्गले प्रयोग गरे। ऐतिहासिक भौतिकवादका रूपमा निरूपित यो सिद्धान्त मार्क्सको सर्वाधिक महत्वपूर्ण योगदान पनि हो, जसले त्यतिबेलासम्म विशृङ्खलित, अनुमान गर्न असंभव र कुनै अदृष्य शक्तिबाट परिचालित जस्तो लाग्ने सामाजिक घटनाक्रमलाई कार्यकारण सम्बन्धमा वेष्ठित र वस्तुगत नियमहरूद्वारा सञ्चालित सिलसिलाका रूपमा बुझ्न संभव तुल्यायो। यसैका आधारमा श्रमजीवी वर्गले आफ्ना दुःखका कारण थाहा पायो, दुःख निवारण संभव छ भन्ने जान्यो र त्यसको बाटो पनि पहिल्याउन सक्ने बन्यो। मार्क्सवादी वैचारिक

अस्त्र प्राप्त गरेको श्रमजीवी वर्ग 'आफैमा' बाट 'आफ्ना लागि' मा रूपान्तरित भयो।

मार्क्सवाद श्रमजीवी वर्गको मुक्तिको वैचारिक हतियार हो। तर यसले श्रमजीवी वर्गलाई मात्रै होइन, सबै उत्पीडित समुदाय र राष्ट्रको मुक्तिका लागि समेत बाटो देखाउँछ। समतामूलक, न्यायपूर्ण र समृद्ध समाज निर्माणका लागि प्रेरणा प्रदान गर्छ। त्यसो भएर संसारका सबै मुलुकमा कम्युनिष्ट/श्रमिक पार्टीहरू मार्क्सवादलाई आफ्नो मार्गदर्शकका रूपमा सम्मान गर्छन्। मार्क्सवाद प्रत्येक समस्याको बनिबनाऊ समाधानको सूत्र भने होइन। यो समाजलाई बुझ्ने, व्याख्या गर्ने र परिवर्तन गर्ने पद्धति हो। ऐतिहासिक विकासक्रम, सामाजिक–आर्थिक संरचना, वर्ग सङ्घर्षको स्तर र खास सांस्कृतिक परम्परा आदि कारणले गर्दा हरेक राष्ट्र या समाजको चारित्रिक विशेषता मौलिक र विशेष ढङ्गको बनेको हुन्छ। यस मौलिकता र वैशिष्ट्यका कारण सम्बन्धित मुलुकको क्रान्ति र समाजवाद निर्माणको बाटो मौलिक र विशिष्ट हुनु अनिवार्य हुन्छ।

हरेक सिद्धान्तकार/चिन्तकले आफू बाँचिरहेको समय र परिस्थितिको सीमाभित्र रहेर नै आफ्ना मान्यताहरूको विकास गर्छ। त्यसैले उसका चिन्तनमा स्थानिक र सर्वव्यापी, अस्थायी र दीर्घकालीन, परिवर्तनशील र शाश्वत पक्षहरू हुन्छन्। मार्क्सका लेखनीमा पनि यी दुबै आयाम छन्। मार्क्सवादी शास्त्रीय रचनामा कुन चाहिँ शाश्वत, सार्वभौम र सर्वकालिक सिद्धान्त हुन् र कुन चाहिँ तात्कालिक र समय–सन्दर्भका विषय हुन् भन्ने छुट्याउनु कष्टप्रद काम हो। त्यसरी नै, मार्क्सवादको आलोकमा आफ्नो मुलुकको क्रान्तिका मौलिक सिद्धान्तहरूको निर्माण र विशिष्ट बाटो पहिल्याउने विषय पनि चुनौतीपूर्ण छ। यिनमा चुक्दा कतिपय पार्टीहरू या त जडसूत्रवाद र यान्त्रिक नक्कलको दलदलमा फँसेका छन्, या मौलिकताको खोजीका नाममा मार्क्सवादका आधारभूत मान्यताबाटै विचलित भएका छन्।

*हरेक सिद्धान्तकार/चिन्तकले आफू बाँचिरहेको समय र परिस्थितिको सीमाभित्र रहेर नै आफ्ना मान्यताहरूको विकास गर्छ। त्यसैले उसका चिन्तनमा स्थानिक र सर्वव्यापी, अस्थायी र दीर्घकालीन, परिवर्तनशील र शाश्वत पक्षहरू हुन्छन्। मार्क्सका लेखनीमा पनि यी दुबै आयाम छन्।*

मार्क्सवादको मौलिक विकासका दुईवटा आयाम छन्– समय–क्रममा उत्पन्न नयाँ प्रश्न, चुनौती र परिस्थितिको सिर्जनात्मक उत्तर खोज्नु र आफू बाँचिरहेका समाजको ठोस स्थितिको ठोस विश्लेषण गर्नु। कम्युनिष्ट घोषणापत्र प्रकाशन भएको आज १७७ बर्ष भएको छ। यस अवधिमा संसारमा निकै ठूला परिवर्तनहरू आएका छन्– श्रमको स्वरूप, श्रम सम्बन्ध, शोषणका ढाँचा, पुँजीवादको चरित्र, राष्ट्रहरूका सम्बन्ध, विज्ञान–प्रविधि र उत्पादन ढाँचा, व्यापार र उपभोग एवं विश्व राजनीतिमा अकल्पनीय ढङ्गले बदलिएको छ। क्रान्तिको खाँचो र समाजवादको अपरिहार्यता झनै बढेको छ, तर आन्दोलनका सामु नयाँ प्रश्नहरू खडा भएका छन्। एउटा विज्ञान हुनुको नाताले मार्क्सवादले यी नयाँ प्रश्नको ठोस उत्तर दिने सामर्थ्य राख्छ। यसका लागि सिर्जनात्मक चिन्तन र प्रयोगको आवश्यकता छ।

असमान विकासका कारण देश–देशमा क्रान्ति र समाजवाद निर्माणको बाटो झनै विविधतायुक्त र स्थानीयकरण सहितको हुनु अनिवार्य छ। प्रत्येक देशका कम्युनिष्टहरू जति बढी आफ्नो समाजको विकासक्रम, त्यसको मौलिकता र विशेषताका बारेमा जानकार एवं संवेदनशील बन्न सक्छन् अनि आन्दोलनको आफ्नै मौलिकता अन्वेषण गर्न सक्छन्, समाजवाद त्यति नै नजिक हुन्छ। मार्क्सवादको प्रयोग र विकासमा एकरूपता होइन, विविधताभित्र एकता खोजिनुपर्छ।

## नेपालमा मार्क्सवादको सिर्जनात्मक विकास

कम्युनिष्ट आन्दोलनको ८० बर्ष लामो इतिहासमा हामीले धेरै आरोह–अवरोहहरू व्यहोरेको छौं। आन्दोलनमा उत्पन्न दक्षिणपन्थी र वामपन्थी विचलनका कारण धक्का, विभाजन र विखण्डनको कहालीलाग्दो शृङ्खला पार गरेका छौं। अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा उत्पन्न विवाद र विभाजनमा अनावश्यक ढङ्गले ध्रुवीकृत भएका छौं र यसको परिणामस्वरूप एकीकृत पार्टी खण्ड–खण्डमा टुक्रिएको कटु यथार्थ भोगेका छौं।

२०३६/३७ देखि हामीले पार्टीभित्र गंभीर वैचारिक बहसहरू सञ्चालन गर्‍यौं– नेपाली इतिहासको नयाँ व्याख्या, समाजको चरित्र निरूपण, क्रान्तिको मौलिक कार्यक्रम तर्जुमा, प्रधान अन्तरविरोधको निर्क्यौल तथा नेपाली क्रान्तिको आफ्नै विशिष्ट बाटोको पहिचानका सम्बन्धमा। यस सघन बहसका क्रममा कमरेड मदन भण्डारीको नेतृत्वमा हामीले नेपाली क्रान्तिको आफ्नै विशिष्ट र मौलिक बाटोको प्रतिपादन गर्‍यौं, जसलाई हामीले जनताको बहुदलीय जनवाद (जबज) नामाकरण गरेका छौं।

यो सिद्धान्त प्रतिपादन गरिरहँदा अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलन ठूलो सङ्कटबाट गुज्रिदै थियो। एकातिर संसारको पहिलो समाजवादी सत्ता–सोभियत सङ्घ विघटन हुँदै थियो भने पूर्वी युरोपका समाजवादी सरकारहरू विस्थापित हुँदै थिए। अर्कोतिर सशस्त्र विद्रोहको बाटो हिंडिरहेका विभिन्न मुलुकका कम्युनिष्ट पार्टीहरूले पनि ठूलो धक्का खाँदै थिए। अक्टोबर क्रान्तिपछि सुरु भएको युगकै अन्त्य भएको जस्तो लाग्ने ती दिनमा समाजवादको भविष्यमाथि गंभीर प्रश्नचिह्न खडा गरिँदै थियो। विसर्जनवादको हावा चलिरहेको थियो र चरम नैराश्य फैलिँदै थियो।

ती प्रश्नको जवाफ न त मार्क्सवादबाट पलायन र विसर्जनवादले दिन सक्थ्यो, न शास्त्रीय रचनाहरूको जडसूत्रीय रटानले। यसका लागि सिर्जनात्मक सोचको खाँचो थियो। त्यसैले हामीले नारा अगाडि सार्‍यौं– ‘जडसूत्रवाद र विसर्जनवादको

*जबजले कम्युनिष्ट आन्दोलनमा उत्पन्न सङ्कटलाई मार्क्सवादको कमजोरी होइन, यसको प्रयोगका निश्चित ढाँचा र अभ्यासको कमजोरीका रूपमा विश्लेषण गरेको छ। मार्क्सवादको सान्दर्भिकता उत्तिकै रहेको पुनर्पुष्टि गर्दै जबजले सङ्कटको समाधानका लागि मार्क्सवादको सिर्जनात्मक प्रयोग र विकासमा जोड दिएको छ।*

विरोध गरौं, मार्क्सवादको सिर्जनात्मक प्रयोग गरौं।' जनताको बहुदलीय जनवाद (जबज) यही वैचारिक मान्यतामाथि आधारित छ। यो मार्क्सवादलाई नेपालको विशिष्ट परिस्थितिमा लागू गर्ने क्रममा विकसित नेपाली क्रान्तिको सिद्धान्त हो, यो मार्क्सवादको नेपाली संस्करण हो।

जबजले कम्युनिष्ट आन्दोलनमा उत्पन्न सङ्कटलाई मार्क्सवादको कमजोरी होइन, यसको प्रयोगका निश्चित ढाँचा र अभ्यासको कमजोरीका रूपमा विश्लेषण गरेको छ। मार्क्सवादको सान्दर्भिकता उत्तिकै रहेको पुनर्पुष्टि गर्दै जबजले सङ्कटको समाधानका लागि मार्क्सवादको सिर्जनात्मक प्रयोग र विकासमा जोड दिएको छ। मार्क्सवादको सार्वभौम सच्चाइहरू संसारका सबै मुलुकमा उत्तिकै सान्दर्भिक भएतापनि तिनको प्रयोग भने आफ्नो देशको विशिष्ट परिस्थिति अनुरूप मौलिक र विशिष्ट ढङ्गले हुने कुरामा विशेष जोड दिंदै जबजले नेपाली समाजका विशिष्टताहरूमाथि ध्यान केन्द्रित गरेको छ।

झण्डै पाँच हजार बर्ष लामो गौरवपूर्ण इतिहास बोकेको नेपाली समाज संसारका प्राचीनतम सभ्यताहरू बोकेको समाजमध्ये एक हो। बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक संरचनामा आवद्ध नेपाली समाजमा विविधता र बहुलता चारित्रिक विशेषताको रूपमा रहेको छ।

हजारौँ वर्षको विकासक्रममा विविध सभ्यता र संस्कृतिको सहअस्तित्व, अन्तरक्रिया र अन्तरभुक्ति मार्फत् मौलिक नेपाली चिन्तन परम्परा विकसित भएको छ। शान्ति, सहिष्णुता, सहअस्तित्व र सहकार्य जस्ता सकारात्मक विशेषता समाजमा विद्यमान छन् । जबजमा यी विशेषता प्रतिविम्बित छन् ।

जबजले नेपाली जनताको सङ्घर्षका विभिन्न धारा– देशभक्तिपूर्ण धारा, समाज सुधार र मानवतावादको धारा र लोकतान्त्रिक आन्दोलनको धारालाई .आत्मसात गरेको छ र यिनलाई समाजवादी अन्तरवस्तु प्रदान गरेको छ ।

विधिको शासन, आवधिक निर्वाचन, मानव अधिकार र संविधानको सर्वोच्चता जस्ता विषयहरू पुँजीवादी क्रान्तिका दौरान विकसित भएको भए पनि यिनीहरू आफैमा पुँजीवादी होइनन्, यी मानव जातिले आर्जन गरेका सामूहिक उपलब्धि हुन् । राज्यसत्ताको सार (चरित्र) लाई निर्धारण गर्ने मुख्य विषय त्यसले कुन वर्गलाई प्रतिनिधित्व गर्छ र राज्यसंयन्त्र तथा अर्थतन्त्र कसको नियन्त्रणमा छ भन्ने हो। त्यसले अवलम्बन गर्ने शासन प्रणाली त्यसको रूप पक्ष मात्रै हो । त्यसैले जबजले श्रमजीवी वर्ग पक्षधर राज्य तथा लोकतान्त्रिक प्रतिष्पर्धात्मक शासन प्रणालीलाई अवलम्बन गर्ने नीति अख्तियार गरेको हो । यसले सार र रूप, अन्तरवस्तु र आकृति सम्बन्धी मार्क्सवादी दर्शनको आधारभूत पक्षलाई अभिव्यक्त गरेको छ ।

जनवादी व्यवस्थामा मात्रै होइन, समाजवादको प्रारम्भिक चरणमा पनि समाज वर्गीय नै रहिरहन्छ। समाजमा वर्ग भइसकेपछि तिनलाई प्रतिनिधित्व गर्ने भिन्नभिन्न विचारहरू अभिव्यक्ति हुनु र तिनीहरू सङ्गठित हुनु स्वाभाविकै हो। त्यसैले समाजको वर्गीय चरित्रसँग तादात्म्य कायम हुने गरी जबजले बहुदलीय प्रतिष्पर्धाको बाटोलाई स्वीकार गरेको छ। सीमित प्रतिगामी शक्तिबाहेक अन्य वर्ग, विचार र दलहरूका बिचमा प्रतिष्पर्धालाई स्वीकार गर्ने तथा कम्युनिष्ट पार्टीले यही प्रतिष्पर्धाकै बीचबाट आफूलाई श्रेष्ठ साबित गर्ने बाटो अख्तियार गरेको छ।

*जनवादी व्यवस्थामा मात्रै होइन, समाजवादको प्रारम्भिक चरणमा पनि समाज वर्गीय नै रहिरहन्छ। समाजमा वर्ग भइसकेपछि तिनलाई प्रतिनिधित्व गर्ने भिन्नाभिन्न विचारहरू अभिव्यक्ति हुनु र तिनीहरू सङ्गठित हुनु स्वाभाविकै हो। त्यसैले समाजको वर्गीय चरित्रसँग तादात्म्य कायम हुने गरी जबजले बहुदलीय प्रतिष्पर्धाको बाटोलाई स्वीकार गरेको छ।*

कम्युनिष्ट पार्टीले बहुसङ्ख्यक जनताको प्रतिनिधित्व गर्छ भने र उसले सही बाटो अवलम्बन गरेको छ भने प्रतिष्पर्धाबाट किन तर्सिने ?

हरेक राज्य वर्गीय हुन्छ र राज्यसत्ता आफैमा एक खालको अधिनायकत्व हो। फरक यत्ति हो– पुँजीवादी राज्यसत्ता अल्पमतको अधिनायकत्व हो भने समाजवादी सत्ता बहुसङ्ख्यक जनताको। तर राज्यसत्ताको काम अधिनायकत्व अर्थात् नियन्त्रण मात्रै होइन। समाजवादी सत्ताको मुख्य विशेषता बहुसङ्ख्यक जनतालाई लोकतन्त्रको प्रत्याभूति गराउनु हो। समाजवादी लोकतन्त्र पुँजीवादी लोकतन्त्र भन्दा गुणात्मक रूपमै अग्रगामी हुन्छ, हुनुपर्छ। त्यसैले जबजले 'जनताको जनवादी सत्ता' भन्ने शव्दावली प्रयोग गर्छ।

पुँजीवादी सत्ता हिंसात्मक दमनमा उत्रिएका कारण संसारका विभिन्न देशमा कम्युनिष्ट पार्टीले हिंसात्मक प्रतिरोधको बाटो लिनु पऱ्यो। तर हिंसा क्रान्तिको अपरिहार्य साधन या सिद्धान्तको बिषय होइन। हिंसालाई क्रान्तिको पर्यायवाची जस्तो गरेर प्रस्तुत गर्दा थुप्रै ठाउँमा कम्युनिष्ट पार्टीले अनावश्यक क्षति र दमन व्यहोरेको छ, जनताबाट अलग्गिएको छ र बदनाम पनि भएको छ। त्यसैले जबजको मान्यता छ– सङ्घर्षको स्वरूप र बाटो परिस्थितिजन्य हुन्छन्। विपक्षी कसरी प्रस्तुत हुन्छ, त्यसले तपाईले लिने बाटो तय हुन्छ। एक्काइसौं शताव्दीमा

आइपुग्दा नयाँ विश्व सन्दर्भले समाजको शान्तिपूर्ण तथा लोकतान्त्रिक रूपान्तरणको बाटोलाई संभव तुल्याइदिएको छ ।

यसका अलावा जबजमा बदलिएको विश्व सन्दर्भ, हाम्रो संवेदनशील भूराजनीतिक अवस्था र अन्य विशेषता पनि प्रतिबिम्बित छन् ।

सिद्धान्तको विकास क्रमिक ढङ्गले अगाडि बढ्दै जान्छ । सुरुमा पूर्व अनुभव, भावी अनुमान र केही सैद्धान्तिक–दार्शनिक अवधारणामाथि आधारित भएर सिद्धान्त निर्माण हुन्छ । व्यवहारमा लागू हुने क्रममा त्यसको परीक्षण हुन्छ र त्यो अझ उन्नत र समृद्ध हुँदै जान्छ । फेरि त्यसले अझ उन्नत स्तरको व्यवहारलाई मार्गदर्शन गर्छ र प्राप्त अनुभवका आधारमा थप विकसित हुँदै जान्छ । सिद्धान्तको निर्माण र विकासको यही द्वन्द्वात्मकताकै क्रममा सुरुमा कार्यक्रमको रूपमा अगाडि सारिएको जनताको बहुदलीय जनवादले सिद्धान्तको रूप ग्रहण गरेको हो ।

गएको ३३ बर्षको नेपाली राजनीतिको अग्निपरीक्षामा जबजको सच्चाइ बारम्बार पुष्टि र प्रमाणित भएको छ । सामन्तवादलाई परास्त गर्न यसले निर्णायक भूमिका खेलेको छ । नवउदारवादसँगको वैचारिक प्रतिष्पर्धामा श्रेष्ठता हासिल गर्दै सामाजिक न्यायलाई स्थापित गर्न निर्णायक भूमिका खेलेको छ । उग्रवामपन्थविरुद्धको वैचारिक सङ्घर्षमा यसले विजय हासिल गरेको छ र हतियार बोकेकाहरूलाई शान्तिपूर्ण र प्रतिष्पर्धात्मक बाटोमा आउन उत्प्रेरित गरेको छ । आज जबजले अवलम्बन गरेको सामाजिक न्यायसहितको लोकतन्त्र सिङ्गो राष्ट्रकै मान्यता बन्न पुगेको छ । तीन दशक यताका परिवर्तनमा जबजका विचारहरूको जबर्जस्त प्रभाव छ । प्रतिगामी, यथास्थितिवादी र क्षेत्रीय/जातीय सङ्कीर्णतावादी चिन्तनहरू कमजोर बनेका छन् ।

जबजलाई कार्यान्वयन गर्ने क्रममा यसलाई हामीले समयानुकूल विकास पनि गर्दै लगेका छौँ । समाजवाद निर्माण र समृद्धिको अभियानको मार्गदर्शन गर्न गरिएका नयाँ मान्यताहरूको विकास यस सन्दर्भमा उल्लेखनीय र महत्वपूर्ण छन् ।

*आज जबजले अवलम्बन गरेको सामाजिक न्यायसहितको लोकतन्त्र सिङ्गो राष्ट्रकै मान्यता बन्न पुगेको छ। तीन दशक यताका परिवर्तनमा जबजका विचारहरूको जबर्जस्त प्रभाव छ। प्रतिगामी, यथास्थितिवादी र क्षेत्रीय/जातीय सङ्कीर्णतावादी चिन्तनहरू कमजोर बनेका छन्।*

कार्यान्वयनका क्रममा जबजमा गरिएका विकासका मुख्य आयामहरूलाई यसरी सूत्रबद्ध गर्न सकिन्छ–

— जबजले राजतन्त्रको अन्त्य र लोकतान्त्रिक गणतन्त्र स्थापनाको अभियानमा वैचारिक नेतृत्व गरेको छ ।

— प्रगतिशील अन्तरवस्तु र समाजवाद–अभिमुख संविधान निर्माणका लागि मार्गदर्शन गरेको छ ।

— औपचारिक प्रजातन्त्र होइन, जनताको जीवनमा सार्थक परिवर्तन ल्याउन सक्ने प्रजातन्त्र आवश्यक छ भन्ने जननेता मदन भण्डारीको अगुवाइमा निर्मित सोचलाई आज परिपूर्ण लोकतन्त्रको समष्टिमा व्याख्या र विकास गरिएको छ ।

— कमरेड मदन भण्डारीले प्रस्तुत गर्नुभएको ‘प्रगतिशील राष्ट्रवाद’ को अवधारणा आज अझ समुन्नत भएर भूगोल, जनसङ्ख्या या आर्थिक सामर्थ्यका दृष्टिले राष्ट्रहरूको आकार भिन्नभिन्न भए पनि सबैको सार्वभौमसत्ता र राष्ट्रिय आत्मसम्मान बराबरी हुन्छ भन्ने मान्यतामा थप विकास भएको छ। राष्ट्रिय स्वाभिमानको विकास, सानो राष्ट्र हीनताबोधको अन्त्य गर्न यसले मार्गदर्शन गरेको छ ।

— समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा र गन्तव्यको पहिचान एवं रेखाङ्कन गरिएको छ ।

— समृद्धितिरको सार्थक यात्राका लागि यसले बाटो देखाइरहेको छ ।

— पार्टी जीवनको लोकतान्त्रीकरण र समृद्धिको अभियन्ताको रूपमा पार्टी निर्माणका नयाँ अवधारणा विकास गरिएका छन् ।

सारमा, लोकतन्त्रको उन्नत स्वरूपका रूपमा परिपूर्ण लोकतन्त्र र नेपाली विशेषता सहितको समाजवादको अवधारणाका रूपमा समृद्ध नेपाल, सुखी नेपालीको रेखाङ्कन जबजको सैद्धान्तिक भण्डारमा थप गरिएको नयाँ आयाम हो ।

त्यसैले, जनताको बहुदलीय जनवादको 'कार्यान्वयन भएन', 'चुनावदेखि चुनावसम्म सीमित भयो' या 'यो पार्टी नेताहरूको सत्तागमनको साधन मात्रै भयो' भनेर यदाकदा सुनिने गरेका टिप्पणीहरू सही होइनन् । निःसन्देह, कार्यान्वयनमा क्रममा कुनै कमजोरी नै रहेनन् भन्ने हाम्रो दाबी छैन । कुनै पनि सिद्धान्तको कार्यान्वयनमा त्रुटि, कमी या सीमाहरू हुन सक्छन् । हामी पनि त्यसको अपवाद होइनौँ । तर जनताको बहुदलीय जनवादको मार्गदर्शनमा समाजको रूपान्तरण गर्ने हाम्रो प्रयाशको निष्ठा, इमान र सङ्कल्पमा भने कुनै सन्देह छैन ।

समयक्रममा आज जबज सामाजिक जीवनका विविध आयामहरूलाई समेटेको समग्र सिद्धान्तका रूपमा विकसित भएको छ । जबजको सहीपना नै मुख्य कारण हो, जसले समाजवाद प्रतिरक्षात्मक अवस्थामा रहेको प्रतिकूल विश्व परिस्थितिमाझ पनि नेपालमा वामपन्थी आन्दोलनको प्रबल संभावनालाई जीवन्त राखेको छ । राष्ट्रिय राजनीतिमा कम्युनिष्ट पार्टीको प्रभाव र भूमिका फराकिलो बन्दै गइरहेको छ र आज नेकपा (एमाले) कम्युनिष्ट आन्दोलन र लोकतन्त्र आन्दोलनको मात्र होइन, मुलुककै मुख्य शक्तिका रूपमा स्थापित भएको छ ।

*जबजको सहीपना नै मुख्य कारण हो, जसले समाजवाद प्रतिरक्षात्मक अवस्थामा रहेको प्रतिकूल विश्व परिस्थितिमाझ पनि नेपालमा वामपन्थी आन्दोलनको प्रबल संभावनालाई जीवन्त राखेको छ।*

निश्चय नै, चुनौतीहरू छन्। केही नयाँ प्रश्नहरू पनि छन्। जस्तो कि, प्रतिकूल विश्व शक्ति सन्तुलन र जटिल भूराजनीतिका बिचमा नेपाल जस्तो मुलुकले एक्लै समाजवाद निर्माण गर्नु संभव छ ? बीसौं शताब्दीको उत्तरार्धमा चिलीमा आयन्देले, कङ्गोमा प्याट्रिस लुमुम्बाले या इन्डोनेसियामा सुकार्नोले भोग्नु परेको ‘नियति’ पनि हामीलाई याद छ। तर एक्काइसौं शताब्दीमा आइपुग्दा जननिर्वाचित प्रगतिशील सरकारहरूलाई सिधै हस्तक्षेप या आक्रमण गर्नु सहज हुनेछैन।

जस्तो कि, शान्तिपूर्ण र प्रतिष्पर्धात्मक बाटोबाट अगाडि बढ्दा निर्वाचनलाई गलत ढङ्गले प्रभावित गरेर पुँजीपतिहरूले लाभ लिन सक्ने जोखिमको सामना कसरी गर्ने ? तर चुनौती जुनसुकै बाटोमा पनि हुन्छन्। कम्युनिष्ट पार्टी निरन्तर जनताको हृदयमा बसिरहन सक्यो भने, उनीहरूसँग निरन्तर सान्निध्य र निगरानीमा रहिरहन सक्यो तथा आफ्ना विचारहरूलाई निरन्तर जनताबाट अनुमोदित गराइरहन सक्यो भने प्रतिकूलता, प्रतिगमन तथा प्रतिक्रान्तिका संभावनालाई परास्त गर्न सकिन्छ।

जस्तो कि, खुल्ला समाजमा बाहिरी अवाञ्छित प्रभावका कारण कम्युनिष्ट पार्टीमा सिर्जना हुन सक्ने विकृतिलाई कसरी रोक्ने ? यसका लागि पार्टीभित्र निरन्तर शिक्षा, सजगता र शुद्धीकरण नै यसको समाधान हो भन्ने हामीलाई लाग्छ।

जस्तो कि, चौथो औद्योगिक क्रान्तिले ल्याएको परिवर्तन, यसले श्रम, उत्पादन, उपभोग र वितरणमा ल्याएका अकल्पनीय फेरबदलहरू अनि सूचना प्रविधि र कृत्रिम बौद्धिकता (एआई) ले ल्याएको सुनामी बिच वर्ग्गीय आन्दोलनलाई कसरी अगाडि बढाउने ? सत्यको रक्षा कसरी गर्ने ? श्रमिकहरूको काम गरी खाने अधिकारको रक्षा कसरी गर्ने ? डिजिटल र भर्चुअल संसारमा अभ्यस्त युवा पुस्तालाई पार्टीमा कसरी जोड्ने ? हामीलाई लाग्छ, यसको कुनै तम्तयार जवाफ छैन। तर सिर्जनात्मक सोच, नवीन अन्वेषण र नयाँ मान्यताको विकास गर्दै हामी यी नयाँ प्रश्नहरूको पनि समाधान गर्दै जान सक्नेछौँ।

सन् १९९४ मा कोलकतामा आयोजित विश्वका कम्युनिष्ट तथा श्रमिक पार्टीहरूको विशेष कार्यक्रममा जननेता मदन भण्डारीले भन्नुभएको थियो– मार्क्सवादमा अस्थायी धक्का लाग्दैमा पुँजीवादीहरूले आशा गरेजस्तो पुँजीवादी व्यवस्था समाजवादको विकल्प हुन सक्दैन।...... विभिन्न मुलुकहरूमा गरिएको मार्क्सवादी सिद्धान्तको प्रयोगको अनुभवले मार्क्सवादको पुनर्व्याख्या र पुनर्परिभाषा गर्नु जरुरी छ, जसले मानव जातिको स्वाधीनता, मुक्ति र प्रगतिका निम्ति, सामाजिक शोषणको समाप्तिका निम्ति, उत्पादक शक्तिको विकासका निम्ति मार्क्सवादको कुनै विकल्प छैन भन्ने कुरा प्रमाणित गरोस् र यसको शाश्वत जीवनको प्रत्याभूति गरोस्।....समकालीन विश्वमा यसलाई सफलताका साथ उपयुक्त ढङ्गले लागू गर्नाका लागि नयाँ चिन्तनको आवश्यकता छ।'

जबज यही चिन्तनको एउटा महत्वपूर्ण अभिव्यक्ति हो।

## १५.
# पार्टी

समाजवादको आधार निर्माणको ऐतिहासिक अभिभारा अरु कुनै पार्टी या शक्तिबाट पूरा हुनु संभव छैन। नेपाली काङ्ग्रेस मुलुकको पुरानो पार्टी हो र प्रजातान्त्रिक आन्दोलनमा सकारात्मक भूमिका खेलेको पार्टी पनि हो। तर लोकतन्त्रको रक्षा, राज्य सञ्चालन र समृद्ध समाज निर्माण लागि भने यो 'टेस्टेड' भइसकेको शक्ति हो। यसले सात सालपछि क्रान्तिका पक्षधर शक्तिहरूलाई समेट्दै आन्दोलनको रक्षा गर्न सकेन। पन्ध्र सालको निर्वाचनमा दुई तिहाई बहुमत पाएर पनि क्रान्तिका उपलव्धि जोगाउन सकेन। २०४८ र २०५६ मा दुई–दुई पटक बहुमत पाएर पनि आफ्नै अन्तरकलहका कारण सरकार गुमायो, र २०५९ सालमा त प्रजातन्त्र नै राजाको हातमा पुग्ने स्थिति निर्माण भयो। उसले अवलम्बन गरेको आर्थिक नीतिले समृद्धिको यस अभियानको नेतृत्व गर्न सक्दैन भन्ने प्रष्ट छ। नवउदारवाद संसारभरि नै असफल भइसकेको छ भने नेपालमा यस विचारले अगुवाइ गर्न सक्ने कुनै संभावना छैन।

नेकपा (माओवादी केन्द्र) बाट यस्तो नेतृत्व संभव छ त ? बिल्कुलै छैन। कुनै बेला नेकपा (एमाले) र यसको सिद्धान्त जनताको बहुदलीय जनवादको 'एण्टिथेसिस' का रूपमा 'प्रचण्ड' ले विकास गरेको भनिएको सशस्त्र युद्धको बाटो, सेना बिनाको पार्टी कम्युनिष्ट पार्टी नै होइन भन्ने आग्रह र बहुदलीय प्रतिष्पर्धालाई अस्वीकार गर्दै जनवादी अधिनायकत्वको एकदलीय सोच त उहिल्यै असफल भइसकेको हो। 'प्रचण्डपथ' लाई कुनै निर्जन बाटोतिर थन्क्याएका माओवादी साथीहरूका लागि

आज 'माओवादी' ट्याग पनि भारी भएको छ। शान्ति प्रक्रियामा आइसकेपछि अगाडि सारिएका सत्ता कब्जा, सेनामा समूहगत समायोजन, जातीय राज्य लगायत माओवादीका प्रायः सबै प्रयोग असफल भएका छन्। अस्थिरता, अवसरवाद एवं विभाजनकारी सोच र भ्रष्ट व्यवहारले गर्दा आज माओवादी वैचारिक, साङ्गठनिक र चारित्रिक हिसाबले निरन्तर क्षयीकरण हुँदै गएको छ। कसैको पनि बहुमत नभएको 'हङ् पार्लियामेन्ट' का कारण सत्ताको लाभ लिइरहनु एउटा कुरा हो। तर मुलुकको वैचारिक–राजनीतिक नेतृत्व गर्ने प्रतिष्पर्धाबाट माओवादी केन्द्र बाहिरिइसकेको छ।

सङ्कीर्ण, यथास्थितिवादी एवं राष्ट्रियताका बारेमा त्रुटिपूर्ण सोच बोकिरहेका मधेस–केन्द्रित दलहरूले राष्ट्रको नेतृत्व गर्न सक्ने प्रश्नै भएन।

राष्ट्रिय प्रजातन्त्र पार्टी र अन्य राजावादी समूहहरू राजतन्त्र फर्काउने सपना देख्छन्। कतिले धर्मलाई राजनीतिक हतियार बनाउन चाहन्छन्। जन्मजात श्रेष्ठताको सामन्ती विचारले र त्यस्तो विचार बोक्ने त्यसका अनुयायीहरूले आजको लोकतान्त्रिक युगमा समाजको नेतृत्व गर्ने कुरा कल्पना बाहिरको कुरा हो। पछिल्लो समय राजावादीका नाममा संविधान नै नमान्ने, प्रचलित कानुन र प्रशासनका आदेशहरूको अवज्ञा गर्ने, शान्तिपूर्ण प्रदर्शनका नाममा हिंसा र अराजकता मच्चाउने प्रवृत्ति बढेको छ। यो स्वीकार्य हुन सक्दैन।

समाजमा असन्तुष्टि, गुनासो र बेथिति सिर्जना गर्दै त्यसबाट उत्पन्न नकारात्मकतालाई प्रयोग गर्दै केही दल र व्यक्तिहरू गतः निर्वाचनबाट नाटकीय ढङ्गले राजनीतिक रङ्गमञ्चमा उदाए। विशेष गरेर नेकपाको विभाजन, जनादेशबाट सरकार चलाइरहेको नेकपा (एमाले) लाई परमादेशबाट गरिएको विस्थापन, त्यसपछिका नीतिहीन गठबन्धन र त्यसले सिर्जना गरेको राजनीतिक विकृतिले गर्दा समाजको एउटा तप्काले विकल्पको खोजी गरिरहेको थियो। समाजको यही मनोविज्ञानलाई 'पपुलिस्टहरू' ले राम्रैसँग दुरूपयोग गरे। तर उनीहरूसँग प्रश्नहरू थिए, उत्तर

*क्रान्ति पछि पनि यदि जनताका आकाङ्क्षा र देशका आवश्यकता पूरा गर्न र 'डेलिभरी' दिन सक्षम हुन सकेनौं, जनताले परिवर्तनको लाभ प्राप्त गर्न सकेनन् र लोकतान्त्रिक गणतन्त्रप्रतिको जनताको स्वेच्छिक समर्थन र अपनत्वको दायरा विस्तार हुँदै जान सकेन भने क्रान्तिकारी परिवर्तनहरू दिगो हुन सक्दैनन् ।*

थिएन । हातमा समस्याको चाङ थियो, तर समाधानको कुनै विकल्प थिएन । न कुनै वैचारिक–राजनीतिक स्पष्टता । न विगतको कुनै बिरासत र योगदान । न कुनै सुस्पष्ट गन्तव्य । न त निश्चित वर्गआधार र लक्षित समूह । तलाउमा देखा पर्ने एउटा तरङ्ग जस्तै यस्तो पपुलिज्म उठ्नु र छिट्टै सेलाउनु अनिवार्य नै थियो । हामीले सुरुदेखि नै भन्दै आएका थियौं– यो कुनै विकल्प होइन, हुन सक्दैन । दुई वर्ष बित्दानबित्दै समाजले पनि निष्कर्ष निकालिसकेको छ– पपुलिज्म कुनै समाधान या विकल्प होइन ।

विचारका हिसाबले जनताको बहुदलीय जनवाद र शक्तिका हिसाबले नेकपा (एमाले) यस अभियानको सारथी हो भन्ने कुरामा कुनै द्विविधा छैन ।

## निर्णायक राष्ट्रिय शक्तिको रूपमा पार्टी निर्माण

यस अभियानको सफल नेतृत्वका लागि हाम्रो पार्टीको सोच, संरचना र शैलीको पुनर्संरचना (रिइन्जिनियरिङ) भने जरुरी छ। क्रान्ति पछि पनि यदि जनताका आकाङ्क्षा र देशका आवश्यकता पूरा गर्न र 'डेलिभरी' दिन सक्षम हुन सकेनौं, जनताले परिवर्तनको लाभ प्राप्त गर्न सकेनन् र लोकतान्त्रिक गणतन्त्रप्रतिको जनताको स्वेच्छिक समर्थन र अपनत्वको दायरा विस्तार हुँदै जान सकेन भने क्रान्तिकारी परिवर्तनहरू दिगो हुन सक्दैनन् । त्यस कमजोरीको जगमा उत्पन्न हुने असन्तुष्टि, आक्रोश र वितृष्णाको लाभ जुनसुकै पश्चगामी या अतिवादी शक्तिले

लिन सक्छन् । यही कुरालाई ध्यानमा राखेर यतिबेला हामी पार्टीलाई नयाँ अभिभारा पूरा गर्न सक्ने गरी पुनर्व्यवस्थित गरिरहेका छौं ।

विगतका अनुभवहरूले हामीलाई यस सम्बन्धमा महत्वपूर्ण शिक्षा दिन सक्छन् ।

पञ्चायतकालमा तत्कालीन नेकपा (माले) को असाध्यै अनुशासित, जनआधारित र गतिशील सङ्गठन निर्माण गरिएको थियो । अरु धेरै पार्टीहरूले भारत प्रवासलाई आश्रयस्थल बनाए। तर हामीले देशभित्रै, जनताका झुपडीमा बसेर, जनतामै आधारित रहेर सङ्गठन विस्तार गऱ्यौं। सानो र चुस्त सङ्गठन थियो। थोरै, तर समर्पित भूमिगत र पेशेवर कार्यकर्ताहरूको पङ्क्ति थियो। अनेरास्ववियु, नेस्वमयु, अनेमसङ्घ, शिक्षक सङ्गठन र जनपक्षीय मञ्च लगायतका खुल्ला एवं वैध संरचनाहरू मार्फत् हामी श्रमजीवी जनतासँग गहिरो गरी जोडिएका थियौं। जसरी माझीले हातमा डोरी लिएर माछा मार्ने जाललाई नदीभरि फैलाउँछ, त्यसरी नै नेतृत्वले पार्टी निर्माणको राष्ट्रव्यापी नेटवर्क निर्माण गरेको थियो। पञ्चायती चुनावमा हस्तक्षेप गर्दै त्यस्ता मञ्चबाट समेत लोकतन्त्रका निम्ति आधार निर्माण गरेका थियौं । महङ्गी, भ्रष्टाचार, पञ्चायती शासकहरूका दमन, राष्ट्रियताका प्रश्न लगायत जनसरोकारका विषयमा सशक्त हस्तक्षेप गरेका थियौं ।

सङ्गठन निर्माण र विस्तारका हिसाबले त्यो एउटा विशेष कालखण्ड थियो ।

२०४६ सालको परिवर्तनसँगै पार्टी निर्माणको नयाँ चरण सुरु भयो। हामीले पार्टीलाई खुल्ला गऱ्यौं। पार्टी एकीकरण मार्फत् पार्टीको पुरानो पुस्ता (पहिलो महाधिवेशनबाट निर्वाचित महासचिव मनमोहन अधिकारी र तेस्रो महाधिवेशनबाट निर्वाचित महासचिव तुलसीलाल समेत) र नयाँ पुस्ताको संयोजन गऱ्यौं। जनआधारित कार्यकर्ता पार्टीको मान्यता अनुरूप जनतामा आधारित सशक्त पार्टी सङ्गठन निर्माण गऱ्यौं । जनताको बहुदलीय जनवादको मार्गदर्शन, जननेता मदन भण्डारीको लोकप्रिय व्यक्तित्व, मनमोहन अधिकारीको अभिभावकीय भूमिका र नेता तथा कार्यकर्ताहरूको समर्पित पङ्क्तिले पार्टीलाई राष्ट्रव्यापी विस्तार र

*पञ्चायतकालमा तत्कालीन नेकपा (माले) को असाध्यै अनुशासित, जनआधारित र गतिशील सङ्गठन निर्माण गरिएको थियो। अरु धेरै पार्टीहरूले भारत प्रवासलाई आश्रयस्थल बनाए। तर हामीले देशभित्रै, जनताका झुपडीमा बसेर, जनतामै आधारित रहेर सङ्गठन विस्तार गर्‍यौं। सानो र चुस्त सङ्गठन थियो।*

जनताको प्रिय पार्टीका रूपमा स्थापित गर्‍यो। संसारभरि कम्युनिष्ट आन्दोलन रक्षात्मक अवस्थामा पुगेको बेला नेपालमा हामीले ऐतिहासिक उपलब्धि हासिल गर्‍यौं।

मदन–आश्रितको रहस्यमय निधनपछिको जटिल स्थिति, २०५२ सालमा पार्टी सरकारबाट बाहिरिएपछिको अवस्था र त्यसपछिको तरल राजनीतिमा भने पार्टी निर्माणमा समस्याहरू थपिन थाले। सत्ता राजनीतिप्रतिको अत्यधिक आशक्तिले हामीलाई विस्तारै जनताबाट अलग्याउँदै लग्यो। 'लोकतान्त्रिक–वामपन्थी शक्ति' का रूपमा राष्ट्रिय राजनीतिमा हाम्रो जुन 'स्पेस' थियो, त्यो स्थानबाट हामी विस्तारै धकेलिन थाल्यौँ। त्यसै अवधिमा भएको पार्टी विभाजनले सङ्गठनमा गंभीर धक्का लाग्यो। पार्टी विभाजन, माओवादी आक्रमण र बढ्दो प्रतिगामी गतिविधिका बिचमा पनि हामीले सङ्गठनका रक्षा त गरिरह्यौं। तर पनि नीतिगत अस्पष्टताका कारण सङ्गठनमा अन्यौल र शिथिलता देखा परे। त्यसैको परिणति थियो– पहिलो संविधानसभा निर्वाचनमा पार्टीको कमजोर उपस्थिति। यसै अवधिमा केही नेता र कार्यकर्ताहरूमा विभिन्न भ्रम, विचलन र पलायन पनि देखा पर्‍यो। कतिपयलाई 'पहिचानको राजनीति' नाममा आएका अतिवादी सोचहरूले बहकायो। सङ्गठन संरचना एक हदसम्म सङ्कुचनमा पर्न पुग्यो।

तर ६० को दशकको उत्तरार्धदेखि हामीले सङ्गठनलाई नयाँ धारमा उभ्याउँदै ल्याएका छौं। उग्रवामपन्थी नीतिहरूको स्पष्ट आलोचना, जातीय–क्षेत्रीय अतिवादको विरोध, संविधान निर्माणमा नेतृत्वदायी भूमिका, भूकम्पपीडितका सेवामा स्वयंसेवक परिचालन, नाकाबन्दीको सामना र मधेसमा चलेको पृथकतावादी गतिविधिको प्रतिवाद जस्ता विषयले पार्टीको लोकप्रियतालाई उचो बनायो। यसैको जगमा हामीले पार्टीलाई २०७४ को निर्वाचनमा ३४ प्रतिशत लोकप्रिय मत र प्रतिनिधिसभामा १२१ (४४ प्रतिशत) सिटसहित पहिलो शक्तिका रूपमा उभ्याउन सफल भयौं।

माओवादी–केन्द्रसँग पार्टी एकतासँगै नेपाली कम्युनिष्ट आन्दोलन इतिहासमै पहिलो पटक झण्डै दुई तिहाइ बहुमतको हाराहारीमा पुगेको थियो। यसको नेतृत्वमा मुलुकका रूपान्तरणकारी योजनाहरू अगाडि बढाइएका थिए। तर शक्तिकेन्द्रहरूको उक्साहटमा पार्टीभित्रको दक्षिणपन्थी अवसरवादी प्रवृत्तिले पार्टीलाई अनावश्यक विवाद, विग्रह र विभाजनको बिन्दुमा पुऱ्यायो। तर समर्पित नेतृत्व र प्रतिबद्ध कार्यकर्ताहरूको बलमा इतिहासकै सर्वाधिक कठिन विभाजन, आक्रमण एवं घेराबन्दीको यस कालखण्डलाई चिर्न सफल भएका छौं। विगत निर्वाचनमा जनताको रोजाइको पहिलो पार्टी हुने गरी पाएको सफलता चानचुने होइन।

लोकतान्त्रिक आन्दोलनमा मात्रै होइन, राज्य सञ्चालन र समृद्धिको अभियानमा पनि पार्टीले आफूलाई अब्बल साबित गर्दै ल्याएको छ। सत्ताको नेतृत्व गर्ने अवसर हामीले थोरै मात्र पाएका छौं, तर जति पाएका छौं– तिनलाई अविस्मरणीय र ऐतिहासिक छाप छाड्ने गरी सदुपयोग गरेका छौ। २०५१ मा मनमोहन अधिकारी प्रधानमन्त्री रहनु भएको नेकपा (एमाले) को सरकार सामाजिक सुरक्षाको थालनी, गाउँमुखी विकासको नयाँ अभियान, सुकुम्बासी समस्याको समाधान, सुशासन र भारतसँगको असमान सन्धीहरू पुनरावलोकनको पहल गर्ने भूमिकाका कारण जनताको मनमा बस्न सफल भएको छ। २०७२ सालमा केपी शर्मा ओलीले

*२०५१ मा मनमोहन अधिकारी प्रधानमन्त्री रहनु भएको नेकपा (एमाले) को सरकार सामाजिक सुरक्षाको थालनी, गाउँमुखी विकासको नयाँ अभियान, सुकुम्बासी समस्याको समाधान, सुशासन र भारतसँगको असमान सन्धीहरू पुनरावलोकनको पहल गर्ने भूमिकाका कारण जनताको मनमा बस्न सफल भएको छ ।*

नेतृत्व गर्नुभएको सरकार राष्ट्रिय स्वाभीमानको रक्षा, नाकाबन्दीको सामना, मधेस आन्दोलनलाई साम्य पार्ने काम र चीनसँग पारवहन सम्झौताको हस्ताक्षरका दृष्टिले अविस्मरणीय रहेको छ। २०७४ देखि २०७८ सम्म करिब साढे तीन वर्ष सरकारको नेतृत्व गर्दा हामीले सङ्घीयताको सफल कार्यान्वयन गरेका छौं। पृथकतावाद, हिंसा तथा कतिपय दलले गरेको संविधानको विरोध जस्ता राजनीतिक समस्याको समाधान गरेका छौं। आर्थिक वृद्धि र नेपाललाई विकासशील मुलुकमा स्तरोन्नति गर्ने कीर्तिमान कायम गरेका छौं। रणनीतिक महत्वका पूर्वाधार निर्माणमा दूरगामी काम गरेका छौँ। सार्वभौम समानताका आधारमा वाह्य सम्बन्धको विस्तार र सुसञ्चालन, सन्तुलित र राष्ट्रिय हितमाथि आधारित परराष्ट्र नीतिको तर्जुमा र कार्यान्वयन तथा अन्तर्राष्ट्रिय जगतमा नेपालको छविलाई माथि उठाउने काम गरेका छौं। सामाजिक न्याय र सुरक्षाको दायरा विस्तार गरेर लोककल्याणकारी राज्यको आधार निर्माण गरेका छौं।

यसरी हामीले समृद्धिको अभियानको मोर्चामा पनि सफल नेतृत्व गर्दै आइरहेका छौं।

आज हामी पार्टीलाई निर्णायक राष्ट्रिय शक्तिका रूपमा विकास गर्ने सङ्कल्पका साथ अगाडि बढिरहेका छौं। नेपालमा सङ्गठित राजनीतिक गतिविधि सुरु भएदेखि नै राष्ट्रिय शक्ति र आत्मसमर्पणवादी शक्तिका बिचमा निरन्तर प्रतिष्पर्धा

रहँदै आएको छ। एकातिर नेपाल कम्युनिष्ट पार्टीको नेतृत्वमा राष्ट्रिय शक्तिलाई बलियो बनाउने धार र अर्को यसलाई कमजोर गर्दै मुलुकमा वाह्य हस्तक्षेप, आत्मसमर्पण र अस्थिरतालाई बढावा दिने धार। राष्ट्रिय शक्तिको प्रतिनिधित्व गरेकै कारण नेकपाले पटक पटक हस्तक्षेप र आक्रमणको समेत सामना गर्नु परेको छ। दिल्ली सम्झौताको आलोचना गरेका कारण, उत्तरी सीमामा भारतीय चेकपोष्ट राख्ने निर्णयप्रति आपत्ति जनाएका कारण तथा देशभक्तहरूलाई दमन गर्न भारतीय सेना भित्र्याएको कुराको विरोध गरेका कारण पार्टीमाथि २००८ सालदेखि २०१३ सम्म प्रतिबन्ध लाग्यो। लोकप्रिय सरकार सञ्चालन गर्दै जनतामा आशा भरोसा बढाउँदै लगेको बेला मनमोहन अधिकारीले अस्पतालको बेडबाट राजिनामा गर्नु पर्‍यो। भारतीय नाकाबन्दीको सामना र चीनसँग पारवहन सन्धी गरेकै कारण केपी शर्मा ओलीका विरुद्ध २०७३ सालमा अविश्वास प्रस्ताव ल्याइयो। अनि, राष्ट्रिय स्वाभिमानलाई उचो पारेका कारण, आर्थिक समृद्धि र राजनीतिक स्थायित्वतिर मुलुकलाई लगेका कारण नेकपालाई पुनः विभाजन गरियो। आज पनि राष्ट्रिय शक्तिलाई बलियो बनाउने र कमजोर बनाउने यो प्रतिष्पर्धा, यो वर्ग सङ्घर्ष जारी नै छ।

पार्टीलाई निर्णायक राष्ट्रिय शक्तिका रूपमा स्थापित गर्न केन्द्रित गर्नु पर्ने मुख्य काम देहाय बमोजिम रहेका छन् –

**वैचारिक काम**– पार्टीमा वैचारिक काम सघन बनाउनु पर्दछ। एकातिर विश्वको शक्ति सन्तुलन, भूराजनीति, नेपाली समाज, उत्पादनका ढाँचा, शोषणका स्वरूप लगायत विषयमा तीव्र परिवर्तन आइरहेका छन् र यसले आन्दोलन सामु नयाँ नयाँ प्रश्न खडा भइरहेका छन्, तर हाम्रो पार्टी पङ्क्तिलाई यस विषयमा अपेक्षित मात्रामा अद्यावधिक (अपडेटेड) बनाउन सकिएको छैन। परिवर्तनसँग अपडेटेड हुन नसक्ने संरचनाहरू 'आउट डेटेड' हुन सक्छन्। या कुनै हावाहुरीका पछाडि बग्न सक्छन्। त्यसैले हामीले वैचारिक काम र स्कुलिङलाई प्रभावकारी बनाउनै पर्छ।

*भारतीय नाकाबन्दीको सामना र चीनसँग पारवहन सन्धी गरेकै कारण केपी शर्मा ओलीका विरुद्ध २०७३ सालमा अविश्वास प्रस्ताव ल्याइयो। अनि, राष्ट्रिय स्वाभिमानलाई उचो पारेका कारण, आर्थिक समृद्धि र राजनीतिक स्थायित्वतिर मुलुकलाई लगेका कारण नेकपालाई पुनः विभाजन गरियो। आज पनि राष्ट्रिय शक्तिलाई बलियो बनाउने र कमजोर बनाउने यो प्रतिष्पर्धा, यो वर्ग सङ्घर्ष जारी नै छ।*

**सदस्यता विस्तार र गुणस्तर वृद्धि**– पार्टीको जगका रूपमा रहेको सदस्यताको विस्तार र उनीहरूको गुणस्तर अभिवृद्धिमा समस्या देखा परेका छन्। योजनाबद्ध ढङ्गले सदस्यता विस्तारको प्रयास नगर्ने, सदस्यहरूको गुणस्तर अभिवृद्धि नगर्ने र सदस्यता प्रदान तथा नवीकरण गर्ने विषयलाई पार्टीभित्रको प्रतिष्पर्धामा आफ्नो अनुकूल पार्ने गरी स्वार्थप्रेरित ढङ्गले सञ्चालन गर्ने प्रवृत्ति पनि देखा परेको छ। यसलाई सच्याउनै पर्छ।

**सङ्गठन परिचालन**– कमिटीलाई पद्धतिसम्मत् ढङ्गले सञ्चालन गर्ने काममा पनि समस्या देखा परेका छन्। गुटबन्दीका प्रवृत्ति नियन्त्रण भएका छैनन्। हामीले जित्नु पर्ने प्रतिद्वन्द्वीहरू पार्टी बाहिर छन्। हामीले जित्नु पर्ने गरिबी विरुद्धको लडाइँ, पछ्यौटेपन विरुद्धको लडाइँ, राष्ट्रिय हितको रक्षा र स्वाभिमानको लडाइँ पार्टी बाहिर छ। तर त्यस दायित्वलाई बिर्सेर व्यक्ति स्वार्थलाई प्राथमिकता दिने, पार्टीभित्रको प्रतिष्पर्धालाई मुख्य ठान्ने, त्यसलाई अनावश्यक रूपमा तिक्त बनाउने र पार्टीमा भावनात्मक रूपमा विभाजनको रेखा कोर्ने प्रयास पनि छिटफुट रूपमा देखा परेका छन्। यसलाई नियन्त्रण गरिएन भने पार्टी बन्दैन। किनभने गुट बलियो हुनु भनेको पार्टी कमजोर हुनु हो।

**आचरणमा शुद्धता**– कतिपय नेता कार्यकर्ताहरूको आर्थिक र अन्य आचरणमा सार्वजनिक रूपमा प्रश्न उठ्ने स्थिति बनेको छ। हाम्रो पार्टी नाम, झण्डा र लोगोमा

मात्रै अन्य पार्टीभन्दा भिन्न होइन, यो सिद्धान्त, नीति, आचरण या शैली हरेक हिसाबले अरुभन्दा पृथक र उन्नत पार्टी हो। पार्टीका एकाध नेता कार्यकर्तामा पनि यस्ता प्रश्न उठ्नु कदापि उचित होइन। त्यसैले पार्टी पङ्क्तिमा शुद्धता ल्याउनै पर्दछ।

**जनसम्पर्क र जनपरिचालन**– जनसरोकारका मुद्दाहरूमा पार्टीलाई अग्रपङ्क्तिमा उभ्याउँदै जनताको भरोसाको पार्टीका रूपमा थप विकास गर्नुपर्दछ। यस बिचमा पार्टी अलि बढी राजकीय जस्तो, जनताका समस्याको समाधानमा जनपरिचालनमा भन्दा पनि भनसुनमा ध्यान दिन थालेको जस्तो भएको छ। यसलाई अन्त्य गर्नै पर्छ र जनताको दुखसुखको साथीका रूपमा पार्टीलाई थप क्रियाशील बनाउनु पर्छ। ताकि जनताले भनून्– हामीलाई समस्या पर्दा अरुले हेरुन् नहेरुन्, हामीलाई हेर्ने एमाले छँदैछ नि। विश्वका सबै कम्युनिष्ट निर्माणमा देखिने साझा आयाम हो– पार्टी नेता तथा कार्यकर्ताहरू जनताको बिचमा घुलमिल हुने, आचरण र व्यवहारले जनताको मन जित्ने र यसकै आधारमा पार्टीको राष्ट्रव्यापी र अभेद्य सञ्जाल निर्माण गर्ने। कम्युनिष्ट पार्टीको देखासिकी गरेर कतिपय गैरलोकतान्त्रिक पार्टी या व्यवस्थाहरूले समेत यस्तो अभ्यास गर्ने प्रयत्न गरेको देखिन्छ। हाम्रो ध्यान यसमा केन्द्रित हुनुपर्छ।

**निर्वाचनको योजनाबद्ध तयारी**– योजनाबद्ध तयारीका साथ आगामी निर्वाचनमा पार्टीलाई बहुमतप्राप्त पहिलो शक्तिका रूपमा स्थापित गर्नु पर्दछ। हाम्रा लागि निर्वाचन व्यक्तिगत रूपमा कसले उम्मेदवारी पाउने या नपाउने जस्तो प्राविधिक प्रश्न होइन, समाजवादको आधार निर्माणको अनिवार्य पूर्वशर्त हो। त्यसैले यसलाई व्यक्ति केन्द्रित गरेर सोच्ने, आफूले उम्मेदवारी पाए ठिक नपाए बेठिक भन्दै असहयोग, असमझदारी या अन्तरघात गर्ने प्रवृत्तिलाई नियन्त्रण गर्नैपर्छ। तबमात्रै हामी प्रतिष्पर्धामा श्रेष्ठता हासिल गर्न सक्छौं।

*हामीले जसरी समुन्नत लोकतन्त्रका रूपमा जनताको बहुदलीय जनवादको सिद्धान्त विकास गरेका छौँ, त्यसरी नै, त्यससँग अनुकूल हुने गरी पार्टी जीवनको लोकतान्त्रिकरणको पनि अगुवाइ गर्दै आएका छौँ । आफैभित्र लोकतान्त्रिक आचरण नहुने पार्टीले समाजमा पनि लोकतन्त्रको अगुवाइ गर्न सक्दैन भन्ने हाम्रो स्पष्ट मान्यता छ ।*

**पार्टीको शासकीय क्षमता अभिवृद्धि–** परिवर्तित सन्दर्भमा पार्टीको शासकीय क्षमता अभिवृद्धि गर्नु अपरिहार्य भएको छ। आज हामी केन्द्र, तीनवटा प्रदेश र २०६ पालिकामा सरकारको नेतृत्व गरिरहेका छौँ। अन्यत्र पनि हाम्रो प्रभावशाली उपस्थिति छ। ती ठाउँहरूमा शासकीय क्षमता अभिवृद्धि गर्न एवं समृद्धि र सुशासनको कुशल नेतृत्व गर्न सक्नैपर्छ। तर अझै पनि कतिपय ठाउँमा हाम्रो पङ्क्तिमा राज्य सञ्चालनको सही समझ, नेतृत्व क्षमता र कुशलताको अभाव देखिन्छ। पार्टीले नेतृत्व गरेका निकायहरू पनि अरुको जस्तै औसत मात्रै देखिन मिल्दैन, ती उत्कृष्ट बन्नैपर्छ। त्यसैले पार्टीको शासकीय क्षमताका लागि वैचारिक र व्यवहारिक दुबै प्रयाशलाई सघन बनाउनु पर्छ।

हामीले जसरी समुन्नत लोकतन्त्रका रूपमा जनताको बहुदलीय जनवादको सिद्धान्त विकास गरेका छौँ, त्यसरी नै, त्यससँग अनुकूल हुने गरी पार्टी जीवनको लोकतान्त्रिकरणको पनि अगुवाइ गर्दै आएका छौँ। आफैभित्र लोकतान्त्रिक आचरण नहुने पार्टीले समाजमा पनि लोकतन्त्रको अगुवाइ गर्न सक्दैन भन्ने हाम्रो स्पष्ट मान्यता छ। पार्टीको लोकतान्त्रिकरणको सार हो– पार्टीका सिद्धान्त, विचार र नीति निर्माणमा पार्टी पङ्क्तिको व्यापक सहभागिता, एकैजना व्यक्तिमा सम्पूर्ण अधिकार केन्द्रित गर्ने 'महासचिवीय' ढाँचाको ठाउँमा बहुपद सहितको सामूहिक नेतृत्व, पदाधिकारीहरू सिधै महाधिवेशनप्रति उत्तरदायी हुने निर्वाचन प्रणाली, पार्टी कामको आवधिक मूल्याङ्कनका लागि महाधिवेशन/अधिवेशन

प्रतिनिधि परिषद्को व्यवस्था, पार्टीका नीतिहरूका बारेमा समाजका विभिन्न तह तप्काहरूबाट पनि पृष्ठपोषण प्राप्ति, पार्टीमा नयाँ पुस्ताको योजनाबद्ध पहिचान, प्रवेश र नेतृत्व विकास, पार्टीमा समावेशिता आदि। नेकपा (एमाले) ले यी विषयहरूमा मुलुकका अन्य पार्टीलाई समेत प्रभावित गर्दै आएको छ।

पार्टी जीवनको लोकतान्त्रिकरण भनेको पार्टीको लक्ष्यसँग अविभाज्य ढङ्गले जोडिएको विषय हो। लक्ष्यबाट बहकिएको या त्यसलाई सघाउ नपुऱ्याउने खालको लोकतान्त्रिकरणको उपादेयता हुँदैन। लोकतन्त्र र अनुशासन अन्तरसम्बन्धित हुन्, निषेधकारी होइनन्। बहस र निर्णय कार्यान्वयन परिपूरक विषय हुन्, अन्तरविरोधी होइनन्। मूल नेतृत्व र पदाधिकारीहरू एउटा टिम हुन्, स्वयंभू र स्वायत्त टापुहरू होइनन्। युवा पुस्ताको निरन्तर विकास र पुरानो पुस्ताको अविच्छिन्न मार्गदर्शन एकापसमा जोडिएका विषय हुन्, विभाजनकारी होइनन्। त्यसैले यसलाई समष्टिमा हेर्नुपर्छ। हाम्रा सबै प्रयास पार्टीलाई एकताबद्ध बनाउन, जनतामा पार्टीको प्रतिष्ठालाई माथि उठाउन र हाम्रो गन्तव्यमा पुग्न सघाउने खालको हुनुपर्छ। जीवनभर जनताको बहुदलीय जनवादको आलोचना गर्ने, लोकतान्त्रिकरणका प्रश्नलाई खिसिट्युरी गर्ने र पायक पर्दा छनौटपूर्ण विषय उठाएर (सेलेक्टिभ ढङ्गले) बहस गर्नु उचित हुँदैन। कुनै पनि नेतृत्व अपरिहार्य, निर्विकल्प या हस्तान्तरण नहुने हुँदैन। तर परिस्थिति, सन्दर्भ, आन्दोलनको आवश्यकता र समग्र आयामलाई हेरेर यसको निक्यौंल गरिनुपर्छ।

यसो गर्न सकियो भने मात्रै राष्ट्रिय शक्ति निर्णायक बिन्दुमा पुग्न सक्दछ र यसको जगमा समृद्ध नेपालको निर्माण गर्न सकिन्छ।

## १६.

## नेपाली विशेषताको समाजवाद

हरेक मुलुकको विशिष्ट इतिहास, संस्कृति, सामाजिक–आर्थिक विकासको स्तर र विशेषताका कारण क्रान्तिको बाटो पनि मौलिक हुन्छ र समाजवाद निर्माणको ढाँचा पनि विशिष्ट प्रकृतिको। हरेक समष्टि व्यष्टिमा अभिव्यक्त हुन्छ र हरेक व्यष्टिमा समष्टि अन्तरनिहित हुन्छ भन्ने द्वन्द्वात्मक भौतिकवादको मान्यता क्रान्ति र समाजवाद निर्माणको प्रक्रियामा पनि लागू हुन्छ।

नेपालको संविधानमै राज्यको चरित्र समाजवाद–उन्मुख र अर्थतन्त्रको दिशा समाजवाद–उन्मुख भन्ने घोषणा भएसँगै समाजवाद अब कुनै सुदूर कल्पनाको विषय रहेन। यो हामीले पछ्याउनु पर्ने र योजनाबद्ध ढङ्गले निर्माण गर्दै जानु पर्ने राष्ट्रिय अभिभाराको विषय बनेको छ।

समाजवाद सम्बन्धी बुझाइमा भने नेपाली समाजमा एकरूपता छैन। कसैका लागि यो विकासको बाधक विषय हो, किनभने तिनका नजरमा विकासको काम 'बजारका अदृश्य हातहरू' ले गर्छन्। त्यसैले खुल्ला बजार अर्थतन्त्र, व्यवसायीहरूलाई अनियन्त्रित स्वतन्त्रता र नवउदारवाद उनीहरूको आदर्श हो। कोही भने राज्य नियन्त्रित समाजवाद र सर्वहारा अधिनायकत्वको नाममा असफल सिद्ध भइसकेको ढाँचाको धङधडीमा देखिन्छन्। 'प्रजातान्त्रिक समाजवाद' का पक्षधरहरूसँग असमान सम्पत्ति सम्बन्धको विकल्प के हो, श्रमजीवी वर्गको साँचो मुक्तिको बाटो के हो र नवउदारवादको तीव्र प्रहारका बिचमा समाजवादको रक्षाको बाटो के हो

भन्ने कुनै पनि प्रश्नको जवाफ छैन। यतिबेला त्यो नउवदारवादी पुँजीवादको एउटा अङ्गको रूपमा निकम्मा र अकर्मण्य बनेको छ।

हाम्रो समाजवाद त्यस प्रकारको समाजवाद होइन। हामी यस विषयमा स्पष्ट छौँ।

हाम्रो सन्दर्भमा समाजवादी प्रणाली मूलतः लोककल्याणकारी चरित्रको, खुला, प्रतिष्पर्धी एवं आर्थिक–सामाजिक न्याय र समानतालाई आत्मसात गरेको अर्थ–राजनीतिक प्रणाली हो भनेर हामीले विगतमा स्पष्ट पारिसकेका छौँ। सशस्त्र क्रान्तिका माध्यमबाट स्थापित भएका र कम्युनिष्ट पार्टीको नेतृत्वको संवैधानिक प्रबन्ध भएका मुलुकहरूका समाजवाद निर्माणका अनुभवसँग हाम्रा सन्दर्भ मेल खाँदैनन्। हामीले नेपाली विशेषता सहितको समाजवाद निर्माणको मौलिक ढाँचा अन्वेषण र विकास गर्नुपर्छ।

समाजवाद यस्तो राज्य प्रणालीको नाम हो, जहाँ मानिस–मानिस बिचका विभेदहरू अन्त्य हुन्छन्। असमानताहरू रहन सक्छन्, तर विभेद हुने छैनन्। कोही वैभवको शिखरमा रमाइरहने र कोही आधारभूत जैविक र मानवीय आवश्यकताबाट पनि बञ्चित हुने स्थितिको अन्त्य भएको हुनेछ। सम्पत्तिको अत्यधिक केन्द्रीकरणलाई नियमन गर्दै उत्पादनका साधनहरूमाथि जनताको पहुँचलाई सुनिश्चित गरिएको हुनेछ। प्रत्येकलाई कामको प्रत्याभूति र परिश्रमको उचित प्रतिफल निश्चित गरिएको हुनेछ। राज्य जनताप्रति जिम्मेवार हुनेछ। कुनै कानुनका कारण वाध्यात्मक जिम्मेवारी होइन, ऊ जनताप्रति नैसर्गिक रूपमै जिम्मेवार हुनेछ। जनता र राज्यप्रतिको कर्त्तव्यबोधबाट निर्दिष्ट हुनेछ। प्रतिष्पर्धा गर्न नसक्ने, श्रम गर्न र आफ्नो जीविकोपार्जन गर्न नसक्नेहरूको दायित्व राज्यले कुनै न कुनै हिसाबले लिनेछ। सामाजिक न्याय र सुरक्षा राज्यको अनिवार्य दायित्व हुनेछ। राज्यले गरिबीको अन्त्य र हरेक नागरिकलाई मानवोचित र मर्यादापूर्ण जीवनको प्रत्याभूति दिलाउन योजनाबद्ध रूपमा काम गर्नेछ। सार्वजनिक क्षेत्रको प्रभावकारी भूमिका हुनेछ। निजी क्षेत्र र सहकारी तथा सामूहिक अर्थतन्त्रले राष्ट्रको समृद्धिमा समन्वयात्मक ढङ्गले काम गर्नेछन्।

*समाजवाद यस्तो राज्य प्रणालीको नाम हो, जहाँ मानिस–मानिस बिचका विभेदहरू अन्त्य हुन्छन्। असमानताहरू रहन सक्छन्, तर विभेद हुने छैनन्। कोही वैभवको शिखरमा रमाइरहने र कोही आधारभूत जैविक र मानवीय आवश्यकताबाट पनि बञ्चित हुने स्थितिको अन्त्य भएको हुनेछ।*

नेपाली विशेषतासहितको समाजवादले प्रतिष्पर्धात्मक, जनमुखी र पारदर्शी आर्थिक नीति अवलम्बन गर्नेछ। नयाँ प्रगतिशील उत्पादन सम्बन्धको विकासमा सहयोग, उत्पादक शक्तिको विकास, श्रमजीवी वर्गलाई आर्थिक न्याय र सुखद् जीवनयापनको सुनिश्चितता, आर्थिक उत्पादनको प्रचुरता, समन्यायिक वितरण, सहकारिताको सही प्रयोग, पर्यावरणको रक्षा, श्रमलाई प्रोत्साहन तथा उन्नयन, नवप्रवर्तन र नवअन्वेषणलाई निरन्तर प्रेरित गरिनेछ। विश्व मानव समुदायले विकास गरेका नवीनतम प्रविधिलाई आवश्यकता अनुरूप ग्रहण गर्दै तीव्र आर्थिक विकास सुनिश्चित गरिनेछ।

नेपाली समाजको विशेषताको रूपमा रहेको बहुलता र विविधतालाई समाजवादी राज्यप्रणालीमा सामञ्जस्यका साथ अगाडि बढाइनेछ। एकरूपतामा एकता होइन, विविधतामा एकतालाई प्रबर्द्धन गरिनेछ।

विश्व कम्युनिष्ट आन्दोलन र समाजवादी प्रणालीका अनुभवहरूलाई ध्यानमा राख्दै कम्युनिष्ट पार्टीलाई निरन्तर जनताको बिचमा स्थापित गर्ने, जनताको सुखदुःखको साथी र सच्चा प्रतिनिधिका रूपमा यसको चरित्र अक्षुण्ण राख्ने, राज्यको नेतृत्व गरिरहँदा उत्पन्न हुन सक्ने भ्रष्टाचार र नोकरशाहीको जोखिमबाट बचाउन निरन्तर शुद्धीकरण गरिनेछ।

नेपाली इतिहासका गौरवपूर्ण पक्षहरू, संस्कृतिका जीवन्त आयाम र नेपालीपनलाई प्रबर्द्धन गर्ने काम गरिनेछ। समाजवादलाई कुनै आकस्मिक, पराई या शून्यबाट सिर्जित व्यवस्था होइन, नेपाली इतिहासको हजारौँ वर्षको विकासको स्वाभाविक परिणतिका रूपमा, त्यसको निरन्तरता र उत्तराधिकारीका रूपमा विकास गरिनेछ।

राष्ट्रिय हितको रक्षा, राष्ट्रिय स्वाभिमान, पहिचान र स्वाधीनताको रक्षा तथा विकास समाजवादका अनिवार्य कार्यभार हुनेछन्।

**परिपूर्ण लोकतन्त्र**

नेपाली विशेषताको समाजवादको एउटा महत्वपूर्ण पक्ष हो– यसले लोकतन्त्रका विश्वव्यापी मूल्यमान्यताहरूलाई आत्मसात गर्नेछ। संविधानको सर्वोच्चता, विधिको शासन, मानव अधिकार, शक्ति पृथकीकरण र आवधिक निर्वाचन जस्ता विषय राज्यसञ्चालनका अभिन्न विषय हुनेछन्। दलहरू बिचको प्रतिष्पर्धा सुनिश्चित गरिनेछ। जनताको अभिमतबाट मात्रै शासन सञ्चालन गर्ने, अनिर्वाचित सत्ता नहुने कुराको प्रत्याभूति गरिनेछ।

समाजवादी लोकतन्त्रलाई पुँजीवादी लोकतन्त्रभन्दा हरेक आयाममा अझ उन्नत, सुसंस्कृत र सार्थक बनाउने प्रयास हुनेछ। नागरिकहरूको अभिव्यक्ति, आलोचना वा विरोध, सिर्जना र व्यक्तिगत स्वतन्त्रतालाई प्रत्याभूत गरिनेछ। राज्य सञ्चालनमा आम जनसमुदायको संस्थागत सहभागिता एवं निर्णायक भूमिकालाई सुनिश्चित गरिनेछ।

हामी परिपूर्ण लोकतन्त्रको पक्षमा छौँ। यस्तो लोकतन्त्रका पक्षमा होइन, जहाँ अधिकारका नाममा पाँच वर्षमा एक पटक भोट हाल्ने र बोल्ने, लेख्ने, सभा सङ्गठन गर्न पाउने औपचारिकतामा सीमित हुनु परोस्। आधारभूत आवश्यकता पूरा भएन भने जनताका लागि यस्तो लोकतन्त्र कागलाई बेल पाके जस्तो बन्न पुग्छ। हामी यस्तो लोकतन्त्रको पक्षमा छौँ, जहाँ आम नागरिकलाई अधिकार बराबर हुनेछ। अवसरमा पहुँच समान हुनेछ। सुरक्षा र सम्मानमा बराबरी हक हुनेछ।

*नेपाली विशेषताको समाजवादको एउटा महत्वपूर्ण पक्ष हो– यसले लोकतन्त्रका विश्वव्यापी मूल्यमान्यताहरूलाई आत्मसात गर्नेछ। संविधानको सर्वोच्चता, विधिको शासन, मानव अधिकार, शक्ति पृथकीकरण र आवधिक निर्वाचन जस्ता विषय राज्यसञ्चालनका अभिन्न विषय हुनेछन्।*

राज्य साँचो अर्थमा जनताको हुनेछ। राज्यका उपलव्धिमा जनताको हक हुनेछ।

**समृद्ध नेपाल, सुखी नेपाली**

मानव जातिको अन्तिम उद्देश्य सुख प्राप्त गर्नु हो र समृद्धि हासिल गर्नु त्यसको अनिवार्य पूर्व शर्त हो। राष्ट्र समृद्ध हुनु र जनता सुखी हुनु नै समाजवादको लक्ष्य हासिल हुनु हो।

नेपाली मौलिकता सहितको समाजवादलाई हामीले समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा र गन्तव्यका रूपमा पनि व्याख्या गर्न सक्छौँ।

समृद्धिलाई वृहत् नेपाली शब्दकोशले 'समृद्ध हुनुको भाव वा अवस्था, सम्पन्नता। उन्नति, अभ्युदय, बढिबढाउ' भनेर अर्थ्याएको छ। त्यसै गरी समृद्ध शब्दलाई 'धनधान्य आदिले सम्पन्न, पुगीसरी आएको, उन्नतिशील, उन्नत' भनेर परिभाषित गरिएको छ। विश्वव्यापी परिभाषामा पनि समृद्धि (Prosperity) लाई सफलता, प्रगति हासिल गरिरहेको अवस्था या आर्थिक खुसहालीको अर्थमा व्याख्या गरिएको छ। त्यसै गरी सुखलाई नेपाली बृहत् शब्दकोशले 'शारीरिक र मानसिक आनन्दको अनुभव, सबै चाँजोपाँजो मिलेर हुने प्रिय या अनुकूल अनुभूति, आनन्द, हर्ष। 'मनोकामना पूरा हुँदा मनमा हुने खुसियाली, प्रिय वस्तुको प्राप्तिबाट हुने आनन्दको अनुभव। सुविधा, सुबिस्ता। समृद्धि, उन्नति। कल्याण, मङ्गल।

निरोगी अवस्था, आरोग्य।' आदिका रूपमा व्याख्या गरेको छ। 'Happyness' लाई अङ्ग्रेजी कोशकारहरूले खुसहाली या तृप्तिको अवस्था, आनन्द या सन्तुष्टिको अवस्थाका रूपमा अर्थ्याएका छन्।

हामीले विश्वव्यापी रूपमा स्वीकृत परिभाषाको दायराभित्रै समृद्धि र सुखको कुरा गरिरहेका छौँ।

समृद्धि भनिरहँदा हामीले कूल ग्राहस्थ उत्पादनको वृद्धिलाई आधार बनाएर त्यसको औसतलाई मापन गरिरहेका छैनौँ। यदि समृद्धिले प्रत्येक नागरिकलाई संवोधन गर्न सकेन, उनीहरूका आधारभूत जैविक र मानवीय आवश्यकताहरूको परिपूर्ति गर्न सकेन भने आँकडामा देखिने औसत प्रतिव्यक्ति आय या कूल ग्राहस्थ उत्पादन वृद्धिको खास अर्थ हुँदैन। त्यसैले हामी आम नागरिकले सापेक्षित सन्तुष्टि पाउन सक्ने समृद्धिको वहस गरिरहेका छौँ।

पन्ध्रौं पञ्चवर्षीय योजना निर्माण गरिरहँदा हामीले २५ वर्षे दीर्घकालीन सोच पनि तर्जुमा गरेका छौँ। विक्रम सम्बत्को एक्काइसौँ शताव्दीको अन्त्यसम्ममा नेपाललाई समुन्नत राष्ट्र निर्माण गर्नका लागि त्यस योजना र दीर्घकालीन सोचमा समृद्धिका चारवटा आयामहरू पहिचान गरिएको छ। ती हुन्– सर्वसुलभ आधुनिक पूर्वाधार एवं सघन अन्तर–आबद्धता, मानव पुँजी निर्माण एवं संभावनाको पूर्ण उपभोग, उच्च र दिगो उत्पादन तथा उत्पादकत्व एवं उच्च र समतामूलक राष्ट्रिय आय। त्यसै गरी निर्क्यौल गरिएका सुखका ६ वटा आयामहरू हुन्– परिष्कृत तथा मर्यादित जीवन, सुरक्षित, सभ्य र न्यायपूर्ण समाज, स्वस्थ्य र सन्तुलित पर्यावरण, सुशासन, सबल लोकतन्त्र र राष्ट्रिय एकता, सुरक्षा र सम्मान। यी आयामहरूमा थपघट गर्न सकिन्छ। तर आधारभूत रूपमा समृद्धि र सुखका लागि यी विषयहरू धेरै महत्वपूर्ण छन्।

सामान्यतया समृद्धिलाई मापन गर्न सकिन्छ। जस्तो कि जनताको जीवनमा के परिवर्तन आयो ? औसत आयु, साक्षरता या मातृ शिशु मृत्युदरमा के सुधार

*निर्क्यौंल गरिएका सुखका ६ वटा आयामहरू हुन्– परिष्कृत तथा मर्यादित जीवन, सुरक्षित, सभ्य र न्यायपूर्ण समाज, स्वस्थ्य र सन्तुलित पर्यावरण, सुशासन, सबल लोकतन्त्र र राष्ट्रिय एकता, सुरक्षा र सम्मान। यी आयामहरूमा थपघट गर्न सकिन्छ। तर आधारभूत रूपमा समृद्धि र सुखका लागि यी विषयहरू धेरै महत्वपूर्ण छन्।*

देखियो ? सबै नागरिकले आवास सुविधा पाए कि पाएनन् ? खाद्य सुरक्षाको पूर्ण प्रत्याभूति भयो ? बालबालिकाहरू स्कुल गइरहेका छन् ? नागरिकले स्वास्थ्य सुविधा उपभोग गर्न पाएका छन् ? आदि। सुख चाहिँ मनोगत विषय हो, यो अनुभूतिजन्य विषय हो। तर यो कतिपय धार्मिक अगुवाहरूले भने जस्तो लौकिक सम्मोहनबाट मुक्त भएर पारलौकिक चिन्तनले प्राप्त हुने अनुभूति या सन्तुष्टिको विषय होइन। समृद्धिले सुखको आधार तयार गर्छन्। यदि नागरिकलाई खाने, बस्ने, ओत लाग्ने जस्ता आधारभूत जैविक विषयको चिन्ता छैन भने, उनका लागि पर्याप्त पोषण र अनुकूल वातावरण उपलव्ध छ भने, नानीहरूलाई कसरी पढाउने होला, विमारी पर्दा कसरी उपचार गर्ने होला या ऋण कसरी तिर्ने होला भन्ने सामाजिक चिन्ताहरूबाट मुक्त छन् भने उनले सुखको अनुभूति गर्नेछन्। समाजमा पाइने समान मर्यादा, सुरक्षाको ढुक्क प्रत्याभूति र अधिकारको समानताले सुखलाई प्रत्याभूत गर्छन्। त्यसैले सुख मनोगत विषय भए पनि यो भौतिक परिस्थिति (समृद्धि) सँग अविभाज्य ढङ्गले जोडिएको छ।

सबै जीवजस्तै मानिसको पनि पहिलो सहजवृत्ति सुरक्षाको खोजी हो। जैविक आवश्यकताको पूर्ति हो। तर मानिस चेतनशील प्राणी हो। त्यसैले ऊ त्यत्तिमै सीमित रहन सक्दैन। त्यसैले उसले सम्मान खोज्छ, अधिकार खोज्छ। जैविक र मानवीय न्यायोचित आवश्यकताहरूको सहज परिपूर्ति नै सुख हो।

समाजवादको आधार तयार गर्ने या समाजवादी प्रणाली निर्माण गर्ने क्रममा कैयौं विषयहरू भोलि अनुभवका क्रममा समृद्ध बन्दै जालान्। आजका सन्दर्भमा हामीले समाजवाद– उन्मुख शासन प्रणालीभित्र देहायका विषयहरूलाई सुनिश्चित गर्नैपर्छ, जसलाई हामीले दशौँ महाधिवेशनमै निर्दिष्ट गरेका छौँ–

— उत्पादनका साधनमा सबैको पहुँच,
— ल्याकत अनुसारको काम, उपयुक्त पारिश्रमिक,
— स्वाधीन अर्थप्रणालीको विकास,
— नागरिकहरूले माध्यमिक तहसम्मको शिक्षा, आधारभूत स्वास्थ्य र अन्य सामाजिक सेवाहरू सर्वसुलभ ढङ्गले पाउने प्रबन्ध,
— प्रगतिशील कर प्रणाली,
— लोककल्याणकारी राज्यको स्थापना। सर्वव्यापी सामाजिक सुरक्षा।
— सबै खाले विभेदको अन्त्य एवं समतामूलक, न्यायपूर्ण र सभ्य समाजको निर्माण।
— अनुकूल उत्पादन सम्वन्धको विकास।
— आवश्यकता अनुसार विदेशी पुँजी र प्रविधिको समेत उपयोग गरेर तीव्र आर्थिक विकास।

हामीले प्रस्ताव गरेको समृद्ध नेपाल, सुखी नेपालीको अवधारणा संयुक्त राष्ट्र सङ्घको बडापत्र, नागरिक र राजनीतिक अधिकार बारेको अभिसन्धी, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार बारेको अभिसन्धी र दिगो विकास लक्ष्य २०३० का आम भावनासँग मिल्दाजुल्दा छन्। कोही पछाडि नपरुन् भन्ने संयुक्त राष्ट्र सङ्घको आह्वानसँग यसको भावना मिल्छ। हाम्रा पूर्खाहरूले भन्ने गरेको 'सर्वे भवन्तु सुखिनः' को भावनालाई पनि यसले आत्मसात गरेको छ।

यसैको जगमा उभिएर हामीले आगामी दिनमा राष्ट्रको विकासलाई तीव्रता दिने, सुशासनको प्रत्याभूति गर्ने र समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्दै समाजवादका आधार निर्माण गर्नेछौं। त्यसका लागि–

*हामीले प्रस्ताव गरेको समृद्ध नेपाल, सुखी नेपालीको अवधारणा संयुक्त राष्ट्र सङ्घको बडापत्र, नागरिक र राजनीतिक अधिकार बारेको अभिसन्धी, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार बारेको अभिसन्धी र दिगो विकास लक्ष्य २०३० का आम भावनासँग मिल्दाजुल्दा छन्। ... हाम्रा पूर्खाहरूले भन्ने गरेको 'सर्वे भवन्तु सुखिनः' को भावनालाई पनि यसले आत्मसात गरेको छ।*

**आर्थिक कार्यदिशा**– सामन्तवादका अवशेषको अन्त्य, नोकरशाही तथा दलाल पुँजीवादी शोषणको उन्मूलन, सामूहिकतामा आधारित उत्पादक शक्ति, उत्पादकत्व एवं उत्पादन वृद्धि, आय र अवसरको न्यायोचित वितरण, गरिबी, बेरोजगारी, असमानताको अन्त्य, आत्मनिर्भर अर्थतन्त्रको विकास र समग्रमा समाजवाद–उन्मुख राष्ट्रिय औद्योगिक आर्थिक क्रान्ति।

**कामको केन्द्रबिन्दु**– राष्ट्रिय पुँजी निर्माण, आधुनिकीकरण, यान्त्रिकीकरण र व्यवसायीकरणका माध्यमबाट कृषिको उत्पादकत्व वृद्धि एवं किसानहरूको हितको रक्षा। कृषिमा आश्रित ठूलो जनसङ्ख्यालाई क्रमशः औद्योगिक, व्यवसायिक र सेवामूलक क्षेत्रमा स्थानान्तरण गर्दै कृषिलाई श्रम–सघन, यान्त्रीकृत र आधुनिक बनाउने।

**प्राथमिकता**– कृषि पेशाबाट बाहिरिएको, प्रारम्भिक शिक्षा हासिल गरेको र सूचना प्रविधिका माध्यमले एकहदसम्म विश्वसँग परिचित युवा शक्तिलाई रोजगारीका अवसर र उत्पादक शक्तिको उच्चतम विकासका आधार निर्माण। उर्जाशील श्रम शक्ति बाहिर जाने, जोखिमपूर्ण काम गर्न वाध्य हुने, अर्कातिर देशभित्र श्रमशक्तिको अभाव हुने विरोधाभाषपूर्ण स्थितिको अन्त्य। उपभोक्तावादी बन्दै गएको समाजलाई उत्पादनशील समाजमा रूपान्तरण।

**समानता र सुशासन**– बढ्दो आर्थिक विषमता र परनिर्भरताको अन्त्य, अनियन्त्रित उदारीकरण र निजीकरणका कारण खुम्चिएको सार्वजनिक क्षेत्रको विस्तार, सशस्त्र द्वन्द्वले कमजोर बनाएको राज्य प्रणालीको सुदृढीकरण तथा राज्यको स्रोत साधन र अवसरको दोहनमाथि नियन्त्रण। राजनीतिक संरक्षणमा हुर्किएको कमिसनतन्त्र र भ्रष्टाचारको नियन्त्रण। बिचौलियाको प्रभाव अन्त्य र अर्थतन्त्रमा जनताको हिस्सा वृद्धि। उपभोक्ताको हित। खानी, जलस्रोत र जमीन लगायतको लाभ सीमित व्यक्तिको हातमा रहेको वर्तमान स्थितिको अन्त्य। सार्वजनिक यातायात लगायत क्षेत्रमा राज्यको उपस्थिति वृद्धि।

**सामाजिक न्याय**– जातीय विभेद र छुवाछुत विहीन मानव मर्यादायुक्त समाज। यसका लागि सशक्त जागरण अभियान। दलित समुदायका लागि उत्पादनका साधनमा पहुँच र गरिबी अन्त्य गर्ने ठोस कार्यक्रम। साक्षरता, औसत आयु, मानव विकास सूचकाङ्क सबैमा औसत राष्ट्रिय स्तर हासिल गर्न विशेष व्यवस्था। राजनीतिक प्रतिनिधित्वमा क्रमशः वृद्धि र सार्वजनिक प्रशासन, न्यायसेवा, सुरक्षा निकाय र वित्तीय संस्थामा प्रतिनिधित्व अभिवृद्धि। शिक्षा र स्वास्थ्य क्षेत्रमा देखा परेको व्यापारीकरणको अन्त्य।

लैङ्गिक समावेशिताका दिशामा हासिल उपलब्धिलाई सुदृढ गर्दै लैङ्गिक समानता हासिल गर्न योजनाबद्ध प्रयास। बोक्सी, छाउपडी, दाइजो लगायत विकृतिको अन्त्य। परम्परागत तरिका र आधुनिक प्रविधिको दुरूपयोग समेतबाट बढिरहेको महिला हिंसाको अन्त्य। आर्थिक, राजनीतिक, सामाजिक र सांस्कृतिक सबै क्षेत्रमा समानता।

**सहकार्य**– मुलुकको सार्वभौमसत्ता, भौगोलिक अखण्डता र राष्ट्रिय सुरक्षा, वाह्य सम्बन्ध, ठूला पूर्वाधार र परियोजनाहरू, शिक्षा, स्वास्थ्य, खानेपानी, वातावरण लगायत सामाजिक क्षेत्र तथा आर्थिक विकासलाई गति दिन राज्यको नेतृत्वदायी भूमिका। निर्यात प्रवर्द्धन, आयात प्रतिस्थापन र रोजगारी सिर्जना लगायत क्षेत्रमा निजी क्षेत्रको गतिशील भूमिका। सहकारी र समूहहरू मार्फत् छरिएको पुँजी

*आर्थिक, सामाजिक, सांस्कृतिक एवं वातावरणीय दृष्टिले विकसित, समृद्ध र समाजवादी नेपाल र सुखी नेपालीको राष्ट्रिय गन्तव्य। हाम्रो बीस वर्षे लक्ष्य 'नेपाललाई अल्पविकसित मुलुकबाट उच्च–मध्यम आयस्तर सहितको समाजवाद–उन्मुख सबल राष्ट्र बनाउने।*

एकत्रित गर्दै अर्थतन्त्रमा जनताको सहभागिता वृद्धि। सबल र आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको विकास गरी राष्ट्रियताको सुदृढीकरण।

**भूअर्थनीति र समन्वय**– विश्वको राजनीतिक र आर्थिक शक्ति सन्तुलनमा आइरहेको परिवर्तन, क्षेत्रीय सहयोगका नयाँ संस्थाहरूको विकास, नयाँ वित्तीय संस्थाहरूको स्थापना र जी– २० समूहमा एसियाली मुलुकहरूको बढ्दो सहभागिता आदिले सिर्जना गरेका भूअर्थनीतिक प्रभावलाई ध्यानमा राख्ने। सूचना– प्रविधिको विकासमा भएको अभूतपूर्व विकास, चौथो औद्योगिक क्रान्तिले ल्याएको प्राविधिक क्रान्ति र रोबोटिक्स, आर्टिफिसियल इन्टेलिजेन्स, थ्रिडी प्रिन्टिङ आदिले श्रम, उत्पादन र उत्पादन सम्बन्धमा ल्याएको अकल्पनीय परिवर्तनका अवसर र जोखिमको आँकलन। सही नीतिको तर्जुमा। जलवायु परिवर्तनका नयाँ चुनौतीले मानव जाति र हाम्रो पृथ्वीको भविष्यमाथि नै खडा गरेको चुनौतीलाई केन्द्रबिन्दुमा राख्ने। शान्ति, स्थायित्व, र विकासका लागि छिमेकीहरूसँगको सम्बन्धलाई केन्द्रमा राख्दै विश्वका सबै मुलुकहरूसँग सम्बन्ध सुदृढीकरण।

**विकासको दीर्घकालीन सोच**– आर्थिक, सामाजिक, सांस्कृतिक एवं वातावरणीय दृष्टिले विकसित, समृद्ध र समाजवादी नेपाल र सुखी नेपालीको राष्ट्रिय गन्तव्य। हाम्रो बीस वर्षे लक्ष्य 'नेपाललाई अल्पविकसित मुलुकबाट

उच्च–मध्यम आयस्तर सहितको समाजवाद–उन्मुख सबल राष्ट्र बनाउने। यसका लागि (क) लोकतान्त्रिक मूल्य मान्यतामा आधारित स्वाधीन, आत्मनिर्भर, समतामुलक, शान्तिपूर्ण र सद्भावयुक्त समाजवाद– उन्मुख राष्ट्र निर्माण प्रकृयालाई संस्थागत गर्ने, (ख) उच्च ज्ञान, सीप र प्रविधिमा आधारित आधुनिक, प्रतिस्पर्धी तथा गतिशील आर्थिक व्यवस्थाको माध्यमबाट दुई अङ्क वा त्यस नजिकको आर्थिक वृद्धिदर हासिल गर्ने, र (ग) आधारभूत भौतिक तथा सामाजिक संरचनाको विस्तार, शिक्षित, सीपयुक्त, दक्ष तथा उत्पादक जनशक्तिको विकासमा सार्वजनिक क्षेत्रको भूमिकालाई प्रभावकारी तुल्याउँदै मुलुकलाई समाजवाद तर्फ लैजान संस्थागत, नीतिगत र कार्ययोजनागत संरचना तयार पार्ने।

वि.सं. २०९९ सम्ममा प्रतिव्यक्ति वार्षिक आय १० हजार अमेरिकी डलर पुर्‍याउने। उच्च आम्दानी र गुणस्तर जीवनशैली र सुरक्षित मातृत्व एवं बालमृत्युदरमा न्यूनताका कारण औसत आयु ८० वर्ष पुग्ने। सबै नागरिक कम्तीमा माध्यमिक शिक्षा हासिल गरेका हुने, र अधिकांश स्वास्थ्य सेवा देशभित्रै सर्वसुलभ भएको हुने।

**गरिबीको अन्त्य र मर्यादित जीवन**– निरपेक्ष गरिबीको रेखाबाट सबै नागरिक माथि उठेका हुने। सबै नागरिक कुनै न कुनै प्रकारले आधारभूत सामाजिक सुरक्षाको दायरामा आएको हुने। देशमा खाद्यान्न, औषधी उपचार, आधुनिक उर्जा तथा कामका अवसर सुनिश्चित भएको हुने। संविधान– प्रदत्त मौलिक अधिकारहरूको पूर्ण पालना भएको अवस्था हुने। कृषि अर्थतन्त्रबाट साना, मझौला र ठूला उद्योग–व्यवसाय र सेवा क्षेत्र– प्रधान अर्थतन्त्रमा रूपान्तरित हुने। सरकारी प्रशासन, व्यवसायिक क्षेत्र, सार्वजनिक तथा निजी सेवाहरू, अभिलेखहरू, तथ्याङ्क, तथा वित्तीय कारोवारहरू डिजिटाइज्ड हुने। सम्पूर्ण आर्थिक तथा शासकीय व्यवस्था विद्युतीय सूचना प्रविधिमा आधारित हुने।

*निरपेक्ष गरिबीको रेखाबाट सबै नागरिक माथि उठेका हुने। सबै नागरिक कुनै न कुनै प्रकारले आधारभूत सामाजिक सुरक्षाको दायरामा आएको हुने। देशमा खाद्यान्न, औषधी उपचार, आधुनिक उर्जा तथा कामका अवसर सुनिश्चित भएको हुने।*

यसको प्राप्तिका लागि नीति र प्राथमिकता देहाय बमोजिम रहनेछन्–

— सामाजिक सद्भाव, राष्ट्रिय एकता र सुदृढ लोकतन्त्र
— आधुनिक कृषि र सम्पन्न किसान
— राष्ट्रिय स्रोतहरूको अधिकतम सदुपयोग
— देशभित्र रहेका खनिज पदार्थहरूको खोज, अध्ययन–अनुसन्धान, उत्खनन, प्रशोधन र प्रयोग
— सहकारीताका माध्यमबाट नागरिकको आर्थिक उन्नयन
— औद्योगीकरण र अर्थतन्त्रको रूपान्तरण
— राष्ट्रको समुन्नतिका लागि पर्यटन र संस्कृति
— वन र वातावरणको संरक्षण, जलवायु अनुकूलन र विपद् व्यवस्थापन
— विद्युत् तथा ऊर्जा विकासबाट समृद्धि
— स्वच्छ खानेपानी
— गुणस्तरीय शिक्षा र शैक्षिक पूर्वाधार
— मर्यादित श्रम र सुरक्षित रोजगारी
— निरोगी नेपाल
— जीवनचक्रमा आधारित सामाजिक सुरक्षा
— अन्वेषण, नवप्रवर्तन, सेवा र खेलकुदमा युवा
— लैङ्गिक समावेशिता, समानता र सशक्तीकरण

— सुरक्षित र सर्वसुलभ आवास
— गतिशील अर्थतन्त्र र सेवाका लागि यातायात पूर्वाधार, हवाइ सेवा र जलमार्ग
— समावेशी विकास
— वर्गीय शोषण, जातीय विभेद र छुवाछुतको अन्त्यको प्रत्याभूति
— स्वतन्त्र र जिम्मेवार प्रेस
— भ्रष्टाचार र ढिलासुस्ती मुक्त शासन, सुशासन
— उपभोक्ता हितको रक्षा
— सक्षम नेपाल सरकार, अधिकार सम्पन्न प्रदेश र प्रभावशाली स्थानीय सरकार
— मौलिक राष्ट्रिय संस्कृति
— राष्ट्रिय हित र स्वाभिमानको रक्षा, स्वतन्त्र परराष्ट्र नीति र सन्तुलित वाह्य सम्बन्ध ।

प्रिय कमरेडहरू, हामीले अवलम्बन गर्ने सिद्धान्त, कार्यक्रम, कार्यदिशा र मुख्य नीतिहरू यिनै हुन्। यिनको कार्यान्वयनबाट हामी एकातिर निर्णायक राष्ट्रिय शक्तिका रूपमा पार्टीको विकास र सुदृढीकरण गर्नेछौँ भने अर्कातिर समाजवादका आधार निर्माण गर्दै समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय गन्तव्यतिर हाम्रो यात्रालाई तीव्र पार्नेछौँ। यसका लागि हामीलाई आज एकता, समझदारी र अझ उन्नत स्तरको एकता चाहिएको छ। पार्टीको दोस्रो विधान महाधिवेशनले यस दिशामा ऐतिहासिक कदम चाल्नेछ भन्ने विश्वास लिएको छु ।

हार्दिक अभिवादन सहित,

**केपी शर्मा ओली**
अध्यक्ष

२० भदौ २०८२